# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:

मिति: २०७५।१२।२०

श्री प्रमुखज्यू,
काठमाण्डौं महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, काठमाडौं ।

विषय : **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट काठमाण्डौं महानगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३४ करोड २७ लाख ३० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० करोड ६९ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.१३ करोड ७४ लाख ८६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ३४ लाख २५ हजार र पेश्की रु.७ करोड ४८ लाख ५४ हजार रहेको छ ।

२. **वित्तिय विवरणको चित्रण :** जगेडा कोषमा रु.६ करोड ८७ लाख १२ हजार मौज्दातलाई डेबिटमा प्रस्तुत गरेको, रु.१६ करोड लगानीबाट प्रतिफल प्राप्त नगरेको, दीर्घकालीन ऋण हिसाबका सम्बन्धमा हिसावमा खुलासा नगरेको, ऋणको ब्याज भुक्तानी गर्नुपर्ने हो भने ब्याज खर्च बापत व्यवस्था नगरेको, साधारण स्टोर्सलाई रु.१ करोड ७४ लाख ५३ हजारले ऋणात्मक देखाएको, बैंक मौज्दाततर्फ ५ बैंक खाताको मौज्दात रु.२ करोड ३५ लाख ७५ हजार ऋणात्मक (क्रेडिट) देखाएको, र बर्षौदेखि बैंक समाधान विवरण तयार नगरेको, अन्तर विभागतर्फ लिनु दिनुपर्ने हिसाव खातामा देखाउने र प्राप्ती तथा सोधभर्ना भुक्तानीलाई लेखाङ्कन गर्ने नगरेबाट रु.२ अर्ब ४६ करोड ४९ लाख ५२ हजारको हिसाब फरफारक नगरेको, भुक्तानी गर्नुपर्ने धरौटी दायित्व तथा अग्रिम भुक्तानी रु.१३ करोड १९ लाख ९ हजारको आयु बर्गीकरण गरी दिनु नपर्ने भएमा आयमा लेखाङ्कन नगरेको अवस्था छ ।

भुक्तानी गर्न बाँकी हिसाब रु.६० करोड ३८ लाख ५२ हजारको तेश्रो पक्ष समर्थन एवं अवकास कोष हिसाबको सन्तुलन विवरण तयार नगरेको, अवकास कोष हिसावहरुलाई छुट्टै प्रविष्टी गरी कन्ट्रा ईन्ट्री पास गरी बासलातमा खुलासा नगरेको, कर्मचारी प्रोत्साहन तर्फ सुचक निर्धारण नगरेको, संचालन खर्चमा मितव्ययीता कायम गर्न प्राथमिकीकरण नगरेको, आर्थिक सहायता, अनुदान, राष्ट्रिय उत्सव, उपहार, जलपान, दशैतिहार एवं अन्य विविध खर्चको परिमाण गत बर्ष भन्दा ४२७ प्रतिशतले बढेको, निर्माण तथा भौतिक पूर्वाधार योजनाहरु समयमा सम्पन्न नगरी पटक पटक म्याद थपी पूँजीगत खर्चमा अनुशासन कायम नराखेको, विगत बर्षका खर्च दायित्व बुक नगरी चालु बर्षमा खर्च लेख्ने गरेको, बर्षान्तमा रु.१६ करोड ९२

लाख ६३ हजार पेश्की सापटी एवं धरौटी बाँकी रहेकोमा पुराना रकमहरु फछ्र्यौट गर्नेतर्फ सक्रियता नदेखाएको, बर्गीकरण मूल्याङ्कन, तथा ह्रास म्याचिङ्गको अवस्था नअपनाएको, लगायतको अवस्थाले पेश गरेको वित्तिय विवरणले महानगरको आर्थिक स्थितिको समष्टिगत चित्रण गर्दैन ।

३. **ऋण** : महानगरपालिकाले विगतमा ए.डी.वी.लगायतबाट दीर्घकालीन ऋण अन्तर्गत रु.४६ करोड १६ लाख १२ हजार दायित्वमा खुलासा गरेको छ । सो ऋणको साँवा तथा व्याज भुक्तानी गर्ने हो होइन लेखा नीतिमा खुलासा नगरेको एवं सोको ऋण सम्झौता समेत पेश भएन ।

४. **नीति कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम निर्धारण भएको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न विषय क्षेत्रमा नीति, कानून, मापदण्डको निर्माण र कार्यान्वयनको व्यवस्था छ । सो अधिकार अन्तर्गत महानगरपालिकाले कार्यक्रम कार्यान्वयन गर्न दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीतिहरु तयार गरेका छन् । शहरलाई बस्न लायक बनाउने, स्थानीय सरकार र जनताबीच सुमधुर सम्बन्ध कायम गर्ने र आधुनिक प्रविधि र मौलिक पहिचानद्वारा उत्तर आधुनिक विकासको खाका कोर्ने र पूर्वाधारद्वारा शहर सुन्दर बनाउने प्रमुख नीतिगत व्यवस्था तयार गरेको देखिन्छ । सो नीति अन्तर्गत आर्थिक वर्ष २०७४।७५ मा सम्पन्न गर्ने गरी काठमाडौं महानगरपालिकाले तर्जुमा गरेको स्मार्ट कार्ड पेट्रोल पम्प, ओ.एण्ड.एम.सर्भे, मेट्रिक ठेगाना प्रणाली, काठमाडौं स्मार्ट ट्याक्स पेयर कार्ड र २० वर्षे महानगर दीर्घकालीन योजनाको कार्यान्वयन पक्ष अपेक्षापूर्ण देखिएन । महानगरपालिकाको दीर्घकालीन नीतिहरुमा र्‍यापिड ट्रान्जिट, सिटी केवलकार, ट्राम, मेट्रोरेल, मोनोरेल, जस्ता गौरवपूर्ण पूर्वाधारको सम्भाव्यता अध्ययन गर्ने नीति तथा कार्यक्रम रहेकोमा कार्यान्वयन गरेको देखिएन ।

५. **पोशाक :** स्थानीय तहका पदाधिकारीले पाउने सेवा तथा सुविधा सम्बन्धी प्रदेश ऐन अनुरुप पाउने सुविधा बाहेक ऐनमा उल्लेख नभएको रु.१९ लाख ४४ हजार पोशाक बापत पदाधिकारीलाई रकम उपलव्ध गराएको कानूनसम्मत् देखिएन ।

६. **राजस्व :** काठमाडौं महानगरपालिकाले हनुमान ढोका दरबार क्षेत्र प्रवेश गर्ने सार्क राष्ट्रका पर्यटकलाई २०७४।७५ मा प्रतिव्यक्ति रु.५००।- का दरले प्रवेश शुल्क लिने महानगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भएकोमा प्रतिव्यक्ति रु.१५०।- ले प्रवेश गराई २६ हजार ६३२ पर्यटकबाट रु.९३ लाख २१ हजार राजस्व घटी असुल गरेको छ । त्यस्तै काठमाडौं टावर परियोजनाले सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत महानगरपालिका र एक निर्माण व्यवसायीबीच टावर परियोजना निर्माण तथा सञ्चालन गर्न २०७१ फागुन २२ मा सम्झौता भए अनुरुप निर्माण व्यवसायीलाई २०७३ श्रावण ३० देखि ५ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ३० वर्षको लागि लिजमा दिएको छ । सम्झौता लगायतका कागजात लेखापरीक्षणमा पेश भएन । निर्माण व्यवसायीले सम्झौताको शर्तबमोजिम २०७४।७५ मा प्रिमियमका रुपमा रु.९८ लाख ३३ हजार र लिज जग्गा बापत रु.७० लाख समेत रु.१ करोड ६८ लाख ३३ हजार राजस्व असुल नभएको अवस्था छ ।

७. **करार आय :** अन्य करार आयतर्फ आकाशेपुल १२, गोंगबु बसपार्क, भोटाहीटी सव-वेको बक्यौता कर रु.२ करोड ८१ लाख असुल गर्न बाँकी छ । सोमध्ये २०७४।७५ को मात्र रु.१ करोड ३१ लाख ६० हजार बक्यौता रहेको छ । घर बहालतर्फ लगतमा रहेका ३५ कर दाताले २०७४।७५ मा रु.५१ लाख १९ हजार बुझाएका छैनन् । घर जग्गा करतर्फ २ संस्था र २४ करदाताबाट रु. १ करोड ७६ लाख ३९ हजार राजस्व असुल हुन सकेको छैन ।

८. **सङ्कलन र कार्यान्वयन पक्ष :** राजस्वको लगत अद्यावधिक र व्यवस्थित नगरेको, करदाता कर तिर्न आएपश्चात मात्र कर सङ्कलन गर्ने गरेको, बक्यौता कर असुलीतर्फ पर्याप्त ध्यान नदिएको, कर सङ्कलनको कार्यान्वयन पक्ष फितलो रहेको आदि कारणबाट स्थानीय तहको आन्तरिक आय प्रशासनको प्रभावकारीता अपेक्षित रुपमा बढ्न सकेको देखिएन ।

९. **स्थल परिवर्तन :** महानगरपालिकाले वडा नं.३१ साविक ३४ को बागधारा-धुङ्गेधारा सडक र वडा नं.३५ को शुभकामना मार्गको सडक निर्माण कार्य गर्न कुल रु.८९ लाख ७४ हजारमा सम्झौता गरी कार्यादेश उपलव्ध गराएकोमा उक्त स्थानमा अन्य निकायबाट कार्य गरेकोले उक्त स्थानको आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन, विस्तृत सर्भेक्षण, डिजाइन तथा लागत अनुमान स्वीकृत गरेको देखिँदैन । कार्य स्थल परिवर्तन भएको उक्त ठेक्कामा रु.८९ लाख ७० हजार भुक्तानी भएको छ ।

१०. **उठ्न बाँकी रकम** - निर्धारण भएका र सम्झौतामा तय गरेका उठ्न बाँकी रकमहरु सम्झौताको शर्तअनुसार निर्धारण गरेको समयभित्र प्राप्त नभएको अवस्था छ । महानगरपालिकाले फिर्ता हुन बाँकी धरौटी सापटी रु.२ करोड ११ लाख असुल गर्न बाँकी रहेको छ ।

११. **आयोजना दायित्व** : महानगरपालिकाले २०७३।७४ सम्मका पूर्वाधार, सोलार र सडक विस्तारतर्फ ४३१ योजना जिम्मेवारी सारेकोमा यो वर्ष २१७ योजना सम्पन्न गरी २१४ योजना सम्पन्न गरेको छैन । सम्पन्न हुन बाँकी योजनामा सम्झौता अनुसार रु.५७ करोड ३४ लाख ९८ हजार भुक्तानी गर्न बाँकी छ । योजना तय गर्ने, सम्पन्न गर्ने समय निर्धारण गर्ने तर समयमा कार्यसम्पन्न नगरी योजना सार्ने पद्धतिले पूँजीगत कार्यको प्रगति कमजोर रहेको छ ।

१२. **अनुदानको अनुगमन :-** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट यो वर्ष प्राप्त अनुदानबाट ४७ संघ, संस्था, समूह, समाजलाई रु.१ करोड ५० लाख वितरण भएको छ । त्यस्तै ४३ संघ संस्थालाई संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालयबाट पूँजीगततर्फ रु.१८ करोड ९६ लाख समेत रु.२० करोड ४६ लाख अनुदान वितरण भएको छ । अनुदानको उपयोग सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन सकेको छैन ।

१३. **खरिद :-** महानगरपालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका निर्माण एवम् वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाएको देखिएन । पूर्वाधारतर्फ रु.१ करोड ४३ लाख ५१ हजारको विभिन्न निर्माण कार्य सोझै गराएको छ । जिन्सीतर्फ रु.४ करोड १४ लाख ९४ हजार बोलपत्रबाट र रु.९ करोड ६५ लाख ३१ हजार सोझै खरिद गरेको छ ।

१४. **अवकास कोष :-** महानगरपालिकाबाट सेवा निवृत्त भएका स्थानीय सेवाका २१२ जना कर्मचारीलाई पालिकाले मासिक निवृत्तभरण उपलब्ध गराउँदै आएको छ । निवृत्तभरण वापत पालिकाले औसत रु.२ करोड ५० लाख खर्च गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम १० प्रतिशत कट्टी तथा १० प्रतिशत रकम थप गरी कर्मचारीको लागि एक अवकास कोष स्थापना गर्ने उल्लेख छ । कट्टी तथा थपको व्यवस्था पालिकाबाट अवलम्बन नभएको अवस्थामा कल्याणकारी कोषमा ६ करोड दाखिला गरेको छ ।

१५. **स्रोत सुनिश्चितता :-** स्रोत सुनिश्चिततामा संचालित सम्झौता एवं भुक्तानी, भुक्तानी बाँकी र खर्चको सोधभर्ना हुने स्थिति नदेखिएको कारण सम्झौता अनुसार भएका खर्च र भुक्तानी गर्नुपर्ने रु.६० करोडभन्दा बढी दायित्व समेत महानगरपालिकाले समानीकरण अनुदानबाट हिसाबको लेखाङ्कन गरिनुपर्ने अवस्था रहेको छ ।

१६. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१२।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्योट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २१९ (दुई सय उन्नाईस) यसैसाथ संलग्न छ ।

१७. **कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको वित्तीय विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# काठमाण्डौं महानगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले महानगरपालिका स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदशिर्षता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु महानगरपालिकाको उद्देश्य रहेको छ । यस पालीका अन्तर्गत ३२ वडा रहेको र ३ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम काठमाण्डौं महानगरपालिकाले प्राप्त गरेको आय अनुदान सहायता सम्पत्ति तथा दायित्व र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको वासलात, नाफा नोक्सान हिसाब बजेट विनियोजन तथा खर्चको वित्तिय विवरणको संक्षिप्त अवस्था निम्न बमोजिम छ ।

### आर्थिक बर्ष २०७४।७५ को वित्तिय विवरण

**क) बासलात र नाफा नोक्सान हिसाब**

| **पूँजी तथा दायीत्व** | **२०७४।७५ (रु.)** | **२०७३।७४ (रु.)** |
|---|---|---|
| जगेडा कोष - | (६८,७११) | (६८७११) |
| संचित बचत - | ३,०६२,८८३.०० | २,४४९,५७७.०० |
| दीर्घकालीन ऋृण - | ४६१,६१२.०० | ४६१,६१२.०० |
| अल्पकालीन धरौटी - | १३१,९०८.०० | १३९,६५०.०० |
| भुक्तानी दिन बाँकी हिसाब - | ६०३,८५२.०० | ६१०,४८१.०० |
| ह्रास बयवस्था - | ४,८४०.०० | ४,८४०.०० |
| **जम्मा:** | **४,१९६,३८४.००** | **३,५९७,४४९.००** |
| **सम्पत्ति तथा जायजेथा** | | |
| स्थिर सम्पत्ति - | ८४५,४८८.०० | ८०७,४६६.०० |
| दीर्घकालिन लगानी - | २७५,१८९.०० | २७५,१९०.०० |
| जिन्सी सामानहरु - | ८,६२१.०० | (३६,१४६) |
| पेश्की सापटी तथा धरौटी - | १६५,२६३.०० | १९०,१३८.०० |
| अन्तर विभाग हिसाव - | २,४६४,९५२.०० | १,९०४,०१२.०० |
| नगद तथा बैंक मौज्दात | ४३२,८७१.०० | ४५६,७८९.०० |
| **जम्मा:** | **४,१९६,३८४.००** | **३,५९७,४४९.००** |
| **आय-व्यय हिसाव** | | |
| **आय तर्फ** | | |
| कर आय - | १,३६३,७०५.०० | ३७२,३९४.०० |
| शुल्क आय - | ३५८,१४१.०० | १४६,५२३.०० |
| सम्पत्ति बाट बहाल आय - | १३,८०९.०० | ७९६.०० |

| | | |
|---|---|---|
| बैंक ब्याज आय - | ३१,७५२.०० | १०,४६८.०० |
| अनुदान र सहयोग - | ३,०६७,११८.०० | ३१७,६४१.०० |
| करार आय - | ३७,१०२.०० | १५,५६६.०० |
| गत बर्षको आय - | १,१०९.०० | ६९२.०० |
| विविध आय - | ४४०,४०३.०० | ७२,९५१.०० |
| **जम्मा** | **५,३१३,१३९.००** | **९३७,०३१.००** |
| **व्यय तर्फ** | | |
| तलब भत्ता तथा अन्य सुविधा - | ५४४,७९७.०० | १३३,८९४.०० |
| कार्यालय संचालन खर्च - | १७१,३५१.०० | १०१,१५४.०० |
| पूर्वाधार सुधार तथा निर्माण खर्च - | ६४६,०३१.०० | ७३,८३३.०० |
| वातावरणीय सुधार खर्च - | ६२,५९०.०० | ३१,५७३.०० |
| जनस्वास्थ्य सम्बन्धि खर्च - | २,०३०.०० | ७३३.०० |
| विभागीय खर्च - | २,३५१,८०७.०० | ७०७,०९२.०० |
| फिर्ता खर्च - | ६०,०२२.०० | ०.०० |
| अनुदान तथा अन्य - | ८३३,५८९.०० | ०.०० |
| अन्य खर्च - | २७,६२९.०० | ०.०० |
| **जम्मा:** | **४,६९९,८४६.००** | **१,०४८,२७९.००** |
| आय-व्यय/बचत (नोक्सान) - | ६१३,२९३.०० | (१११,२४८.००) |
| गत बर्ष सम्मको बचत - | २,४४९,५७७.०० | २,५६०,८२५.०० |
| बचत हिसाब बासलातमा सारेको - | ३,०६२,८७०.०० | २,४४९,५७७.०० |

**ख) महानगरपालिकाको आर्थिक बर्ष २०७४।७५ मा भएको क्षेत्रगत बजेट तथा खर्चको स्थिति निम्न छ :**

| सि.नं. | कार्यक्षेत्रको आधार | आ.व.२०७३।७४ | आ.व.२०७४।७५ | | | २०७५।७६ को | k\|ltzt |
|---|---|---|---|---|---|---|---|
| | | असारसम्मको खर्च रकम | वार्षिक वजेट | संशोधित वजेट | असार सम्मको खर्च | अनुमानित | |
| १ | भौतिक पूर्वाधार विकास कार्यक्रम | ४४८,३५५,०५९ | ३,७०६,०००,००० | ३,७०६,०००,००० | १,३६६,८७०,४८० | ३,७०९,०७१,००० | ३६.८८ |
| २ | वातावरण व्यवस्थापन कार्यक्रम | ५६०,४२६,९२० | २,१९९,२६५,००० | २,१९९,२६५,००० | ६४८,८०३,३८७ | ५००,२९२,००० | २९.५० |
| ३ | समाज कल्याण कार्यक्रम | ४६९,८३७,४९९ | ७२५,९५०,००० | ९५२,०५०,००० | ७९६,३१७,५१३ | ९८३,७५३,००० | ८३.६४ |
| ४ | हनुमानढोका दरवार क्षेत्र संरक्षण कार्यक्रम | - | ४२९,३२८,००० | ४२९,३२८,००० | १००,९१४,५६९ | ४९१,९३४,००० | २३.५१ |
| ५ | जनस्वास्थ्य कार्यक्रम | १६,२०३,०४८ | १३१,४५०,००० | १३१,४५०,००० | २३,६८६,२९० | १३५,७९६,००० | १८.०२ |
| ६ | सम्पदा सम्वन्धी कार्यक्रम | ४२,७००,५७० | ४०५,८६७,००० | ४०५,८६७,००० | ३२,२०७,८३९ | ५७८,७४५,००० | ७.९४ |
| ७ | अन्तर्राष्ट्रिय सम्बन्ध प्रवर्द्धन कार्यक्रम | ९,५१८,०९४ | ३६,५००,००० | ३६,५००,००० | ५,०४३,५२१ | ५०,४००,००० | १३.८२ |
| ८ | राजश्व परिचालन कार्यक्रम | ५,५०६,४१५ | ७६,७००,००० | ७६,७००,००० | ९,६२२,५०९ | ४६,५००,००० | १२.५५ |
| ९ | वित्त व्यवस्थापन कार्यक्रम | ७८,६२५ | १,५००,००० | १,५००,००० | - | ९,०००,००० | - |
| १० | उद्यान व्यवस्थापन खर्च | ९,८९८,२२६ | २१,१५०,००० | २१,१५०,००० | ११,८५२,३३२ | २४०,६७४,००० | ५६.०४ |
| ११ | शहरी विकास सेवा कार्यकम | ५,३४८,९६५ | १०४,९५०,००० | १०४,९५०,००० | ४,४२३,८९३ | ११८,१००,००० | ४.२२ |
| १२ | सूचना तथा सञ्चार सेवा कार्यकम | ३५,१७६,५२२ | १९६,५१७,००० | १९६,५१७,००० | ४७,५१५,५६४ | २३७,४५०,००० | २४.१८ |
| १४ | आयोजना संचालन खर्च | ५०३,३६९ | १२७,५००,००० | १२७,५००,००० | - | २२,५००,००० | - |
| १५ | दमकल संचालन खर्च | ६,४५३,५८२ | १८,५००,००० | १८,५००,००० | १,८७०,१५७ | १९,०००,००० | १०.११ |
| १६ | विपद् व्यवस्थापन खर्च | १,४२९,८९७ | १५९,३००,००० | १५९,३००,००० | १३,३३१,१३१ | १५२,६००,००० | ८.३७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | शिक्षा | - | ६४४,३८०,००० | ८१६,०००,००० | ८२४,९८१,७२६ | १,१०६,३१४,००० | १०१.१० |
| १८ | कृषि, पशु सेवा तथा सहकारी सेवा | - | - | ३१,२०४,००० | ८,६०७,१७२ | ७२,६१८,००० | २७.५८ |
| | **जम्मा** | **१,६११,४३६,७९२** | **८,९८४,८५७,०००** | **९,४१३,७८१,०००** | **३,८९६,०४८,०८४** | **८,४७४,७४७,०००** | ४१.३९ |
| १९ | पूंजिगत सम्पत्ति | २६६,३०२,६२७ | १,८७४,८५०,००० | १,४०६,३२६,००० | ८६,७३८,१८१ | १,५०४,०००,००० | ६.१७ |
| २० | तलब पारिश्रमिक तथा सुबिधा | ४६९,७०२,९७८ | ७९०,५४०,००० | ७९७,३४०,००० | ५४४,७९७,२८५ | १,४३९,२६०,००० | ६८.३३ |
| २१ | कार्यालय सञ्चालन | १६२,७०९,११२ | ३९३,७००,००० | ४२६,५००,००० | २५९,०००,८१४ | ६२३,१५०,००० | ६०.७३ |
| २२ | च:मती जग्गा एकीकरण आयोजना | ७३,३४८,९३६ | २६१,२००,००० | २६१,२००,००० | ५३,६५७,८८६ | २८८,०३५,००० | २०.५४ |
| २३ | मनोहरा जग्गा एकीकरण आयोजना | १६७,९३१,१०९ | ५७३,८००,००० | ५७३,८००,००० | १५५,४६७,३८२ | ६९२,०४५,००० | २७.०९ |
| | **आयोजनाहरुको जम्मा** | **१,१३९,९९४,७६२** | **३,८९४,०९०,०००** | **३,४६५,१६६,०००** | **१,०९९,६६१,५४९** | **४,५४६,४९०,०००** | ३१.७३ |
| | **कूल जम्मा** | २,७५१,४३१,५५४ | १२,८७८,९४७,००० | १२,८७८,९४७,००० | ४,९९५,७०९,६३२ | १३,०२१,२३७,००० | ३८.७९ |

**बजेट अनुमान र खर्च बीचको समन्वय हुन नसकेको सम्बन्धमा सुधार आवश्यक छ।**

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **वित्तीय विवरणको चित्रण :-** जगेडा कोषमा रु. ६ करोड ८७ लाख १२ हजार मौज्दातलाई डेविटमा (घनात्मक) प्रस्तुत गरेको, रु. १६ करोड लगानीबाट प्रतिफल प्राप्त नगरेको, दीर्घकालीन ऋण हिसाव तिर्ने नतिर्ने सम्बन्धमा हिसावमा खुलासा नगरेको, ऋणको ब्याज भुक्तानी गर्नुपर्ने हो भने ब्यवस्था कायम नगरेको, साधारण स्टोर्सलाई रु. १ करोड ७४ लाख ५३ हजारले ऋणात्मक देखाएको बैंक मौज्दात तर्फ ५ बैंक खाताको मौज्दात रु. २ करोड ३५ लाख ७५ हजार ऋणात्मक (क्रेडिट) देखाएको, र बर्षौ देखी बैंक समाधान विवरण तयार नगरेको, अन्तर विभाग तर्फ लिनु दिनुपर्ने हिसाव खातामा देखाउने र प्राप्ती तथा सोधभर्ना भुक्तानीलाई लेखाङ्कन गर्ने नगरेबाट रु. २ अर्ब ४६ करोड ४९ लाख ५२ हजारको हिसावलाई फरफारक नगरेको, भुक्तानी गर्नुपर्ने धरौटी दायित्व तथा अग्रिम भुक्तानी रु. १३ करोड १९ लाख ९ हजारको आयू वर्गिकरण गरी दिनु नपर्ने भएमा आयमा लेखाङ्कन नगरेको, भुक्तानी गर्न बाँकी हिसाब रु. ६० करोड ३८ लाख ५२ हजारको तेश्रो पक्ष समर्थन एवं अवकास कोष हिसाबको सन्तुलन विवरण तयार नगरेको अवकास कोष हिसावहरुलाई छुट्टै प्रविष्टी गरी कन्ट्रा ईन्ट्री पास गरी बासलातमा खुलासा नगरेको, कर्मचारी प्रोत्साहन तर्फ सुचक निर्धारण नगरेको, संचालन खर्चमा मित्व्यीता ल्याउन प्राथमिकीकरण नगरेको, आर्थिक सहायता, अनुदान, राष्ट्रिय उत्सब, उपहार, जलपान, दशैतिहार एवं अन्य विविध खर्चको परिमाण गत बर्ष भन्दा ४२७ प्रतिशतले बढेको, निर्माण तथा भौतिक पूर्वाधार योजनाहरु समयमा सम्पन्न नगरी पटक पटक म्याद थपी पूँजीगत  खर्चमा अनुशासन कायम नराखेको, विगत बर्षका खर्च दायित्व बुक नगरी चालु बर्षमा खर्च लेख्ने गरेको, बर्षान्तमा रु. १६ करोड ९२ लाख ६३ हजार पेश्की सापटी एवं धरौटी बाँकी रहेकोमा पुराना रकमहरु फछ्र्यौट गर्ने तर्फ सक्रियता नदेखाएको, प्रतिस्पर्धात्मक खरिद प्रक्रिया नअपनाई सोभ्कै रु. ९ करोड ६५ लाख ३१ हजारको खरिद गरेको बर्गिकरण मूल्याङ्कन, तथा ह्रास म्याचिङ्गको अवस्था नअपनाएको लगायतको अवस्थाले पेश गरेको वित्तिय विवरणले महानगरको आर्थिक स्थितिको समष्टिगत चित्रण गर्दैन । वित्तिय विवरणको प्रस्तुतीकरण र खुलासामा अविलम्व सुधार गरिनु पर्दछ । | |
| २. | **जगेडा कोष** | |
| २.१. | गतबर्षहरु देखि अल्या गरिएको का.म.पा. कोष ऋणात्मक देखिएको रु ९७,७३९,५५७.०० तथा श्री गणेशमान इ.एन.टी. तर्फ ऋणात्मक देखिएको रु. ३,५४४,६६८.७८ यो बर्ष समेत समायोजन गरी कुल रु. १०,१२,८४,२२५.७८ ऋणात्मक देखिएको छ । | |
| २.२. | निषेधित कोषमा रहेको रु. २,९०,२७,९००.०० विगत बर्ष देखि अल्या गरि ल्याएकोमा यो | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | बर्ष समेत समायोजन गरेको छैन । | |
| २.३. | जगेडा कोष समेत विगत बर्षहरु देखी ऋणात्मक रु. ६८,७११,६५७.०० देखिनु लेखाको शिद्धान्तहरु सँग मेल नखाने हुँदा आवश्यक समायोजना गर्नुपर्ने देखिन्छ । | |
| ३. | **संचित बचत/घाटा कोष** | |
| ३.१. | यो बर्ष व्यय भन्दा आयमा रु. ६१३,२९२,९६९.४८ बृद्धि हुनुले महानगरको खर्च गर्न सक्ने क्षमतामा ह्रास आएको देखिन्छ । पूर्वाधार खर्च बढाएर महानगरको सरसफाई लगायत पूर्वाधार विकास र सेवा अभिवृद्धि हुने कार्यमा खर्च गरिनु पर्दछ । | |
| ३.२. | आयव्यय हिसाबबाट बासलातमा बचत समायोजन गर्दा रु. १२,९७४।९८ फरक देखिएको हुँदा यसलाई मिलान गर्नु पर्ने देखिन्छ । | |
| ४. | **दीर्घकालिन ऋण** | |
| ४.१. | ADB बाट प्राप्त ऋण रु. ३५५,३९६,६०७.०० का सम्बन्धमा विगत बर्षहरु देखि नै सो को सदुपयोगका सम्बन्धमा केही खुलाएको छैन । ऋण सम्झौता का प्रतिलिपी उपलब्ध हुन सकेन । यसलाई आम्दानी बाँध्न तिर सोच्नु पर्ने देखिन्छ । यो सँग सम्बन्धीत कुनै ब्याजहरुको भुक्तानी गरेको हिसाब समेत देखिएन । | |
| ४.२. | अन्य दीर्घकालिन ऋण रु. ४०,०००,०००.०० को सन्दर्भमा पनि कुनै तथ्यगत प्रमाण उपलब्ध हुन सकेन । | |
| ४.३. | विष्णुमती लिंक रोड ऋण रु. ६६,२१५,३४१.०९ बारे पनि विगत बर्षहरु देखि नै कुनै खुलासा, सम्झौता, ब्याज, आदिबारे कुनै तथ्यगत प्रमाण उपलब्ध हुन सकेन । | |
| ५. | **स्थिर सम्पत्ती** | |
| ५.१. | महानगरपालिकाले सम्पत्तिको अभिलेख सफ्टवेयर प्रणालीमा राखेको देखियो । उक्त प्रणालीले महानगरको सम्पुर्ण सम्पत्तिको अभिलेख पूर्ण रुपमा नदेखाएको हुनाले यसमा सुधार गर्नु पर्दछ । साथै सम्पत्तिको रजिष्टर समेत अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ५.२. | सम्पत्ती बर्गिकरणमा Block अनुसार बर्गिकरण गरिएको भेटिएन । | |
| ५.३. | वडा कार्यालयहरु लगायतमा रहेका सम्पत्तीहरुको मौज्दात अद्याबधीक गर्न आवश्यक छ । | |
| ५.४. | शुरु मौज्दात अल्या रु. ८०७,४६५,५४५.२२ हुनुपर्नेमा रु. ७५८,७४९,३१२.५८ मात्रै अल्या गरिएको छ । रु. ४८,७१६,२३२.६० ले न्यून अल्या गरिएको छ । हिसाब मिलान गरिनु पर्दछ । | |
| ५.५. | आफ्नै जग्गा रु. २९५,५५२,७१४.०० को लालपूर्जा उपलब्ध हुन सकेन । जग्गालाई घटिमा पनि सरकारी मूल्यांकन अनुसार Revaluation गर्नुपर्ने देखीन्छ । | |
| ५.६. | स्थिर सम्पत्ती मध्ये ह्रास योग्य सम्पत्तीमा ह्रास गर्नुपर्नेमा सो गरेको देखिएन । लेखाको सिद्धान्त अनुसार स्थिर सम्पत्तीको प्रयोग हुने अद्यावधिक मुल्यलाई ह्रासको रुपमा Matching गर्नुपर्नेमा अघिल्ला बर्षहरु देखी नै यो प्रणाली प्रयोग भएको पाइएन । | |
| ५.७. | शुरु मौज्दात अल्या गर्ने क्रममा धेरैजसो खाताहरुमा एकमुष्ट रकम अल्या नगरीकन एक भन्दा बढी खाताहरुको जोडलाई अल्या गर्ने गरिएको छ । धेरै शिर्षक वा खाताहरु भएको सन्दर्भमा अनुसुचीहरुमा देखाई मुख्य खातामा प्रति खाता एउटा मात्र मौज्दात अल्या गर्नुपर्ने देखिन्छ । | |
| ५.८. | कार्यालय उपकरण अन्य शिर्षकमा रु. ६६,८५६,८१३.८८ मौज्दात देखिएको छ । यसको विवरण Details मा उपलब्ध भएन । | |
| ५.९. | निर्माण सामाग्री शिर्षकमा अल्या गरिएको रु. ६६७,५६९.४० को Physical Verificat Certificate उपलब्ध हुनु पर्ने देखिन्छ । | |
| ५.१०. | वातावरण विभागको खर्च, केन्द्र हिसावमा मिलान गरिएको रु. ३९,०४५,४६३.३७ र रु. २४,४६३,६०६.०० देखिएकोमा Reconcilling गरेको देखिएन । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५.११. | साधारण Stage मा ऋणात्मक मौज्दात अल्या रु. १७,६१८,२२१.७८ मा यसबर्ष थप को ( ऋणात्मक) रु. १२८,६३६,८९८.३७ गाभिएको छ । | |
| ५.१२. | लेखा संकेत ४३०१०० अन्तरर्गत गतबर्षहरु देखि नै अल्या गरिएको ह्रास कट्टि रु. ४,८४०,३३४.५३ को व्यवस्था गरेको देखिएन । | |
| ५.१३. | आर्थिक बर्ष २०५७५८ देखि नै सम्पत्तिमा ह्रास कट्टा गरिऐको छैन । यसप्रकारको परम्पराले लेखाको सर्वमान्य शिद्धान्तलाई मात्र असर गर्ने नभई आम्दानी बढी देखिने कारणले महानगरको बास्तविक वित्तिय उपलब्धीको मुल्यांकन विष्लेषण गर्ने अवस्था रहदैन । | |
| ६. | **दीर्घकालिन लगानीहरु** | |
| ६.१. | साम्रा यातायातमा लगानी गरिएको रु. १६ करोडको शेयर प्रमाणपत्र उपलब्ध हुन सकेन । विगत बर्षहरु देखि अल्या हुदै आएको यस लगानीको लाभांस तथा अन्य शर्त तथा अवस्थाहरु उपलब्ध हुन सकेन | |
| ६.२. | आयोजनाहरुको नाममा प्रमाण भएको ऋण रु. १११,३८३,६६८.०० पनि अघिल्ला बर्षहरु देखि अल्या मात्रै गर्दै ल्याएको देखिन्छ ।सो सम्बन्धी एकिन गर्ने कागजातहरु उपलब्ध हुन पर्दछ । | |
| ६.३. | यस शिर्षकमा उल्लेख भएको टेलिफोन धरौटी रु. ४९३,६०७.०० तथा अन्य धरौटी रु. ३,३१२,२७०.०० लाई दीर्घकालिन लगानीको रुपमा समावेश नगरी अन्यत्र सम्बन्धित शिर्षकमा वा छुटै शिर्षकमा देखाउनु पर्नेमा देखाएको पाईएन । | |
| ६.४. | काठमाडौं महानगरको आर्थिक हिसाव कितावलाई लेखा प्रणालीत था आधुनिक लेखा शिद्धान्तहरुसँग मेल खाने गरी हिसाव तयार गर्नुपर्ने देखिन्छ । | |
| ७. | **चालु सम्पत्ती : जिन्सी सामानहरु** | |
| ७.१. | जिन्सी सामान साधारण Store रु. (१७,४५२,६०२.८६) ऋणात्मक देखीनु ले लेखा प्रणालीले बास्तविक चित्रण गर्दैन । | |
| ७.२. | जिन्सीको प्रत्यक वडाको भौतिक परिक्षण भएको प्रमाण प्राप्त हुन सकेन । | |
| ७.३. | औषधी मौज्दात अल्या रु. ३२६.५५ लाई खर्च लेख्नु पर्ने देखिन्छ । | |
| ७.४. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० बमोजीम लागत खडा गरि राखिएका जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालयले एक बर्षमा कम्तिमा एक पटक आफै वा अनय कर्मचारी वा प्राविधिकलाई निरिक्षण गर्न लगाई तयसको प्रतिबेदन लिने व्यवस्था भएपनि महानगरले यसबर्ष जिन्सी निरिक्षण गरेको प्रतिवेदन प्राप्त हुन सकेन । | |
| ७.५. | ऐ.नियम ५३ अनुसार प्रत्येक कार्यालयले गत आ.व.को मौज्दात चालु आ.व.को खरिद तथा हस्तान्तरण बस्तुगत सहायताको रुपमा प्राप्त माल सामान समेतलाई उल्लेख गरी कुल जिन्सी सामानको परिमाण र मुल्य, चालु आ.व. मा लिलाम, मिन्हा हस्तान्तरण भई खर्च भएको परिमाण र मुल्य बाँकी जिन्सी सामान मध्ये सादुत, मर्मत-सम्भार, लिलाम, मिनहा गर्नुपर्ने मालसामानको परिमाण समेत खुलाई आ.व. समाप्त भएको ३ महिना भित्र बार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने छ तथा तालुक कार्यालयको प्रतिवेदन अध्ययन गरी आवश्यक निर्देशन दिनु पर्ने उल्लेख भएता पनि सो अनुसार कार्य नहुँदा सम्बन्धित जिम्मेवार कर्मचारीलाई कार्वाही गर्नुपर्ने देखिन्छ । | |
| ८. | **पेश्की, सापटी तथा धरौटी** | |
| ८.१. | अल्या गरिदै ल्याइएका निम्न अग्रिम भुक्तानीहरुको यथार्थ जानकारी हासिल गरी, आवश्यकता अनुसार खर्च जनाउनु पर्ने देखिन्छ ।<br>विमा अग्रिम भुक्तानी रु. ५२,९७१.९९<br>अन्य अग्रिम भुक्तानी रु. ४४५,४६३.४१<br>फिर्ता आउन बाँकी धरौटी सापटी रु. २१,१००,०००.००<br>आम्दानी करारहरु रु. ४४,२३०,२२९.०० | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | अन्य रु. १२८.१५ | |
| ८.२. | लेखा संकेत ६०० र ३०० अन्तर्गत अल्या गरिएको फिर्ता दिन बाँकी धरौटी रु. ५९,१००,०००.०० (क्रे.) आर्थिक विवरणमा समावेश गरेको देखिएन । | |
| ८.३. | यस शिर्षकमा ऋणात्मक देखिएको घर बहाल कर (अल्या गरिदै आएको) रु. २,०५२.०० यथार्थ जानकारी हासिल गरी आवश्यकता अनुसार आम्दानी जनाउनु पर्ने देखिन्छ । | |
| ८.४. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(४) मा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा सो नगरेकोले त्यस्ता बाँकी पेश्की नियमानुसार कारबाही गरी फछ्र्यौट गर्नु पर्दछ । | |
| ८.५. | आर्थिक प्रशासन नियमावली २०६४, नियम १७९ अनुसार धरौटी कारोबारको नाम नामेशीको विवरण खुलाई अध्यावधिक गराउनु पर्ने मा सो भएको पाइएन । | |
| ८.६. | आर्थिक कार्यविधि नियमावली २०६४, नियम ६६(३) बमोजिम पुराना प्रयोजन बेगरको धरौटी प्रमाण सहित फिर्ता माग्न आएमा दिने गरी राजस्व खातामा दाखिला गरी सदरस्याहा गर्नुपर्नेमा सो गरेको देखिएन । | |
| ९. | **नगद तथा बैंक मौज्दात** | |
| ९.१. | गत बर्षको नगद मौज्दात रु. २२८,७३०.१२ ऋणात्मक लेखा सिद्धान्त तथा व्यवहार अनुसार नमिल्ने भएकाले सो को तत्काल कारण पत्ता लगाई समायोजन गर्नु पर्ने देखिन्छ । | |
| ९.२. | गतबर्षको मौज्दात प्रतिवेदनमा उल्लेख भएको जिम्मेवारी सही आएको रु. ५४९,६३५,३३८.८० देखिएकोमा खाताबाट रु. ४५६,७८२,३८८.८२ गत बर्षको जिम्मेवारी देखिएबाट फरक रु. ९२,८४५,९५०.०० सो को तथ्यगत सहित प्रमाण पेश गरेको समायोजन/मिलान हुन आवश्यक छ । | |
| ९.३. | ऋणात्मक देखिएको देहायका बैंक खाताहरुको यथार्थ स्थिति पहिचान गरी समायोजन तथा मिलान गर्नुपर्ने देखिएको रु. २३,२४६,५२०.४५ | |

| बैंक | रकम |
|---|---|
| नेपाल बंगलादेश बैंक - २०० नं. | ८,३७९,२५५.३३ |
| ऐ - १९९ नं. | ५,४३०,०९८.४१ |
| कृषि विकास बैंक - निर्माण | ६,०६६,१२६.६९ |
| नेविल बैंक - ११०६९१ चालु अनुदान खर्च खाता | २६४,८००.०० |
| ऐ. ग.२.१ चालु खर्च खाता | ३,१०६,२४०.०२ |
| **जम्मा** | **२३,२४६,५२०.४५** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९.४. | निस्कृय देखिएका देहायका बैंक खाताहरु बाँकी मौज्दातमा हिसाव मिलान (समावेश) गरेको नदेखिएको रु. २४७७३२,११०.७७ | |

| बैंक | रकम |
|---|---|
| नेपाल बंगलादेश बैंक १९७ नं. | ४४३,४३५.४१ |
| राष्ट्रिय बाणिज्य बैंक २८७३ | १२,५००.०० |
| राष्ट्रिय बाणिज्य बैंक ७९३१/७ नं. खाता | ८,६९९,७५४.९१ |
| नेपाल बंगलादेश बैंक - कलेजी सडक मुआब्जा खाताहरु | ४७,७३५,३९१.७१ |
| नेविल बैंक काममा आर्थिक, भौतिक विकास खर्च | १०३,११२,२३६.०९ |
| नेविल सडक बोर्ड खर्च ०२०६०१७५००५०२ | २.३६ |
| नेविल आर्थिक जगेडा कृषि खर्च ०२०६०१७५००५०३ | २१,३८०,८६४.६७ |
| नेपाल बंगलादेश बैंक १६६ नं. | २,१४५,२९७.०७ |
| कृषि विकास बैंक - निर्माण धरौटी ४४,९४० | ८,३४७,२९७.६९ |
| राष्ट्रिय वाणिज्य बैंक ००४२४०४ बचत खर्च | १,०००,०००.०० |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>राष्ट्रिय वाणिज्य बैंक ००४१६८४</td><td>५९८,५६५.५८</td></tr>
<tr><td>राष्ट्रिय वाणिज्य बैंक ००४१६४५</td><td>७९५,३३५.०८</td></tr>
<tr><td>नेपाल राष्ट्र बैंक कर्मचारी कल्याण खाता</td><td>५०,०००.००</td></tr>
<tr><td>नेविल कर्मचारी कल्याण खाता ०२०७०१७२००३०</td><td>४३,२७८,८९०.८२</td></tr>
<tr><td>नेविल मर्मत सम्भार कोष खाता ०२०३०१७५०००१२</td><td>३,९८०,११३.१२</td></tr>
<tr><td>नेविल सम्पदा संरक्षण कोष ०२०६०१७५००३२</td><td>६,१५२,४२६.२६</td></tr>
<tr><td>जम्मा</td><td>२४७,७३२,११०.७७</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.५.</td><td>सञ्चालनमा नरहेका खाताहरु बैंकको विवरण प्राप्त हुन नसक्दा तथा Reconciliation पनि हुन नसक्दा बैंक मौज्दात बारे विश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>१०.</td><td>अन्तर विभाग हिसाब</td><td></td></tr>
<tr><td>१०.१.</td><td>अल्या गरिदै आएका निम्न अन्तर विभाग हिसाब (डे. मौज्दात) लाई मिलान गर्नुपर्ने देखिएको छ ।<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>अन्तर विभाग खाता - तलब (१८ खाताहरुको जम्मा)</td><td>३७९,८४०.७१</td></tr>
<tr><td>अन्तर विभाग खाता - अन्य</td><td>१३,४३०,८४५.३५</td></tr>
<tr><td>अन्तर विभाग खाता - असहाय भत्ता</td><td>११,२६२,०००.००</td></tr>
<tr><td>अन्तर विभाग खाता - जेष्ठ नागरिक भत्ता</td><td>१०,३३०,६४६.००</td></tr>
<tr><td>अन्तर विभाग खाता - असहाय विधवा भत्ता</td><td>५,६८९,७००.००</td></tr>
<tr><td>जम्मा</td><td>४१,०९३,०३२.०६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.२.</td><td>अल्या गरिदै आएको अन्तर विभाग हिसाब (क्रे. ऋणात्मक मौज्दात) लाई समेत मिलान गर्नुपर्ने देखिएको ।<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>अन्तर विभाग हिसाब - पूर्वाधार सुधार</td><td>११४,३४१,०६७.००</td></tr>
<tr><td>अन्तर विभाग हिसाब - पूँजीगत खर्च</td><td>१,९३८,७२८.३३</td></tr>
<tr><td>अन्तर विभाग हिसाब - जेष्ठ नागरिक</td><td>२१४,६६१,६६६,.५२</td></tr>
<tr><td>जम्मा</td><td>३३०,९४१,४६१.८५</td></tr>
</table>साथै दायित्वको रुपमा मौज्दात देखिएका ति अन्तर विभाग हिसाब सम्पत्तिलाई दायित्व बहन गर्ने आवश्यकता/औचित्य समाप्त भएको भए आम्दानी जनाउनु पर्ने वा नेपाल सरकारको राजस्व खातामा दाखिला गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०.३.</td><td>अन्तर विभाग हिसाब अन्तर्गत कार्यालय सञ्चालनको शुरु मौज्दात अल्या गरिदा रु. ९,२५९,१८३.८९ क्रे. हुनुपर्नेमा रु. १०,२५१,९०९.३० डे. गरिएकोले फरक रकम समायोजन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०.४.</td><td>अन्तर विभाग खाता राजश्वको खातामा रु. ३४५,८१५,७४०.३८ आर्थिक विवरणमा रु. ४५६,६२३,५२८.५९ उल्लेख भएकोले सोको यथार्थता पत्ता लगाई हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.५.</td><td>अन्तर विभाग खाता राजश्व तर्फ अर्को शिर्षकमा आर्थिक विवरणबाट मौज्दात रु. १,१०५,४०८,४२४.८९ देखिएकोमा खाता अनुसारको मौज्दात रु.१,१०६,८०६,६२८.९० देखाई रु. १,३९८,२०३.९१ फरक परेको छ ।</td><td></td></tr>
<tr><td>१०.६.</td><td>भौ.नं. ११९९५ अन्तर्गत २०७३ चैत्र महिनाको खर्चहरु २०७४।७५ मा लेखांकन गरिएको छ । Accrual Concept अनुसार लेखा नराखीएको थुप्रै उदाहरणहरु लेखा परिक्षणको क्रममा देखिएका छन् ।</td><td></td></tr>
<tr><td>१०.७.</td><td>अन्तर विभाग हिसाबलाई सिद्धान्त आ.व. को अन्तमा सम्बन्धीत शिर्षकमा मिलान/समायोजन/हस्तान्तरण गरी मौज्दात शून्य गर्नुपर्ने हुन्छ । करिब २.४७ अरब</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | मौज्दात देखीएको यस हिसाबलाई यथोचित निष्कर्षमा पुऱ्याउन एउटा छुट्टै अन्तर विभाग हिसाब मिलान समिति बनाएर कार्य अगाडी बढाउनु पर्ने देखिन्छ । | |
| ११. | **अल्पकालिन धरौटीहरु** | |
| ११.१. | यस अन्तर्गत उपशिर्षकमा फिर्ता दिन बाँकी धरौटी सापटी रु. ५९,१००,०००.०० तथा अल्पकालिन धरौटीमा रु. ७२,८०८,५०५.५५ देखिएको छ । | |
| ११.२. | फिर्ता दिन बाँकी धरौटी रु. ५९,१००,०००.०० अगाडीका बर्षहरु देखि नै अल्या गरिदै आएकोले फिर्ता दाबी हदसम्म व्यवस्था गरी स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले व्यवस्था गरे अनुसार कार्य पूरा नगरेको कारणले प्रचलित कानून बमोजीम वा करारको शर्तनामा बमोजीम जफत गर्नुपर्ने भएमा अधिकार प्राप्त अधिकारीले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नु पर्दछ ।<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को सदरस्याहा व्यवस्था नियम ३६(३) अनुसार पनि प्रयोजन पूरा भै सकेको धरौटी रकम प्रमाण सहित दाबी गर्न आएमा पछि फिर्ता दिने गरी राजश्वमा आम्दानी गर्नु पर्दछ ।<br>ऐ. नियम ९२ अनुसार प्रत्यक कार्यालयले (वडा कार्यालयहरुले) आर्थीक कारोबारको लेखा महालेखापरिक्षककोक ार्यालयबाट स्वीकृतढाँचामा राख्नु पर्नेमा वडा कार्यालयको स्रेस्ता तथा बैंक विवरण अनुसार बाँकी धरौटीहरु मिलान गरेको विवरण समेत लेखापरीक्षणको समयमा उपलब्ध हुन सकेन । | |
| ११.३. | धरौटी फिर्ता सम्बन्धी अन्य प्रावधानहरु तथा परिपत्रहरु समेत जारी भएका छन् । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा रहेको व्यवस्था अनुसार निर्माण कर्यको त्रुती सच्याएपछि वा त्रुती सच्याउने अवधी समाप्त भएपछि र सम्बन्धीत आ.रा.का. मा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि धरौटी फिर्ता दिनुपर्ने व्यवस्था भएको र आन्तरिक राजस्व विभागको मिति २०७१।०७।१४ को परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम सम्बन्धित पार्टीलाई फिर्ता दिँदा मुल्य अभिवृद्धिकर समायोजन पत्र पेश गरी धरौटी फिर्ता गर्नुपर्ने उल्लेख छ । यस प्रकारको विवरण र कर समायोजन प्रमाण बेगर नै धरौटी फिर्ता माग्ने (करचुक्ता बाहेक) करदाताहरुले मूल्य अभिवृद्धिमा सम्बन्धी सम्पूर्ण विवरण आ. रा. का. मा पेश गरेको छ । भनेर विश्वास गर्ने आधार रहेन । नमुना छनोटको रुपमा आ.रा.का. विवरण सँग केही कारोबार भिडाउँदा प्राय त्यस्ता कारोबार गर्ने गरेको पाएकोले आय विवरणमा समावेश गरेको पाइएन । | |
| १२. | **अन्य भुक्तानी दिन बाँकी हिसावहरु** | |
| १२.१. | निम्न भुक्तानी बाँकी हिसावहरु अघिल्लो बर्षहरु देखी नै अल्या गरिदै आएको देखिन्छ ।<br>निबृत्ति भरण - ४४,५९१,२४४.४६<br>उपदान - २९,६२१,६९२.२०<br>विपत व्यवस्थापन कोष - ४,९५०,०००.००<br>ठेक्काकर - ७१७.००<br>कर्मचारी संचय कोष सापटी - ३२५.००<br>आयोग सेवा - सकृड खर्च - ५,११३.३० क्रे.<br>भाडा - ५६,१८७.४३ डे.<br>ब्याज - ४३३,४४५,१५१.८२<br>यसमा रहेका उपशिर्षकहरुलाई समय आवश्यकता अनुरुप समायोजन गर्नुपर्नेमा नगरेबाट गत विगत देखि नै एउटै मौज्दात बाँकी उल्लेख हुँदै आएको पाइयो । कारोबार नहुने नै शिर्षक हो भने सोलाई समयमा नै व्यवस्थापन गर्नु पर्दछ । | |
| १३. | **आम्दानी रु. ५,३१३,१३९,१५२.३७** | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कर आय १,३६३,७०५,७३०.९२<br>गैर कर आय : ८४४,१०४,६१८.१४<br>अनुदान र सहयोग ३,०६७,११७,५३६.०३<br>विविध आय : करारहरु ३७,१०२,४२०.२८<br>विगत बर्षको आम्दानी १,१०८,८४७.०० | |
| १३.१. | लेखा संकेत नं. ९२ आफ्नै सम्पत्तिबाट आय, ९३ - लगानीबाट आय र ९४ विविध आय प्रमुख उपशिर्षक नहुँदा पनि मुख्य शिर्षत दिएकोमा सो लाई मुख्य शिर्षकबाट हटाएर लेखा पद्धती व्यवस्थित गर्नु आवश्यक छ । | |
| १३.२. | चालु बर्षको बजेट १०,५१०,६०७,४३५.०० रहेकोमा करिब ५० प्रतिशत मात्र लक्ष्य हासिल हुनुले महानगरको राजश्व आम्दानी निकायहरु व्यवस्थित ढंगले क्रियाशील देखीदैन । अनुदान सहयोगमा ७५ प्रतिशत प्रगती बाहेक अन्य शिर्षकमा निम्नानुसार कम मात्रै प्रगति हासिल भएको देखिन्छ ।<br>कर आयमा ३१ %<br>गैर कर आय ४४ %<br>विविध आय करारहरु ३८ %<br>विगत बर्षको आय ० %<br>Accrual Concept मा लेखा व्यवस्था हुन नसक्दा केबल प्रभावकारिता तथा कार्यदक्षतामा मात्र कमजोरी रहेको मान्न सकिन्न । आर्थिक अनियमितताका विभिन्न तौर तरिका प्रयोगमा रहेको छैन भन्न सकिने अवस्था विल्कुलै छैन । सामाजीक उत्तरदायित्वमा उच्च रुपमा बहन गर्नुपर्ने जन उत्तरदायी संख्याको यो तरिकालाई आमुल रुपमा परिवर्तन गर्न आवश्यक छ । प्रत्यक वडाको लक्ष्य र कार्यान्वयन अलग-अलग हुनु आवश्यक देखिन्छ । | |
| १३.३. | भौ.नं. २१६५५ अन्तर्गत अन्य व्यवशाय आय शिर्षकमा रु. १०,०५,९३,२४५.८४ आम्दानी भएको देखिन्छ । आम्दानीको शिर्षकको महत्वलाई स्पष्ट गर्नका लागि अन्य शिर्षकहरुको प्रयोग हुनु उचित होइन । आम्दानीका सम्पुर्ण शिर्षकहरुको नितिगत आधार तथा कार्यान्वयनको व्यवस्थामा पूर्णता हासिल हुन आवश्यक छ । | |
| १३.४. | **रत्नपार्क प्रवेश शुल्क**<br>रत्नपार्कको नामाकरण शंखघर पार्क राखी सकेको सन्दर्भमा उक्त लेखा शिर्षकलाई सोही अनुसार परिवर्तन गर्न आवश्यक देखिन्छ । यस क्षेत्रको वरिपरी व्यस्ततालाई ध्यानमा राखी सार्वजनिक सौचालय, सरसफाई, CCTV प्रबन्ध तथा अनियमित व्यापार, फुटपाथ अतिक्रमण, रात्रीकालीन समयमा हुने विकृति लगायतका समस्या एवं अव्यवस्थालाई समयमा नै निराकण गरी सभ्य महानगरपालिका बनाउने तर्फ ध्यान दिनु जरुरी छ । | |
| १३.५. | **Accrual System :-** आ.व. २०५७५८ देखि नै Accural System मा लेखा राख्ने भनिएता पनि सो को कार्यान्वयन हुन नसक्दा आर्थिक अनियमिततामा समेत बढावा पुग्ने हुँदा Operating Manual बनाई सम्पूर्ण आवश्यक नियम कानुनहरुको सम्बोधन हुनु आवश्यक देखिन्छ । | |
| १३.६. | **निस्कृय खाताहरु :-** निस्कृय खाताहरु बर्षौ देखि अल्या हुँदै आएका खाताहरु, एउटै शिर्षकमा दर्जनौ खाताहरु समावेश गर्ने प्रचलनलाई निर्मुल पार्न पटक पटक सुझाव प्रस्तुत हुँदा पनि व्यवस्थापन बाट कार्यान्वयन तर्फ क्रियाशिलता देखाएको पाइएन । | |
| १३.७. | **हनुमान ढोकाको आय-व्यय :-** हनुमान ढोकाको आय व्ययलाई यसबर्ष देखि महानगरपालिंकाको आर्थिक विवरणमा समावेश भएको पाइयो । नयाँ बजार, चःमती र मनोहरा जग्गा एकीकरणको अलग-अलग रुपमा रहेको आय-व्ययलाई पनि यसरी नै एकीकृत आय-व्ययमा समावेश गर्नु आवश्यक देखिन्छ । | |
| १३.८. | **राष्ट्रिय सभागृहको आय-व्यय :-** नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत राष्ट्रिय | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>सभागृहको प्रयोग, सञ्चालन विधी र मर्मत सम्भार निर्देशिका २०७२ को १.२ र निर्देशिकाको दफा ३ अनुसार राष्ट्रिय सभागृहको आम्दानी खर्चलाई व्यवस्थित गरिएको देखिएन । हल तथा अन्य सुविधा उपभोगबाट प्राप्त हुने आम्दानीहरुलाई छुट्टै कोषमा राख्नुपर्ने प्रावधान बमोजीम लेखा व्यवस्था गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१३.९.</td><td>विविध आय<br>➢ बालाजु २२ धाराको पछाडीको भागमा काडेतार लगाई आम्दानीको स्रोत मजबुत बनाउनु पर्ने देखिन्छ ।<br>➢ सैनिक पुस्तकालय लगायत सैनिक मुख्यालयमा थपिएका संरचनाहरुको नक्सा पास अनुमती लिने गरेको भेटिएन ।<br>➢ काठमाडौं हरियाली, सौन्दर्य बचाई राख्न ३ फिट भन्दा माथीका सम्पूर्ण पर्खालहरु जस्तै समाज कल्याण मन्त्रालय, केशर महल, पुरानो नारायणहीटी दरबार आदि भत्काउन लगाई सुरक्षाको लागि CCTV जडान गर्ने/गराउन आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>१३.१०.</td><td>भोटाहिटी सव वे को आम्दानी केवल ५४,०००.०० मात्र देखाएको छ । Lease मा नै २५ बर्षको सम्झौता गरेर सम्बन्धित पक्षले आम्दानीको अवधारणा नै फरक परेको देखिन्छ । उक्त स्थानमा हाल थप पसलहरु समेत बनेका छन् । चालु बर्षको भन्दा एकदमै न्यून रकम आम्दानी भएका प्रमुख उपशिर्षकहरु निम्न छन । महानगरपालिकाले अनुगमन प्रभावकारी तुल्याई आम्दानीको श्रोतलाई दीगो, भरपर्दो बनाउन जरुरी छ ।
<table>
<tr><th>सि. नं.</th><th>विवरण</th><th>चालु बार्षिक अनुमान (रु. करोडमा)</th><th>चालु बर्षको आम्दानी रकम (रु करोडमा)</th><th>प्रतिशत</th></tr>
<tr><td>१.</td><td>घर जग्गा कर</td><td>१५०</td><td>५७</td><td>३८ %</td></tr>
<tr><td>२.</td><td>सम्पत्ती बहाल कर</td><td>२००</td><td>५६</td><td>२८ %</td></tr>
<tr><td>३.</td><td>सवारी कर</td><td>२०</td><td>०.३१</td><td>१ %</td></tr>
<tr><td>४.</td><td>अन्य व्यवसाय कर</td><td>५०</td><td>१०</td><td>२०</td></tr>
<tr><td>५.</td><td>नकसापास दस्तुर</td><td>५०</td><td>३१</td><td>६३ %</td></tr>
<tr><td>६.</td><td>वाड सुधार उद्यान प्रवेश</td><td>२</td><td>०.७८</td><td>३९ %</td></tr>
<tr><td>७.</td><td>अन्य विक्री</td><td>१.२</td><td>०.१३</td><td>११ %</td></tr>
<tr><td>८.</td><td>राजस्व बाँडफाडबाट आय</td><td>१००</td><td>१२</td><td>१२ %</td></tr>
<tr><td>९.</td><td>उपभोक्ता समूह रुजन सहभागी</td><td>९.६</td><td>३.६</td><td>३ %</td></tr>
<tr><td>१०.</td><td>अन्य अनुदान</td><td>६</td><td>०.७२</td><td>१२ %</td></tr>
<tr><td>११.</td><td>शसुल्क करार</td><td>५</td><td>०.१७</td><td>-</td></tr>
<tr><td>१२.</td><td>पुरानो पेश्की असूल</td><td>२३.६</td><td>०.११</td><td>-</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३.११.</td><td>आ.ले.प प्रतिवेदनले समेत औल्याएको निम्न उठ्न बाँकी बक्यौता बारे कुनै नियमनकारी प्रयास गरेको देखिएन :
<table>
<tr><td>(क) City Market – सुरेन्द्र प्र. दाहाल (पुरानो बसपार्क)</td><td>१९,९०८,५१०.००</td></tr>
<tr><td>(ख) ल्होत्से बहुउद्देशीय क. (नया बसपार्क)</td><td>९,३६७,८७०.००</td></tr>
<tr><td>(ग) धरहरा - Side वाकर्स ट्रेडर्स प्रा.लि.</td><td>४,८०५,५०८.००</td></tr>
<tr><td>(घ) आकाशे पुल - Innovative Concept Nepal</td><td>१०,७००,०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.</td><td>बजेट खर्च
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>बजेट (लाखमा)</th><th>बास्तविक (लाखमा)</th><th>प्रतिशत</th></tr>
<tr><td>१.</td><td>तलब तथा भत्ता</td><td>७,९०५</td><td>५,४४७</td><td>६८ %</td></tr>
<tr><td>२.</td><td>कार्यालय सञ्चालन</td><td>२,८६८</td><td>१,७१३</td><td>५९ %</td></tr>
<tr><td>३.</td><td>अनुदान तथा अन्य खर्च</td><td>५९१</td><td>२७६</td><td>४६ %</td></tr>
<tr><td>४.</td><td>आम्दानी फिर्ता खर्च</td><td>३८</td><td>२७९</td><td>७३४ %</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५. | विगत बर्षको खर्च | ३६४ | ३२१ | ८८ % |

**१४.१.** बजेट भन्दा बढि खर्च भएका उपशिर्षकहरु

| सि.नं. | विवरण | बजेट | बास्तविक | प्रतिशत |
|---|---|---|---|---|
| १. | परिवहन भत्ता | १,२००,०००.०० | १,३९७,७२५.०० | ११६ |
| २. | सञ्चित उपचार खर्च | ३०,०००,०००.०० | २६,०६८,२४८.०० | ८७ |
| ३. | मसलन्द तथा छपाई | २०,०००,०००.०० | २०,४६९,२४५.०० | १०२ |
| ४. | पत्रपत्रिका तथा पुस्तक | २१,०००,०००.०० | १,९००,४३८.०० | १२६ |
| ५. | कार्यालय मालसामान | १५,०००,०००.०० | २०,६०१,४३८.०० | ९८ |
| ६. | सवारी साधन मर्मत | १,०००,०००.०० | १,६१३,७८४.०० | १६१ |
| ७. | जलपान खर्च | १२,०००,०००.०० | ११,२७६,७१०.०० | ९४ |
| ८. | विगत बर्षको आम्दानी फिर्ता | १७,०००,०००.०० | २६,२२१,७५१.०० | ९७ |
| ९. | सेवाको बक्यौता | ९००,०००.०० | १,१०६,९७३.०० | १२३ |

**१४.२.** जनप्रतिनिधी उपचार खर्चमा प्रतिव्यक्ति सिमा समेत तोकेर नीति बनाउनुपर्ने देखिन्छ । एउटै वडाध्यक्षको नाममा रु. ६७६,०००.०० सम्मको खर्च भार महानगरले बेहोर्नु सरकारी खर्च मापदण्ड भित्र पर्ने देखिदैन । (वडा नं. २१)

**१४.३.** अर्थ मन्त्रालयको च.नं. ९६२ (मिति २०७०।०१।२४) परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ६ प्रतिशत रकम Cantigency खर्च गर्न पाउनेमा ४ प्रतिशत प्रशासनिक खर्च र २ प्रतिशत पूँजीगत खर्च निर्माण खर्च गर्नु मिल्ने प्रावधान अन्तर्गत यि खर्चहरुको अलग-अलग खातामा समावेश गर्नुपर्नेमा सो समेत गरेको देखिएन ।

**१४.४.** आ.ले.प. प्रतिवेदन समेतले औंल्याएको चःमती जग्गा एकिकरणमा भएको स्वीकृतभन्दा बढी खर्च रु.१० लाख असूल उपर गर्न लगत तयार पारी असूली गर्नुपर्ने देखिन्छ ।

**१५.** **पुर्वाधार तथा सेवा सञ्चालन र सुधार**

**१५.१.** चालु बार्षिक बजेट रु. ९,२४२,४५७,०००.०० रहेको यस ४२ प्रतिशत मात्रै लक्ष्य हासिल भएको देखिन्छ । लक्ष्य अनुसार अति न्यून खर्च भएका प्रमुख शिर्षकहरु देहाय अनुसार छनु :

| सि.नं | विवरण | बजेट (लाखमा) | बास्तविक (लाखमा) | प्रतिशत |
|---|---|---|---|---|
| १. | पूर्वाधार | १९,९६०.०० | ६,४६०.०० | ३२ % |
| २. | वातावरण सुधार | ४,४६७.०० | ६२५.०० | १४ % |
| ३. | जनस्वास्थ्य | १७५.०० | २.०० | ११ % |
| ४. | विभिन्न विभागीय खर्चहरु | ६०,१०३.०० | २३,५१८.०० | ३९ % |
| ५. | आयोजनाहरुको अन्य कार्य | १,२७५.०० | ०.०० | ० % |
| ६. | समाहित निकायका कार्य | ६,४४३.०० | ८,३३५.०० | १२९ % (बढि) |

**१५.२.** अति न्यून भएका उपशिर्षकहरु :

| सि.नं | विवरण | बजेट (लाखमा) | बास्तविक (लाखमा) | प्रतिशत |
|---|---|---|---|---|
| १. | सडक तथा फुटपाथ | १२,४३०.०० | १,३८४.०० | १० % |
| २. | सडक बत्ति | ७२०.०० | १७३.०० | २४ % |
| ३. | ढल निकास | १,५००.०० | ९१.०० | ६ % |
| ४. | पार्कहरु | २,४८०.०० | ३४.०० | १ % |
| ५. | छाडा गाई नियन्त्रण खर्च | २०.०० | ०.६७ | ३ % |
| ६. | शिक्षा तथा खेलकुद | ५७१.०० | ३.०० | ६ % |
| ७. | शहरी सुशासन | ४१५.०० | ३५.०० | ८ % |
| ८. | जन स्वास्थ्य विभाग अन्य | १,३३९.०० | २१६.०० | १९ % |
| ९. | जन चेतना अभियान | ५ | ०.२० | ४ % |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | १०. | सम्पदा तथा पर्यटन | ८,३५१.०० | १,३३१.०० | १५ % | |
| | ११. | हनुमान ढोका संरक्षण | ४,२९३.०० | १,००९.०० | २३ % | |
| | १२. | सम्पदा संरक्षण अन्य | ३,६१०.०० | २०९.०० | ५ % | |
| | १३. | चालु योजनाहरु | ४४८.०० | ११२.०० | २५ % | |
| | १४. | नयाँ योजनाहरु | ४,४००.०० | ९८.०० | २ % | |
| | १५. | काठमाडौं भ्याली म्यापीङ्ग | १,६६०.०० | ४१६.०० | २५ % | |
| | १६. | शहरी योजना | १,०४९.०० | ४४.०० | ४ % | |
| | १७. | महिला विकास | ४२३.०० | ७९.०० | १८ % | |
| | १८. | विविध कार्यक्रम | ७६७.०० | ९६.०० | १२ % | |
| | १९. | विशेष सरसफाई | २५.०० | ९.०० | ३६ % | |
| | २०. | वातावरण विभाग अन्य | ११,७९४.०० | ४३७.०० | ३ % | |
| | २१. | समुदाय परिचालन | १३२.०० | ३.०० | २ % | |
| | २२. | शिस्टाचार | ३६५.०० | ५.०० | १३ % | |
| | २३. | भगीनी शहर | ३५५.०० | ५.०० | १४ % | |
| | २४. | शंखपार्क विकास | ८१.०० | १.०० | १ % | |
| | २५. | दमकल | १८५.०० | १८.०० | १० % | |
| | २६. | विपद व्यवस्थापन अन्य | १,५९३.०० | १३३.०० | ८ % | |
| | २७. | सार्वजनिक निजी साझेदार | १,२६०.०० | ०.०० | ० % | |
| | २८. | नयाँ बजार जुडो हल | १५.०० | ०.०० | ० % | |
| १६. | **विविध** | | | | | |
| १६.१. | **बार्षिक लक्ष्य प्रगती विवरण :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२)२२५ को अनुसुची २ बमोजीम राष्ट्रिय योजना आयेगले तोकेको ढाँचामा भौतिक एवं वित्तिय प्रगती देखिने गरी बर्षिक लक्ष्य प्रगति विवरण तयार पारेको देखिएन । | | | | | |
| १६.२. | **तिनकुनै पार्क निर्माण आयोजना :-** उक्तपार्क हालसम्म पनि निर्माण हुन नसक्दा लक्षित बर्गले सो को उपयोग तथा प्रतिफल प्राप्त गर्न सकिने स्थिति छैन । हाल उक्त ठाउमा विभिन्न व्यक्ति तथा संस्थाको सवारी साधन सिक्ने थलोको रुपमा प्रयोग भैरहेको तर्फ महानगरको ध्यान जानु पर्दछ । | | | | | |
| १६.३. | **काठमाडौं भ्यू टाउर निर्माण :-** आर्थिक बर्ष २०६८।६९ को १८ औं नगर परिषदको निर्णय बमोजीम निर्माण भैरहेको उक्त भवन सम्झौता अनुसार उक्त भवन २०७५।०७।२४ सम्ममा बनि सक्नुपर्नेमा हालसम्म पनि निर्माण सम्पन्न नभएकोले महानगरको ध्यान जानु आवश्यक छ । | | | | | |
| १६.४. | **मनोहरा, चमती, नयाँबजार जग्गा एकिकरण :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकाशा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी-खर्च लेखा र त्यसको जिन्सी नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धि व्यवस्थाको र तिनीहरुको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुने अवस्था छैन ।<br>मनोहरा जग्गा एकिकरणमा अझै पनि रु. ९४,९७,७७,९३०.०८ बैंक मौज्दात (Fridged) अवस्थामा छ । साथै नयाँ बजार जग्गा एकिकरणमा अझै ९२ प्रतिशत अर्थात रु. १०,५५,३८,२६७.९२ बजेट बाँकी देखिन्छ । | | | | | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>वित्तिय जवाफदेहिता तथा उत्तरदायित्व स्थिती मुल्यांकन गर्दा उद्देश्यहरुसँग सम्बन्धित जोखीम, मलेपफानं. २१९ (आर्थिक कारोबार संक्षिप्त प्रतिवेदन), विद्युतिय माध्यम मार्फत सुविधाको बैकल्पिक व्यवस्था, नापी किताब एउटै बनाउने जस्ता कारणहरुमा ध्यान दिएको देखिएन । ऐन नियम २३,२५,७४(३) अनुसार बार्षिक कार्यक्रम तयार तथा व्यवस्थापन समितीबाट स्वीकृत अनुदान अनुसार कार्य सम्पन्न तथा प्रयोजन पछी पेश्की फछ्र्यौट जस्ता जियम लागु भएको देखिएन ।</td><td></td></tr>
<tr><td>१६.५.</td><td>संयुक्त आवास, ब्यापारी भवन तथा अपाटमेन्ट :- निजीक्षेत्रको वसोबासको लागी निर्माण गरिएका संरचनाहरुको अनुगमन हुन आवश्यक देखिन्छ । २०७२ सम्मको भुकम्पले यस्ता भवनहरुमा हुन गएको क्षती तथा असरहरु अझै पनि शिक्षित भै नसकेका उदाहरणहरु भेटिन्छन् । आवास उद्देश्यका लागि दर्ता गरिएका भवनहरु व्यापाक प्रयोजनको लागी प्रयोग हुँदा पूर्वाधारका मापदण्डहरु बारे समेत महानगरले पर्याप्त ध्यान पुऱ्याउन सकेको छैन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>समग्र व्यहोरा<br>नीति तथा कार्यक्रम :- काठमाडौंलाई बस्न लायक शहर बनाउने, स्थानीय सरकार र जनताबीच सुमधुर सम्बन्ध कायम गर्न आधुनिक प्रविधि र मौलिक पहिचानद्वारा उत्तरआधुनिक विकासको खाका कोर्ने र पूर्वाधारद्वारा शहर सुन्दर बनाउने प्रमुख नीतिगत व्यवस्था छ । अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाद्वारा काठमाडौं शहरलाई स्मार्ट सिटीको रुपमा विकास गर्न विभिन्न नीति तथा कार्यक्रम अगाडि बढाउन नगरसभाबाट कार्यक्रम तथा नीति स्वीकृत गरेको छ । यो वर्ष महानगरपालिकाको नीति कार्यक्रमको कार्यान्वयन अवस्था निम्न देखिन्छ ।
<table>
<tr><th>नीति तथा कार्यक्रम (२०७४/७५)</th><th>प्रगति अवस्था</th></tr>
<tr><td>(क) २० वर्षे दीर्घकालिन योजना</td><td>बनाएको छैन ।</td></tr>
<tr><td>(ख) प्रत्येक वडामा कम्तीमा १/१ वटा ज्येष्ठ नागरिक मनोरञ्जन तथा सेवा केन्द्र संचालन</td><td>आंशिक रुपमा सम्पन्न ।</td></tr>
<tr><td>(ग) विद्यालय मर्जर</td><td>९२ मध्ये ९१ वटा भएको ।</td></tr>
<tr><td>(घ) प्रतिष्ठा झल्कने महानगर भवन, वडा भवन निर्माण शुरु</td><td>४ वटा वडा निर्माण शुरु गरेको, महानगर भवन निर्माण नभएको ।</td></tr>
<tr><td>(ङ) विज्ञ समावेश महानगर शहरी योजना आयोग गठन</td><td>गठन भएको ।</td></tr>
<tr><td>(च) नयाँ बजार जग्गा एकीकराण आयोजना</td><td>बन्द भएको ।</td></tr>
<tr><td>(छ) भवन निर्माण मापदण्ड तयार गरी लागू गर्ने</td><td>मापदण्ड सम्बन्धमा प्रश्न उठेकोले अदालतमा विचाराधिन अवस्थामा रहेको ।</td></tr>
<tr><td>(ज) सि.सि.टि.भी. सहितको महानगर सुरक्षित योजना</td><td>निरन्तर ।</td></tr>
<tr><td>(झ) र्‍यापिड ट्रान्जिट, सिटी केबलकार, ट्राम र मेट्रोको अध्ययन र योजना अवस्था</td><td>शुरु नभएको ।</td></tr>
<tr><td>(ञ) Smart Card Petrol Pump</td><td>कार्य नभएको ।</td></tr>
<tr><td>(ट) ओ. एण्ड. एम. सर्भे</td><td>सम्पन्न गरेको ।</td></tr>
<tr><td>(ठ) एकल यूनियन निर्वाचन</td><td>निर्वाचन नभएको ।</td></tr>
<tr><td>(ड) मेट्रिक ठेगाना प्रणाली</td><td>निरन्तर कार्यान्वयन ।</td></tr>
<tr><td>(ढ) Mobile उजुरी Application</td><td>तयार गरेको ।</td></tr>
<tr><td>(ण) Kathmandu Smart Tax Payer Card</td><td>तयार गरेको छैन ।</td></tr>
</table>
तय गरेका नीतिको कार्यान्वयनलाई प्राथमिकता दिई कार्यान्वयनमा ल्याइनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>योजना तर्जुमा प्रक्रिया :- स्थानी सरकार संचालन ऐन, २०७४ को दफा ६६ अनुसार पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरी सो समितिले निर्वाह गर्ने बजेट तथा सीमाको योजना तर्जुमा गरी तथा दफा ६७ बमोजिम बजेट तथा</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कार्यक्रम तर्जुमा समिति गठन गरी निर्धारण भएका कार्यप्रक्रिया संचालन गरी आगामी आ. व. को बजेट, कार्यक्रम, सीमा, छनौट लगायतको प्रक्रियालाई सभामा पेश गरी योजना तर्जुमा प्रक्रिया संचालनमा ल्याइनुपर्नेमा सो अनुरुपको प्रक्रिया अवलम्वन गरेको पाईएन । वडाबाट योजना लिने, बाडफाँड गर्ने, विभागमा खर्च गर्ने, अख्तियारी सुम्पने, खर्चको उत्तरदायित्व वडा तथा विभागमा ट्रान्सफर गर्ने, प्रतिवेदन लिने, अनुगमन तथा मूल्याङ्कन गर्ने लगायतका कार्यलाई व्यवस्थित गरी महानगरपालिकाबाट तत्सम्बन्धी कार्यप्रक्रियामा सुधार गरिनुपर्दछ । प्रत्येक वडा तथा विभागको कार्यक्रम, बजेट, योजना छुट्टयाई वित्तीय उत्तरदायित्व र जवाफदेहितालाई विकेन्द्रित गरी कार्यक्रम संचालनमा ल्याउने र ठूला पूर्वाधार क्षेत्रका योजनामा मात्र महानगपालिकाले मात्र कारवाही अगाडि बढाउने गरी योजना र्तजुमा, कार्यान्वयन र वितरण प्रणालीमा आमूल सुधार काटेको होइन । | |
| १९. | **श्रोत सुनिश्चितता :-** अर्थ मन्त्रालयको २०७३/११/९ र २०७२/११/२७ को श्रोतको सुनिश्चितता सम्बन्धमा महानगरपालिका क्षेत्रभित्र दीगो रुपमा शहरी यातायात व्यवस्थापनका लागि सडक अतिक्रमण कार्यलाई निरुत्साहित गरी सडकहरुको बिस्तार, पुनर्निर्माण एवं सुधार कार्यका लागि रु. ७४ करोड र २०७२/७३ मा क्षेत्रभित्रका ३२ सडकहरुको मर्मत तथा बिस्तारको लागि रु. २५ करोडसम्मको निर्माण कार्यको प्रचलित कानून र मापदण्डको आधारमा ठेक्का प्रक्रिया प्रारम्भ गर्न श्रोतको सुनिश्चितता भई सम्झौता भएका योजनाहरुको रकम महानगरलाई एकमुष्ठ समानीकरण अनुदान २०७४/७५ बाट शुरु भएबाट पुरानो तथा २०७४/७५ को श्रोत सुनिश्चिततामा संचालित सम्झौता एवं भुक्तानी, भुक्तानी बाँकी र खर्चको सोधभर्ना हुने स्थिति नदेखिएको कारण सम्झौता अनुसार भएका खर्च र भुक्तानी गर्नुपर्ने दायित्वसमेत काठमाडौं महानगरपालिकाले समानीकरण अनुदानबाट हिसाबको लेखाङ्कन गरिनुपर्ने अवस्था रहेको छ । आर्थिक वर्ष २०७४/७५ मा श्रोत सुनिश्तिता वापत सम्झौता भएको र खर्च भएको सडक बिस्तार, मुड्खु सडक तथा सिसडोलबाट संचालित योजना वापत रु. ३५ करोड ४७ लाख १९ हजार खर्च गरेको देखिन्छ । मन्त्रालबाट श्रोत सुनिश्चितताको लागि थप बजेट उपलब्ध नहुने हुँदा सम्झौता अनुसारको भुक्तानीलाई समानीकरण अनुदान पूँजीगत शिर्षकमा लेखाङ्कन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ । आर्थिक वर्ष २०७४/७५ मा महानगरलाई रु. १ अर्ब २४ करोड ३३ लाख ७४ हजार वित्तीय अनुदान प्राप्त भएको छ । | |
| २०. | **तालिम तथा नर्म्स :-** काठमाडौं महानगरपालिकाले संचालन हुने लामो अवधिको तालिम नीति तथा तालिमको नर्म्ससमेत प्रयोगमा ल्याएकोमा सो नीति तथा नर्म्स अर्थ मन्त्रालयले जारी गरेको तालिम खर्च र मापदण्डबीच मिलान भएको देखिएन । एकै किसिमको कार्यको नीति तथा नर्म्समा एकरुपता हुनुपर्नेमा फरक हुने गरी नीति तथा नर्म्स बनाई कार्यान्वयनमा ल्याउने कार्यमा सुधार गर्नुपर्दछ । | |
| २१. | **सार्वजनिक सुनुवाई/सार्वजनिक परीक्षण :-** उपभोक्ता लगायत नगरपालिकाले संचालनमा ल्याएका कार्यक्रम, खर्च विभागीय प्रगतिको सम्बन्धमा भए गरेका कार्यको सार्वजनिक सुनुवाई र छनौटगत योजनाको सार्वजनिक परीक्षणमा अपनाइने सबै प्रक्रिया पूरा गरी Public Audit लाई प्रभावकारी बनाउनुपर्नेमा सो कार्यका लागि निरन्तरता नगरेको, समय निर्धारण नगरेको, Audit सम्बन्धी Tools हरु प्रयोग नगरेको अवस्था छ । सार्वजनिक सुनुवाई/परीक्षणलाई प्रभावकारी बनाउन Tools हरु प्रयोगमा ल्याइनुपर्दछ । | |
| २२. | **शहरी स्वास्थ्य क्लिनिक :-** शहरी स्वास्थ्यलाई प्रभावकारी तथा दक्षतापूर्ण बनाई नागरिकमा प्रतिफल दिने व्यवस्था अनुरुप क्लिनिकहरु स्थापना तथा संचालन हुँदै आएका छन् । महानगरपालिकाभित्र रहेका क्लिनिकको संख्या २७ रहेको देखिन्छ । DOTS, भिटामिन लगायतका सामान्य कार्यहरु गर्दै आएका ती क्लिनिकहरु धेरै स्थानमा राख्नुभन्दा स्थानको आधारमा मजिङ्ग गरी नमूनाको रुपमा संचालन गरिनुपर्दछ । क्लिनिकमा ६६ कर्मचारी रहेको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | र तलबभत्तामा रु. १,४२,८२,२२८।- खर्च भएको देखिन्छ । छरिएर रहेका ती क्लिनिकहरु न्यून कर्मचारीबाट संचालन भएको र सोको कार्यसमेत प्रभावकारी नरहेबाट ५-७ ठाउँमा एकीकृत गरी सेवा प्रवाहलाई दक्ष बनाउन जरुरी छ । | |
| २३. | **चौमासिक प्रगति विवरण :-** राष्ट्रिय योजना आयोगको सचिवालयले तोकेको प्रगति तयार गर्ने ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी सो सम्बन्धमा भए गरेका सूचकमा आइपरेका सम्भावित जोखिम उपर कसरी समाधान गर्न सकिन्छ सो सम्बन्धमा छलफल गरी अपेक्षित प्रगति लिन कार्यक्रमको पुनरावलोकन गरी ढाँचा प्रयोगमा ल्याइनुपर्दछ । | |
| २४. | **अनुदानको अनुगमन :-** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट यो वर्ष प्राप्त अनुदानबाट ४७ संघ, संस्था, समूह, समाजलाई रु. १ करोड ५० लाख वितरण भएको छ । त्यस्तै ४३ संघ संस्थालाई संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालयबाट पूँजिगततर्फ रु. १८ करोड ९६ लाख समेत रु. २० करोड ४६ लाख अनुदान वितरण भएको छ । वर्षान्तमा रु. ५,४१,९३,८८२।- संघीय संचित कोष फिर्ता गरेको छ । अनुदानको उपयोग सम्बन्धमा अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी तुल्याउन आवश्यक छ । | |
| २५. | **शर्तमापन र मूल्याङ्कन :-** महानगरपालिकाले वर्षभरमा सम्पादन गर्ने कार्य र उपलब्धीको स्वयम् परीक्षण गरी नतिजा सार्वजनिकीकरण गर्नुपर्नेमा गरेको छैन । वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति, वार्षिक प्रगति समीक्षा, चौमासिक प्रगति समिक्षा, कर तथा आय श्रोतको अभिलेखन, कोष खाता संचालन, लेखापरीक्षण तथा बेरुजू फछ्र्यौट, सम्पत्ति व्यवस्थापन, भवन निर्माण तथा नक्सापास, कर्मचारी व्यवस्थापन, राजस्वका दर सार्वजनिक, सहभागितात्मक योजना तर्जुमा, लक्षित समूह कार्यक्रम, स्थानीय शासन, सामाजिक सुरक्षा, सुनुवाई, अध्ययन प्रक्षेपण, साझेदारी, पूर्वाधार, खर्चको सीमा पालना, लेखा प्रणाली, गुणस्तर, श्रोत परिचालन, खरिद व्यवस्थापन लगायतका क्षेत्रमा भएका शर्तको मापन र मूल्याङ्कन गरी स्वयम् "KMC Audit" गर्नुपर्नेमा गरेको छैन । स्वयम् परीक्षण पद्धतिले कार्य वातावरणमा सुधार ल्याउने हुँदा यसतर्फ गम्भिर बन्न आवश्यक छ । | |
| २६. | **नगर प्रहरी :-** नगर प्रहरी विभागबाट महानगर क्षेत्रभित्र फुटपाथ अतिक्रमण रोक्न, अवैध निर्माण सामाग्री हटाउने, महानगरको कानून महाशाखा र न्यायिक समितिको फैसलाको कार्यान्वयन लगायतका कार्य गर्दै आएको देखिन्छ । वार्षिक रुपमा न्यायिक समितिको उजुरी, फैसला कार्यान्वयन, नक्सापास, अवैध पार्किङ्ग लगायतका कार्यको प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |
| २७. | **साझेदारी इकाई :-** महानगरभित्र निजी, सार्वजनिक, साझेदारी इकाई (PPP) नगर प्रमुख अर्न्तगत रहेको छ । नयाँ क्षेत्रमा के कस्ता योजना र लागत शेयर हुने, संभाव्य परियोजनाको बारेमा संभाव्यता अध्ययन गर्ने, Refreshment Centre, बागबगैंचा, खुला पार्किङ्ग स्थान, शौचालय आदिको व्यवस्थापनको लागि इकाईलाई सक्रिय र प्रभावकारी तुल्याउनु तत्सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको आम नगरबासीको गुनासोलाई ध्यानमा राखी प्रभावकारी कार्यान्वयनमा महानगरपालिका संवेदनशील हुनु जरुरी देखिन्छ । | |
| २८. | **खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले यो वर्ष पूँजिगत तथा चालु किसिमका निर्माण एवम् वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाएको देखिएन । पूर्वाधारतर्फ रु. १ करोड ४३ लाख ५१ हजारबाट विभिन्न निर्माण कार्य सोझै खरिद गरेको छ । जिन्सीतर्फ रु. ४ करोड १४ लाख ९४ हजार टेण्डर विधि र रु. ९ करोड ६५ लाख ३१ हजार सोझै विधिबाट खरिद गरेको छ । टेण्डरको तुलनामा सोझै खरिद १३२ प्रतिशत भन्दा बढी छ । सोझै खरिद गर्ने प्रक्रियाले गुणस्तर र स्पेशिफिकेशनमा प्रश्न उठ्ने, प्रतिस्पर्धी मूल्यमा सामान प्राप्तीको आश्वस्तता नरहने र समग्रमा कानूनको पालना नभई आर्थिक | ९६,५३१,०००.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | अनुशासनमा कमजोरीपना रहने हुनाले यस्तो खरिद प्रक्रिया अनियमित देखिएको रु. | |
| २९. | **खरिद व्यवस्थापन :-** निर्माण व्यवसायीबाट समयमा काम नहुँदाको अवस्थामा लागत अनुमानमा समावेश नगरी भेरियसनबाट गराएको, समयमा काम नगर्दा सम्झौता अनुसार कारवाही नगरेको र कार्य समयमा नहुँदा पूँजिगत खर्चमा कमी आएको देखिँदा सार्वजनिक खरिदको काम दक्षतापूर्ण तवरले गरिनुपर्दछ । | |
| ३०. | **सवारी पार्किङ्ग :-** काठमाडौं महानगरपालिकामा भएको बढ्दो शहरीकरण र जनसंख्याको चापको कारण सवारी साधनको आवागमन अत्याधिक वृद्धि भएको अवस्था छ । आवागमन तथा पार्किङ्ग गर्ने स्थानको अभावमा जताततै पार्किङ्गको प्रक्रियाले सवारी आवागमनमा जाम भई दुरी काट्न नागरिकलाई घण्टौं लाग्ने स्थिति समेत देखिएको छ । पार्किङ्गलाई व्यवस्थित बनाउन पालिकाले विकल्पको पहिचान गर्नुपर्दछ । | |
| ३१. | **कार्यक्रम अनुदान :-** महानगरपालिकाले विभिन्न कार्यक्रम संचालन गर्न तथा विभिन्न उद्देश्यमा स्थापित र संचालित सयौं संघ संस्थालाई कार्यक्रम संचालन गर्न नगर प्रमुखको निर्णयानुसार रु. २५ हजारदेखि ३ लाखसम्म अनुदान उपलब्ध गराएको छ । अनुदान वितरणको निश्चित मापदण्ड बनाएको देखिदैन । मापदण्ड र आधार समेत नबनाई पटके निर्णयकारी अनुदान दिएको छ । स्पष्ट नीति, मापदण्ड वेगर अनुदान वितरण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ । | |
| ३२. | **फुटपाथ :-** शहरी क्षेत्रको फुटपाथमा जथाभावी साना व्यापारीले साना पसलहरु संचालन गरी आवतजावतमा असर परेको छ । बाटो हिड्ने पैदलयात्री स्वतन्त्र रुप्मा हिड्न सक्ने अवस्थामा समेत असर परेको छ । अति सम्वेदनशील क्षेत्र बस चढ्ने ओर्लने एरिया तथा आकाशे पुल लगायतका क्षेत्रमा अनधिकृत रुपमा व्यपार गर्ने अवस्थालाई नियन्त्रण गरी आवागमनमा सुधार ल्याइनुपर्दछ । | |
| ३३. | **कार्यसम्पादन प्रगति :-** कार्यालयले कामको प्रकृति, कार्यबोझ अनुसार कर्मचारीको व्यवस्थापन गरी अपेक्षित कार्य परिमाणको प्रगति पूर्ण रुपमा प्राप्त गरिनुपर्दछ । पालिकाबाट संचालन भएका कार्यक्रम तथा बजेटको तोकेको ढाँचामा भौतिक तथा वित्तीय प्रगति देखिने गरी वार्षिक लक्ष्य प्रगति वा वार्षिक कार्य सम्पादन प्रगति तयार गरी खर्चको उपलब्धी र बजेटको परिचालन सम्बन्धमा विश्लेषण गर्नुपर्नेमा गरेको देखिएन । प्रगति विवरण तयार गर्दा बजेट तथा खर्चको उपलब्धी देखिने गरी कानूनले तोकेबमोजिम कार्यसम्पादन प्रगति विवरण तयार गरिनुपर्दछ । | |
| ३४. | **भत्ता तथा आर्थिक सुविधा :-** महानगरपालिकाले विभिन्न विभाग तथा निकायमा परिषदको निर्णयानुसार तलब स्केलको २५ देखि ५० प्रतिशतसम्म कर्मचारीलाई भत्ता सुविधा दिएको देखिन्छ । त्यस्तै प्रत्येक कर्मचारीलाई रु. १५००।- का दरले महानगर भत्ता समेत उपलब्ध गराएको अवस्था छ । अधिकतम ५० प्रतिशत भत्ता तोकिएकोमा कुनै विभागमा सोको अतिरिक्त पनि थप भत्ता उपलब्ध गराएको छ । विभिन्न रुपमा भत्ता उपलब्ध गराउँदा पटके कार्यसम्पादनलाई आधार मानी उपलब्ध गराएको देखिन्छ । प्रत्येक विभागको कार्य प्रक्रिया अनुसार कार्य वर्गीकरण गरी कार्य सम्पादन सूचक बनाई सूचकको आधारमा प्राप्त प्रतिफल एवं नेगेटिभ सूचकको आधारमा रकमको कटौति लगायतको सम्पादन सूचकको आधारमा कार्यसम्पदान आधारित प्रोत्साहन प्रणाली कार्यान्वयनमा ल्याउन गत विगत वर्षमा समेत व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सो प्रक्रिया नअपनाई पटके निर्णयको आधारमा भत्ता तथा आर्थिक सुविधा उपलब्ध गराएको छ । यसमा सुधार हुनुपर्दछ । | |
| ३५. | **भगिनी सम्बन्ध व्यवस्थापन खर्च :-** भगिनी सम्बन्ध व्यवस्थापन खर्च गर्दा दररेटको लागत लिई बोलपत्रको माध्यमबाट वर्षभरमा होटलबाट गरिने कार्यक्रम व्यवस्थापन खर्चको व्यवस्था अपनाउनुपर्नेमा पटक पटक कोटेशनको आधारमा व्यवस्थापन खर्च निर्धारण गरेको देखिँदा यस सम्बन्धमा सुधार हुनुपर्दछ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
| --- | --- | --- |
| ३६. | **सामाजिक कार्य र अनुगमन :-** महानगरपालिकाको कार्यक्षेत्रभित्र संचालन हुने आयोजना तथा कार्यक्रम कार्यान्वयन गरिदा नगरक्षेत्रका सरकारी, गैरसरकारी तथा दातृ संस्थाबाट आवश्यक समन्वय गरी तथा कार्यक्रममा दोहोरो नपर्ने गरी सम्झौता कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम संचालन गर्न विभिन्न गैरसरकारी संस्था, क्लब, समूह, समाजलाई सामाजिक विकास विभाग अर्न्तगत रकम अनुदान दिएको छ । ती संस्थालाई उपलब्ध गराएको अनुदान रकमको अनुगमन समेत गर्ने गरेको छैन । संस्थाले गरेको खर्च र प्रतिफलको सामयिक अनुगमन गर्ने कार्यमा प्रभावकारीता ल्याउन आवश्यक छ । | |
| ३७. | **अवण्डा बजेट :-** वार्षिक रुपमा प्राप्त गर्ने आय अनुमान, सरकारी अनुदान लगायत प्राप्त हुने आय अनुरुप अवण्डा रुपमा बजेट नराखी कार्यक्रम तथा विषयगत क्षेत्रमा बजेट विनियोजन, वर्गीकरण तथा सो अनुरुप वित्तीय खर्च गरी प्रगति प्राप्त गर्नुपर्नेमा कतिपय शिर्षकमा बजेट अवण्डा राखी बजेट तथा खर्चको कार्यक्रम तय गर्ने प्रक्रियामा तत्काल नियन्त्रण हुनुपर्दछ । | |
| ३८. | **बढी तलब :-** हेभि सवारी चालकको तलब स्केल अनुसार वार्षिक तलब वृद्धि (ग्रेड) रु. ९४८।- (एक दिन बराबरको) हुन्छ । हेभि सवारी चालकको तलब भुक्तानी हुँदा तलब वृद्धि रु. ९८४।- का दरले खर्च लेखिए अनुसार आर्थिक वर्ष २०७४/७५ को पुरै अवधिमा भुक्तानी गर्दा संचयकोष थप समेत रु. ३९.६० ले प्रति व्यक्ति रु. ५१४.८० बढी भुक्तानी भएको छ । हेभि सवारी चालकको संख्या निर्क्यौल गरी बढी भुक्तानी हुन गएको रकम निर्धारण गरी २०७४ श्रावणदेखि २०७६ को भुक्तान भएको महिनासम्मको हिसाब गणना समेत गरी बढी तलब रकम असुल गर्नुपर्दछ । | |
| ३९. | **लुगाभत्ता :-** अर्थमन्त्रालयको लुगाभत्ता सम्बन्धी परिपत्रमा प्रत्येक वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा आगामी वर्षको लागि लुगाभत्ता रु. ७५००।- महिना भुक्तान भएपछि खर्च लेखी कर्मचारीलाई उपलब्ध गराउने व्यवस्था छ । महानगरपालिकाले पालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको लुगाभत्ता दशैं खर्च भुक्तानी गर्दा समावेश गरी यो वर्ष २०७४ भाद्रमा भुक्तानी गरेको छ । लुगाभत्ता महानगरले प्रत्येक वर्ष दशैं खर्चको साथ उपलब्ध गराएको समेत उल्लेख गरेको छ । वर्ष भुक्तान नहुँदै वर्षको लगभग शुरु अवस्थामा लुगाभत्ता खर्च करिब ७ महिना अगावै लेख्ने गरेको छ । लुगाभत्ता मूलतः आगामी वर्षलाई उपलब्ध गराउन प्रत्येक वर्षको चैत्र मसान्तमा उपलब्ध गराउने नीति अनुरुप भाद्रदेखि चैत्रसम्म अवकास, सरुवा, बढुवा भई जाने कर्मचारीको हकमा लुगाभत्ता लिन खान नपाउने परिपत्रको उद्देश्यलाई ख्याल नगरी भाद्रमा खर्च लेख्दा उपरोक्तानुसार नपाउनेले समेत लुगाभत्ता पाउने अवस्था देखिन्छ । २०७४ भाद्रदेखि चैत्रको महिना भुक्तान नभएको समयमा अवकासित कर्मचारीबाट आगामी वर्षको लुगाभत्ता असुल गर्नुपर्दछ । सरुवा भई जाने कर्मचारीले लुगाभत्ता पुनः लिन सक्ने अवस्था समेत देखिँदा यकिन गरी सो रकम समेत असुल गर्नुपर्दछ । | |
| ४०. | **भत्ता खर्च :-** महानगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीले एक महिनाको रु. १ हजार ५ सय का दरले महानगर भत्ता भुक्तानी लिएको अवस्था छ । सो वाहेक कुनै Specific events अनुसार कार्य गर्दा समेत भत्ता भुक्तानी भएको देखिन्छ । ओभरटाईम लगायत नियमित रुपमा गर्नुपर्ने कार्यमा समेत अतिरिक्त सुविधा लिएको देखिन्छ । यस्ता खर्चले चालु खर्चमा वृद्धि हुने र पूँजिगत खर्च न्यून प्राथमिकतामा रहने भएबाट त्यस किसिमका खर्चमा नियन्त्रण गरी परिणाममूखी कार्यमा मात्र खर्च गर्नेतर्फ महानगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| ४१. | **सार्वजनिक खरिद :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ बमोजिम पालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्ने व्यवस्था छ । ऐनको अधिनमा रही पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था छ । सो अनुरुप महानगरले कोटेशनबाट खरिद गर्ने अंक रु. १० लाख, सिलबन्दी कोटेशन रु. ५० लाख र सोभन्दा माथि टेण्डर प्रक्रियाबाट खरिद गर्ने गरी | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | नियमावली बनाएको छ । कार्यमा छिटोपना ल्याउन तथा कार्य परिमाण बढी भएको कारण नियमावलीमा संघीय कानून भन्दा बढीको अंकभार थप गरेको उल्लेख छ । खरिदको आवश्यकता अनुसार प्राविधिक जनशक्तिको अवस्था प्रभावकारी नरहेको एवं प्राविधिक रुपमा प्रमाणित गर्नुपर्ने विषयवस्तुमा एउटै प्राविधिकबाट तयारी तथा चेक गर्ने स्थिति समेत देखिन्छ । साथै खरिदको आयोजनाहरु छनौटमा समेत अधिक समय लिने गरेको, खरिद विभागलाई रकम र कार्यको आधारमा वर्गीकरण नगर्दा काममा सहजीकरण हुन नसकेको अवस्था छ । | |
| ४२. | **आन्तरिक नियन्त्रण :-** महानगरपालिकाको वित्तीय सुशासनको लागि आन्तरिक नियन्त्रणको भूमिका महत्वपूर्ण हुन्छ । प्रभावकारी आन्तरिक नियन्त्रणका लागि प्रत्येक विभाग, सचिवालय तथा निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको देखिदैन । कार्यसम्पादन, भौतिक सम्पत्तिको अनुगमन, लेखा तथा अभिलेख अद्यावधिक राख्ने, प्रतिवेदन तयार गर्ने, नियन्त्रण वातावरण स्थापित गर्ने, सूचना प्रवाह व्यवस्थित गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका बनाई कार्यान्वयनमा ल्याइनुपर्दछ । लेखा, व्यहोरा तथा वित्तीय विवरणको समष्टिगत कारोबारलाई थप विश्वसनीय बनाउन आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन गत वर्ष व्यहोरा औंल्याएतापनि अपेक्षित सुधार भएको देखिएन । | |
| ४३. | **एकै स्थानमा दुई निकायबाट कार्यक्रम :-** महानगरपालिका भित्रका सडक विस्तार तथा पूर्वाधार विकास कार्यक्रममा महानगरपालिका, सडक विभाग, सडक विस्तार आयोजना लगायतका संस्था संलग्न भएको देखिन्छ । कुन निकायबाट कुन कुन सडक निर्माण तथा स्तरोन्नति गर्ने हो समन्वय गरी दोहोरो नपर्ने गरी कार्यक्रम संचालन गर्नुपर्नेमा एकै स्थानमा ठेक्का पट्टा हुँदा काम घटेको, साईट परिवर्तन गरेको, भेरियसन अर्डर जारी गर्नुपरेको अवस्था रहेको देखिन्छ । यसो गर्दा दोहोरो भुक्तानी हुने सम्भावनालाई न्यून गर्नेतर्फ पूर्वाधारतर्फ समन्वय गरी खरिद व्यवस्थापन हुन आवश्यक देखिएको छ । | |
| ४४. | **होर्डिङ बोर्ड व्यवस्थापन :-** महानगरपालिकाले आफ्नो क्षेत्रभित्र होर्डिङ बोर्ड राख्ने मापदण्ड बनाएको देखिन्छ तर उपत्यकाका अधिकांश स्थानमा तोकिएको मापदण्ड विपरित होर्डिङ बोर्ड बनाएको भएतापनि उक्त बोर्ड हटाउने प्रभावकारी प्रयास गरेको देखिदैन । | |
| ४५. | **भवन नक्सा नामसारी :-** आर्थिक वर्ष २०७४/७५ मा अंशवण्डा भित्र पर्ने सम्पत्ति अंशको हक लाग्नेलाई ट्रान्सफर गर्दा रु. ३० लाखसम्म ०.२ प्रतिशत, ३० लाखदेखि २ करोडसम्म ०.३ प्रतिशत र २ करोडभन्दा माथि ०.५ प्रतिशत मालपोतमा रजिष्ट्रेसन शुल्क लाग्ने व्यवस्था छ । सो अनुरुप अधिकतम २ करोडमा रु. १ लाख तिरेपछि करोडौको सम्पत्ति अंशियारमा ट्रान्सफर हुन्छ । महानगरले सोही सम्पत्तिमा बन्ने घर/भवनको नक्सा नामसारीमा अंशवण्डाभित्र र तहगत क्रमशः रु. ५।- र रु. ७।- दस्तुर तोकेको देखिन्छ । नक्सा मात्र नामसारी हुँदा ५००० व.मी. को घरको रु. २५,०००।- तिर्नुपर्ने र करोडौको सम्पत्ति ट्रान्सफर हुँदा रु. १ लाख तिर्दा अंशवण्डाको नामसारी गरिने स्थितिले निर्धारित दस्तुर न्यायिक देखिएन । दस्तुरमा पुनरावलोकन हुनुपर्दछ । | |
| ४६. | **अवकास कोष :-** महानगरपालिकाबाट सेवा निवृत्त भएका स्थानीय सेवाका २१२ जना कर्मचारीलाई पालिकाले मासिक निवृत्तभरण उपलब्ध गराउदै आएको छ । निवृत्तभरण वापत पालिकाले औसत रु. २ करोड ५० लाख खर्च गर्ने गरेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार निजामती कर्मचारीले पाएसरह निवृत्तभरण पाउने व्यवस्था अनुरुप निवृत्तभरण उपलब्ध गराएको उल्लेख छ । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम १० प्रतिशत कट्टी तथा १० प्रतिशत रकम थप गरी कर्मचारीको लागि एक अवकास कोष स्थापना गर्ने उल्लेख छ । कट्टी तथा थपको व्यवस्था पालिकाबाट अवलम्वन नभएको अवस्था छ । निवृत्तभरण दायित्वको अवस्थामा स्थानीय सरकार संचालन ऐनमा स्पष्ट | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | व्यवस्था समेत देखिदैन । सो अनुरुप निवृत्तिभरण दायित्व खर्च सम्बन्धमा कानूनद्वारा व्यवस्थित गरिनुपर्दछ । महानगरपालिकाले यो आर्थिक वर्षको लागि कल्याणकारी कोषमा भौ.नं. ११०६२/०७४।११।२२ वाट रु ६०,०००,०००।- दाखिला गरेको देखियो । नियमावली अनुसार एक महिनाको कूल तलब गणनानै नगरी नगर परिषदवाट एकमुष्ठ बजेट पारित गराई कल्याणकारी कोषमा दाखिला गरेको देखियो । | |
| ४७. | **नक्सा/बजारमूल्य/पहुँच :-** नक्सा पास गरी तोकिएको मापदण्डको आधारमा संरचनाहरु निर्माण गर्ने व्यवस्था छ। महानगरपालिकाले संरचना तथा घरहरुको नक्साको निर्माण, माग स्वीकृति र अपलोड गर्ने पद्धतिलाई सूचना प्रणालीमा समेत आवद्ध गरेको छ । घर तथा संरचनाको नक्सा बनाई अपलोड गर्ने पद्धतिमा महानगरमा सूचिकृत भएका इन्जिनियरिङ्ग परामर्शदाता एवं व्यक्तिगत इन्जिनियरिङ्ग प्यानको आधारमा व्यवसायिक शुल्क तिरी रिन्यू भएका फर्म वा व्यक्तिबाट मात्र नक्सा तथा माग स्वीकृतिको अपलोड गर्न सकिने व्यवस्था लागू गरेको देखिन्छ । काउन्सिल इन्जिनियरिङ्ग सबै सदस्य उक्त कार्यमा समावेश नहुने अवस्थाले बजारमा सूचिकृत फर्म तथा व्यक्तिको प्रभूत्व कायम रहने अवस्था सिर्जना भएको देखिन्छ । सूचिकृत फर्म वा व्यक्तिले नक्सा बनाई महानगरमा Input गर्न सक्ने पद्धति अनुरुप लाभग्राही नागरिक बाध्यतावश सूचिकृत फर्म वा व्यक्तिको एकाधिकार बजारमा प्रवेश गर्नुपर्ने बाध्यता रहेको र उक्त परिस्थितिबाट विचौलियाको उपस्थिति समेत रहने अवस्थाले स्वतन्त्रपूर्वक जनताको सेवाको पहुँच र स्वतन्त्र बजारको प्रवेश सहज नभएको स्थिति छ । साथै नक्सा तथा डिजाईनको प्रतिस्पर्धात्मक मूल्यप्रति महानगरले जनताको सेवालाई शासकीय पद्धतिमा रुपान्तरण गरी सेवालाई सहजीकरण नगरेको अवस्था छ । नागरिकले नक्सा तथा डिजाईनको प्रति परिमाण प्रति लागत कति तिर्ने हो सोको बजारमूल्यलाई निर्धारण समेत नगर्दा चर्को बजारमूल्य, विचौलियाको उपस्थिति, सूचिकृत फर्म वा व्यक्तिमा जानुपर्ने बाध्यता उपर नियन्त्रण गर्न सक्ने वैकल्पिक उपाय समेत छनौट नगरेको कारण नागरिकहरुको सन्तुष्टिमा चुनौति देखा परेको छ। तसर्थ सेवामा नागरिकको सन्तुष्टि, बजारमूल्य, एकाधिकारको सूचिकरण, प्रति इकाई लागत, विचौलियाको अन्त्यको लागि वैकल्पिक उपायको छनौट गरिनुपर्दछ । | |
| ४८. | **खरिद सम्झौता/समय/समन्वय :-** निर्माणको ठेक्का सम्झौताका शर्तमा समयको पालना, गुणस्तर नियन्त्रण, खर्च नियन्त्रण र सम्झौता अन्त्यका सम्बन्धमा स्पष्ट शर्तहरुबीच समझदारी गरिएतापनि सम्झौता कार्यान्वयनमा महानगरपालिका र निर्माण व्यवसायीले ध्यान दिएको पाइएन । ठेक्का सम्झौता अनुरुप Time overrun हुनुको प्रमुख कारण समन्वयको अभाव र कानूनी कारवाही अगाडि नबढाइनु नै हो । रुग्ण अवस्थामा रहेका ठेक्काको सम्झौता अनुरुप पूर्वनिर्धारित क्षतिपूर्ति नलिनु, खरिदको पूर्व तयारी विना नै निर्माण कार्यको खरिद सम्झौताको कारणले म्याद थप गर्नुपर्ने स्थिति देखिन्छ । कार्यको आधारमा निर्माण कार्यमा समय कति लाग्ने हो सोको इष्टिमेट गर्ने गरेको छैन । समय र कार्य बिचको समन्वय नहुँदा अधिकांश ठेक्काको ५० प्रतिशत भन्दा बढी समय थप भएको छ। श्रोतको सुनिश्चिता, खरिद छनौट, कार्यान्वयनलाई कार्यतालिकामा तादाम्यता नगराईदा खरिद सम्झौता तोकेको समयमा सम्पन्न भएका देखिदैन । वर्षको अन्तमा खरिद सम्झौता गर्ने र सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने कार्यादेश दिने, भौगोलिक वातावरणलाई निर्माण कार्यसँग समन्वय नगराई पटक पटक म्याद थप्ने, प्राविधिक त्रुटी एवं लाभग्राहीको माग बमोजिम लागत अनुमानमा संशोधन गरी लागत रकम घटाउने/बढाउने स्थिति समेत देखिएको छ । खरिदको इष्टिमेट गर्दा बाहिरी वातावरण तथा अर्न्तसम्बन्धित सरोकारवालाबीच समन्वय गर्नुपर्ने सुधारका कार्यबीच छलफल नहुँदा योजना छनौट गलत हुने, स्थान परिवर्तन गर्ने, कार्य गर्दा समस्या उत्पन्न हुने र म्याद थप गरी एवं लागत संशोधन हुन गई सम्झौतामा उल्लेख भएका शर्तहरु निस्प्रभावित हुने अवस्थामा सुधार ल्याउन उल्लेखित विषयप्रति ध्यान दिनुपर्ने अवस्था छ । चाडपर्व र वर्षायामलाई प्रमुख | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कारक तत्वको रुपमा स्वीकार गरी म्याद थप गर्नुपनि उचित हुदैन । कावुभित्रका र कावु बाहिरका परिस्थितिको यथार्थ विश्लेषण नगरिदा पनि खरिद सम्झौताले बढी समय लिने गरेका छन् । इष्टिमेट एवं पूर्वानुमान लागत तयार गर्दा छलफल गरी तयार गर्ने, वातावरणीय तापक्रमको आधारमा कालोपत्रे लगायतको कार्यमा समयलाई मध्यनजर गरी ठेक्का प्रदान गर्ने, Structure को कार्यको समय सारीणी तयार गर्ने, सम्झौताको शर्तहरुमा Milestone राख्ने, पूर्वनिर्धारित क्षतिपूर्तिलाई Milestone सँग समन्वय गराउने, शर्त र updated program बीच अनुगमन गर्ने, समन्वय र सहजीकरणको वातावरण मिलाउने लगायतका विषयमा सुधार गरी पूर्वाधार क्षेत्रको निर्माण र विकासमा महानगरपालिकाले विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| ४९. | **वित्तीय जवाफदेहिता मूल्यांकनः** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा ***अनुसूची १*** मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | |
| ५०. | **चालु तर्फ**<br>**मेट्रो एफ.एम** : महानगरपालिकाले विभिन्न सुचना तथा संचार प्रवाह गर्नको लागि मेट्रो एफ.एम (९४.६ मेघाहर्ज) संचालनमा ल्याएको छ । महानगरपालिकाले मिडिया शाखामा ( मेट्रो एफ.एम) कार्यरत करारका २२ कर्मचारीलाई तलव भत्तामा वापत रु ९०६४०४.९७- वार्षिक खर्च गरेको देखिन्छ । करारका कर्मचारीलाई समेत विभिन्न मन्त्रालय तथा विभागमा काजमा पठाउने गरेको देखियो । राष्ट्रिय सभागृहबाट प्रसारित उक्त एफ.एमले महानगरपालिकाको सुचना वाहेक कुनैपनि सुचना प्रशारण गर्ने गरेको देखिएन । यसरी दैनिक विहान ५:३० देखि राति १० वजेसम्म संचालन हुने एफ.एम.मा संचालित समय अनुसारको कार्यक्रम हुने गरेको देखिएन । विज्ञापन प्रशारण वापत सेवा शुल्क लिई राजश्व वृद्धि गर्नुपर्नेमा विज्ञापन दररेट निर्धारण गरेता पनि कुनैपनि किसिमको विज्ञापन प्रसारण नगरेकोले आन्तरिक आय नहुनुका साथै एफ.एम.को आय व्ययको लेखा राख्ने कर्मचारी समेतको व्यवस्था गरेको छैन । अत: महानगरपालिकाले एफ.एम संचालन गर्दा नविकरण गर्दै व्यावसायीक तवरले संचालन गर्ने तथा एफ.एमलाई आत्मनिर्भर वनाउनुका साथै आय व्ययको लेखा राख्ने कर्मचारीको व्यवस्थापन गरी आन्तरिक नियन्त्रण प्रणाली वलियो वनाउनु पर्दछ । | |
| ५१. | **लोगो खरिदः** पुँजीगत सम्पतिमा प्राप्त आयलाई परिचालन गरि सम्पतिको सिर्जना गर्ने र थोरै रकम परिचालन गरी लोगो जस्ता वस्तु निर्माण र उपयोग गर्नुपर्नेमा बहुमुल्य बनाई खर्चको दायरा वृद्धि गर्ने कार्य उपयुक्त देखिएन । खर्चको मापदण्ड बनाँउदा मितव्ययीता अपनाउनुपर्नेमा आभुषण बाट खरिद गरि खर्च गर्दा अनुत्पादक वस्तुमा बढी खर्च हुन गई भौतिक पुर्वाधार विकासमा असर पर्ने देखिन्छ । आमजनताबाट निर्वाचित पदाधिकारी जनतासँग सँगै रहँदा परिचयको वास्तविकता रहिरहने र लोगो लगाई थप परिचय दिन पर्ने आवस्यकता समेत रहदैन । सामान्य खर्च बाट लोगो लगाई सो खर्च पुँजीगत सम्पतिमा परिवर्तन गर्ने एवं समृद्धिगत लक्ष्य हासिल गर्न उपभोग्य खर्च घटाउनु नै उत्तम उपाय हो । सो प्रक्रिया नअपनाई उपभोग्य खर्च र अनुत्पादक खर्चले प्रश्रय पाउने अवस्था समेत हुन जान्छ । फलस्वरुप समुन्नत विरासतलाई समृद्धि तर्फ लैजान कठिनाई पर्ने र महानगरपालिकाले लिएको लक्ष्य आधुनिक प्रविधि एवं पुँजीगत सम्पतिको सिर्जनाबाट उत्तर आधुनिक विकासको खाका कोर्ने कार्यमा यस्ता खर्चले सिथिलता ल्याउँदछ । महानगरपालिकाले महानगर सहित ३२ वटै वडामा लोगो खरिद गर्नका लागि प्रमुख, | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | उपप्रमुख र वडा अध्यक्षलाई रु. ३२,०००।- र वडा सदस्यहरुलाई रु. १७,०००।- का दरले समेत गरी आ.व २०७४।७५ मा रु.३३,५०,०००।- खर्च लेखेको मितव्ययिताको दृष्टिले उपयुक्त देखिएन । | |
| ५२. | **वैठक भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा न्यायिक समिति वा कुनै समितिको वैठकमा भाग लिएवापत अनुसुचि १ मा उल्लेख भएको दरले लिनुपर्ने साथै सो अनुसुचिमा उल्लेख भएका समिति वाहेक अन्य वैठकहरुमा भत्ता लिन नपाउने व्यवस्था छ । कार्यपालिका पदाधिकारीहरुको वैठकमा भाग लिए वापत कानुन विपरित  पदाधिकारी तथा कर्मचारीहरुलाई वैठक भत्ता भुक्तानी भएकोले उक्त ऐनमा व्यवस्था नभएको भत्ता भुक्तानी गरेकोमा नियमित मान्न नसकिएको रु. | ४,०१२,०००.०० |

| भौ.नं र मिति | विवरण | वैठक भत्ता (रु) | परिवहन भत्ता (रु) | कुल जम्मा (रु) |
|---|---|---|---|---|
| १०२०३/०७४/५/२१ | मिति २०७४ जेष्ठ १७ गते देखि २९ गते सम्मका ५वटा नगरकार्यपालिकाको वैठक भत्ता वापत नगरकार्यापालिकाका प्रमुख, उपप्रमुख, सदस्यहरु लगायतका ४२ जनाको | ३०३००० | १८७००० | ४९०००० |
| १०२०३/०७४/५/२१ | मिति २०७४ आषाढ ३० र ३१ गतेको प्रथम नगरसभाको १२० जनाको मात्र भत्ता | ३६०००० | २४०००० | ६००००० |
| ११२६५/०७५/१/४ | मिति २०७४ आषाढ ३०, ३१ र श्रावण १,८ गतेको प्रथम नगरसभाकामा ४५ जनाको ४ दिनको र १२० जनाको २ दिनको गरी जम्मा | ४२६००० | २७२००० | ६९८००० |
| ११२६५/०७५/१/४ | मिति २०७४ श्रावण ८ गते नगरकार्यपालिकाका प्रमुख,उपप्रमुख नगरकार्यपालिकाका सदस्यहरु लगायतका सदस्यको वैठक भत्ता ४१ जनाको | ६४५०० | ४०००० | १०४५०० |
| ११२६५/०७५/१/४ | मिति २०७४ भाद्र २१ गते नगरकार्यपालिकाका प्रमुख,उपप्रमुख नगरकार्यपालिकाका सदस्यहरु लगायतका सदस्यको वैठक भत्ता २९ जनाको | ४५००० | २८००० | ७३००० |
| ११२६५/०७५/१/४ | मिति २०७४ भाद्र २९, आश्विन ९ र कार्तिक १ गते नगरकार्यपालिकाका प्रमुख,उपप्रमुख नगरकार्यपालिकाका सदस्यहरु लगायतका सदस्यको वैठक भत्ता ४४ जनाको | १८६००० | ११४००० | ३००००० |
| १०६३९/०७४/८/१४ | फोहोरमैला व्यवस्थापन कार्यदलको वैठक भत्ता वापत नगरकार्यपालिका उपप्रमुख लगायत वडा नं १२,३२,१५ र १६ का वडा अध्यक्षलाई ६ वटा वैठकको | ३३००० | २४००० | ५७००० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११६३३/०७५/२/२२ | मिति २०७५ वैशाख १६ गते नगरकार्यपालिकाका प्रमुख,उपप्रमुख नगरकार्यपालिकाका सदस्यहरु लगायतका सदस्यको वैठक भत्ता ४३ जनाको | ६४५०० | ४०००० | १०४५०० |
| ११८७१/०७५/३/२४ | विभिन्न मितिमा नगरकार्यपालिकाका प्रमुख,उपप्रमुख नगरकार्यपालिकाका सदस्यहरु लगायतका सदस्यको वैठक भत्ता | ६०९००० | ३८७००० | ९९६००० |
| ११९८०/०७५/३/२७ | महानगरपालिकाका विभिन्न समितिको वैठकमा भाग लिए वापत नगर प्रमुख सहित अन्य पदाधिकारी तथा कर्मचारीको वैठक भत्ता | १७२५०० | ५२००० | २२४५०० |
| ११९७९/०७५/३/२७ | महानगरपालिकाका विभिन्न समितिको वैठकमा भाग लिए वापत नगर प्रमुख सहित अन्य पदाधिकारी तथा कर्मचारीको वैठक भत्ता | ४९५०० | ० | ४९५०० |
| १२०२६/०७५/३/२८ | मिति २०७४ आषाढ १ र ८ गतेको प्रथम नगरसभाको १६३ जनाको मात्र भत्ता | १८९००० | १२६००० | ३१५००० |
| **जम्मा** | | **२५०२०००** | **१५१००००** | **४०१२०००** |

| | | |
|---|---|---|
| ५२.१. | १२०१६ ।०७५।३।२९ विभिन्न मितिमा आ.व २०७५।७६ वजेट योजना तथा कार्यक्रमको सम्वन्धमा भएको वैठक भत्तामा कार्यालयका कर्मचारीमात्र समावेश भएको वैठकमा ११९ जनालाई वैठक भत्ता वापत रु २,५८,५०० र परिवहन वापत रु २,००० सहित रु २,६०,५०० खर्च लेखेको देखियो । यसरी कानुन भन्दा फरक समिति र एकै कार्यालयका कर्मचारीमात्र वसेको वैठकमा भत्ता भुक्तानी गर्ने कानुनी आधार नदेखिएकोले अनियमित खर्च भएको रु. | २६०,५००.०० |
| ५३. | **पूँजीगत खर्च चालुबाटः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पुँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु तर्फका कार्यक्रममा खर्च गर्न नपाइने उल्लेख छ । १०६४१।०७४।८।१४ नगरपालिकाले आई एम इ अटोनो टिभस् प्रा.ली वाट व्याकहो लोडर रु ३८८१००० खरिद गर्दा पुंजीगत शिर्षकबाट खरिद गर्नुपर्नेमा चालु शिर्षकबाट गरेकोले शिर्षक फरक पारी गरेको खर्च अनियमित देखियो । | |
| ५४. | **कर्मचारी सुविधाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने व्यवस्था छ । साथै दफा ८८ मा स्थानीय सेवाका कर्मचारीहरुको शुरु तलव स्केल प्रदेश सरकाले तोके वमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ । महानगरपालिकाले संघीय कानुनमा तोकेको भन्दा वढी पारिश्रमिक वितरण गरेको देखिएकोले यसरी बढी भुक्तानी गर्न मिल्ने कुनै आधार गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु<br>यस सम्वन्धमा स्थानीय स्वायत शासन नियमावली, २०५६ अनुसार रा.प द्धितिय श्रेणीलाई सातौ तहमा समायोजन गरेकोले सो अनुसार तलव भुक्तानी गरीएको भन्ने कार्यालयको भनाई रहेको छ । | २०,१५०००.०० |

| कर्मचारीको तह | कर्मचारी संख्या | भूक्तानी गर्नुपर्ने न्यूनतम तलव स्केल | भूक्तानी भएको न्यूनतम तलव स्केल | वार्षिक वढि भूक्तानी |
|---|---|---|---|---|
| आठौं | ३२ | ३४२२० | ३७२०० | १२३९६८० |
| सातौं | २८ | ३२०९० | ३४२२० | ७७५३२० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **जम्मा** **२०१५०००** | |
| ५४.१. | **प्रोत्साहन भत्ता तथा विविध भत्ताः** काठमाण्डौ महानगरपालिकाले आ.व २०७४।७५ मा प्रमुख ज्यूको सचिवालय, उपप्रमुख ज्यूको सचिवालय, फोहोरमैलामा काम गर्ने कर्मचारी, जनस्वास्थ्याका कर्मचारीलाई जोखीम वापत २ महिनाको तलव वरावरको रकम प्रोत्साहन तथा विविध भत्ता भनी रु ८०४३११७/– खर्च लेखेकोले अतिरिक्त काम गरेको स्पष्ट प्रमाण नराखी भुक्तानी गरेकोले अनियमित देखिएको रु. | ८,०४३,११७.०० |
| ५५. | **गयल अवधिको तलव भुक्तानीः** काठमाण्डौ महानगरपालिका कर्मचारी सेवा सर्त सम्वन्धी विनियमावली, २०६१ एवम निजामति सेवा ऐन, २०४९ वमोजिम कार्यलयमा हाजिर भएको अवस्थामा मात्र तलव भुक्तानी दिनुपर्ने व्यवस्था छ । का.म.पा नगरपालिकाको कार्यालय प्रसासन महाशाखाको विवरण अनुसार कार्यालय सहयोगी रजनी कुमारी थापा शाह २०७४ जेष्ठ मसान्त देखि २०७५ असोज २२ सम्म ३८० दिन गयल रहेको तथा ३ दिन थप वढी घर विदा लिएको गरी ३८३ गयल रहेकोमा भौ.न ११९९८।०७५।३।२८ बाट तलव समेत भुक्तानी गरेको देखिएकोले गयल भएको कर्मचारीलाई गयल कट्टी नगरी तलव भुक्तानी गर्न मिल्ने नदेखिएकोले दैनिक तलव( ग्रेड समेत) रु ६१२.६२ले ३८३ दिनको रु २३४६३६, महानगर भत्ता दिनको रु ५० का दरले ३८३ दिनको रु १९१५० र संचयकोष थप १० प्रतिशतले प्रतिदिन रु ६१.२६ का दरले ३८३ दिनको रु २३४६२.५८ भुक्तानी भएकोले गयल कट्टा गर्नुपर्ने देखिएको रु . | २७७,२४८.०० |
| ५६. | **जनप्रतिनिधि पोशाक सुविधा** : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम सुविधा वापत पाउने व्यवस्था छ । भौ.नं १०८८७।०७४।१०।११ बाट काठमाण्डौ महानगरपालिकाका जनप्रतिनिधिलाई पोशाक सुविधा वापत प्रतिव्यक्ति रु १२०००।- का दरले मेयर, उपमेयर, ३२ वडाका अध्यक्ष, १२५ सदस्य र ३ मनोनित गरी १६२ जनालाई रु १९४४०००।- भुक्तानी गरेको छ । यसरी प्रदेश कानुन विपरित खर्च लेखिएको अनियमित देखिएको रु. | १,९४४,०००.०० |
| ५७. | **संचार सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । जसमा वडा अध्यक्षलाई प्रतिमहिना रु १०००।- का दरले उपलब्ध गराउन मिल्ने उल्लेख भएकोमा काठमाण्डौ महानगरपालिकाले जनप्रतिनिधिलाई मासिक रु २५००।- का दरले संचार सुविधा उपलब्ध गराएकोले प्रदेश कानुन विपरित मासिक रुपमा रु १५००।- का दरले ४० जनाको वढी सुविधा खर्च लेखेको रकम अनियमित देखिएको रु. | ६०,०००.०० |
| ५८. | **पदाधिकारी आर्थिक सहायताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । काठमाण्डौ महानगरपालिकाले आ.व २०७४।७५ मा जनप्रतिनिधिलाई उल्लेखित ऐनमा नभएको उपचार खर्च वापत स्पष्ट कार्यविधि एवं मापदण्ड बेगर रु. १७५४२३१।- खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु. | १,७५४,२३१.०० |
| ५९. | **मू. अ. कर** :- मूल्य अभिवृद्धिकर ऐन, २०५२ को अनुसूची १ अनुसार कर छुट हुने वस्तु तथा सेवाहरु उल्लेख छ । काठमाण्डौ महानगरपालिकाले विभिन्न सप्लायर्सबाट सामान खरिद गर्दा ऐन अनुसार मूल्य अभिवृद्धि कर नलाग्ने वस्नुमा सो कर समेत समावेश गरेको विल अनुसार भुक्तानी दिएकोले निम्नानुसारका सप्लायर्सलाई भुक्तानी गरेको कर वापतको रकम असुल गर्नुपर्ने रु. | १४१४४ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| भौ.नं र मिति | सप्लार्यस | सामान | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १०५४४/०७४/८/२ | मिलन मल्टी सप्लायर्स | नेपाली गलैचा १ सेट | १६००० | १८०८० | २०८० |
| १०५४५/०७४/८/२ | सरल सप्लायर्स | नेपाली गलैचा १ सेट | १४५०० | १६३८५ | १८८५ |
| १०९९५/०७४/११/८ | अक्षरलोक ट्रेड लिंक | वुद्धको मुर्ति ३ वटा र आखिभ्रयाल काठको | ३९००० | ४४०७० | ५०७० |
| ११३५०/०७५/१/२३ | वि.यस.ट्रेडिङ | नेपाली गलैचा ३ थान | ३६१०० | ४०७९३ | ४६९३ |
| ११९८१/०७५/३/२७ | ए.टु जेड ट्रेडिङ कन्स्ट्रटेन | नेपालको झण्डा ४ वटा | ३२०० | ३६१६ | ४१६ |
| | | | | जम्मा | १४१४४ |

| | | |
|---|---|---|
| ६०. | **वितरण मुखी खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाले गर्ने कामहरु उल्लेख गरेको छ । भौ.नं १०९३९।०७४।१०।२४ बाट महानगरपालिकाले जिल्ला विकास समिति महासंघ नेपालको मिति २०७४ माघ १० र ११ गते काठमाण्डौमा राष्ट्रिय परिषद आयोजना गर्दा माघ १० र ११ गतेको सभा गृह निशुल्क तथा १० गते एक दिनको न्यू त्रिशक्ति पार्टि प्यालेस एण्ड क्याटरिङ सर्भिसलाई ३८० जनाको चिया तथा खाजा रु २७९११०।- भुक्तानी गरेकोले ऐन विपरित देखिएको रु | २७९,११०.०० |
| ६१. | **राजश्व फिर्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ मा नक्सा पास गरे वापत नगरपालिकाले तोकिएको दरमा राजश्व लिनुपर्ने व्यवस्था छ । ऐनको दफा ३८ मा भवन निर्माण गर्नुपर्ने अवधि दुइवर्ष हुने र सो अवधिमा वनाउन नसकेमा प्रशासकिय अधिकृतले पहिले लागेको दस्तुरको पाँच प्रतिशत दस्तुर लिई दुई वर्षको लागि म्यादथप गर्न सक्ने व्यवस्था रहेको र यसरी निर्माण हुन नसकेमा उक्त रकम फिर्ता दिन मिल्ने कानुनी व्यवस्था छैन । भौ.नं १०९२१।०७४।१०।१९ बाट काठमाण्डौ महानगरपालिकाले वडा नं १० वानेश्वर वस्ने श्री राजेन्द्र खरेल र नम्रता काफ्ले समेतको संयुक्त नाममा कि.न. १६४,१६६ र ४७२ क्षेत्रफल २-२-२-३-५ जग्गामा भवन निर्माणको लागि मिति २०७३।६।१९ मा नक्सापास दस्तुर वापत रु १२,२०,५५६ राजश्व दाखिला गरेकोमा पुन मिति २०७४।५।३० मा भवन निर्माण कार्य नगर्ने भनी निवेदन पेश गरेको र मिति २०७४।८।२१ मा कानुन महासाखाको राय र मिति २०७४।९।११ मा गरेको निर्णय अनुसार रु १२,२०,५५६।- राजश्व फिर्ता गरेको देखिएकोले कानुन विपरित फिर्ता गरेको रकम असुल गर्नुपर्ने रु | १,२२०,५५६.०० |
| ६१.१. | ११६६२।०७५।२।२८- काठमाण्डौ महानगरपालिका वडा नं ५ हाडिगाउँ वस्ने श्री लालमान तामाङ्ग कि.न. १५४ को क्षेत्रफल १५३।०२ व.मी जग्गामा भवन निर्माणको लागि मिति २०७३।१२।०६ मा नक्सा पास दस्तुर जम्मा रु ५६२३३ राजश्व दाखिला गरेकोमा मिति २०७४।१२।०४ मा भवन नवनाउने भनी राजश्व फिर्ता लिन निवेदन दिएकोमा मिति २०७५।२।१६ को निर्णयले राजश्व फिर्ता गरेको रकम असुल गर्नुपर्ने रु | ५६,२३३.०० |
| ६२. | **व्यक्तिगत तालिमः** भौ.नं ११३६८।०७५।२।१ बाट महानगरपालिकाले नगरकार्यपालिकाका उपप्रमुखको लागि ३ महिने अंग्रेजी भाषा तालिमको लागि International Language Institute electronics and Computers सँग २०७४ साल पौष २६ गते रु २ लाखको सम्झौता गरी काम सम्पन्न गरेको भुक्तानी समेत लिएको छ । यसरी एकजना व्यक्तिको लागि मात्र तालिम दिनु उपर्युक्त देखिदैन । | |
| ६३. | **वढी भुक्तानीः** भ्रमण खर्च नियमावली,२०६४ को नियम मा भ्रमण गर्ने पदाधिकारीले भ्रमण अवधिबाट फर्कदाको दिनको एकचौथाई पाउने र फुटकर खर्च नपाइने व्यवस्था भएकोमा महानगरपालिकाका निर्देशक श्री गणेश प्रसाद थपलीया मिति २०७५।२।८ देखि २०७५।२।९ मा पोखरा लेखनाथ महानगरपालिकाको अवलोकन भ्रमण गर्दाको भुक्तानीमा फुटकर खर्च रु | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | २०००।- लिएको साथै फर्कदाको दिनको रु ४००।- मात्र लिनुपर्नेमा रु १६००।- नै भुक्तानी भएकोले नियमावली विपरित खर्च भएको असुल गर्नुपर्ने रु. | ३,२००.०० |
| ६४. | **दरवन्दी वेगरको करार :** १०८९५।०७४।१०।१२ काठमाण्डौ महानगरपालिका मेयर सचिवालयका जनसम्पर्क र सुचना सल्लाहकार श्री राजेन्द्र स्थापीतलाई मिति २०७४।६।९ मा वसेको निर्णयानुसार २०७४।६।१० मा मासिक रु ४०१५०।- का दरले पारिश्रमिक दिने गरी नियुक्ती गरेको देखियो । यसरी मासिक रु ४०१५०।- मा करारमा नियुक्ती कुन पदको लागि गरीएको हो । कार्यालयको दरवन्दीमा समावेश भए नभएको यकिन हुन नसकेकोले नियुक्ति पछि यस वर्ष भुक्तानी भएको रु. ३८९८४३।५५ को खर्च स्पष्ट गर्ने आधार पेश भएन । | |
| ६५. | **लागत अनुमान भन्दा फरक खर्चः** ११७८५।०७५।३।१५ काठमाण्डौ महानगरपालिकाको विभाग, महाशाखा र वडा कार्यालयहरुमा कार्यरत ईन्जीनियरहरुको लागि सेवा प्रवाहमा एकरुपता र प्रभावकारीता विषयको दुई दिने अभिमुखिकरण तालिम मिति २०७५ आषाढ ७ र ८ गते सम्पन्न भएकोमा लागत अनुमानमा धुलिखेल लज एण्ड रिर्सोटले कवुल गरेको खर्च भन्दा भुक्तानी वढी भएकोले असुल गर्नुपर्ने रु | ७३,०७५.०० |
| ६५.१. | (तालिका तल) साथै लागत अनुमानमा गाडी भाडाको विषय समावेश नगरेकोमा धुलिखेल लज एण्ड रिसोर्टलाई गाडी भाडा वापत रु १६९५० भुक्तानी दिएकोमा यस्तो खर्च समेत नियमसम्मत नदेखिएको रु | १६,९५०.०० |
| ६६. | **करारलाई प्रोत्साहन भत्ताः** ११०५५।०७४।११।२२ करार सेवामा नियुक्त कर्मचारीलाई करार सम्झौतामा उल्लेख भएअनुसार मात्र सेवा सुविधा दिनुपर्नेमा महानगरपालिक ाले मिति २०७३।४।४ महिनाको करार थपवाट सुचना प्रविधि साखामा कार्यरत आई.सि.टी विकास ओझालाई मिति २०७४ जेष्ठ र आषाढ महिनाको प्रोत्साहन भत्ता वापत मासिक रु ३०५००।- को ५० प्रतिशतका दरले दुई महिनाको रु ३०५००।- भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.. | ३०,५००.०० |
| ६७. | **भरपाई वेगर खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले देहायवमोजिमको खर्च लेख्दा विलभरपाई समावेश नभइ खर्च लेखेको देखियो । | |
| ६७.१. | ख) ११८०५।०७५।३।१९ का.स श्री जगत वहादु वस्नेतलाई राष्ट्रिय सभागृहमा जलपान र खाना खर्चको पेश्की रु ५०००० पेश्की फछ्यौंट गरेकोमा रु ६६६९० खर्च भएको छ । राष्ट्रिय सभामा प्रमुखज्यूको हलमा भएको विभिन्न मिटिङ भनेकोमा मिटिङ भएको माइन्यूट समेत संलग्न नगरी उक्त खर्च लेखिएकोले के/कुन प्रयोजनमा उक्त खर्च भएको हो स्पष्ट आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ६६,६९०.०० |
| ६७.२. | **पेश्की फछ्यौंटः ११८७२।०७५।३।२४** शाखा अधिकृत सन्तु श्रेष्ठको तालिम कार्यक्रम पेश्की रु ३७७७१५ फछ्यौंट गर्दा निम्न व्यहोरा देखियो ।<br>➢ कार्यालयको भण्डार शाखाबाट उपलब्ध हुने क्यानन २९०० को टोनर खरिदको विल राखेकोमा उक्त टोनर दाखिला भएको प्रमाण संलग्न गर्नुपर्ने रु | ८,१००.०० |

दफा ६५.१ को तालिका:

| विवरण | लागत अनुमानमा | विलमा उल्लेख रकम | फरक रकम | परिमाण | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| ब्रेक फाष्ट | ६०० | ७०० | १०० | ६८ | ६८०० |
| चिया/ कफि र कुकिज | ३५० | ४७५ | १२५ | ६३ | ७८७५ |
| लन्च | ९०० | ९७५ | ७५ | ६४ | ४८०० |
| डिनर र सेयरिङ रुम | ११४०० | १३००० | १६०० | ३० | ४८००० |
| डिनर र सिंगल रुम | ७१०० | ८५०० | १४०० | ४ | ५६०० |
| | | | | जम्मा | **७३०७५** |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>६८.</td><td>वोर्डिङ पासः भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बीलभरी भ्रमण प्रतिवेदन साथ आवश्यक बीलभर्पाइसम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । ११८८०।०७५।३।२१ क.अ. निर्जला वैध, उपप्रमुख हरिप्रभा खड्गी र उपनिर्देशक वसन्त आचार्य संघिय मामिला तथा सामान्य प्रसासन मन्त्रालयबाट मिति २०७४।१०।९ देखि १० गते सम्म सौराहमा भएको कार्यक्रममा चितवन, जाते आते प्लेन भाडा प्रतिजनाको रु ७००० का दरले २१००० खर्च लेखेकोमा वोर्डिङ पास संलग्न नगरेको देखिएकोले आवश्यक विलभरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>२१,०००.००</td></tr>
<tr><td>६९.</td><td>करार नियुक्तीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकिय संगठन र कर्मचारी दरवन्दी सम्वन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम गर्नुपर्ने, उपदफा ६ मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थाई दरवन्दी श्रृजना गर्न सकिने छैन भन्ने व्यवस्था छ । साथै प्रदेश ३ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा महानगरपालिकाको प्रमुख एवम उप प्रमुखको सचिवालयको लागि थप कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छैन । महानगरपालिकामा प्रमुख एवम उपप्रमुखको सचिवालयको लागि स्वीकृत दरवन्दी वाहिर निम्न कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको देखिएकोले उक्त खर्च नियुक्त गर्ने पदाधिकारीबाट असुल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६९.१.</td><td>प्रमुखबाट नियुक्तीः महानगरपालिकाका प्रमुखको स्वकीय सचिवालयमा कार्यरत कार्यालय सहयोगी श्री अन्जना सेढाँइको २०७४ जेष्ठ २१ गते देखि २०७५ असार महिनाको तलव, भत्ता, चाडपर्व र पोशाक भत्ता वापत निजलाई रु २७३८६६। भुक्तानी गरेको साथै हलुका सवारी चालक श्री जुज काजी प्रजापतिको २०७४ पौष ९ गते देखि २०७५ असार महिनाको तलव, भत्ता, चाडपर्व र पोशाक भत्ता वापत निजलाई रु १६८९४१।- भुक्तानी भएको प्रदेश कानुनमा व्यवस्था भएको नदेखिएको रु.</td><td>४४२,८०७.००</td></tr>
<tr><td>६९.२.</td><td>उपप्रमुखले करार नियुक्तीः महानगरपालिकाका उपप्रमुखद्धारा मिति २०७४।१०।१८ मा नियुक्ती पाउँ भनी दिएको निवेदनको आधारमा मिति २०७४।२।१७ देखि नियुक्ती गरिएका देहायका ४ जना कर्मचारी वार्षिक रुपमा रु ९७८६१०/ भुक्तानी गरेकोले उक्त रकम प्रदेश कानुनमा व्यवस्था भएको नदेखिएको रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>पद</th><th>रकम (वार्षिक दशै र पोशाक समेत गरी)</th></tr>
<tr><td>श्री अनिल लामा</td><td>स्वकीय सचिव, खरिदार स्तर चौथो</td><td>२९५७१०</td></tr>
<tr><td>श्री मनोज पोडे</td><td>हलुका सवारी चालक प्रथम तह</td><td>२४५९२०</td></tr>
<tr><td>श्री ज्ञानु महर्जन</td><td>कार्यालय सहयोगी प्रथम तह</td><td>२१८४९०</td></tr>
<tr><td>श्री दिलमाया मगर</td><td>कार्यालय सहयोगी प्रथम तह</td><td>२१८४९०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९७८६१०</td></tr>
</table></td><td>९७८,६१०.००</td></tr>
<tr><td>७०.</td><td>जिन्सी नीरिक्षणः आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयले वर्षको कम्पनीमा एकपटक जिन्सी नीरिक्षण गर्नुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका २०७३ को परिच्छेद ७ मा वैठक भत्ताको मापदण्डमा स्पष्ट विषय वस्तु र कार्य योजना वेगर वैठक वस्न नहुने, वैठक कार्यालय समय वाहिर हुनुपर्ने, एउटै निकाय र अर्न्तगतका पदाधिकारी तथा कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको वैठकहरुको लागि मात्र भत्ता प्रदान गर्ने उल्लेख छ । महानगपालिकाले विभिन्न समिति उपसमिति गठन गर्ने र सो समिति उपसमितिमा स्पष्ट एजेण्डा समेत माइन्यूटमा नदेखिने अवस्था छ । महानगरको मिति २०७४।५।१९ मा भएको निर्णय अनुसार गठन भएको जिन्सी निरिक्षण समितिलाई चार महिना दश दिनको प्रोत्साहन भत्ता कुल तलवको २५ प्रतिशतले भुक्तानी गर्ने भनिएकोमा सो वमोजिम रु २०४६७५।०१</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | रकम ४ जना कर्मचारीलाई रु. २०४,६७५.०१ भुक्तानी गरेको देखियो । यसरी नियमित काममा समेत भत्ता दिएको अनियमित देखियो । | |

७१. **धरौटी तर्फ**

**धरौटी सदरस्याहाः** आर्थिक कार्यविधि नियमावली, २०६४ मा विगत वर्ष देखि बाँकी रहेको धरौटि रकम सदरस्याहा गरी आम्दानी जनाउनुपर्ने व्यवस्था छ । महानगरपालिकाले विगत वर्ष देखिका र नाम नामसी नखुलेका धरौटी समेत धरौटी खातामा राखी राखेको देखिएकोले नियमावली अनुसार सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

| धरौटी प्राप्त मिति | नाम | रकम |
|---|---|---|
| २०६९/४/१४ | मिटिङ्ग प्वाइट प्रा.लि | ३६३२० |
| २०६९/६/३१ | सगरमाथा कन्ट्रक्सन | ३४११४.८७ |
| २०७०/२/३१ | सुर्ययन निर्माण सेवा | १२९७४.२० |
| २०७०/१/२४ | युनिक सप्लायर्स | १७०७४.३० |
| २०७०/११/२० | ठोकर निर्माण सेवा | १९०७८.०० |
| २०७२/१/३ | डि.डि निर्माण सेवा | ३०५४६.१६ |
| २०७०/२/३१ | नहकुल निर्माण सेवा | ४१६४१.४८ |
| २०७०/६/१६ | सालिनदी कन्ट्रक्सन | १३९६८.६० |
| २०७०/६/१४ | लालिगुरास सप्लायर्स | ९८७४.२५ |
| २०७०/२/२१ | अधिकारी निर्माण सेवा | १५१७८.५९ |

७२. **पूर्वाधार**

**चौमासिक खर्च :-** पूर्वाधारतर्फ यो वर्ष भएको चौमासिक खर्चको स्थिति निम्न देखिन्छ ।

| कार्यक्रम तथा योजना | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक |
|---|---|---|---|
| सडक तथा फुटपाथ | ५०२५०.०० | १३०६४५४.०० | २५७४०१८७.०० |
| चालु योजना | २४९९१४०७९.०० | १०८१०९८२२.०० | ३१३६३५३२५.०० |
| नयाँ योजनाहरु | १६५३७४९.०० | १६७९१७४.०० | ६४११२६८.०० |
| सडक बत्ती | - | ३०२१५७८.०० | ३१४०२७५.०० |
| वातावरण | - | ६०५०३२.०० | १२०६४६१.०० |
| ढुङ्गा इट्टा छाप्ने | - | - | ११३९२४३७.०० |
| ढल निकास | - | - | ९१३१६०५.०० |
| **जम्मा** | **२५१६१८०७८.००** | **११४७२२०६०.००** | **३७०६५७५५८.००** |

पूर्वाधारतर्फ भएको कूल खर्चमा प्रथम चौमासिकमा ३४.१४ प्रतिशत, दोश्रो चौमासिकमा १५.५६ प्रतिशत र तेश्रो चौमासिकमा ५०.२९ प्रतिशत खर्च भएको देखिन्छ । तेश्रो चौमासिकमा भएको खर्चको अधिकांश हिस्सा आषाढ महिनामा भएको देखिन्छ । पहिलो चौमासिकमा खरिद तथा सम्झौता गर्ने र दोश्रो चौमासिकमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा ५० प्रतिशत कार्य तेश्रो चौमासिकमा भएको देखिन्छ । तेश्रो चौमासिकको कूल खर्च मध्ये औसत ७० प्रतिशत खर्च आषाढमा छ । कार्यमा ढिलाई गर्ने, तेश्रो चौमासिकमा खरिद सम्झौता गर्ने र हतारमा आषाढमा योजना सम्पन्न गर्ने स्थितिमा काममा गुणस्तर नरहने तथा अनुगमनमा प्रभावकारीता नरहने स्थितिलाई सुधार गर्न आवश्यक छ । खरिद सम्झौता प्रथम चौमासिक भित्र सम्पन्न गरी दोश्रो चौमासिकमा कार्यान्वयन गरिनुपर्दछ । तेश्रो चौमासिकमा सम्झौता भएका योजना अर्को आर्थिक वर्षको प्रथम चौमासिकमा खर्च देखिई खर्च बढी देखिएतापनि दायित्व मात्र भुक्तानी भएकोले एकै आर्थिक वर्षको चालु योजना सोही अवधिभित्र सम्पन्न गरी योजना सार्ने पद्धतिसमेतलाई निरुत्साहित गरिनुपर्दछ ।

७३. **पूर्वाधार सम्बन्धी योजना स्थिति :-** यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :-

७३.१. आर्थिक वर्ष २०७२/७३ र सो भन्दा बढी अगाडि र आर्थिक वर्ष २०७३/७४ का कूल ३१२ (

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>उपभोक्ता समिति+ठेक्का व्यवस्थापन) सडक, ढल, पानी, पूर्वाधार सम्बन्धी योजना आर्थिक वर्ष २०७४/७५ लाई जिम्मेवारी सारेकोमा यो वर्ष १६८ योजना सम्पन्न गरेको देखिन्छ । विगता वर्षमा सम्झौता भएको १४४ योजना सम्पन्न हुन बाँकी रहेबाट कार्य सम्पादन स्थिति कमजोर देखियो ।</td><td></td></tr>
<tr><td>७३.२.</td><td>सोलारतर्फ :- २०७४/७५ सम्मको ६४ योजना आर्थिक वर्ष २०७४/७५ मा ट्रान्सफर भई आएकोमा आर्थिक वर्ष २०७४/७५ मा २४ योजना सम्पन्न भई ४० योजना बाँकी देखिन्छ । सौर्यबत्ती जस्तो सरल र सम्झौता भएको कार्य समयमा सम्पन्न नगरी बाँकी देखिनुले भौतिक कार्यसम्पादन कमजोर देखियो ।</td><td></td></tr>
<tr><td>७३.३.</td><td>विगत आर्थिक वर्षदेखि सडक बिस्तारतर्फ ५५ योजना आर्थिक वर्ष २०७४/७५ मा सरेकोमा यो वर्ष २५ योजना सम्पन्न भई ३० योजना सम्पन्न बाँकी देखिन्छ । सम्झौता अनुरुप कार्यमा ढिलाईको प्राविधिक पुष्ट्याई समेत खुलाएको छैन । बाँकी योजना तत्काल सम्पन्न गरिनुपर्दछ । ठेक्काको कार्य समयमा नभएको, उपभोक्ता समितिसँग सम्झौता हुने तर निर्धारण गरेको कार्यतालिका बमोजिम कार्यमा तदारुकता नअपनाइएको, महानगरबाट सम्झौता भएका योजनाको सम्पन्न गर्ने कार्यप्रक्रियामा अनुगमन तथा मूल्याङ्कन पक्ष कमजोर रहेको, ठेक्का तथा अन्य पूर्वाधारको कार्यमा विविध बाधा तथा अड्चन उत्पन्न भई कामलाई नियमित रुपमा संचालन गर्ने अवस्थाको कारण ढिलाई भएको जनाएतापनि लामो अवधिसम्म कार्य सम्पन्न नहुनाले भौतिक कार्य लक्ष्य र भौतिक प्रगतिबीच सामायजस्यता भएको पाइएन । विगतमा सम्झौता भएका यस्ता योजनालाई पूर्नमूल्याङ्कन गर्नुपर्ने या सम्झौता भंग गर्ने या पूर्वनिर्धारित क्षतिपूर्ति लिई ठेक्काको कार्य सम्पन्न गर्ने स्थिति देखिन्छ । पूराना योजनाको Cut of period तयारी गरी सम्पन्न गर्नेतर्फ महानगरपालिका तत्काल गम्भिर बन्न आवश्यक छ ।</td><td></td></tr>
<tr><td>७३.४.</td><td>सम्झौता भई सम्पन्न हुन नसकेको स्थिति निम्न देखिन्छ :-<br>रु. हजारमा
<table>
<tr><th>कार्यक्रम</th><th>योजना संख्या</th><th>सम्पन्न</th><th>सम्झौता रकम</th><th>सम्पन्न रकम</th><th>भुक्तानी बाँकी रकम</th></tr>
<tr><td>पूर्वाधारतर्फ</td><td>३१२</td><td>१६८</td><td>७१०८१९</td><td>३३९२५६</td><td>३७१५६३</td></tr>
<tr><td>सोलारतर्फ</td><td>६४</td><td>२४</td><td>१७०७३०</td><td>४९७१७</td><td>१२१०१३</td></tr>
<tr><td>सडक बिस्तारतर्फ</td><td>५५</td><td>२५</td><td>३७७०८४</td><td>२९६१६२</td><td>८०९२२</td></tr>
</table>
योजना तय गर्ने, सम्पन्न गर्ने समय निर्धारण गर्ने तर तोकिएको समयमा सम्पन्न नगरी जिम्मेवारी सार्ने कार्यले पूँजिगत कार्यप्रगति निरशाजनक हुन जान्छ । प्राविधिक पक्षको कमजोर मूल्याङ्कनको कारण उल्लेखित अवस्था देखिन गएको छ । सोबाट भौतिक कार्य सम्पादन खस्कने र वित्तिय कार्य सम्पादन पूँजिगत सम्पत्तिमा परिवर्तन नहुने अवस्थाले गुणस्तरीय कार्य प्रकृतिलाई प्रतिनिधित्व गर्दैन । फलस्वरुप नागरिकको समस्या समेत तत्काल सम्बोधन हुन नसक्दा कार्यक्षमता प्रति प्रश्न उठ्ने अवस्था रहन जान्छ । कार्यसम्पादन नतिजालाई सार्थक तुल्याइनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७४.</td><td>उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य :- सार्वजनिक खरिदको नियमावली, २०६४ को नियम ९७ बमोजिम रु. १ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । उक्त लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड रकम र जनसहभागिताको अंश समावेश हुने व्यवस्था छ । तर लाभग्राही समुदायलाई निर्माण कार्यको भुक्तानी गर्दा ओभरहेड, कन्टिजेन्सी र सहभागिताको अंश कट्टा गरेर भुक्तानी प्रक्रिया अवलम्वन गर्ने व्यवस्था छ । निर्माण कार्यको सम्झौता बमोजिम कार्य योगदान वा लागत साझेदारीमा एक तिहाई पेश्की दिने र उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक कार्यको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था समेत उल्लेख छ ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
| --- | --- | --- |

उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्जाभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन प्रयोगका साधनहरु प्रयोग गर्ने व्यवस्था छैन । साथै उपभोक्ताले सम्झौता गरेको कार्यलाई सब कन्ट्रयाक्टरमा समेत दिन सकिने व्यवस्था छैन । महानगरपालिकाले निर्माण प्रकृतिका कार्यहरुमा ३० प्रतिशत लाभग्राही समुदाय र ७० प्रतिशत पालिका अनुदान अंशबाट कार्य गराएको अवस्था छ । लाभग्राही समुदायले निर्माण गरेको कार्यमा ज्याला र पदार्थको अंश रहने, उपभोक्ता समितिले खरिद प्रक्रिया अवलम्वन गर्नुपर्ने र निर्माणसँग सम्बन्धित पदार्थ (रड, सिमेन्ट, इट्टा, गिटी, चिप्स, टायल, ब्लक, विटुमिन लगायत) को खरिद बिक्रेतासँग आवश्य नै गर्नुपर्ने हुन्छ । भ्याटेवल र नन्भ्याटेवल आईटमहरुको समिश्रणबाट पूँजिगत कार्य प्रकृतिको सिर्जना हुने गर्दछ । पालिकाले उपभोक्ता समितिसँग भएका सम्झौतामा बिल भरपाई समुदायको बैठकबाट अनुमोदन गराई लिएको देखिएन । निर्माण कार्यको सम्झौतामा खरिद भएका मेटेरियलहरु अवश्य नै मूल्य अभिवृद्धिकर विजक लिई खरिद हुने र बिल पेश नगर्दा बिक्रेतासँग विजक नलिई निर्माण सामाग्री खरिद हुने अधिकतम सम्भावना रहँदा अन्ततः सोको असर र नोक्सानी नेपाल सरकारलाई पर्न गई मूल्य अभिवृद्धि कर संकलनमा असर परेको अवस्था सिर्जना हुन गएको छ । मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाट खरिद गर्न, मूल्य अभिवृद्धि कर विजक लिने र सोको लागत अंश उपभोक्ता समितिले प्राप्त गर्ने नै हुँदा बिल भरपाई पेश नभई नापको आधारमा प्राविधिक मूल्यांकन र भुक्तानी प्रक्रिया कानून सम्मत देखिदैन । निर्माण कार्यमा सामान्यत ज्यालाको अंश अधिकतम २५ प्रतिशत र पदार्थ खपतको अंश ७५ प्रतिशत हुने गर्दछ । खपत पदार्थको अंश मूलतः भ्याटेवल आईटम हुने हुँदा लाभग्राहीबाट उक्त अंश खरिद गर्दा एवम् Tax invoice purchase विधिलाई निरुत्साहित गर्दा अन्ततः मूल्य अभिवृघि कर लुज हुन गई नेपाल सरकारलाई नोक्सानी पर्ने स्थिति रहन्छ । तसर्थ विजक, बिल भरपाई लगायतका कागजात नलिई प्राविधिक मूल्यांकनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी अपनाउनु उपयुक्त देखिएन । यस सम्बन्धी उदाहरणहरु निम्न छन् :-

| लाभग्राही समुदाय | उद्देश्य | लागत अनुमान | भुक्तानी भएको अंश | | |
| --- | --- | --- | --- | --- | --- |
| | | | पालिका | उ. समिति | जम्मा |
| KMC वडा नं. १६ सहर्ष टोल विकास संस्था | सिमेन्ट ब्लक छाप्न | ३०७० १९८६८४७.०० | ११३९०७३.०० | ५१८३०८.०० | १६५७३८१.०० |
| ढल निर्माण चंखुफाट बाफल १३ (उ.स.) | ढल | ११३४०१८.०० | ५५६०१५.०० | ३४०२०५.०० | ८९६२२०.०० |
| मिलिजुली टोल विकास समूह (सडक ढलान) वडा नं. १६ (५००३७) | सडक ढल (३००/४ मिटर) | ४५०९८७७.०० | ३१४८०६४.०० | १३५२९६४.०० | ४४९३५४९.०० |
| भानुटोल खरिवोट रिटेनिङ्ग वाल तथा बाटो निर्माण १६ उ. स. | बाटो निर्माण | ४५५४६१२.०० | ३१२७१६५.०० | १३६६३८४.०० | ४४९३५४९.०० |

७५. **बीमा :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ तथा खरिद सम्झौतामा सम्झौता मितिदेखि त्रुटी सच्याउने अवधिसम्मको लागि निर्माण कार्य, औजार, उपकरण र निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा गर्नुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम बमोजिम रु. १० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएबमोजिम बीमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण कार्यमा बीमाको कारवाहीलाई अगाडि बढाएको देखिएन ।

| कार्य | ल. ई. | भुक्तानी |
| --- | --- | --- |
| धिमेलोह-१५ भित्रीबाटो पिच | १९९६३३८.०० | १६५१५८२.१८ |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>RCC रोड पिचिङ कार्य KMC 9 नागार्जुन मार्ग</td><td>१८२८२४०.००</td><td>१४७९४८३.००</td></tr>
<tr><td>लामाढुङ्गा गहनापोखरी KMC 5 ढल निर्माण</td><td>३९४९५३१.००</td><td>३९१०१७०.०२</td></tr>
</table></td><td></td></tr>
<tr><td>७६.</td><td>सडक निर्माण (५००२८) :- सडक निर्माण कार्य वापत २७ गोलमार्गमा कालोपत्रे गर्ने कार्यमा निर्माण व्यवसायीलाई कबोल गरेको रु. २२४१०१९।- को बोलपत्र स्वीकृत तथा सोही रकममा कार्यादेश दिएकोमा आईटम नं. १७ मा २४ डाटाको ७० kg square frame १ समेत सम्पन्न गर्न निर्माण व्यवसायीले सप्लाईवापत अंकमा रु. १० हजार र अक्षरमा एकहजार उल्लेख गरेकोमा सोही अनुरुप निर्माण व्यवसायीलाई रु. १०००।- ले कार्यादेश दिएकोमा सो कार्य गरेको पाइएन । निर्माण व्यवसायीको गल्तीले कार्यादेश अनुसार कार्य सम्पन्न नगर्दा निर्माण व्यवसायीलाई कबोल गरेको अर्थात इष्टिमेट रेटको हाराहारीमा अप्रत्यक्ष रुपमा फाइदा पुगेको देखिन्छ । अतः १ आईटमको ल. ई. बमोजिम रेट फरक पर्न गई रु. ११,६३८।- कार्यादेश बमोजिम कार्य नगरेको अवस्थामा निर्माण कार्य अँधुरो र कम्प्लिट नहुन सक्ने भएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७७.</td><td>सौर्य बत्ति :- काठमाडौं महानगरपालिका क्षेत्रभित्रका विभिन्न सडकहरुमा सौर्य सडक बत्ती जडान गर्नको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको ६० प्रतिशत, काठमाडौं महानगरपालिकाको २५ प्रतिशत र लाभग्राही समुदायको १५ प्रतिशत नगद सहभागिताको आधारमा सडक सौर्यबत्ती जडान गर्ने कार्यमा २०७२/१०/८ मा नेपाल सरकार मन्त्रिस्तरीय निर्णय बमोजिम स्वीकृत भएको कार्यविधि बमोजिम उपभोक्तासँग माग भएको र कार्यक्रम संचालनको लागि मन्त्रालयबाट रु. २५ करोड ३५ लाखको अख्तियारी प्राप्त भएको देखिन्छ । वहुवर्षिय कार्यक्रम अर्न्तगत आयोजना स्वीकृत गरी नेपाल सरकारबाट प्राप्त अनुदान यसै आर्थिक वर्षभित्र र सहभागिता रकम आगामी आ. व. को पहिचो चौमासिक भित्र खर्च गर्ने व्यवस्था गरी मन्त्रालयको निर्देशन प्राप्त भएको देखिन्छ । सो अनुरुप देखिएका व्यहोरा निम्न छन्:-</td><td></td></tr>
<tr><td>७७.१.</td><td>मूल्य अभिवृद्धि करः- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ बमोजिम दर्ता भएको व्यक्तिले ऐन अर्न्तगत कर लाग्ने मूल्यमा कर निर्धारण र असूल उपर गर्नुपर्ने, दफा १४ बमोजिम विजक दिनुपर्ने र दफा १७ बमोजिम बिक्रीमा उठाएको र खरिदमा तिरेको कर समायोजन गर्न पाउने व्यवस्था छ । का.म.न.पा. अर्न्तगत देहायका मार्ग र स्थानमा सडक सौर्यबत्ती आपूर्ति तथा जडान कार्यमा टोल समाज/उपभोक्ता समितिसँग भएको सम्झौता अनुरुप मू. अ. कर तथा ओभरहेड वाहेक लागतमा ६० प्रतिशत संघीय मामिला मन्त्रालय, २५ प्रतिशत महानगरपालिका र १५ प्रतिशत उपभोक्ता समितिको लागत साझेदारीमा कार्य सम्पन्न भई सोही बराबर रकम उपभोक्ता समितिलाई भुक्तानी भएको छ । उपभोक्ता समितिले ब्राईटसन कम्पनी प्रा. लि. को सेवा आपूर्तिवापत (३०४९१९१९८) को कर विजक भुक्तानी गरेको बिल पेश भएकोमा सोलार ब्याट्री तथा सोलार प्यानेलमा मू. अ. कर नलाग्ने रहेकोमा कम्पनीले कर विजक जारी गर्दा सो वाहेकको आईटममा मूल्य अभिवृद्धि कर असूल गरेको देखिएन । खरिदमा तिरेको मूल्य अभिवृद्धि कर दावी गर्ने र भ्याट नलाग्ने आईटम वाहेक अन्य सामानमा मूल्य अभिवृद्धि कर असूल नगरेको विजक जारी गर्दा आपूर्तिकर्ता सदैव क्रेडिटमा रहने अवस्था हुन गई समायोजन हुने अवस्था रहदैन ।
<table>
<tr><th>भौ.नं.</th><th>लाभग्राही समूदाय</th><th>सोलार स्ट्रिट लाईट</th><th>कार्यसम्पन्न रकम</th><th>मर्मत कट्टी</th><th>मू.अ.कर नलाग्ने</th><th>मू.अ.कर लाग्ने</th></tr>
<tr><td rowspan="3">५००४३</td><td>सर्वभूमि महिला समाज उ.स.-२९</td><td>३१ थान</td><td>३०९४१८४.००</td><td>६९०००.००</td><td>१३८०९०१.००</td><td>१७१३२८३.००</td></tr>
<tr><td>रानीवारी मार्ग उ. स. -३</td><td>११ थान</td><td>१०९७९३६.००</td><td>३३०००.००</td><td>४८९९८२.००</td><td>६०७९५४.००</td></tr>
<tr><td>मिलिजुली टोल विकास समूह-१६</td><td>१३ थान</td><td>१३५८१५५.००</td><td>३९०००.००</td><td>७६९०१४.००</td><td>५५०१४१.००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>गौरी नगर सुधार समिति-७</td><td>२३ थान</td><td>२४०२८९०.००</td><td>६९०००.००</td><td>१३६०५६४.००</td><td>९७३३२६.००</td></tr>
<tr><td>५०१२४</td><td>म्हैपी मार्ग टोल सुधार समिति-१६</td><td>५० थान</td><td>४९९०६१९.००</td><td>१५००००.००</td><td>२५६१३५०.००</td><td>२२७९२६९.००</td></tr>
<tr><td>५०१२५</td><td>शुभलक्ष्मी टोल सुधार समिति-१६</td><td>२५ थान</td><td>२४९५३०९.००</td><td>७५०००.००</td><td>१२८०६७५.००</td><td>११३९६३४.००</td></tr>
<tr><td>५०१३६</td><td>राधाकृष्ण नगर सुधार संस्था</td><td>५० थान</td><td>४९९०६१९.००</td><td>१५००००.००</td><td>२५६१३५०.००</td><td>२२७९२६९.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०४२९७१२.००</td><td>५८५०००.००</td><td>१०४०३८३६.००</td><td>९५४२८७६.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८.</td><td>मूल्य अभिवृद्धि कर भुक्तानी :- ५००५१, रुद्रमार्ग उपभोक्ता समिति-३३ ज्ञानेश्वरमा १७ सेट सौर्यबत्ती आपूर्ति तथा जडान कार्यको लागि समितिबीच भएको सम्झौता अनुसार मूल्य अभिवृद्धि कर समेत रु. १९,४७,०५९ मा उपभोक्तालाई रु. १८,१७,१५३।- भुक्तानी गरेको छ । कार्य सम्पन्न प्रतिवेदन र नापी अनुसार रु. ९,१५,४३३।- भ्याटेवल र रु. ११,२६,००५।- नन् भ्याटेवल अर्न्तगत १५ प्रतिशत ओभरहेड घटाई रु. १७,७५,१६४।- मा रु. १,०३,४८३।- मूल्य अभिवृद्धि कर समावेश गरी रु. १८,७८,६४७।- बराबर कार्य सम्पन्न देखाएकोमा Maintenance for solar system all complete वापत रु. ५४,४७४।- को मू. अ. कर समेत रु. ६१,५५५।- घटाई भुक्तानी गरेको छ । एउटै कार्यप्रकृतिमा मनास्लु इनर्जी प्रा. लि. को सप्लाई अर्न्तगत उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर दिने र सोही प्रकृतिको कार्यमा ब्राईटसन कम्पनीलाई मूल्य अभिवृद्धि कर नदिएको अवस्था छ । त्यस्तै अवस्थामा एउटै कार्यप्रकृतिमा मूल्य अभिवृद्धि कर दिने र नदिने अवस्थामा एकरुपता देखिएन । मूल्य अभिवृद्धि कर सम्बन्धमा देखिएका अन्य ब्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>७८.१.</td><td>नन्फाईलर :- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा दर्ता भएको व्यक्तिले वस्तु वासेवा बिक्री गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । उक्त कर विजकबाट Taxable VAT Sales को अंश खरिदमा तिरेको मू.अ.कर घटाई २५ दिनभित्र सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । तोकिएको समयमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा निर्माण व्यवसायीको IRD Portal मा PAN Search गर्दा सेवा प्रदायक देहायका संस्थाहरु लामो समयदेखि ननफाइलर देखिएको छ । नन्फाईलरलाई मूल्य अभिवृद्धि कर भुक्तानी हुने समयमा दाखिला नहुने स्थितिले कर राजस्वमा असर पर्ने देखिँदा निम्नलिखित निर्माण व्यवसायीबाट मू. अ. कर समायोजन पत्र पेश गर्न लगाई भुक्तानी नियमित गर्ने अन्यथा ननफाईलरको मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने रु.
<table>
<tr><th>निर्माण व्यवसायी</th><th>कार्य</th><th>कूल भुक्तानी</th><th>मू. अ. कर</th></tr>
<tr><td>बोहरा निर्माण सेवा (६००२५८५२४) ( २०७४ भाद्रदेखि)</td><td>ब्लक छपाई (शिवशक्ति गल्ली-१३, वाफल)</td><td>७९८४४.००</td><td>९१८५६.००</td></tr>
<tr><td>बोहरा निर्माण सेवा (६००२५८५२४) ( २०७४ भाद्रदेखि)</td><td>का.म.न.पा.-१३ पंचकन्या मार्गमा ब्लक छपाई</td><td>६६७७१३.००</td><td>७६८१६.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७४७५५७.००</td><td>१६८६७२.००</td></tr>
</table>
</td><td>१६८,६७२.००</td></tr>
<tr><td>७८.२.</td><td>५०१३० :- का. म. न. पा.-३१, बागबजार मूल सडकमा २५ थान सौर्यबत्ती आपूर्ति तथा जडान कार्यको का.म.न.पा. र उपभोक्ता समितिबीच भएको सम्झौता अनुसार रु. २७,६२,७१७।- मा मर्मत रु. ८०,१०९।- कट्टी गरी रु. २६,७२,२८५।- वज्रविर महांकाल भैरब सेवा समितिलाई भुक्तानी भएकोमा ओभरहेड वाहेक रु. २१,०५,६३०।- भ्याटेवल आईटमको रु. १,५२,१८१।- उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी गरेको छ । उपभोक्ता समितिले इनर्जी इन्टरनेशनल प्रा. लि. सँग गरेको सम्झौता अनुसार सो प्रा.लि.ले ( ३०२४१७३४२) बिल नं.१२७ बाट रु.२५,७१,५६२।- Total Sales देखाई भ्याट Disclose नगरेको र बिल नं.१२८ बाट पोलको रु.५,४६,२५०।- मा रु.७१,०१२।५० मू.अ. कर दाबी गरी बिल पेश गरेको देखिँदा एउटै कार्यमा मू. अ. कर लिए नलिएको देखिँदा उक्त फर्मलाई भुक्तानी गरेको कूल मू.अ. कर रु.२,२३,१९३।- समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२२३,१९३.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७८.३. | **५०१३८ :-** वडा नं. २६ साविक २९ मा २०७३/१२/६ मा निर्माण कार्यादेश भई जनमिलन मार्गमा कालोपत्रे गर्ने, रोडमार्किङ, सममान गल्ली निर्माण कार्यमा निर्माण व्यवसायी सन्ध्या कन्स्ट्रक्सनलाई (६००९०३९७२) लाई रु. २५,८८,०९७- मू. अ. कर समेत भुक्तानी गरेकोमा उक्त निर्माण व्यवसायी २०७१ आषाढदेखि नन्फाईलर देखिएको हुँदा निर्माण व्यवसायीलाई भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. १,६६,८३१।- को समायोजन गरेको प्रमाण पेश गर्ने रु. | २९७,७४५.०० |
| ७८.४. | **५०११९ :-** का. म. न. पा. वडा नं. ९ स्थित रुद्र नगरमार्गमा बाटो बिस्तार कार्यमा रोड प्रोटेक्सन कार्यको ल. ई. रु. ४,९९,३९५।५७ भ्याट समेतमा एच. वि. खड्का एण्ड बिल्डर्स प्रा. लि. (६००६५९१४३) लाई रु. ४,९६,३५४।५५ भुक्तानी गरेकोमा उक्त फर्म २०७४ जेठबाट नन्फाईलर देखिँदा निर्माण व्यवसायीलाई रु. ५७,१०२।७४ भ्याट भुक्तानी गरेकोमा सो बिक्री रकमको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु. | ५७,१०२.७४ |
| ७८.५. | **५०१०४ :-** ३४ नं. वडा मिनभवन नयाँबानेश्वरमा रु. ४०,८३,५६४।- को मू. अ. कर समतेको लागत अनुमानमा विश्वशान्ति विहार भवन निर्माण कार्यवापत कार्यसम्पन्न प्रतिवेदनको आधारमा काशी निर्माण सेवा (३०२४९८४००) लाई रु. ५३,६०७९८।१४ मू. अ. कर समेत भुक्तानी गरेकोमा उक्त निर्माण IRD को Portal मा २०७३ मार्गदेखि नन्फाईलर देखिएको हुँदा उक्त फर्मलाई २०७४/६/१ सम्म भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. ६,१६,७९९।- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४, १५ र १७ बमोजिम मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ६१६,७९९.०० |
| ७८.६. | का.म.न.पा.-५, हाडीगाउँ मार्गमा वायरिङ्ग तथा ट्याङ्की निर्माण कार्यवापत बोहरा निर्माण सेवालाई मूल्य अभिवृद्धि कर समेत रु. ४,०५,६७४।- भुक्तानी गरेकोमा उक्त निर्माण व्यवसायी २०७४ देखि नै नन्फाईलरको अवस्थामा देखिएबाट निर्माण व्यवसायीलाई भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु. ४६,६७०।- को समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | ४६,६७०.०० |
| ७८.७. | **५०२०९:-** का.म.न.पा.-३ सम्मान गल्ली बाटो विस्तार गर्ने कार्यको लागि २०७४/२/२१ को सम्झौता बमोजिम अन्तिम बिल वापत रु. २७,२८,३०६।- मू. अ. कर समेत निर्माण व्यवसायी सन्ध्या कन्स्ट्रक्सन (६००९०३९७३) लाई भुक्तानी गरेकोमा उक्त फर्म २०७१ देखि नन्फाईलर को अवस्थामा देखिँदा निर्माण व्यवसायीलाई भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु. ३,१३,८७६।- को समायोजन प्रमाण पेश गर्नुपर्ने रु. | ३१३,८७६.०० |
| ७८.८. | **५००१६, ५०१८० :-** वडा नं. १५ एराहिटी सडक पिच गर्ने कार्यवापत प्रथम रनिङ बिलबाट सेतीदेवी निर्माण सेवा (५०००१७२७६) लाई रु. २२,५८,१०६।- मू. अ. कर समेत भुक्तानी गरेकोमा उक्त फर्म २०७५ आषाढदेखि नन्फाईलर रहेको देखिँदा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु. २,५९,७८३।- समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २५९,७८३.०० |
| ७८.९. | **५०२२९ :-** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम रु. २० हजारभन्दा बढीको खरिद कारोबारमा सरकार, स्थानीय तह एवम् उपभोक्ता समितिले खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको संस्थासँग कारोबार गर्नुपर्ने र Tax invoice को आधारमा करको असूल र भुक्तानी गर्ने व्यवस्था छ । महानगरपालिका र पूरानो सिनामङ्गल-३२ मा ३० थान सौर्यबत्ती जडान गर्न हिम गणेश तारामण्डल मार्ग उपभोक्ता समितिसँग मूल्य अभिवृद्धि कर र आभेरहेड वाहेक रु. ३१,३४,२०४।- मा २०७४/२/३ मा सम्झौता भई २०७४/६/१ मा भएको कार्यसम्पन्नताको आधारमा उपभोक्ता समितिलाई रु. ३१,३४,२०४।३५ भुक्तानी गरेको छ । उपभोक्ता समितिले पपुलर इनर्जी प्रा. लि. (३०४०१०८११) सँग २०७४/३/३ मा सोही रकम भुक्तानी गर्ने गरी सम्झौता गरी उक्त रकम सो प्रा. लि. लाई भुक्तानी गरेको छ । सम्झौताको शर्त ३ मा ओभरहेड घटाई मू.अ. कर थप गरी भुक्तानी गर्ने | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | उल्लेख छ । सो फर्म २०७५/१/६ मा मात्र मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिन्छ । मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने फर्मले २०७२/७३ मा रु. ६४,०२,५५०।- को आय कारोबार गरेको देखिन्छ । मू. अ. करमा दर्ता नभएको फर्मसँग सम्झौता हुने, सोही रकम महानगरपालिका र उपभोक्ता समिति हुँदै आपूर्तकलाई भुक्तानी हुने र उपभोक्ता समिति र फर्मको शर्त ३ बमोजिम मूल्य अभिवृद्धि कर उपभोक्ता समितिले भुक्तानी गरेको अवस्थामा दर्ता नभएको पार्टीबीचको कारोबारलाई सम्झौतामा संलग्न भई भुक्तानी गर्नु कानून सम्मत देखिदैन । मूल्य अभिवृद्धि करमा दर्ता नभएको पार्टीलाई २०७४/११/३० को विजक नं. ४१ बाट भुक्तानी गरेको रकम अनियमित देखिएको साथै शर्त नं. ३ बमोजिम उपभोक्ताले तिरेको कर लाग्ने वस्तुको मूल्य अभिवृद्धि कर समायोजनपत्र पेश गर्नुपर्ने रु. | २७१,७३०.०० |
| ७८.१०. | **५०२५६ :-** म.न.पा. वडा नं. ३२ साविक वडा नं. ३५ गणनायक मार्गमा निर्माण व्यवसायीलाई मू. अ. कर समेत कँडेल सुन्दरी कन्या संयुक्त उपक्रम (६०४१७१८९८) लाई रु. ८४,१९,५३२।- मू. अ. कर समेत भुक्तानी भएकोमा उक्त फर्म २०७५ कार्तिकदेखि नन्फाइलर देखिँदा भुक्तानी गरेको मू. अ. कर रु. ९,६८,६१८।- को समायोजन विवरण पेश गर्नुपर्ने रु. | ९६८,६१८.०० |
| ७८.११. | भौ. नं. ५००८० मा का.म.न.पा. ३१ वडा स्थित जेडिए कम्पलेक्स भवनमा शौचालय मर्मत वायरिङ्ग लगायतको कार्यमा रु. ४,६४,०७८।- मू. अ. कर समेत निर्माण व्यवसायीलई भुक्तानी भएकोमा उक्त फर्म २०७५ वैशाखदेखि नन्फाइलर देखिँदा भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. ५३,३८९।- को समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ५३,३८९.०० |
| ७८.१२. | **५०२७० :-** सर्वशक्ति महामाया निर्माण सेवालाई Reconstruction and Relocation वापत मू. अ. कर समेत रु. २७,६९०।- भुक्तानी गरेकोमा Day work labour रु. १३,०००।- र सामान खरिद रु. १३,०००।- दावी भएकोमा कार्य परिमाण, प्राविधिकको ल. ई., प्राविधिक कार्य आदेश, खरिदको मूल्य अभिवृद्धि कर विजक वेगर रकम भुक्तानी भएको देखिँदा सो कार्यको भुक्तानी रकम निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु. | २७,६९०.०० |
| ७९. | **त्रुटी सच्याउने अवधि पूरा नहुँदै जमानी फिर्ता :-** का. म. न. पा.-९, पिंगलास्थान स्थित भिमनिधि तिवारी मार्गमा सडक बिस्तार र कालोपत्रे गर्ने कार्यको लागि कूल ल. ई. रु. २,४६,९३,९१२।- मा सिद्धार्थ/सर्वशक्ति संयुक्त उपक्रमबीच सम्झौता भएको र निरीक्षण तथा मूल्यांकन बमोजिम रु. २,३१,१९,१७६।- भुक्तानी भएको देखिन्छ । २०७३/४/१८ मा रु. २,३५,४२,१९५।३६ भ्याट समेतमा कार्यादेश भएकोमा २०७३ चैत्र मसान्तमा कार्य सम्पन्न गर्नुपर्नेमा सो समयभित्र कार्य सम्पन्न भई निर्माण व्यवसायीलाई रकम भुक्तानी भएकोमा निर्माण व्यवसायीको निवेदन बमोजिम २०७४/९/२० मा रु. ११,७८,०००।- को कार्य सम्पादन जमानी फूकुवा गरेको छ । २०७३/१२/२९ मा सम्पन्न भएको जनाएको १३ महिनाले २०७५/१/३० मा Correction गरेको प्रमाण वेगर २०७४/९/२० मा जमानी फूकुवा गर्नु उपयुक्त देखिएन । | |
| ८०. | **कार्यको समयावधि :-** म.न.पा. को २०६९/६/१४ को कार्यादेश अनुसार वडा नं. ३१ प्रयायमार्ग कालोपत्रे गर्ने कार्यको लागि ल. ई. रु. २,५०,६८,३१६।४७ मा रु. २,४४,९२,३४३।२० मा भ्याट वाहेकमा श्री आर. डि./वरदेवी/उमा एण्ड प्रतिमा जे.भी. सँग सम्झौता भई २०६९/१२/३१ मा कार्य सम्पन्न गर्ने तय भएकोमा उक्त कार्य २०७३/९/२८ मा सम्पन्न भई निर्माण व्यवसायीलाई रु. २,७१,११,३००।- भुक्तानी गरेको छ । शुरुको ठेक्का अवधिमा ६.५ गुणा बढी समय म्याद थप भएको देखिन्छ । सडकमा एकरुपता कायम गर्न २०६९ चैत्रदेखि २०७० असोजसम्म मूद्दाको कारण अवरोध, ढल राख्ने कार्य २०७० मार्गमा सम्पन्न भएको, दुरसंचारको अण्डरग्राउण्डीङ्ग, खानेपानी अवरुद्ध, संरचना नभत्काएको, भूकम्प आदिको कारण निर्माण व्यवसायीलाई उन्मुक्ति दिई पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरेको देखिदैन । ट्याक कोट र प्राईम कोट गरेको क्षेत्रफल क्रमशः ५४९०.८१ व.मी. र ४८३९.१४ व.मी. मा अधिकतम ०.८५ लिटर स्प्रे हुनुपर्ने | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>दररेट विश्लेषणमा अधिकतम प्रयोग गरेकोमा Per Square meters 1 वाट गर्दा ०.१५ लिटर स्प्रे बढी प्रयोग भएबाट रु. १२५।- ले रु. १,९३,६८६।- बढी खर्च भएको देखिन्छ । उक्त निर्माण व्यवसायी २०६९/७/१६ मा मात्र मूल्य अभिवृद्धि करमा दर्ता भएको तर २०६९/५/२६ को निर्णयानुसार २०६९/६/१ को सम्झौता बमोजिम रु. २,४४,९२,३४३।- कार्यमा पछि VO भई रु. २,७१,११,३००।- भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>८१.</td><td>५००१८/२०७४/५/१९ :- का.म.न.पा. वडा नं. १६ सहर्षटोल म्हैपीमा सिमेन्ट ब्लक छाप्ने कार्यको लागत अनुमान रु. १९,८६,८४७।- मा उपभोक्ता समितिबाट गराएको कार्यमा १५% ओभरहेड घटाई रु. १७,२७,६९३।- मा उपभोक्ता र पालिकाको ३०:७० को लागतमा उपभोक्ता समितिलाई कूल रु. १६,५७,३८१।- भुक्तानी भएको छ । सो अनुरुप उपभोक्ताबाट रु. ५,१८,३०८।- र बाँकी पालिकाबाट रु. ११,३९,०७३।- अनुदान खर्च भएको छ । उपभोक्ता समितिबाट गराएको कार्यमा उपभोक्ता समितिले खरिद गरेको बिल भरपाई समेत राखी खर्च लेख्नुपर्नेमा नापको आधारमा भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>८२.</td><td>५०२०९ :- General works अर्न्तगत Reconstruction and relocation अर्न्तगत Public utility service damaged वापत भ्याट समेत रु. २१,०४६।- निर्माण व्यवसायीलाई भुक्तानी भएकोमा सोको बिल भरपाई पेश गर्नुपर्नेमा गरेको नदेखिँदा उक्त रकम निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु.</td><td>२१,०४६.००</td></tr>
<tr><td>८३.</td><td>लागत अनुमान र सम्पन्न परिमाण :- लागत अनुसारको दररेट बढी भएको र निर्माण व्यवसायीले कोट गरेको दररेट घटी भएको अवस्थामा घटी परिमाण कार्यान्वयन गरेको र ल. ई. परिमाण तथा दररेट भन्दा कबोल दर बढी भएको अवस्थामा परिमाण कार्यान्वयन बढी गरी कार्य सम्पन्न गर्ने स्थिति उपयुक्त देखिदैन । यस सम्बन्धी उदाहरण निम्न छन् । यस्तो प्रक्रिया नियन्त्रण गरिनुपर्दछ ।<br>
(क) रोड एक्सटेन्सन टुकुचा गल्ली-२
<table>
<tr><th>कार्य विवरण</th><th>ल.ई. परिमाण</th><th>दर</th><th>कार्यसम्पन्न परिमाण</th><th>दर</th></tr>
<tr><td>Earth work excavation for drain</td><td>२७८.३५ घ.मी.</td><td>६७६.७५</td><td>५६.७८</td><td>५०.००</td></tr>
<tr><td>Cement concrete</td><td>७.२१ घ.मी.</td><td>१४१३७.००</td><td>३.७२</td><td>८०००.००</td></tr>
<tr><td>R.R. Masonry</td><td>६ घ. मी.</td><td>११९९४.००</td><td>०.००</td><td>१००.००</td></tr>
<tr><td>RCC Electrical Pole</td><td>७ नं.</td><td>१९०००.००</td><td>०.००</td><td>४०००.००</td></tr>
<tr><td>Telephone Pole</td><td>७ नं.</td><td>२५०००.००</td><td>०.००</td><td>१३०००.००</td></tr>
</table>
(ख) कार्यादेश बढी कार्य घटी
<table>
<tr><th>भौ.नं.</th><th>विवरण</th><th>लागत अनुमान</th><th>सम्पन्न</th></tr>
<tr><td>५०१००</td><td>Black top paving जीवन स्मृतिम मार्ग चाँगल छाउनी</td><td>१०८० व.मी. पेभिङ्ग लगायत ४२३८३१०।-</td><td>६८१ व.मी. लगायत १५०४५७७- भ्याट समेत</td></tr>
</table>
(ग) कालोपत्रे गर्ने कार्य का.म.न.पा. २५ प्याफल नरदेवी त्रिपुरा सुन्दरी कन्स्ट्रक्सन
<table>
<tr><th>विवरण</th><th>ल.ई. परिमाण</th><th>दर</th><th>कार्यसम्पन्न परिमाण</th><th>दर</th></tr>
<tr><td>Mixed cement concrete</td><td>१६.१४ घ.मी.</td><td>१०३८८.८०</td><td>०</td><td>९८९.००</td></tr>
<tr><td>Brick Masonry Ce- mortal (1:4)</td><td>७.९९ घ.मी.</td><td>११३२७.४५</td><td>०.५६</td><td>७९१२.००</td></tr>
<tr><td>Cement plaster (1:4)</td><td>१८.०३ घ.मी.</td><td>२८४.७७</td><td>०</td><td>३०.००</td></tr>
<tr><td>Dry brick soling</td><td>१६५.१३ घ.मी.</td><td>७१९.१३</td><td>१.४५</td><td>४९.४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>८४.</td><td>स्थान परिवर्तन/लागत अनुमान :- का.म.न.पा.-३५ वडास्थित शुभकामना मार्ग चौडा गरी कालोपत्रे गर्न पालिका र श्री के. एण्ड के.जी./त्रिपुरा सुन्दरी संयुक्त उपक्रमसँग कूल लागत अनुमान रु. ९९,०१,३१२।५६ भ्याट वाहेकमा रु. ७३,१४,२६७।- भ्याट समेतमा ठेक्का स्वीकृत भई २०७३/५/२९ मा २०७३ चैत्र मसान्तसम्म कार्यसम्पन्न गर्ने गरी ठेक्का सम्झौता</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>भएकोमा निर्माण व्यवसायीले २०७३/८/१४ मा साई उपलब्ध गराउन माग भएकोमा उक्त सडकमा डिभिजन सडकबाट निर्माण कार्य शुरु गरेको देखिँदा सोही वडामा पर्ने सेती ओपी टु सेती ओपी मार्गमा स्थान परिवर्तत गरी कार्य गर्न बोर्डको निर्णय भएको देखिन्छ । स्थान परिवर्तत हुँदा शुभकामना मार्गमा गरेको इष्टिमेट परिवर्तन नगरी शुभकामना मार्गको इष्टिमेट अनुसार नै परिवर्तन भएको स्थानमा कार्य भएको देखिन्छ । एक स्थानको इष्टिमेट अर्को स्थानमा स्वाभतः नमिल्ने हुँदा ठेक्का सम्झौता रद्द गर्नुपर्नेमा गरेको देखिएन । निर्माण व्यवसायीलाई मू.अ.कर समेत रु.७३,१०,१९९।२० भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>८५.</td><td>लागत अनुमान :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ । निर्माण कार्यको लागत यथार्थ समेत हुनुपर्दछ । पालिकाले तयार गरेको लागत अनुमानमा स्वीकृत भएका ठेक्काको उदाहरणगत स्थिति निम्न देखिन्छ । लागत अनुमानमा समावेश भएका ठेक्काको स्थिति न्यून रहेबाट लागत अनुमानको स्थिति यथार्थ नभएको अवस्था देखिन्छ । पालिकाले तयार गरेको लागत अनुमान र ठेक्का स्वीकृति अवस्था निम्न देखिन्छ ।
<table>
<tr><th>कार्यविवरण</th><th>लागत अनुमान</th><th>सम्झौता रकम</th><th>फरक</th></tr>
<tr><td>RCC रोड पिच कार्य का.म.न.पा-९, नागार्जुन मार्ग</td><td>१८२८२४०.००</td><td>१४७९४८३.००</td><td>२० प्रतिशत घटी</td></tr>
<tr><td>धिमेलोह-१५ भित्री सडक कालोपत्रे</td><td>१९९६३३८.००</td><td>१६५१५८२.००</td><td>१७ प्रतिशत घटी</td></tr>
<tr><td>हिमशिखर मार्ग खड्का गाउँ-१४</td><td>२५२६५९६.००</td><td>१८२६३६१.००</td><td>२८ प्रतिशत घटी</td></tr>
<tr><td>का.म.न.पा.-१५, चल्छा मार्ग</td><td>४०७२१७८.००</td><td>२९३०७५१.००</td><td>२८ प्रतिशत घटी</td></tr>
</table></td><td></td></tr>
<tr><td>८६.</td><td>दोहोरो सेवा शुल्क :- एक ठाउँबाट सिफारिस लिएपछि अर्को ठाउँमा पनि दस्तुर तिर्दा एउटा कार्यमा दोहोरो सेवा शुल्क लिने अवस्थामा पूनरावलोकन हुनुपर्दछ । जस्तै :-
<table>
<tr><td>विद्युत जडान सिफारिस</td><td>विद्युतमा शुल्क तिर्ने साथै भवन निर्माणको इजाजत दस्तुर व. मी. को आधारमा नगरपालिकालाई तिर्न</td></tr>
<tr><td>नागरिकता सिफारिस</td><td>जिल्ला प्रशासनमा रु. १०।- को टिकट टास्नुपर्ने पालिकाले सिफारिसमा रु. ५०।- लिने</td></tr>
</table></td><td></td></tr>
<tr><td>८७.</td><td>खरिद व्यवस्थापन :- यो वर्ष पेश भएको पूर्वाधार पूँजिगत विवरण अनुसार टेण्डर अनुरुप संख्याको रु. २ अर्ब १ करोढ १२ लाख ३३ हजारको ल. ई. बराबरको कार्यसम्पन्न भई सम्झौता अनुसार भुक्तानी भएको छ । सो भुक्तानी मध्ये २७ योजना २०७४/७५ को र १८५ योजना २०७३/७४ र सोभन्दा अगाडिको यो वर्ष सम्पन्न गरेको उल्लेख छ । त्यस्तै ५७ नयाँ र चालु योजनाको ल. ई. रु. २ करोड ४२ लाख ५६ हजारको खरिद कार्य कोटेशनबाट भएको देखिन्छ । सिधै खरिद गर्ने र कोटेशनबाट खरिद गर्ने कार्य नियन्त्रण गरी प्रतिस्पर्धात्मक खरिद अवलम्बन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८८.</td><td>इष्टिमेट परिवर्तन नगरी भुक्तानी :- ५०२४४ का.म.न.पा. ३१ साविक ३४ अर्न्तगत बाघधारा मार्गदेखि ढुंगेधारा मार्ग निर्माण गर्ने कार्यको लागत अनुमान रु. २४,७५,१८२।- मा हेलम्वु खाङ्गासार निर्माण सेवालाई २०७४ कार्तिकमा कार्यसम्पन्न गर्ने गरी रु. १६,६०,१८४।- मा कार्यादेश दिएकोमा उपभोक्ताको आन्तरिक विवादको कारण स्थान परिवर्तन गरी वडाको सिफारिस अनुसार सोही इष्टिमेटमा श्री नगर मध्यमार्गको ओरालो बाटोमा स्थानान्तरण गरी निर्माण व्यवसायीलाई २०७४ फाल्गुनसम्म म्याद थप गरी रु. १६,५९,८५३।- भुक्तानी गरेको छ । स्थान परिवर्तन हुँदा इष्टिमेट Change नगरेको, ठेक्का रद्द नगराई बोर्डको निर्णय वेगर भुक्तानी दिएको रकम नियमसम्मत देखिएन ।</td><td></td></tr>
<tr><td>८९.</td><td>सम्झौता तथा कार्यआदेश बमोजिम बीमा व्यवस्था अपनाउन इष्टिमेटमा बीमालाई प्रोभिजनल समको आधारमा परिमाणको आदेश भएकोमा निर्माण व्यवसायीले कार्यआदेश बमोजिम बीमा प्रक्रिया अवलम्वन नगरी जोखिम न्यूनिकरण गरेको देखिएन । यस सम्बन्धी उदाहरण निम्न छन् । जोखिम न्यूनिकरणको लागि बीमाको व्यवस्था अनिवार्य रुपमा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>अवलम्वन गरिनुपर्दछ ।
<table>
<tr><th>भौ.नं.</th><th>कार्य विवरण</th><th>निर्माण व्यवसायी</th><th>कूल लागत</th><th>भुक्तानी</th><th>बीमा व्यवस्था</th></tr>
<tr><td>५०२ ७०</td><td>का.म.न.पा.-९ श्री राममार्ग र नागवेली मार्ग सडक बिस्तार कालोपत्रे</td><td>सर्वशक्ति महामाया निर्माण सेवा</td><td>१५१७९८२३.००</td><td>८५१२०३९.००</td><td>२००००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९०.</td><td>सडक विस्तार कार्य :- काठमाडौं म.न.पा. ९ को श्रीराममार्ग र नागवेली मार्गको सडक बिस्तार तथा कालोपत्र गर्ने कार्यमा कूल लागत अनुमान मू. अ. कर समेत रु. १,४५,३६,६१०।- मा मू. अ. कर समेत सर्वशक्ति महामाया निर्माण सेवासँग रु. ९४,५३,३८२।- बराबरको कार्य गर्न ३४.९७ प्रतिशत घटीमा बोलपत्र स्वीकृत भई सम्झौता भएकोमा रु. ८५,१२,०३९।- कूल भुक्तानी भएको देखिन्छ । भुक्तानी अर्न्तगत आईटम नम्बर २६ र २७ मो. ३० RCC इलेक्ट्रिकल पोल र ३० टोलिफोन पोलको लागि क्रमशः लागत दर रु. १९,०००।- र रु. २५,०००।- ले रु. १३,२०,०००।- मू. अ. कर वाहेक Work Order भएकोमा निर्माण व्यवसायीले पोल खरिद तथा जडानमा प्रति पोल रु. २,०००।- ले विड गरेकोमा न्यून दर कबोलबाट उक्त ६० पोलको कार्य नगरी निर्माण कार्य सम्पन्न गरेको देखिन्छ । पोल जडान नगरेको सन्दर्भमा प्राविधिक प्रतिवेदन तथा पुष्ट्याई समेत नदेखिँदा घटी दरको आधारमा कार्य नगर्ने र नगराउने उपर कारवाही गरी जिम्मेवार बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९१.</td><td>कालो पत्रे सडक निर्माण :- काठमाडौं महानगरपालिका वडा नं. ३२ साविक वडा नं. ३५ तारवार मार्गमा ५३५ मिटर लम्बाई र ६ मिटर चौडाई रहेको उक्त मार्ग कालोपत्रे गर्ने कार्यमा श्री कालिका बिल्डर्सबीच भ्यात समेत रु. १,११,२१,६२५।- मा सम्झौता भई २०७३ मार्ग मसान्तमा कार्य सम्पन्न गर्न लागत अनुमान भ्याट समेत रु. १,८७,१७,२१९।- मा ४०.५८ प्रतिशत घटी स्वीकृत भएको ठेक्कामा ४० मि. प ह्यूम पाईप राखी लागत संशोधनमा थप रु. १६,६१,५०६।- १४.९४ भेरियसन भई निर्माण व्यवसायीलाई कूल रु. १,२४,९४,९९८।८९ भुक्तानी गरेकोमा निम्न व्यहोरा देखिन आएका छन् :-<br>(क) जोखिम न्यूनिकरणको लागि लागत अनुमानमा लमसम आईटम अर्न्तगत कार्य, दुर्घटना लगायतको बीमा गर्नुपर्ने र सो बीमा अवधि त्रुटी सच्याउने अवधिसम्म रहने र शर्त पालना नगरेमा भुक्तानी नहुने उल्लेख छ । दुर्घटना बीमा अवधि २०१७ फेव्रुअरी १६ सम्म रहेको र व्यवसायीले पेश गरेको कार्य बीमा २०१८/२/१६ सम्म रहेको देखिन्छ । कार्यसम्पन्न मिति २०७४/२/२५ तदनूरुप जून ८, २०१८ सममको मान्य अवधि रहेको बीमालेख पेश गर्नुपर्नेमा कूल सम्झौतामा रु. ९८ लाख ४२ हजारको मात्र कार्य बीमा गरेको त्रुटी सच्याउने अवधि करिब ५ महिना कम देखिएबाट शर्तपालना नभएको अवस्थामा रु. ४२,६१६।- को प्रिमियम रसिदको आधारमा रु. ९०,०००।- भुक्तानी गरेको छ । उक्त भुक्तानी शर्तको Compliance नहुँदा बढी भुक्तानी भएको रु. ४७,३८४।- को मू. अ. कर सहित रु. ५३,५४४।- निर्माण व्यवसायीबाट असूल गरी दाखिला गर्नुपर्ने रु.<br>(ख) निर्माण व्यवसायी कूल लागत अनुमानमा ४०.५८ प्रतिशत घटेर कार्य गर्न मञ्जुर भएको कार्यादेशमा उल्लेख छ । कार्य सम्पन्न हुँदा Additional item जुन BOQ मा समावेश नभएको CI Man hole cover each of 28" diameter 116kg थान जडान गर्दा रु. ११,१८९।९७ को लागत घटेको दरमा रु. १,३४,२७९।६४ बिलिङ्ग गरेको नापमा उल्लेख छ । २०७२/७३ को इष्टिमेट दररेट बमोजिम २८"-११६ को कभर ओभरहेड समेत रु. १७,४१९।६० ले ४०.५८ प्रतिशत घटीमा प्रतिदर रु. १०,३५०।७२ ले १२ थानको रु. १,२४,२०९।- भुक्तानी गर्नुपर्नेमा रु. १,३४,२७९।- भुक्तानी भएबाट बढी भुक्तानी भएको रु. १०,०७०।- को मू. अ. कर समेत रु. ११,३८०।- निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु.</td><td>५३,५४४.००<br><br>११,३८०.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
| --- | --- | --- |
| | (ग) विटुमिन ट्याक कोटमा २३२०.०९ घ.मी. मा निर्माण व्यवसायीले पेश गरेको Binder Spray Rate Test of Tack Coat मा चेनेज ३० र १०० मिटरमा Tray को Weight ८६० र ८६६ ग्रामको एरिया ०.९ ले २ Tray को Weight बमोजिम विटुमिन स्प्रे रेट प्रति स्क्वायर ०.८३५ ले सो परिमाणको प्रति लिटर रु. ९०।- ले रु. १,७४,३५४।- भुक्तानी गर्नुपर्नेमा रु.२,०८,८०८।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ३४,४५३।- मा मू.अ. कर समेत रु. ३८,९३३।- निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु. | ३८,९३३.०० |
| | (घ) निर्माणको कालोपत्रे प्रक्रियामा 4 inch thickness may be adequate but 5 or excess loads generally air ground हुने ईन्जिनियरिङ्ग सिद्धान्त अर्न्तगत Man shall plan मा उल्लेख छ । त्यस्तै 6 to 8 inches एग्रिगेट कम्प्याकसन रहेको अवस्थामा 0.04 height रहँदा adequate हुने अवस्था रहन्छ । Mix design typer Asphalt concrete wearing course मा 16mm र 10 mm मा अधिकांश मात्रा परिमाणको रहन गई filler dust र sand को मात्रा कम भई बलियो हुने र Asphalt को १३०७ र १३०८ को Standard specification मा 40mm thick compaction गर्ने डिजाईन अनुरुप प्रति घ.मी. १९९४७७९ calculation गरेको छ । सो अनुरुप ४० मि.मि. को Compaction मा ५३५.२० लम्बाई र ५.१० चौडाई को ०.०४ को उचाईले १०९.१८ घ.मी. Asphalt compaction हुनुपर्नेमा १३६.४८ compaction रहेबाट २७.३० घ.मी. को रु. १४,४००।- ले मू. अ. कर समेत रु. ४,४४,२२५।- निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु. | ४४४,२२५.०० |
| ९२. | **५०३१३ :-** पाईपका सामान रु. १०,०००।- को नगद उधारो बिलबाट public utility का बिक्रेताको दस्तखत वेगर प्यान बिल समेत संलग्न नगरी सामान खरिद गरेको एवम् Dayworks labour को रु. ५५००।- को काम सम्पन्न भएको मितिबाट २ महिना ढिलो प्रमाणित गरेको र कुन ठाउँमा उक्त utility र labour प्रयोग भएको हो नखुलेको, ज्यामी तथा मिस्त्रीले रकम समेत नबुझेको अवस्थामा रु. १५,५००।- भुक्तानी गरेकोमा उक्त रकमको मू. अ. कर समेत रु. १७,५१५।- निर्माण व्यवसायी सर्वशक्ति निर्माण सेवाबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | १७,५१५.०० |
| ९३. | **अन्नपूर्ण मार्ग बिस्तार :-** का.म.न.पा. वडा नं. ४ स्थित अन्नपूर्ण मार्ग बिस्तार गर्ने कार्यको लागि श्री वर्ल्ड वाईड/सिद्धार्थ संयुक्त उपक्रमबीच २०७४/३/१८ मा ल. ई. रु. ४,२७,५३,८३४।- मा रु. ३,८७,४२,७४१।- को सम्झौता भई २०७५ आषाढ मसान्तसमम सम्पन्न गर्ने गरी कार्यादेश भएकोमा २०७५/३/२९ सम्म निर्माण व्यवसायीलाई रु. २,११,५८,४२०।- दोश्रो बिलसम्म भुक्तानी भएकोमा निम्न व्यहोरो देखिएका छन् :-<br>(क) निर्माण व्यवसायीलाई २०७५ आषाढ मसान्तभित्र कार्यसम्पन्न गर्ने आदेश रहेकोमा लेखापरीक्षण अवधि २०७५/१०/२१ सम्म सम्झौता र सम्पन्न गर्ने अवधिको आधारमा १७५० प्रतिशतले time over run भएको देखिन्छ । निर्माणको कार्य समय र सम्पन्न गर्ने समयबीच कार्य र समयको इष्टिमेशन नगरी पछि म्याद थप गर्ने उद्देश्यले १२ दिनको मात्र म्याद दिई सम्झौता गर्नु उपयुक्त देखिएन ।<br>(ख) निर्माण व्यवसायीलाई २०७५ मार्गसम्म पहिलोपटक म्याद थप गरेकोमा सो अवधि समाप्त भएपश्चात पनि म्याद थप भएको देखिएन । पटक पटक म्याद थप गर्ने र निर्माण व्यवसायीको काबु बाहिरको परिस्थितिलाई स्वीकार गरी पूर्वनिर्धारित क्षतिपूर्ति समेत नलिने गरी म्याद थप गर्ने कार्य उपयुक्त देखिदैन । दोस्रोपटक म्याद थपमा पूर्वनिर्धारित क्षतिपूर्ति लिन नपर्ने स्पष्ट कारण पेश गर्नुपर्दछ ।<br>(ग) लागत अनुमान तयार गर्दा BOQ आईटममा गाडी तथा कम्प्यूटर राखी इष्टिमेट तथा विड भएकोमा पूँजिगत प्रकृतिका सम्पत्ति खरिदको लागि छुट्टै व्यवस्था अपनाउनुपर्नेमा BOQ मा राखी प्रतिस्पर्धा गराउनु उपयुक्त हुदैन । यस्तो कार्य तत्काल नियन्त्रण गरिनुपर्दछ । दोश्रो बिलसम्म निर्माण व्यवसायीलाई मोटर खरिद वापत मू. अ. कर | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | समेत रु.३३,३१,७००।- भुक्तानी भएको छ ।<br>(घ) रु. २० लाखसम्मको कार्य सम्पादनको मान्य अवधि २०७६/८/३० सम्म रहेकोमा म्याद थप नभएको, कार्यसम्पन्न हुन बाँकी देखिएकोमा स्वतः त्रुटी सच्याउने अवधिलाई कभरेज नगर्ने हुँदा जमानीको मान्य अवधि समेत थप गर्नुपर्ने । | |
| ९४. | **बिमा अवधि :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम निर्माण कार्य तथा आइपर्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न अनिवाई रुपमा निर्माण व्यवसायीबाट बीमा गर्नुपर्ने र बीमाको आधारमा प्रिमियम वापत रकम भुक्तानी हुने व्यवस्था छ । साथै ठेक्का सम्झौता हुँदा नै त्रुटी सच्याउने अवधिलाई खाम्ने गरी बीमालेख पेश गरी कार्यादेश दिनुपर्ने सो प्रक्रिया पालिकाले अधिकांशत पालना नगरेको स्थिति छ । BOQ आईटममा बीमाको व्यवस्था वापत प्रोभिजनल आईटम समावेश गर्ने र निर्माण व्यवसायीले दररेट कोट गरी ठेक्का स्वीकृत गर्ने गरेकोमा पछि बीमा नगरी निर्माण कार्यको सम्पन्न गरेको अवस्था देखिन्छ । उद्देश्यमा आईपर्ने जोखिमलाई न्यूनिकरण गर्ने स्थिति निर्माण व्यवसायी कर्तत्वय पूरा नगर्दै सो उन्मुक्ति दिने कार्य उपयुक्त हुँदैन । तसर्थ बीमाको व्यवस्थालाई सम्झौता हुँदाको बखतमा नै अनिवार्य गरिनु आवश्यक छ । यस सम्बन्धी उदाहरण देहाय बमोजिम प्रस्तुत गरिएको छ । | |

| भौ.नं. | निर्माण व्यवसायी | BOQ आईटम | विड रकम | स्थिति |
|---|---|---|---|---|
| ५०३१३ | विष्णुपादुका मार्ग-३० (सर्वशक्ति महामाया निर्माण सेवा) | १ जव | २००००.०० | पालना नगरेको |
| ५०३६९ | मार्शलआर्ट काउन्सिल भवन (कँडेल/सुन्दरी कन्या जे.भी.) | १ जव | ६५७०९.०० | पालना नगरेको |
| ५०३८४ | सूर्योदय गल्लीमा कालोपत्रे | १ जव | १०००००.०० | पालना नगरेको |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९५. | **५०३८५-** का.म.न.पा. वडा नं. २ निल सरस्वती मार्गमा सडक बिस्तार तथा निर्माण कार्यमा सम्झौता बमोजिम निर्माण व्यवसायी श्री सन्ध्या कन्स्ट्रक्सन (६००९०३९७२) लाई रु. ८८,१९,९८२।- भुक्तानी गर्दा देखिएका व्यहोरा निम्न छन् :- | |
| ९५.१. | निर्माण व्यवसायी सन्ध्या कन्स्ट्रक्सनलाई मूल्य अभिवृद्धि कर समेत रु. ८८,१९,९८२।- भुक्तानी गरेकोमा उक्त फर्म २०७२ साल श्रावणदेखि मूल्य अभिवृद्धि कर हिसाबमा नन्फाईलर देखिएकोले फर्मलाई भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु. १०,१४,६८८।- को फाईलर भएको समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर रकम असूल गर्नुपर्ने रु. | १,०१४,६८८.०० |
| ९६. | **५०३८३ :-** का. म. न. पा. वडा नं. ९ सूर्योदय गल्लीमा बाटो बिस्तार गरी कालोपत्रे गर्ने कार्यमा निर्माण व्यवसायी सर्वशक्ति महामाया निर्माण सेवालाई मू. अ. करसमेत रु. ७८,७५,६९४।- भुक्तानी गरेको छ । सम्झौता बमोजिम २०७४ कार्तिक मसान्तभित्र कार्य सम्पन्न गर्नुपर्नेमा २०७५/१/३१ मा निर्माण कार्य सम्पन्न गरेको देखिन्छ । उक्त भुक्तानी मध्ये Relocation र Reconstruction वापत निर्माण व्यवसायीले विटुमिन तथा स्ट्रक्चर कार्य सम्पन्न पश्चात रु. ५० हजारको रेट कोटमा रु. ३९,३८४।- २०७५/३/१३, २०७५/३/७ को खरिद कर विजक बमोजिम भुक्तानी भएको देखिँदा कार्य सम्पन्न पश्चात बिल वापत भुक्तानी गरेको रकम मूल्य अभिवृद्धि करसमेत रु. ४४,५०४।- सम्बन्धित निर्माण व्यवसायीबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ४४,५०४.०० |
| ९७. | **५०३८० :-** बालाजु-१६ को जमचो मार्ग स्तरोन्नति गर्ने कार्यको लागि कविन्द्र निर्माण सेवालाई प्रथम रनिङ्ग बिलवापत रु. ४७,६५,४६२।- भुक्तानी गरेकोमा बीमा वापत रु. २ लाख १ जव वापत भुक्तानी गरेको छ । निर्माण व्यवसायीले पेश गरेको बीमा अभिलेखमा इन्जुरी तथा कार्य बीमाको प्रिमियम वापत रु. ५८,१०५।- को बीमालेख पेश भएकोमा प्रिमियम रसिद संलग्न नगरेको र बीमालेख तथा प्रिमियम बमोजिम सम्झौताका शर्तलाई | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कभर गर्ने गरी सो रकम भुक्तानी गर्नुपर्नेमा रु. २ लाख भुक्तानी भएको देखिँदा फरक रु. १,४१,८९५।- को मूल्य अभिवृद्धि करसमेत रु. १,६०,३४१।- असूल गरी दाखिला गर्नुपर्ने रु. | १६०,३४१.०० |
| ९८. | **५०३६९** :- पूँजिगत सम्पत्ति खरिद गर्दा सोको पहिचान एवं आवश्यकताको आधारमा बजेटको व्यवस्था गरी खरिद गर्नुपर्नेमा ठेक्कामा २ ल्यापटप कम्प्यूटर राखी सम्झौता तथ सो अनुरुप भुक्तानी गर्नु उपयुक्त देखिदैन । मार्शलआर्ट भवन निर्माणमा निर्माण व्यवसायीलाई २ ल्यापटप (डेल) खरिद वापत मू. अ. कर समेत रु. १,६९,७१७- भुक्तानी गरेको छ । पूँजिगत सम्पत्ति ठेक्काको BOQ आईटममा समावेश गरी निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा २०७५/१/२३ मा फिर्ता प्राप्त गरी स्टोर दाखिला गरेतापनि यस्तो प्रक्रिया अविलम्व नियन्त्रण गरिनुपर्दछ । | |
| ९९. | **सौर्यबत्ती जडान :-** महानगरपालिकाले "हाम्रो काठमाडौं उज्यालो काठमाडौं" को मूल उद्देश्य लिई नगरक्षेत्रलाई अँध्यारोबाट मुक्ति दिलाई उज्यालो काठमाडौं शहर बनाउने नीति अवलम्वन गरेको छ । सडक बत्ती, सार्वजनिक स्थल, सम्पदा क्षेत्रमा सौर्य उर्जाको व्यवस्था गरी झिलिमिली शहरको रुपमा विकास गर्ने नीति अनुरुप शहरको विभिन्न क्षेत्रमा उपभोक्ता समितिसँग लागत साझेदारी तथा ठेक्का व्यवस्था मार्फत कार्य गरेको अवस्था छ । शहरी पूर्वाधार विकासतर्फ उज्यालो काठमाडौं कार्यक्रमको लागि यो वर्ष रु. ६ करोड बजेट अनुमान गरेको देखिन्छ । यो वर्ष उपभोक्ता समितिको लागत समेत विभिन्न २४ स्थानमा रु. ६ करोड ७३ लाख ५५ हजारको लागत अनुमान रु. ५ करोड ५७ लाख २७ हजार खर्च गरेको विवरण पेश भएको छ । उल्लेखित खर्च भुक्तानी मध्ये देहायका स्थानमा ब्राईटसन कम्पन्नी प्रा. लि. (३०४९१९१९८) बाट कार्य सम्पन्न भएको देखिन्छ । ब्राईटसन कम्पन्नीलाई उपभोक्तामार्फत भुक्तानी भएको स्थिति निम्न छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम प्रस्तुत गरिएको छ :- | |

| उपभोक्ता समिति/स्थान | खर्च रकम |
|---|---|
| रानीबारी मार्ग | २५९५१२२.१७ |
| वडा नं. ४, सुकेधारा मार्ग | ९१६७८३.०४ |
| स्वीकृति मार्ग | ४१७८९३.९१ |
| वडा नं. ६, सरस्वती नगर | ४५८३९१५.२२ |
| वनस्थली | २४९५३०९.७८ |
| म्हेपी | ४९९०६१९.५७ |
| नागार्जुन | ४९९०६१९.५७ |
| सिम्रिक गल्ली | ६९८६८६.७४ |
| पुरानो सिनामंगल | १९९६२४७.८३ |
| ३ नं. वडा रानीबारी मार्गमा सोलार जडान | १०९७९३६.३० |
| १६ नं. वडा मिलिजुली मार्गमा सोलार जडान | १३५८१५५.२२ |
| ७ नं. वडा गौरी नगरमा सौर्य बत्ती जडान | २४०२८९०.०० |
| **जम्मा** | **२८५४४१७९.३५** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९९.१. | बत्ती र ब्याट्री जडान भएको मितिले ५ वर्ष, सोलार प्यानेल २५ वर्ष, पोल ५० वर्षको वारेन्टी हुने उपभोक्ता समिति र सप्लायर्सबीचको समझौता एवं सम्पलायर्सले पेश गरेको गुणस्तर परीक्षणको प्रतिवेदनमा उल्लेख छ । उपभोक्ता समितिबाट कार्य गराउँदा ३०/७० को लागत साझेदारी अनुरुप उपभोक्ता समिति मार्फत महानगरले कट्टी गरेको धरौटी ५ वर्ष पछि मात्र भुक्तानी गर्ने र सो अवधि अगाडि नै मर्मत गर्नुपरेमा धरौटीबाट मर्मत गर्ने व्यवस्था छ । तथापी जडान भएको सौर्य उर्जाको स्थिति सम्बन्धमा अनुगमन मूल्याङ्कन प्रतिवेदन पेश भएको देखिदैन । बत्तीको वारेन्टी समयभित्र नबलेको जनगुनासो उपभोक्ता | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>समितिबाट आएको स्थितिमा मर्मत वा पुनः सुचारु गर्नेतर्फ ध्यान दिनुपर्ने अवस्था समेत देखिएको छ । नविकरणीय उर्जा परीक्षण केन्द्रसँग भएको सम्झौता अनुरुप प्राविधिक परीक्षण भएकोमा र केन्द्रले जडान भएका बत्तीको अन्तिम प्रतिवेदन समेत दिएको अवस्थामा जडान सौर्यबत्तीहरुको झिलिमिली अवस्था सम्बन्धमा कारवाही अगाडि बढार्य मर्मतको पर्खाइमा रहेका सौर्यबत्तीहरुको प्रयोगमा वारेन्टी अवस्थालाई कार्यान्वयनमा ल्याइनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९९.२.</td><td>ब्राईटसन कम्पनीले आर्थिक वर्ष २०७४/७५ मा उपभोक्तालाई बिक्री गरेको विजकमा कर लाग्ने बिक्री र कर नलाग्ने बिक्रीको आधारमा मूल्य अभिवृद्धि कर समेतको Tax Invoice जारी नगरी Exempt sales को Tax Invoice जारी गरेको देखिन्छ । ब्राईटसन कम्पनीले आर्थिक वर्ष २०७४/७५ मा गरेको कारोबारको Return details अनुसार कर लाग्ने बिक्री रु. १,४५,२०,८२४।- र कर नलाग्ने बिक्री रु. २,२१,२०,०००।- गरी रु. ३,६६,४०,८२४।- मात्र बिक्री देखाएको छ । कम्पनी वर्षान्तमा रु. २,७८,४२७।- मूल्य अभिवृद्धि कर क्रेडिटको अवस्थामा रहेको देखिन्छ । कम्पनीको रु. १ लाखभन्दा बढीको बिक्री कारोबारको खुलासामा कर नलाग्ने बिक्री १६ पार्टीको रु. ५२,२३,९५६।- र कर लाग्ने बिक्री रु. ७६,९१,०४५।- गरेको खुलासा गरेको छ । सो अनुरुप उपभोक्ता समितिसँग भएको कारोबार तथा कम्पनीको आय विवरणको तुलनात्मक स्थिति देहायबमोजिम प्रस्तुत गरिएको छः-
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>कर योग्य बिक्री</td><td>१४५२०८२४.००</td></tr>
<tr><td>कर नलाग्ने बिक्री</td><td>२२१२००००.००</td></tr>
<tr><td>कर योग्य खरिद</td><td>१३४०२१५६.००</td></tr>
<tr><td>कर नलाग्ने खरिद</td><td>५४१८८८८.००</td></tr>
<tr><td>उपभोक्ता समितिलाई बिक्री</td><td>३१६३८३६३.००</td></tr>
<tr><td>रु. १ लाखभन्दा बढीको कर लाग्ने बिक्री</td><td>७६९१९४५.००</td></tr>
<tr><td>रु. १ लाखभन्दा बढीको कर नलाग्ने बिक्री</td><td>५२२३९५६.००</td></tr>
<tr><td>जम्मा</td><td>१०००१६१३२.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९९.३.</td><td>कम्पनीले पेश गरेको आय विवरणमा कूल बिक्री रु. ३,६६,४०,८२४।- खुलासा गरेकोमा कम्पनी स्वयंले रु. १ लाखभन्दा बढीको बिक्री विवरणमा माथि उल्लेखित उपभोक्ता समितिको बिक्री विवरणलाई समावेश नगरेको स्थिति छ । सामान्य रुपमा हेर्दा कम्पनीले देखाएको बिक्रीमा महानगरपालिका अर्न्तगतका उपभोक्ता समितिलाई गरेको बिक्री रु. ३,१६,३८,३६२।- र रु. १ लाख भन्दा बढीको बिक्री रु. १,२९,१५,९०२।- समेत रु. ४,४५,५४,२६४।- देखिन्छ । उपभोक्ता समितिलाई गरेको बिक्री सबै Non VAT Sales हो भनेपनि न्यून Exempt Sales को कारण तथ्याङ्क भिडान हुने अवस्था रहदैन । Exempt Purchase को तुलनामा कम्पनीको Exempt Sales बढी देखिएको, कूल बिक्रीको कारोबार नभिडेको कारण उपभोक्ता समितिलाई खरिद तथा सोको बिक्रीका अंश एक आपसमा नभिडेको कारण उपभोक्ता समितिलाई बिक्री गरेको अंश आय विवरणमा समावेश गरेको पाइएन । कम्पनीले १६ पार्टीलाई रु. १ लाखभन्दा बढीको बिक्री रु. १,२९,१५,९०२।- मा Exempt Sales को प्रतिशत ४० देखिएबाट औसतमा ३ करोड ६६ लाख ४१ हजारको बिक्रीमा करयोग्य बिक्री रु. २,१९,८४,४९५।- हुन आउछ । तसर्थ उपभोक्ता समितिलाई बिक्री गरेको आयको विवरण रु. १ लाखभन्दा बढीको अनुसूचीमा संलग्न गरेको नदेखिँदा उक्त बिक्री आयमा समावेश नगरेको स्वतः पुष्टि हुन्छ । तसर्थ समावेश नभएको आयमा औसत ४० प्रतिशतले Exempt Sales कटाउँदा बाँकी रहने कर लाग्ने बिक्री रु. १,८९,८३,१७८।- को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. २४,६७,८१३।- को व्याज र शुल्क समेत असूल गर्नुपर्ने रु.</td><td>२,४६७,८१३.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९९.४. | कम्पनीले देखाएको कूल बिक्री र उपभोक्ता समिति र १६ पार्टीलाई रु. १ लाखभन्दा बढीको बिक्रीको संयोजन गर्दा कूल बिक्री रु. ४,४५,५४,२६४।- देखिन आउँछ । १६ पार्टीको बिक्रीमा महानगरका समितिलाई बिक्री गरेको खुलासा नगर्दा Return Details को बिक्री र उल्लेखित बिक्रीबीच रु. ७९,१३,४४०।- को ६० प्रतिशतले हुने करयोग्य बिक्रीमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु. ४,७४,८०६।- छुट भएको देखिँदा सोसमेत असूल गर्नुपर्ने रु. | ४७४,८०६.०० |
| १००. | ५०३५५ :- का.म.न.पा. र कालिका बिल्डर्सबीच भएको सम्झौता अनुसार वडा नं. ४ दिपज्योति दिप सागर मार्गमा सडक, ढल एवं सौर्यबत्ती जडानवापत निर्माण व्यवसायीलाई रु. १,२५,८०,५२१।- भुक्तानी भएको देखिन्छ । भुक्तानी मध्ये आईटम नं. १९ मा २० सेट सोलार बत्ती जडान वापत मू. अ. कर समेत रु. २८,२५,०००।- भुक्तानी भएको छ । सोलार सम्बन्धी प्यानेल, ब्याट्री, ४० वाट ल्याम्प लगायतका एसेसरिजहरु ब्राईटसन कम्पनीले Test Certificate र कालिका बिल्डर्सलाई २०७५/३/१८ मा पत्रद्वारा उपलब्ध गराई बिक्री गरेको देखिन्छ । ब्राईटसन कम्पनीले रु. १ लाखभन्दा बढी बिक्रीमा Inter party transaction मा बिक्री खुलासा नगरेबाट ब्राईटसन कम्पनीले बिक्रीलाई आयमा समावेश नगरेको र कालिका बिल्डर्सले ब्राईटसनबाट खरिद गरी जडान गरेको कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख छ । मूल्य अभिवृद्धि करमा दर्ता भएका पार्टीले कर लाग्ने र कर नलाग्ने सामानको आधारमा विजक जारी गर्नुपर्नेमा कालिका बिल्डर्सलाई विजक जारी नगरी बिक्रीमा खुलासा नगरेको कारण आयकर तथा मूल्य अभिवृद्धि करमा प्रभाव परेको छ । तसर्थ बिक्री रु. २५ लाखको ६० प्रतिशत कर लाग्न मूल्यमा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. १,९५,०००।- सम्बन्धित फर्मबाट असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु.<br>त्यस्तै ब्राईटसन कम्पनीले उक्त बिक्रीलई आयमा समावेश नगरेबाट एवं आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खरिदको लागत लिईसकेको अवस्थामा उक्त बिक्री रकम आयमा समावेश गर्दा २५ प्रतिशतले लाग्ने कर रु. ६,२५,०००।- असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु. | १९५,०००.००<br>६२५,०००.०० |
| १०१. | **निर्माण नोक्सानी :-** रानीपोखरी परिसरभित्र Beautification Work को लागि का.म.न.पा. र World Wide/Kandel/K & KG J/V बीच सम्झौता भई कार्य भएकोमा विवाद उत्पन्न भई २०७४/९/१२ पुरातत्व विभागबाट विभागीय निर्णय भई निर्माण रोक्का भएको र ठेक्का रद्द गरी बाँकी कार्य निर्माण तथा विज्ञ समूहको सुझावलाई समेत समावेश गरी परम्परागत निर्माण सामाग्री, परम्परागत स्वरुप र शैलीमा रानीपोखरी पुनः निर्माण गर्न र Beautification गरी रानीपोखरी र शान्तिवाटीका समेतलाई एकीकृत रुपमा विकास गर्न Reland scaping वापत ADA Consultancy लाई रु. ४,३९,७५०।- भुक्तानी गरेको छ । २०७४/१२/२२ को नागरिक उड्डयन मन्त्रीज्यूको उपस्थितिमा भएको निर्णयमा निर्माण भएको Concrete Structure भत्काउने र साविककै स्वरुपमा ल्याउने निर्णय अनुसार परामर्श सेवाको कार्य भएको तर निर्माणको कारवाही अगाडि नबढेको अवस्था छ ।<br>यसभन्दा अगाडि रानीपोखरीको सौन्दर्यता सहितको निर्माण कार्य गर्न २०७३/१/१० मा निर्माण व्यवसायी वर्ल्डवाईड/कँडेल/के. एण्ड के.जी. जे.भी. बीच मूल्य अभिवृद्धि कर समेत रु. ६,२९,०४,३५३।- मा सम्झौता भई निर्माण व्यवसायीलाई तेश्रो रनिङ बिलसम्म रु. २,०३,८७,८७७।- भुक्तानी भएको देखिन्छ । उल्लेखित निर्णयानुसार निर्माण गरेको कंक्रिट स्ट्रक्चर भत्काई साविकको स्वरुपमा निर्माण गरी परम्परागत शैलीलाई पछ्याउँदा भुक्तानी भएको रकम नोक्सानी हुन गएको छ । | |
| १०२. | **पुँजीगत खर्च**<br>**फर्निचर तथा सवारी साधन खरिदः** महानगरपालिकाले नयाँ जनप्रतिनिधिको लागि फर्निचर तथा फनिसिङ्ग तर्फ कुशल इन्टरप्राईजेजबाट रु १५२११४०२ को फर्निचर तथा फनिसिङ्ग | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | खरिद गरेको छ । एक टाटा सफारी जिप रु ४२८७४०० मु.अ.कर समेट सिपर्दो ट्रेडिङ्ग प्रा.ली. सँग खरिद भएको छ । त्यस्तै सिपर्दीबाट ७.५ क्यूमी हाइड्रोलिक ४ थान टिप्पर र ४.५ क्यूमी हाइड्रोलिक १ थान टिप्पर खरिद वापत रु १५६२९०००।- भुक्तानी दिएको छ । खरिद गरेका फर्निचर तथा सवारीको स्पेशिफिकेशन वमोजिमको सामान प्राप्तीको गुणस्तर र परिमाण जाँच गरी दाखिला गरी सम्पत्तिमा लेखाङ्कन गर्ने व्यवस्था अपनाउनु पर्नेमा अपनाएको देखिएन । | |
| १०३. | **जिप खरिदः** 4WD जिप खरिद कार्यको लागि वोलपत्र आब्हान वमोजिम पर्न आएका वोलपत्रमध्ये २०७४।४।११ मा यूनाइटेड ट्रेडर्ससँग मुल्य अभिवृद्धिकर समेत उपमेयरको लागि रु १०५४३४९९।- मा जिप खरिद गरी आर्पूतकलाई भुक्तानी गरको छ । त्यस्तै सोही आर्पूतकसँग भएको विड सम्झौता वमोजिम नगर प्रमुखको लागि मुल्य अभिवृद्धिकर समेत रु १३३६८३५०।- आपुर्तकलाई भुक्तानी गरेको छ । परिस्थिति, माग र आवश्यकतालाई ध्यान दिई कम खर्चिलो रुपमा खरिद प्रकृया अपनाएको पाईएन । | |
| १०४. | **मुल्याङ्कनः** २०१५३ का.म.पा वोर्ड वैठक नं ४० को मिति २०७३।२०।२३ को निर्णय र मिति २०७३।११।११ को भवन निर्माण इजाजत विभागको मा वमोजिम भवन निर्माण इजाजका सम्पुर्ण कामहरु पुर्ण रुपमा विद्युतिय माध्यमबाट गर्नका लागि Digital Sigmeture कार्यको खरिद सम्झौता Nepal Certifying Company विच Server Basic रु १७०००००।- र Professional Services रु ५ लाख तथा प्रत्येक वर्ष AMC चार्जेज ३० प्रतिशतमा सम्झौता भई आपूर्तकलाई ६५ संख्याका डिजिटल Signature रु ३७७०००।- समेत रु २५७७००० मा मु.अ.कर समेत रु २९१२०००।- भुक्तानी गरेको छ । Annual Maintennanee Contract अनुसार सोको नविकरण तथा मर्मतमा ३० प्रतिशतले हुने रकम कति भुक्तानी कुन दरमा गर्ने हो मुल्याङ्कनमा खुलाएको देखिएन । | |
| १०५. | **क्षमा पुजाः** भौ.न.२०१८६ भद्रकाली देवीको क्षमापुजा वापत न्पम्वर श्री कुमार श्रेष्ठले लिएको पेश्की रु ६०००० फछ्र्यौट गर्दा पुजामा आवश्यक पर्ने पुजा सामाग्रीको विलभरपाई पेश नगरी कोक, काको मुला, टमाटर, आलु, प्याज, काउली, तेल, मसला,लसुन,अदुवा,माछा,मासु, ब्रोइलर, मासु,चिउराको विल राखी फछ्र्यौट गरेको छ । देवीको क्षमा पुजाको लागि चाहिने सामाग्री र खर्चको हद सम्वन्धमा मापदण्ड तोकी सोही अनुसार रकम भुक्तानी गर्नुपर्नेमा सो वेगर पेश भएको विलभरपाईको आधारमा खर्च लेख्दा अनियन्त्रित खर्च हुने भएबाट मापदण्ड अनुरुप गरी खर्चलाई सीमा भित्र राख्नु पर्दछ । | |
| १०६. | **नर्मसः** भौ.नं२००१ का.म.पा शहरी स्वास्थ्य महाशाखाले संचालन गरेको पुर्ण खोप कार्यक्रम वडा १ देखि ३२ सम्म घरदैलोमा खटिएको सम्पुर्ण कर्मचारी र जिल्ला जनस्वास्थ्यबाट खटिने १०५ पदाधिकारी तथा कर्मचारीलाई रु २८६५०० खर्च लेखेकोमा वडा अध्यक्ष तथा वडा सचिव समेत २०७४ आषाढमा ५ दिन खटिइ रु ५००।- ले भत्ता वितरण गरी जनस्वास्थ्य अधिकृत मञ्जु मास्केले रु २८६५००।- पेश्की फछ्र्यौट गरेको छ । सो खर्चको नर्मस र मापदण्ड पेश नभएको रु | २८६,५००.०० |
| १०७. | **सक्कल विलः** भौ.नं२००५ वार कोड नेपाल इङ्क प्रा.लीलाई Bar Code Card वापत रु ३०४३८८ मु.अ.कर वाहेक भुक्तानी गरेकोमा सक्कल विल तथा दाखिला प्रमाण पेश नभएको रु | ३०४,३८८.०० |
| १०८. | **सुचनाः** भौ.नं २०२८३ का.म.पा क्षेत्र भित्र वस्ने महानगरवासीलाई गरिने सुचनाको SMS Alert System वापत सम्झौता अनुसार न्यू एरा कम्प्यूटर तथा आईटी रिसर्च सेन्टरलाई मु.अ.कर समेत रु ९९७७९ सम्झौता अनुसार भुक्तानी गरेको छ । SMS Alert सम्वन्धि Application को सुचना प्रवाहको कार्य सम्वन्धित विभागले गर्नुपर्ने तर्फ ध्यान दिन आवश्यक छ । | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१०९.</td><td>प्रतिवेदनः भौ.नं २०१६२।२०१६१ ल्याण्डफिल्ड साईट व्यवस्थापन कार्यक्रम अर्न्तगत सिसडोल प्रभावित क्षेत्रका स्थानीय तहलाई रु २ करोड अनुदान उपलब्ध गराएको छ । धुनीवेशी न.पा र ककनी न.पालाई उपलब्ध गराएको उक्त अनुदानबाट न.पा सँग गरेको सम्झौता अनुसार लेखापरीक्षण प्रतिवेदन, प्राविधिक योजना एवम सो को प्रतिवेदन पेश भएको देखिएन । प्रभावित क्षेत्रको भौतिक पुर्वाधारमा भएको खर्चको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>११०.</td><td>कर: भौ.नं२०६०३ का.म.पा.को २०७३।१०।२३ को वोर्ड वैठकको निर्णयानुसार हिमालयन उद्धार संघ नेपाललाई फायर स्टेशन डिजाईन र प्रतिवेदन पेश गरेको जनाइ सम्झौता अनुसार रु ५ लाख भुक्तानी गरेको छ । उक्त फर्म आयकर छुट भएको संस्थाको रुपमा दर्ता भएतापनि आयकर ऐन, २०५८ को दफा ८८ वमोजिम कर्पोरेट कर मात्र छुट पाउने तर अग्रिम कर कट्टी छुट नहुने हुदा भुक्तानी गरेको उक्त रकममा १५ प्रतिशतले लाग्ने कर रु ७५०००।- असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>७५,०००.००</td></tr>
</table></td><td>४७,५०१,०००.००</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table><tr><td>२०६/०७५/२/४</td><td>वृद्ध उपभोक्ता समिति</td><td>१४५१०००</td></tr><tr><td></td><td>जम्मा</td><td>४७५०१०००</td></tr></table></td><td></td></tr>
<tr><td>१६५.</td><td>राजश्व तर्फ<br>कार्यालय :काठमाण्डौं महानगरपालिका, विभिन्न वडा कार्यालयहरु<br>आम्दानी (राजश्व असुली) सम्बन्धमा वडा कार्यालयहरुमा देखिएका समग्र ब्यहोराहरु निम्नानुसार रहेका छन् :<br>आम्दानी खाता सञ्चालन :- वडा कार्यालयहरुले आफ्नो वडागत संकलित आय जम्मा गर्ने प्रयोजनका लागि नविल बैंक लिमिटेडका विभिन्न शाखाहरुमा खाता सञ्चालन गरेको देखिन्छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा वडा कार्यालयहरुले दैनिक सङ्कलित आय सोही दिन बेलुका वा भोलिपल्ट सम्ममा बैङ्क खातामा जम्मा गर्ने गरेको देखियो ।</td><td></td></tr>
<tr><td>१६६.</td><td>केन्द्र खातामा आम्दानी जम्मा :- नमुना छनौटको आधारमा परीक्षण गर्दा वडा कार्यालयहरुले आफ्नो वडागत संकलित आय महानगरपालिकाको राजश्व खाता नं. ०३०६०१७५००१४८ मा प्रत्येक महिनाको मसान्त वा आगामी महिनाको १ गते भित्र नै मासिक एकमुष्ट जम्मा (ट्रान्सफर) गरेको देखियो ।</td><td></td></tr>
<tr><td>१६७.</td><td>आम्दानी रसिद नियन्त्रण खाता :- वडा कार्यालयहरुले आफ्नो आन्तरिक आम्दानी रकमको प्राप्ती प्रमाणको लागि तोकिएको ढाँचामा महानगरपालिकाले छपाई गरेको आम्दानी रसिदहरु, करटोलीको प्रयोग प्रयोजनका लागि छुट्टै ढाँचाको आम्दानी रसिदहरु महानगरपालिकाको कार्यालयबाट आवश्यकतानुसार प्राप्त गरी केही वडा कार्यालयहरुले मात्र आर्थिक बर्षको अन्तमा बाँकी रहेको आम्दानी रसिदको बिबरण राजश्व महाशाखालाई पत्रमार्फत् जानकारी दिएको, केही वडा कार्यालयहरुले मात्र सो प्राप्तीको अभिलेख आम्दानी रसिद रजिष्टरमा स्पष्ट प्रविष्टी गरेको, केही वडा कार्यालयहरुले आम्दानी रसिद नियन्त्रण खाता नै नराखेको, वडा कार्यालयहरुले आम्दानी रसिदको दैनिक खपत (खर्च), दैनिक मौज्दातमा बाँकी आदिको दैनिक अभिलेख राख्ने नगरेको, आम्दानी रसिदको प्रयोग, अभिलेख सम्बन्धमा सुपरिवेक्षण, अनुगमन गर्ने नगरेको देखिएकोले आम्दानी रसिदको नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा व्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१६८.</td><td>आम्दानी रसिदको प्रयोग :- वडा कार्यालयहरुले आफ्नो आन्तरिक आम्दानी रकमको प्राप्ती प्रमाणको लागि महानगरपालिकाको कार्यालयबाट प्राप्त आम्दानी रसिदमा महानगरपालिकाले प्रयोगमा ल्याएको राजश्व सफ्टवेयर (ई-विलिङ्ग) बाट बिलिङ्ग गरी आम्दानी जनाउने गरेको तर सफ्टवेयरले कुनै कारणवश काम नगरेको अवस्था वा बिद्युत् सप्लाईमा कुनै व्यवधान आएको अवस्थामा सेवाग्राहीको सुविधाको लागि आम्दानी रसिद काटी प्रयोग पनि गर्ने गरेको, करटोलीले बजार अनुगमनको लागि छुट्टै ढाँचाको आम्दानी रसिद प्रयोग गरेको तर राजश्व सफ्टवेयरमा सोको प्रविष्टि नगरेको देखिन्छ । वडाहरुले आम्दानी रसिदबाट भएको राजश्व आम्दानीको शिर्षकगत दैनिक राजश्व सङ्कलन विश्लेषण किताब तयार गरेको देखिएन । महानगरपालिकाले वडाहरुमा भैरहेको आम्दानी रसिदको हस्त लिखित प्रयोगलाई विस्थापित गरी पूर्णरुपमा कम्प्यूटर प्रणालीबाट आम्दानी रसिदको प्रयोग गर्ने तथा सोको नियन्त्रण केन्द्रबाट समेत कम्प्यूटर प्रणालीको माध्यमबाट नै गर्न सक्ने गरी सुरक्षित र भरपर्दो कम्प्यूटरकृत आम्दानी प्रणालीको व्यवस्था गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६९.</td><td>रद्द आम्दानी रसिदको अभिलेख :- वडा कार्यालयहरुले रद्द भएका आम्दानी रसिदको छुट्टै अभिलेख नराखेको देखिएकोले रद्द भएका आम्दानी रसिदको सुपरिबेक्षण, अनुगमन तथा नियन्त्रण फितलो देखिदाँ सो तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७०.</td><td>आम्दानी खाताबही :- वडा कार्यालयहरुले दैनिक प्रयोग गरिएको आम्दानी रसिदको आधारमा दैनिक सङ्कलित जम्मा रकम बराबरको म्यानुअल भौचर उठाई, खाताबहीमा</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | म्यानुअल पोष्टिङ्ग गरी वडा कार्यालयको आम्दानी खातामा आम्दानी जनाउने गरेको देखिन्छ । वडाहरुले प्रत्येक आम्दानी खाताबहीको रकम जोडी मासिक जम्मा आम्दानी रकम बराबरको म्यानुअल भौचर उठाई वडागत आम्दानीलाई महानगरपालिकाको राजश्व खाता नं. ०३०६०१७५००१४८ मा जम्मा गर्ने गरेको देखिन्छ । केही वडा कार्यालयहरुले आम्दानी खाताबहीको मासिक जोड गरेको तर बार्षिक जोड नगरेको देखिन्छ । वडाहरुले खाताबहीलाई प्रमाणित समेत गरेको देखिएन । सकेसम्म चाँडै म्यानुअल लेखालाई विस्थापित गरी कम्पूटरकृत लेखा प्रणाली प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । | |
| १७१. | **बैङ्क नगदी किताब :-** वडा कार्यालयहरुले उठाईएका भौचरहरुको प्रविष्टि बैंङ्क नगदी किताबमा गर्ने गरेको तर बैंङ्क नगदी किताबको प्रत्येक पानाको जोड जम्मा नगरी मासिक बिबरणहरु तयार गर्ने गरेको, मासिक रुपमा बैंङ्क नगदी किताब, लेजर तथा बैंङ्क बिबरण भिडान गरी सन्तुलन परीक्षण लगायत मासिक बिबरणहरु तयार गर्ने नगरेको, बैंङ्क हिसाब मिलान बिबरण (Bank Reconciliation Statement) तयार नगरेको देखिएकोले वडा कार्यालयको लेखा तथा लेखा प्रतिवेदन नियमित रुपमा अनुगमन गरी हिसाब चुस्तदुरुस्त बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| १७२. | **आम्दानीको अनुमान र प्राप्ती :-** वडा कार्यालयहरुले आर्थिक बर्ष २०७४।७५ मा देहायका राजश्व शिर्षकहरुमा अनुसूचीमा उल्लेखित अनुसारको आम्दानी गरेको देखिन्छ तर वडागत राजश्व आयको प्रक्षेपण गरेको देखिएन । वडागत राजश्व प्राप्तीको अनुगमन गरी अभिलेख, तथ्याङ्क, लगत अद्यावधिक एवम् व्यवस्थित गराई वस्तुपरक राजश्व अनुमान गर्ने प्रणाली कार्यान्वयनमा ल्याउन तथा राजश्व लगत र आयलाई प्रक्षेपणमुखी एवं दायरामुखी बनाई राजश्व अनुमान र प्राप्तीबीच समन्वय ल्याउन तत्काल कार्ययोजना समेत बनाउनुपर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १७३. | **घरजग्गा कर :-** महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा २ बमोजिम वडा कार्यालयहरुले यो बर्ष घरजग्गा कर वापत आम्दानी गरेको देखिन्छ । वडाहरुले व्यक्तिगत आवश्यकताको आधारमा कर बुझाउन आउने सेवाग्राहीबाट **मात्र** आ.ब. २०४९।५० देखिको समेत घरजग्गा कर यसै बर्ष लिएको पाईयो । वडाहरुले घरजग्गा कर भुक्तानी गरेको अभिलेख करदाताको फाईलमा अद्यावधिक गरेको तर यो बर्ष कर बुझाएका करदाताहरुको छुट्टै बिबरण (लिष्ट) बनाएको देखिएन । वडाहरुले सबै घरजग्गा धनीबाट घरजग्गा कर असुल गर्नुपर्नेमा न्युन संख्यामा **मात्र** घरजग्गा धनीबाट घरजग्गा कर असुल गरेको देखिन्छ । वडाहरुले आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक भवनहरुको बिबरण नराखेकोले सो सम्बन्धमा केही भन्न सकिएन । वडाहरुले चालू आ.ब. सम्मको घरजग्गा कर बक्यौता गणना गरेको देखिएन । वडाहरुले घरजग्गा कर वापतको बार्षिक आय प्रक्षेपण गरेको देखिएन । वडाहरुले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण घर र जग्गासहितको व्यक्तिगत सम्पत्तीको अनुगमन गरी लगत अद्यावधिक राखेको नदेखिएकोले अनुगमन गरी लगत अद्यावधिक गराई घरजग्गा करको व्यवस्थापन गर्न नसकेको, घरजग्गा करको दायरा बढाउन नसकेको देखिएकोले व्यक्तिगत सम्पत्तीको लगत अद्यावधिक गर्ने तथा स्वतः कर, बक्यौता गणना गर्न सक्ने सफ्टवेयरको प्रयोग गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १७४. | **मालपोत :-** महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ३ बमोजिम वडा कार्यालयहरुले यो बर्ष मालपोत राजश्व आम्दानी गरेको देखिन्छ । वडाहरुले यो बर्ष मालपोत बुझाएका करदाताहरुको छुट्टै बिबरण (लिष्ट) बनाएको देखिएन । वडाहरुले सबै जग्गा धनीबाट मालपोत असुल गर्नुपर्नेमा न्युन संख्यामा **मात्र** जग्गा धनीबाट मालपोत असुल गरेको देखिन्छ । वडाहरुले मालपोत वापतको बार्षिक आय प्रक्षेपण गरेको देखिएन । वडाहरुले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण जग्गाको अनुगमन गरी लगत अद्यावधिक राखेको नदेखिएकोले अनुगमन गरी लगत अद्यावधिक गर्नु पर्ने देखिन्छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १७५. | **बहाल कर :-** महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ४ बमोजिम वडा कार्यालयहरुले यो बर्ष बहाल कर वापत आम्दानी गरेको देखिन्छ । वडाहरुले व्यक्तिगत आवश्यकताको आधारमा कर बुझाउन आउने सेवाग्राहीबाट **मात्र** स्वघोषणाको आधारमा बहाल कर लिने गरेको पाईयो । वडाहरुले बहाल कर भुक्तानी गरेको अभिलेख घरजग्गा धनीले भुक्तानी गरेकोमा करदाताको फाईलमा तथा व्यवसायीहरुबाट भुक्तानी गरेकोमा व्यवसायीहरुको रजिष्टरमा प्रविष्टि गरी कागजालहरु एकमुष्ट फाईलिङ्ग गरेको देखिन्छ । वडाहरुले यो बर्ष बहाल कर बुझाएका करदाताहरुको छुट्टै बिबरण बनाएको देखिएन । वडाहरुले घरजग्गा कर दाखिला गर्दा बहाल आय भए-नभएको अनिवार्य स्वघोषणा गराएको देखिएन । बहाल करको दायरा **संकुचित** रहेको देखिन्छ । वडाहरुले चालू आ.ब. सम्मको बहाल कर बक्यौता गणना गरेको देखिएन । वडाहरुले बहाल कर वापतको बार्षिक आय प्रक्षेपण गरेको देखिएन । वडाहरुले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा लिए-दिएको सम्बन्धमा अनुगमन गरी त्यस्तो बहालको लगत अद्यावधिक राखेको नदेखिएकोले अनुगमन गरी त्यस्तो बहालको लगत अद्यावधिक गराई अद्यावधिक तथ्याङ्कको आधारमा आय प्रक्षेपण गर्ने, प्रक्षेपित आयको लक्ष्य प्राप्तिको लागि नियमित अनुगमन गरी घरजग्गा बहाल कर वापतको राजश्व सङ्कलनमा विशेष कार्ययोजना बनाउने तथा स्वतः कर, बक्यौता गणना गर्न सक्ने सफ्टवेयरको प्रयोग तर्फ ध्यान दिनु पर्दछ । | |
| १७६. | **व्यवसाय कर :-** महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ५ बमोजिम वडा कार्यालयहरुले यो बर्ष व्यवसाय कर वापत आम्दानी गरेको देखिन्छ । वडाहरुले व्यक्तिगत स्वघोषणाका आधारमा **मात्र** व्यवसाय दर्ता र नविकरण गरी व्यवसाय कर असुल गरेको, लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम सङ्कलन नगरेको तथा व्यवसाय दर्ता नभएका, नविकरणका लागि नआएका व्यवसायीहरुको अनुगमन गरेको देखिएन । वडाहरुले व्यवसाय कर भुक्तानी गरेको अभिलेख करदाताको रजिष्टरमा अद्यावधिक गरेको र कागजातहरु एकमुष्ट फाईलिङ्ग गरेको देखिन्छ तर यो बर्ष कर बुझाएका करदाताहरुको छुट्टै बिबरण बनाएको देखिएन । वडाहरुमा **न्युन** संख्यामा नयाँ व्यवसाय दर्ता तथा नविकरण भएको देखिन्छ । वडाहरुले व्यवसाय कर बक्यौता रकम गणना गरेको देखिएन । वडाहरुले व्यवसाय कर वापतको बार्षिक आय प्रक्षेपण गरेको देखिएन । वडाहरुले आफ्नो क्षेत्रभित्र सञ्चालित पेशा व्यवसाय लगायत व्यापार, व्यवसाय तथा सेवाको लगत राखी राजस्व असुल गर्नूपर्नेमा नियमित अनुगमन गरी त्यस्तो व्यापार, व्यवसाय तथा सेवाको लगत अद्यावधिक राखेको नदेखिएकोले पेशा व्यवसाय लगायत व्यापार, व्यवसाय तथा सेवा र व्यवसायीहरुको अभिलेख राखि करको दायराभित्र ल्याउने, लगत अद्यावधिक गर्ने तथा स्वतः कर, बक्यौता गणना गर्न सक्ने सफ्टवेयरको प्रयोग तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १७७. | **सिफारिस दस्तूर :-** केही वडा कार्यालयहरुले यो बर्ष सिफारिस दस्तुर वापत आम्दानी गरेको देखिएन । वडाहरुले सिफारिस दस्तुर वापतको बार्षिक आय प्रक्षेपण गरेको देखिएन । वडाहरुले विभिन्न प्रकारका सिफारिस वापतको दस्तुर आम्दानी नगरेको, फरक-फरक सिफारिसहरुको छुट्टाछुट्टै लगत नराखेको कारणबाट सिफारिसगत आयको विश्लेषण गर्न सकिएन । सिफारिस सम्बन्धी तथ्याङ्कहरुको लगत, अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १७८. | **निवेदन दस्तूर :-** केही वडा कार्यालयहरुले यो बर्ष निवेदन दस्तुर वापत आम्दानी गरेको देखिएन । वडाहरुले विभिन्न प्रकारका सेवाको लागि निवेदन वापतको दस्तुर आम्दानी नगरेको, फरक-फरक सेवाहरुको लागि गरिएका निवेदनहरुको छुट्टाछुट्टै लगत नराखेको कारणबाट वडागत सेवा मागको विश्लेषण गर्न सकिएन । निवेदन सम्बन्धी तथ्याङ्कहरुको लगत, अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १७९. | **प्रकोप व्यवस्थापन शुल्क :-** वडा कार्यालयहरुले यो बर्ष प्रकोप व्यवस्थापन शुल्क वापत आम्दानी गरेको देखिन्छ । वडाहरुले आवश्यकताको आधारमा घरजग्गा कर बुझाउन आउने सेवाग्राहीबाट **मात्र** प्रकोप व्यवस्थापन शुल्क सङ्कलन गरेको देखिएकोले प्रकोप व्यवस्थापन शुल्क सङ्कलन सम्बन्धी तथ्याङ्कहरुको लगत, अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १८०. | **घटना दर्ता :-** केही वडा कार्यालयहरुले यो बर्ष घटना दर्ता वापत आम्दानी गरेको देखिएन । वडाहरुले विभिन्न प्रकारका घटना दर्ता वापतको शुल्क आम्दानी नगरेको, फरक-फरक घटनाहरुको छुट्टाछुट्टै लगत नराखेको कारणबाट घटनागत दर्ताको विश्लेषण गर्न सकिएन । घटना दर्ता सम्बन्धी तथ्याङ्कहरुको लगत, अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १८१. | **जरिवाना :-** महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १५ बमोजिम केही वडा कार्यालयहरुले यो बर्ष जरिवाना वापत आम्दानी गरेको देखिएन । | |
| १८२. | **उपभोक्ता समिति सहभागिता:-** केही वडा कार्यालयहरुले यो बर्ष उपभोक्ता समिति जनसहभागिता वापत आम्दानी गरेको देखिएन । केही वडाहरुले यो बर्ष उपभोक्ता समिति मार्फत् एउटा पनि पूर्वाधार निर्माणको कार्य गरेको नदेखिएकोले पूर्वाधार निर्माण कार्यमा जनसहभागिता शुन्य रहेको देखिदाँ वडाले पूर्वाधार निर्माणमा उपभोक्ताको स्वामित्व बढाउन समेत उपभोक्ता समिति मार्फत् जनसहभागिता बढाउनु पर्ने देखिन्छ । | |
| १८३. | **बहाल बिटौरी शुल्क :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १० बमोजिम वडा कार्यालयहरुले यो बर्ष बहाल बिटौरी शुल्क वापत आम्दानी गरेको देखिएन । वडा कार्यालयहरुले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको संरचनाको कोही कसैबाट उपयोग भईरहेको सम्बन्धमा अनुगमन गरी लगत अद्यावधिक गरी राखेको नदेखिएकोले सोको लगत अद्यावधिक गराई बहाल बिटौली शुल्क वापतको आयको दायरालाई समेत व्यवस्थित बनाई फराकिलो बनाउनु पर्ने देखिन्छ । | |
| १८४. | **पार्किङ्ग शुल्क :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ११ बमोजिम वडा कार्यालयहरुले यो बर्ष पार्किङ्ग शुल्क वापत आम्दानी गरेको देखिएन । वडा कार्यालयहरुले आफ्नो क्षेत्रभित्र सवारी साधन पार्किङ गरिने स्थानहरुको पहिचान, अनुगमन गरी लगत अद्यावधिक गरी राखेको नदेखिएकोले पार्किङ गरिने स्थानहरुको पहिचान, अनुगमन गरी लगत अद्यावधिक गरी विद्यमान अव्यवस्थित सवारी पार्किङ्गलाई व्यवस्थित गराइ आवागमनलाई सजिलो र छरितो बनाउने तथा आफ्नो आयको व्यवस्थित दायरा बढाउनु पर्ने देखिन्छ । | |
| १८५. | **जडीबुटी, कवाडी र जीवजन्तु कर :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ६ बमोजिम वडा कार्यालयहरुले यो बर्ष जडीबुटी, कवाडी तथा जीवजन्तु कर वापत आम्दानी गरेको देखिएन । वडा कार्यालयहरुले आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग भईरहेको सम्बन्धमा निरन्तर अनुगमन गरी लगत अद्यावधिक गरी नराखेको, जडीबुटी, कवाडी र जीवजन्तु करको आय ठेक्का व्यवस्थापन नगरेको देखिएकोले तथ्याङ्क, लगत अद्यावधिक गराई जडीबुटी, कवाडी तथा जीवजन्तु कर आयको व्यवस्थित दायरा बढाउनु पर्ने देखिन्छ । | |
| १८६. | **स्थानीय पर्यटन, मनोरञ्चजन तथा साहसिक खेलकुद सम्बन्धी सेवा शुल्क :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(१) वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १२ बमोजिम वडा कार्यालयहरुले यो बर्ष आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ¥याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्चजन तथा साहसिक खेलकुद सम्बन्धी | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सेवा वा व्यवसायमा सेवा शुल्क वापत आम्दानी गरेको देखिएन । वडा कार्यालयहरुले आफ्नो क्षेत्रभित्र यस्ता व्यवसायहरु सञ्चालनमा रहे-नरहेको सम्बन्धमा अनुगमन गरी लगत अद्यावधिक गरी राखेको नदेखिएकोले तथ्याङ्क, लगत अद्यावधिक गराई सेवा शुल्क आयको व्यवस्थित दायरा बढाउनु पर्ने देखिन्छ । | |
| १८७. | **सेवा प्रदायक तथा सेवा ग्राहीलाई सेवा शुल्क :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(२) वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १३ बमोजिम वडा कार्यालयहरुले यो बर्ष महानगरपालिकाद्धारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, बिजुली, धारा, अतिथिगृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा, शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (होष्टेल), हाट बजार, पशु बधशाला, शव दाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा, सडक, बस पार्क, ढल, पुल, बत्ती जस्ता सेवा, अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा, सिफारिस सम्बन्धी कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क वापत आम्दानी गरेको देखिएन । वडा कार्यालयहरुले महानगरपालिकाद्धारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको यस्ता सेवा सुविधा तथा सेवा प्रदायकको छुट्टाछुट्टै अद्यावधिक लगत राखेको नदेखिएकोले तथ्याङ्क, लगत अद्यावधिक गराई सेवा शुल्क आयको व्यवस्थित दायरा बढाउनु पर्ने देखिन्छ । | |
| १८८. | **सवारी कर :-** महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ७ बमोजिम यो बर्ष सवारी कर वापत कुनै वडा कार्यालयहरुले आम्दानी गरेको र कुनै वडा कार्यालयहरुले आम्दानी गरेको देखिएन । वडाहरुले यो बर्ष सवारी कर दाखिला गरेका करदाताहरुको छुट्टै बिबरण बनाएको देखिएन । वडा कार्यालयहरुले वडागत सवारीहरुको दर्ता एवं नविकरण अद्यावधिक नगरेको, सवारी साधन कर व्यवस्थापन नगरेको पाईएकोले सोतर्फ ध्यान दिनु पर्दछ । | |
| १८९. | **घरजग्गा रजिष्ट्रेशन शूल्क :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १६ बमोजिम वडा कार्यालयहरुले यो बर्ष घरजग्गा रजिष्ट्रेशन शुल्क वापत आम्दानी गरेको देखिएन । | |
| १९०. | **विज्ञापन कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ८ बमोजिम वडा कार्यालयहरुले यो बर्ष विज्ञापन कर वापत आम्दानी गरेको देखिएन । वडा कार्यालयहरुले आफ्नो क्षेत्रभित्र भए-गरेका विज्ञापनहरुको निरन्तर अनुगमन नगरेको तथा लगत अद्यावधिक नगरेको देखिएकोले विज्ञापन कर वापत हुन सक्ने आयको दायरा उपयोग नभएको देखिन्छ । वडाले आफ्नो क्षेत्रभित्र हुने वा गरिने विज्ञापनहरुको निरन्तर अनुगमन गरी लगत अद्यावधिक गराई विज्ञापन कर वापतको आयको व्यवस्थित दायरा बढाउनु पर्ने देखिन्छ । | |
| १९१. | **मनोरञ्जन कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ९ बमोजिम वडा कार्यालयहरुले यो बर्ष मनोरञ्जन कर वापत आम्दानी गरेको नदेखिएकोले सोतर्फ ध्यान दिनु पर्दछ । | |
| १९२. | **प्रवेश शुल्क :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ वा महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १४ बमोजिम वडा कार्यालयहरुले यो बर्ष प्रवेश शुल्क वापत आम्दानी गरेको देखिएन । वडा कार्यालयहरुले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्रहालय जस्ता सम्पदाहरुको छुट्टै लगत अद्यावधिक गरी नराखेको, सो उपयोगको निरन्तर अध्ययन, अनुसन्धान नगरिएको देखिएकोले अद्यावधिक लगत राखी यस्ता उद्यान, पार्क, सम्पदा उपयोगको प्रवेश शुल्क आयको व्यवस्थित दायरा बढाउनु पर्ने देखिन्छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १९३. | **प्राकृतिक स्रोत कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम वडा कार्यालयहरुले यो बर्ष आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत कर वापत आम्दानी गरेको नदेखिएकोले सोतर्फ ध्यान दिनु पर्दछ । | |
| १९४. | **तथ्याङ्क अद्यावधिक तथा संरक्षण :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ बमोजिम वडा समितिले निजी घर तथा घर परिवारको लगत राख्ने, ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने, खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने व्यवस्था छ । वडा कार्यालयहरुले उल्लेखित अनुसारका तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गरेको नदेखिएकोले सोतर्फ कम्प्यूटरकृत सफ्टवेयरको माध्यमबाट व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| १९५. | **योजना, तर्जुमा, कार्यान्वयन तथा अनुगमन, नियमन कार्य :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२(२)घ बमोजिम वडा समितिले सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने, टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन, वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने, वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने, खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने व्यवस्था छ । वडा कार्यालयहरुले बस्ती तथा टोलस्तरको योजनाको प्राथमिकिकरण गर्ने तथा अभिलेख राख्ने, टोल विकास संस्थाको लगत राख्ने, वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमनको अभिलेख राख्ने, वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको लगत राखी संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने, उपभोक्ता हित संरक्षणका लागि खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमनको लगत राख्ने गरेको नदेखिएकोले सोतर्फ कम्प्यूटरकृत सफ्टवेयरको माध्यमबाट व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| १९६. | **सन २००१ को लागत :-** काठमाडौं महानगरपालिकाले घर जग्ग कर, व्यवसाय कर, घर वहाल कर आम्दानी देखाएकोमा महानगरपालिकाले आ.व. २०७४।७५ सम्मको तथ्यांक आद्यावधिक गरी राखेको देखिएन । कार्यालयमा सन २००१ को तथ्यांक अनुसारको लगतको आधारमा कार्य सम्पादन हुदै गरेको देखियो । अद्यावधिक तथ्यांक राखी उठाउनु पर्नेमा १८ बर्ष पुरानो लगतको आधारमा राजश्व उठाएको देखाएकोले लगत अद्यावधिक राखी राजस्व असूल गर्नुपर्ने देखिन्छ । | |
| १९७. | **१ नं. वडा कार्यालय, नक्साल**<br>**आम्दानी रसिद नियन्त्रण खाता :-** १ नं. वडा कार्यालयले आम्दानी रसिद प्राप्तीको अभिलेख आम्दानी रसिद नियन्त्रण खातामा स्पष्ट प्रविष्टी नगरेको देखिएकोले सो तर्फ ध्यान दिनु पर्दछ । | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१९८.</td><td>आम्दानी रसिदको प्रयोग :- १ नं. वडा कार्यालयले आम्दानी रसिदबाट भएको राजश्व आम्दानीको शिर्षकगत दैनिक राजश्व सङ्कलन विश्लेषण किताब (आवार्जे) सफ्टवेयरबाट तयार हुने गरेको तर आवार्जेले आम्दानीको सही तथ्याङ्क नदेखाएको पाईएकोले प्रयोग गरिएको सफ्टवेयर भरोसायोग्य नरहेको देखिन्छ । सफ्टवेयरबाट भिन्न-भिन्न रिपोर्टहरुमा देखाएका फरक-फरक रकम र भौचर रकममा फरक भएका उदाहरणहरु :
<table>
<tr><th>भौ.नं.</th><th>मिति</th><th>भौचर रकम</th><th>बैंक जम्मा</th><th>दैनिक रसिद दाखिला फाराम जम्मा</th><th>विविध आयको दैनिक संकलन किताब (आवर्जे) जम्मा</th></tr>
<tr><td>१४</td><td>२०७४-०४-१९</td><td>३,४९,८८२.००</td><td>३,४९,८८२.००</td><td>३,४६,८८२.००</td><td></td></tr>
<tr><td>१८</td><td>२०७४-०४-२५</td><td>९५,४२४.००</td><td>९५,४२४.००</td><td>९५,४२४.००</td><td>९६,५४४.००</td></tr>
<tr><td>१९</td><td>२०७४-०४-२६</td><td>२,०८,१०८.००</td><td>२,०८,१०८.००</td><td>२,०८,४०८.००</td><td>२,०८,५०८.००</td></tr>
<tr><td>२१</td><td>२०७४-०४-२९</td><td>२,८०,९२०.००</td><td>२,८०,९२०.००</td><td>२,८०,९३०.००</td><td>२,६१,७७४.००</td></tr>
<tr><td>२३</td><td>२०७४-०४-३२</td><td>९,३८,८४३.००</td><td>९,३८,८४३.००</td><td>९,३०,२०४.००</td><td></td></tr>
<tr><td>३०७</td><td>२०७५-०२-०७</td><td>१०,१७,०३१.००</td><td>१०,१७,०३१.००</td><td>१०,२१,७५०.००</td><td></td></tr>
<tr><td>३३०</td><td>२०७५-०३-०३</td><td>५२,८५०.००</td><td>५२,८५०.००</td><td>५२,८००.००</td><td>५२,३००.००</td></tr>
<tr><td>३५२</td><td>२०७५-०३-२८</td><td>८,४९,९४९.००</td><td>८,४९,९४९.००</td><td>६,६४,६६५.००</td><td>८,४२,७४९.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९९.</td><td>घरजग्गा कर :- १ नं. वडा कार्यालयले दिएको तथ्याङ्क अनुसार आ.ब. २०७४।७५ सम्म वडामा जम्मा १५३४ घरजग्गा फाईल खडा भएकोमा ७५६ घरजग्गा धनीबाट मात्र (न्युन) घरजग्गा कर असुल भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२००.</td><td>व्यवसाय कर :- १ नं. वडा कार्यालयले वडामा दर्ता तथा नविकरण गरेका सम्पूर्ण व्यवसायीहरुको लगत, अभिलेख करदाताको रजिष्टरमा नराखेकोले वडामा दर्ता रहेका कूल व्यवसायीहरुको संख्या तथा चालू बर्षमा दर्ता तथा नविकरण भएका व्यवसायीहरुको संख्या यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२०१.</td><td>नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :<br>जिवन शम्शेर ज.ब.रा. :- आ.ब. २०६३।६४ सम्मको घरजग्गा कर मिति २०६३।०४।०४ मा असुल गरिसकेकोमा आ.ब. २०६४।६५ देखि २०७४।७५ सम्मको घरजग्गा कर वापत रु.५,५१,५४५।०० मिति २०७४।०४।३२ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आयको स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२०२.</td><td>शुभ अपार्टमेन्ट एण्ड ल्याण्ड डेभलपमेन्ट कं. लि. :- आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।१२ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.५,००,३३०।०० मिति २०७४।०६।२५ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । त्यस्तै आ.ब. २०७३।७४ को बहाल आय रु.२,४२,१४,५७६।०० स्वघोषणा गरी २% ले हुने रकम रु.४,८४,२९१।०० घरबहाल कर वापत मिति २०७३।०६।१३ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय रु.२,७३,०१,३९६।३० स्वघोषणा गरेको तर घरबहाल कर गणना नगरेको देखिएकोले सो कर गणना गरी असुल गर्नुपर्ने देखिन्छ । आ.ब. २०७४।७५ को घरजग्गा कर रु.५,०८,३३०।०० हुनुपर्नेमा रु.५,००,३३०।०० असुल भएकोले रु.८,०००।०० असुल गर्नुपर्ने देखिन्छ । घरबहाल कर वापत रकम रु.३२,७६,१६७।५६ तथा घरजग्गा कर वापत रकम रु.८,०००।०० गरी असुल गर्नुपर्ने देखिएको रु.</td><td>३,२८४,१६७.५६</td></tr>
<tr><td>२०३.</td><td>होटल डेला अन्नपूर्ण :- आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०५।३१ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.४,५१,८२७।०० मिति २०७४।०६।२३ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२०४.</td><td>सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा. लि. :- आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७४।०३।२० मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.३,५१,०५४।०० मिति २०७४।०४।२३ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन गर्न सकिएन ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २०५. | **जेनेक्स ईन्भेष्टमेन्ट प्रा. लि. :-** मिति २०६८।०२।२० गते घरजग्गा रु.८,८५,००,०००।०० मा खरिद गरेकोमा आ.ब. २०६८।६९ देखि आ.ब. २०७४।७५ सम्मको घरजग्गा कर वापत रु.५२,५९,११०।०० एकैपटक मिति २०७४।०४।२२ मा **मात्र** म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । घरबहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन गर्न सकिएन । | |
| २०६. | **उषा अग्रवाल :-** मिति २०६९।०८।२० गते घरजग्गा रु.७,००,००,०००।०० मा खरिद गरेकोमा आ.ब. २०७०।७१ देखि आ.ब. २०७४।७५ सम्मको घरजग्गा कर वापत रु.२९,०६,९५१।०० एकैपटक मिति २०७४।०५।०१ मा **मात्र** म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । घरबहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २०७. | **रमेश देव पन्त :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।१६ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.६,२६७।०० मिति २०७४।०६।२३ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । घरबहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २०८. | **काठमाण्डौं दरबार होटल प्रा. लि. :-** मिति २०७३।१०।२८ गते घरजग्गा खरिद गरेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.९,६३,९००।०० मिति २०७५।०३।२१ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । घरबहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २०९. | **सुवर्णराज मानन्धर :-** पुर्ख्यौली घरजग्गा भएकोमा आ.ब. २०४९।५० देखि आ.ब. २०७४।७५ सम्मको घरजग्गा कर वापत रु.५,२८,४००।०० एकैपटक मिति २०७५।०३।२५ मा **मात्र** म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । घरबहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २१०. | **सुमन शमशेर थापा :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०९।२८ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.५,५७,३०२।०० मिति २०७४।०६।३१ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । घरबहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २११. | **एफ.जी. इन्कर्पोरेट प्रा.लि. :-** कम्पनीको ठेगाना परिवर्तन सातदोवाटो, ललितपुरबाट नक्शाल, काठमाण्डौंमा मिति २०७४।१०।२२ मा **मात्र** भएको देखिन्छ तर मिति २०७४।०४।०१ देखि लागु भएको बहाल सम्झौता संलग्न गरी मासिक बहाल रकम रु.१,७०,०००।०० को २०७४ श्रावण देखिकै बहाल कर म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । | |
| २१२. | **९ नं. वडा कार्यालय, गौशाला**<br>**आम्दानी रसिद नियन्त्रण खाता :-** ९ नं. वडा कार्यालयले आम्दानी रसिद प्राप्तीको अभिलेख आम्दानी रसिद नियन्त्रण खातामा स्पष्ट प्रविष्टी गरेको नदेखिएकोले सो तर्फ ध्यान दिनु पर्दछ । | |
| २१३. | **आन्तरीक लेखापरीक्षण बेरुजु :-** आन्तरीक लेखापरीक्षण प्रतिवेदन बमोजिम असुल गर्नुपर्ने बेरुजु रकमहरु असुल भएको नदेखिएको जम्मा रकम रु. | १,९११६.०० |
| २१४. | **नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**आर्किड ईन्टरनेशनल कलेज :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७४।०३।१४ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.४,७०,६९५।०० मिति २०७५।०३।१४ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २१५. | **काठमाण्डौं मेडिकल कलेज पब्लिक लि. :-** आ.ब. २०७१।७२ देखि आ.ब. २०७४।७५ सम्मको सम्पूर्ण कागजातहरुको छायाँप्रति मात्र संलग्न छ । आ.ब. २०७२।७३ को घरजग्गा | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कर रु.१७,१३,४२४।०० मिति २०७२।०६।२४ मा असुल गरिसकेकोमा आ.ब. २०७१।७२ देखि आ.ब. २०७४।७५ सम्मको घरजग्गा कर वापत रु.४४,५७,३१९।०० मिति २०७४।०६।२९ मा म्यानुअल गणना गरी रसिद नं.०५१७०८५ बाट असुल गरेको देखिन्छ । सो मध्ये आ.ब. २०७१।७२ देखि आ.ब. २०७३।७४ सम्मको घरजग्गा कर रु.२७,७४,२७७।४८ को घरजग्गा कर निर्धारण आदेश संलग्न नभएकोले कर गणना यकिन भएन । आ.ब. २०७४।७५ मा सम्पत्ती मूल्याङ्कनमा थप भवन ४६,१८७.५५ वर्ग फिट, थप जग्गा कित्ता नं. २८०, २८४ बाट ०-१०-२-२ राजिनामा रकम रु.४,७०,००,०००।०० र कित्ता नं. ४७, १८३, १८९ बाट ०-११-१-१ राजिनामा रकम रु.४,४२,५०,०००।०० को कागजातहरु संलग्न नभएकोले कर गणना यकिन भएन । भवनको ह्रास १२% हुनुपर्नेमा १४% कट्टी गरेकोले कर रकम फरक (कम) निर्धारण भएको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २१६. | **यूनाईटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि. :-** आ.ब. २०७२।७३ को घरजग्गा कर मिति २०७२।०५।०३ मा असुल गरिसकेकोमा आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१०,८७,६४९।१५ मिति २०७४।०५।२२ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । सो मध्ये सम्पत्ती मूल्याङ्कनमा थप भवन १,३२०.६१ वर्ग फिटको कागजातहरु संलग्न नभएकोले कर गणना यकिन भएन । | |
| २१७. | **शशी कान्त अग्रवाल :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०४।३१ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.६,५१,०१२।०० मिति २०७४।०६।३१ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७४।७५ को सम्पत्ती मूल्याङ्कन रु.१३,३४,४४,३६४।१५ मा कर निर्धारण रु.४,९७,६७७।४६ हुनुपर्नेमा रु.३,७०,३३३।०० भएको देखिन्छ तर कर असुली आ.ब.२०७१।७२ को कर रकममा १५% थप समेत रु.६,५१,०१२।०० गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.१,००,८९,०४०।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट घटाई रु.१,८१,६०३।०० बहाल कर वापत मिति २०७३।०४।३१ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २१८. | **शाहरा शाह :-** मिति २०७४।०३।२९ मा कमला चन्दबाट अंशबण्डा भई सम्पत्ती आएकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.२,१०,४०१।०० मिति २०७४।१२।२९ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७४।७५ मा बहाल आय रु.२४,३०,०००।०० स्वघोषणा गरी १२% ले हुने रु.२,९१,६००।०० बहाल कर वापत मिति २०७४।१२।२९ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । मिन बहादुर के.सी. सँग मिति २०७४।०७।१६ मा भएको संलग्न सम्झौता अनुसार मिति २०७४ कार्तिक १६ बाट लागू हुने गरी मासिक रु.५,४४,५००।०० थप बहाल आय भएको देखिएकोले ८.५ महिनाको कूल थप बहाल आय रु.४६,२८,२५०।०० को १२% ले हुने बहाल कर असुल गर्नुपर्ने देखिएको रकम रु. | ५५५,३९०.०० |
| २१९. | **१० नं. वडा कार्यालय, नयाँ बानेश्वर**<br>**आम्दानी रसिदको प्रयोग :-** १० नं. वडा कार्यालयले कर टोलीले असुल गरेका आम्दानीहरु भौचर उठाई आम्दानी बाँधिएको तर सफ्टवेयरमा प्रविष्टी नगरेको कारणबाट सफ्टवेयर प्रणालीले देखाउने आयको तथ्याङ्कहरुमा फरक देखिएका उदाहरणहरु : | |

| भौ. नं. | मिति | भौचर रकम | बैंक जम्मा | दैनिक रसिद दाखिला फाराम जम्मा | विविध आयको दैनिक संकलन किताब(आवर्जे) जम्मा |
|---|---|---|---|---|---|
| १९८ | २०७४-१२-०८ | १,१३,१४८।०० | १,१३,१४८।०० | १,०२,२६८।०० | १,०२,२६८।०० |
| १९९ | २०७४-१२-०९ | ६५,१८२।०० | ६५,१८२।०० | ५२,०६२।०० | ५२,०६२।०० |
| २०० | २०७४-१२-१२ | ८४,६७८।०० | ८४,६७८।०० | ५९,९९८।०० | ५९,९९८।०० |
| २०१ | २०७४-१२-१३ | १,०६,११९।०० | १,०६,११९।०० | ९०,८५९।०० | ९०,८५९।०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २०३ | २०७४-१२-१५ | १,५५,१९२।०० | १,५५,१९२।०० | १,३९,२९२।०० | १,३९,२९२।०० |
| २७५ | २०७५-०३-०४ | ४,३३,५६६।०० | ४,३३,५६६।०० | ३,९०,३४६।०० | ३,९०,३४६।०० |
| २८४ | २०७५-०३-१४ | १,९३,७५९।०० | १,९३,७५९।०० | १,४७,८३९।०० | १,४७,८३९।०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २२०. | **लेखापरीक्षण प्रतिवेदन २०७३।७४ :-** लेखापरीक्षण प्रतिवेदन २०७३।७४ को नं. १२३ ले औल्याएको स्रेस्ता र बैंङ्क मौज्दातबीच फरक रकम रु.४९,७७४।०० हिसाब मिलान गरेको यकिन भएन । नं. १२६ र नं. १२७ ले देखाएका असुल गरी दाखिला गरिनु पर्ने रकम क्रमश: रु.२८,४३०।०० र ४,५९५।०० असुल गरेको यकिन नभएको जम्मा रकम रु. | ३३,०२५.०० |
| २२१. | **नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**रोज बड बोर्डिङ्ग स्कूल :-** आ.ब. २०७२।७३ को घरजग्गा कर मिति २०७३।०१।२० मा असुल गरिसकेकोमा आ.ब. २०७३।७४ र २०७४।७५ को घरजग्गा कर वापत रु.७,३२,९८२।०० मिति २०७४।०८।२७ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २२२. | **बुटवल पावर कम्पनी :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।१२ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.६,१०,८१९।०० मिति २०७४।०६।३० मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २२३. | **एपोलो इन्टरनेशनल कलेज प्रा.लि. :-** आ.ब. २०७१।७२ को घरजग्गा कर वापत रु.१,५१९।०० मिति २०७१।०५।२२ मा असुल गरिसकेकोमा आ.ब. २०७२।७३ देखि आ.ब. २०७४।७५ सम्मको घरजग्गा कर निर्धारण, असुल नगरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । आ.ब. २०७१।७२ को असुल गरेको घरजग्गा कर रकममा १५% थप समेत असुल गरिनु पर्ने रु. | ५,२३५.०० |
| २२४. | **सरस्वती कार्की (एम्बिशन एकेडेमी कलेज) :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।१२।०६ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१,३७४।०० मिति २०७५।०३।३१ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । त्यस्तै आ.ब. २०७३।७४ को बहाल आय नभएको स्वघोषणा गरी वहाल कर असुल नगरेकोमा आ.ब. २०७४।७५ को बहाल आय रु.१२,००,०००।०० एम्बिशन एकेडेमी कलेजले भुक्तानी गरेको जनाई १०% ले हुने रकम रु.१,२०,०००।०० वहाल कर वापत रसिद नं ०५९४०५३ बाट असुल गरेको देखिएकोले बाँकी २% ले हुने वहाल कर वापत असुल गर्नु पर्ने रकम रु. | २४,०००.०० |
| २२५. | **विभुती प्रधान समेत :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।१९ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१,१४,४४४।०० मिति २०७४।०५।०४ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । त्यस्तै आ.ब. २०७३।७४ को बहाल आय रु.१४,७३,४५०।०० र रु.१३,६३,६३२।०० स्वघोषणा गरी २% ले हुने रकम वहाल कर वापत मिति २०७३।०६।१९ र मिति २०७४।०५।०२ मा क्रमश: असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा गरेको देखिएन तर २% ले हुने रकम रु.३३,०००।०० वहाल कर वापत मिति २०७४।०९।२३ मा असुल गरेको, एनआईसि बैंकबाट बहाल आय वापतको रकममा २% ले हुने रकम रु.४१,५१२।०० वहाल कर वापत मिति २०७५।०३।३२ मा असुल गरेको, हिट्स नेपाल प्रा.लि.बाट बहाल आय वापतको रकममा २% ले हुने रकम रु.११,०९२।०० वहाल कर वापत मिति २०७५।०३।३२ मा असुल गरेको देखिएकोले २% ले असुल भएको जम्मा बहाल कर रु.८५,६०४।०० को आधारमा हुने बहाल आय रु.४२,८०,२००।०० को १०% ले हुने वहाल कर वापत असुल गर्नु पर्ने देखिएको रकम रु. | ४२८,०२०.०० |
| २२६. | **११ नं. वडा कार्यालय, थापाथली**<br>**घरजग्गा कर :-** ११ नं. वडामा आ.ब. २०७४।७५ सम्म खडा भएको जम्मा घरजग्गा | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | फाईल संख्या यकिन भएन, ११३४ घरजग्गा धनीबाट **मात्र** घरजग्गा कर असुल गरेको देखिन्छ । | |
| २२७. | **मालपोत :-** ११ नं. वडा कार्यालयले दिएको तथ्याङ्क अनुसार ११३४ घरजग्गा धनीबाट घरजग्गा कर असुल भएकोमा ९१५ बाट **मात्र** मालपोत असुल भएको देखिन्छ । | |
| २२८. | **बहाल कर :-** ११ नं. वडा कार्यालयले दिएको तथ्याङ्क अनुसार ११३४ घरजग्गा धनीबाट घरजग्गा कर असुल भएकोमा ५८४ बाट **मात्र** बहाल कर असुल भएको देखिन्छ । | |
| २२९. | **व्यवसाय कर :-** ११ नं. वडा कार्यालयले दिएको तथ्याङ्क अनुसार आ.ब. २०७४।७५ सम्म वडामा २४७० व्यवसाय दर्ता भएकोमा ३८३ व्यवसाय **मात्र** नविकरण भएको देखिन्छ । | |
| २३०. | **आन्तरीक लेखापरीक्षण बेरुजु :-** आन्तरीक लेखापरीक्षण प्रतिवेदन अनुसार असुल गर्नुपर्ने बेरुजु रकमहरु असुल गर्न बाँकी देखिएको रकम रु. १,५८०।१४ असूल गर्नु पर्ने रु. | १,५८०.१४ |
| २३१. | **नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**इम्पेरियल कृषि फार्म प्रा.लि. :-** मिति २०७५।०३।२८ मा व्यवसाय दर्ता शुल्क रु.५,०००।०० असुल गरी व्यवसाय दर्ता गरेको देखिन्छ तर व्यवसाय दर्ता सम्बन्धी कागजातहरु संलग्न देखिएन । घरधनीबाट कोठा निःशुल्क उपलब्ध गराएको पत्र संलग्न राखी बहालकर असुल नगरी व्यवसाय दर्ता गरेको देखिएकोले बक्यौता कर यकिन भएन । | |
| २३२. | **त्रिपुरेश्वर आर वाई ट्रेडर्स :-** ४ बर्षको व्यवसाय नविकरण शुल्क रु.१२,०००।०० असुल गरी व्यवसाय नविकरण गरेको रसिद संलग्न देखिएन । व्यवसाय दर्ता सम्बन्धी कागजातहरु संलग्न देखिएन । बहाल कर असुल गरेको नदेखिएकोले बक्यौता कर यकिन गर्न सकिएन । | |
| २३३. | **नविल बैंङ्क, त्रिपुरेश्वर :-** ४ बर्षको व्यवसाय नविकरण शुल्क रु.१,१५,०००।०० असुल गरी व्यवसाय नविकरण गरेको रसिद संलग्न देखिएन । बहाल कर असुल गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २३४. | **हंसराज हुलास चन्द एण्ड कं. प्रा.लि. :-** २ बर्षको व्यवसाय नविकरण शुल्क रु.२०,०००।०० असुल गरी व्यवसाय नविकरण गरेको रसिद संलग्न देखिएन । बहाल कर असुल गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २३५. | **मेघा म्याक्स टि.भि. :-** कम्पनी रजिष्ट्रारको कार्यलायमा मिति २०७४।०२।३० मा दर्ता भएकोमा वडामा दर्ता भएको मिति यकिन भएन । मिति २०७५।०३।०१ देखि मासिक रु.१,४७,७२७।०० बहाल रकम तोकिएको सम्झौता संलग्न गरेकोमा मिति २०७४।०२।३० देखि २०७५ आषाढ मसान्तसम्मको बहाल कर असुल गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २३६. | **प्रभु बैंङ्क लि. :-** पुरानो फाईल हराएको भनी आ.ब. २०७२।७३ को घरजग्गा कर निर्धारण आदेश, घरजग्गा कर रु.२४,५४,४१४।०० असुल गरेको रसिदको छायाँप्रति संलग्न गरी नयाँ फाईल खडा गरेकोमा आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को घरजग्गा कर २०७५ आषाढ मसान्त सम्म असुल गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । आ.ब. २०७२।७३ को बहाल कर रु.१,३५,४८०।०० मिति २०७२।०६।२४ मा म्यानुअल गणना गरी असुल गरेकोमा आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को बहाल कर असुल गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २३७. | **होटल ब्लु स्टार प्रा.लि. :-** आ.ब. २०७०।७१ देखि आ.ब. २०७४।७५ सम्मकै घरजग्गा कर निर्धारण आदेशको छायाँप्रति मात्र फाईलमा संलग्न देखिन्छ । सम्पत्ती मूल्याङ्कन गर्दा घरको ह्रासकट्टी दर सबै बर्षहरुमाच बढी राखी, जग्गाको दर अन्यथा राखी सम्पत्तीको मूल्याङ्कन गरी घरजग्गा कर निर्धारण तथा असुल गरेको देखिएकोले सम्पत्तीको पुनः मूल्याङ्कन गरी नपुग घरजग्गा कर असुल गर्नुपर्ने देखिन्छ । कम्पनीको आ.ब. २०६८।६९ को संलग्न लेखापरीक्षण प्रतिवेदन अनुसार कम्पनीले सो बर्षमा बहाल आय रु.४,१९,२६,९८६।०० देखाएकोमा बहाल कर असुल गरेको देखिएन । आ.ब. २०६९।७० देखि आ.ब. २०७४।७५ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सम्मको बहाल आय यकिन गरी बहाल कर असुल गर्नुपर्ने देखिन्छ । | |
| २३८. | सिभिल मल, सि.टि.सि. मल, वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वरहरुको घरजग्गा फाईल नै हालसम्म खडा गरेको नदेखिएकोले घरजग्गा फाईल खडा गरी घरजग्गा कर, बहाल कर असुल गर्नुपर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| २३९. | **२२ नं. वडा कार्यालय, टेबहाल**<br>**नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**गोरखापत्र संस्थान, (धर्मपथ)** :- आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।१८ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१,८०,३५३।७० म्यानुअल गणना गरी दाखिलाको लागि पत्राचार गरेको तर असुल गर्न बाँकी देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । जग्गाको मूल्याङ्कन रु.५०,००,०००।०० प्रति रोपनी राखी २०% छुट घटाई गणना गरेको देखिएकोले रु.३,००,००,०००।०० प्रति रोपनी राखी गणना गर्दा घरजग्गा कर असुल गर्नुपर्ने देखिएको रु. | ३१०,५७२.३९ |
| २४०. | **देव लिजिङ्ग कम्पनी प्रा.लि.** :- आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०५।२० मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.९००।०० मिति २०७५।०३।०३ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ मा बहाल आय रु.७२,०००।०० स्वघोषणा गरी २% ले हुने रु.१,४४०।०० मा १०% छुट घटाई रु.१२९६।०० बहाल कर वापत असुल गरेको रसिद संलग्न देखिएन । आ.ब. २०७४।७५ मा बहाल आय रु.८०,०००।०० स्वघोषणा गरी १२% ले हुने रु.९,६००।०० बहाल कर वापत असुल गरेको रसिद संलग्न नदेखिएको रु. | ८९,६००.०० |
| २४१. | **नेपाल वायु सेवा निगम** :- आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०५।१६ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१९,४४,६२०।४९ मिति २०७४।०६।०८ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २४२. | **नेपाल बैंङ्क लि.** :- आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०८।३० मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.७,९६,१०५।०० मिति २०७५।०५।२० मा म्यानुअल गणना गरी असुल गरेको रसिद संलग्न देखिएन । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । कित्ता नं. १४२० र ८०८ क्षेत्रफल ०-२-१-० जग्गा बिक्री भएकोले सम्पत्ती मूल्याङ्कनमा समावेश नगरेको बिक्री कागजात संलग्न नदेखिएकोले कर गणना यकिन भएन । कित्ता नं. ९४१, ९५६, ९५७ क्षेत्रफल १२-८-१-२ भूगोलपार्कको जग्गाको मूल्याङ्कन रु.५०,००,०००।०० प्रति रोपनी राखी गणना गरेको देखिएकोले रु.३,००,००,०००।०० प्रति रोपनी राखी गणना गर्दा घरजग्गा कर रु.२०,५९,५७६।०० असुल गर्नुपर्ने देखिन्छ । विभिन्न भवनहरुको मूल्याङ्कन दर रु.२२०० बाट घटाई रु.१८०० प्रति वर्गफिट राखी गणना गर्नुको स्पष्ट आधार यकिन नभएकोले घरजग्गा कर रु.११,१२७।७५ कम असुल भएको देखिन्छ । नपुग घरजग्गा कर वापत असुल गर्नुपर्ने देखिएको रकम रु. | १,२७४,५९८.७५ |
| २४३. | **केशा प्रोपर्टिज प्रा.लि.** :- आ.ब. २०७३।७४ को घरजग्गा कर आ.ब. २०७१।७२ को घरजग्गा करमा १५% थप समेत रु.४९,८७७।७० समेत आ.ब. २०६८।६९ देखि आ.ब. २०७३।७४ सम्मको एकमुष्ट घरजग्गा कर रु.१,६४,६३३।७३ मिति २०७३।०५।२४ मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर असुल गर्न बाँकी देखिन्छ । आ.ब. २०७२।७३ र आ.ब. २०७३।७४ मा बहाल आय प्रति बर्ष रु.२०,००,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट तथा जरीवाना समेत रु.७६,२००।०० बहाल कर वापत मिति २०७३।०५।२४ मा म्यानुअल गणना गरी असुल गरेको रसिद संलग्न | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | देखिएन । आ.ब. २०७४।७५ मा बहाल आय स्वघोषणा नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २४४. | **पद्म बहादुर श्रेष्ठ :-** आ.ब. २०७३।७४ को घरजग्गा कर आ.ब. २०७१।७२ को घरजग्गा करमा १५% थप समेत रु.३,६१,१५८।४२ मिति २०७३।०६।१३ मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर असुल गर्न बाँकी देखिन्छ । आ.ब. २०७३।७४ मा बहाल आय रु.३६,००,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट घटाई रु.६४,८००।०० बहाल कर वापत म्यानुअल गणना गरी मिति २०७३।०६।१३ मा असुल गरेको रसिद संलग्न देखिएन । आ.ब. २०७४।७५ मा बहाल आय स्वघोषणा नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २४५. | **रमेश मानन्धर (नेपाः कम्प्लेक्स)** :- आ.ब. २०७२।७३ को घरजग्गा कर रु.१,६२,९६६।०० मिति २०७३।०३।२१ मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को घरजग्गा कर असुल गर्न बाँकी देखिन्छ । आ.ब. २०७१।७२ मा बहाल आय रु.४८,६४,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा २०% छुट घटाई रु.७७,८२४।०० बहाल कर वापत म्यानुअल गणना गरी मिति २०७१।०५।१६ मा असुल गरेको सम्झौता संलग्न देखिएन । आ.ब. २०७२।७३ र आ.ब. २०७३।७४ मा बहाल आय स्वघोषणा नदेखिएकोले बक्यौता कर यकिन भएन । आ.ब. २०७४।७५ मा बहाल आय रु.५२,०२,०००।०० स्वघोषणा गरेकोमा १२% ले हुने बहाल कर असुल गर्नुपर्ने रकम रु. | ६२४,२४०.०० |
| २४६. | काठमाण्डौं मल, आर.बि. कम्प्लेक्स, ताम्राकार हाउसहरुको घरजग्गा फाईल नै हालसम्म खडा गरेको नदेखिएकोले घरजग्गा फाईल खडा गरी घरजग्गा कर, बहाल कर असुल गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराईन्छ । | |
| २४७. | **२३ नं. वडा कार्यालय, ओमबहाल**<br>**घरजग्गा कर :-** २३ नं. वडा कार्यालयले दिएको तथ्याङ्क अनुसार आ.ब. २०७४।७५ सम्म वडामा ११७६ घरजग्गा फाईल खडा भएकोमा ३९६ घरजग्गा धनीबाट **मात्र** घरजग्गा कर असुल भएको देखिन्छ । वडाले दिएको बिबरण अनुसार नेपाल सरकारको निर्णय बमोजिम सार्वजनिक भवनको कर छुट हुने भनी नव आदर्श स्कूल, बाल सेवा मा.वि., विद्यादेव स्कूल र ओलम्पस भवनको घरजग्गा कर असुल नगरेको देखिएको तर परीक्षणका लागि नेपाल सरकारको निर्णय उपलब्ध भएन । | |
| २४८. | **आन्तरीक लेखापरीक्षण बेरुजु :-** आन्तरीक लेखापरीक्षण प्रतिवेदनले असुल गर्नुपर्ने बेरुजु रकमहरु असुल भएको नदेखिएको जम्मा रकम असूल गर्नुपर्ने देखिएको रु. | १,१९८.७५ |
| २४९. | **नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**राधेश्याम लस्करी समेत ४ जना** :- आ.ब. २०७३।७४ मा सम्पत्तीको मूल्याङ्कन रु.६,१५,३६,०३१।९० हुनुपर्नेमा रु.३,८९,९९,२१२।१८ भएको र सम्पत्ती मूल्याङ्कनको आधारमा घरजग्गा कर गणना नगरी आ.ब. २०७१।७२ को घरजग्गा करमा १५% थप समेत रु.८३,६४५।६० घरजग्गा कर मिति २०७३।०६।२० मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर असुल गरेको देखिएन । आ.ब. २०७१।७२ को बहाल आय रु.२२,६८,०००।०० स्वघोषणा गरी २% ले हुने रकम रु.४५,३६०।०० बहाल कर वापत असुल गरिसकेकोमा आ.ब. २०७२।७३ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । त्यस्तै आ.ब. २०७३।७४ को बहाल आय रु.२९,९९,४००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% ले छुट घटाई रु.५३,९९०।०० बहाल कर वापत असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । असुल गरिएको कर रकमको आम्दानी रसिदको छाँयाप्रति फाईलमा संलग्न देखिएन । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २५०. | **रसोला कार्की :-** आ.ब. २०७३।७४ मा सम्पत्ती मूल्याङ्कन गर्दा जग्गाको प्रति रोपनी दर २०७२।७३ मा रु.३,००,००,०००।०० राखेकोमा रु.४०,००,०००।०० मात्र राखी मूल्याङ्कन गरेको र सम्पत्ती मूल्याङ्कनको आधारमा घरजग्गा कर गणना नगरी आ.ब. २०७१।७२ को घरजग्गा करमा १५% थप समेत रु.९,६०२।५० घरजग्गा कर मिति २०७३।०८।०९ मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर असुल गरेको देखिएन । आ.ब. २०७१।७२ र आ.ब. २०७२।७३ को बहाल कर वापत रु.५,८१०।०० मिति २०७२।११।१३ मा रसिद नं. ००७१४८१ बाट असुल गरिसकेकोमा आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । असुल गरिएको कर रकमको आम्दानी रसिदको छाँयाप्रति फाईलमा संलग्न देखिएन । | |
| २५१. | **मिना कुमारी कार्की समेत ६ जना :-** आ.ब. २०६१।६२ देखि आ.ब. २०७१।७२ सम्मको घरजग्गा कर रु.३४,८४०।४३ मिति २०७१।०६।३० मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७२।७३ देखिको घरजग्गा कर असुल गरेको देखिएन । आ.ब. २०७०।७१ को बहाल कर वापत रु.३,८५०।०० मिति २०७१।०६।३० मा रसिद नं. ००६९५७६ बाट असुल गरिसकेकोमा आ.ब. २०७१।७२ देखि आ.ब. २०७४।७५ सम्मको बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन गर्न सकिएन । | |
| २५२. | **सानी छोरी देवी मल्ल :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०९।२४ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर रु.२२,००६।०० मिति २०७४।०६।१५ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.२,१६,०००।०० स्वघोषणा गरी २% ले हुने रकम रु.४,३२०।०० बहाल कर वापत म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । असुल गरिएको कर रकमको आम्दानी रसिदको छाँयाप्रति फाईलमा संलग्न देखिएन । | |
| २५३. | **रवि चरण श्रेष्ठ :-** आ.ब. २०७२।७३ को घरजग्गा कर रु.१,२००।०० मिति २०७२।०९।३० मा असुल गरिसकेकोमा आ.ब. २०७३।७४ र २०७४।७५ को घरजग्गा कर रु.२,७६०।०० मिति २०७४।०७।२६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । असुल गरिएको कर रकमको आम्दानी रसिदको छाँयाप्रति फाईलमा संलग्न देखिएन । | |
| २५४. | **रमा श्रेष्ठ तिम्ला :-** आ.ब. २०७१।७२ को घरजग्गा कर रु.११,७४५।०० मिति २०७१।०५।०३ मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७२।७३ देखिको घरजग्गा कर असुल गरेको देखिएन । आ.ब. २०७१।७२ मा बहाल आय नभएको स्वघोषणा गरेकोमा आ.ब. २०७२।७३ देखि आ.ब. २०७४।७५ सम्मको बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । असुल गरिएको कर रकमको आम्दानी रसिदको छाँयाप्रति फाईलमा संलग्न देखिएन । | |
| २५५. | **शिव कुमार अग्रवाल :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०४।३१ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर रु.४६,३२५।५७ मिति २०७४।०६।२७ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.१,२४,९०,१३१।१४ स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट घटाई रु.२,२४,८२३।०० मिति २०७३।०४।३१ मा बहाल कर वापत असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय रु.१,२७,४९,६०३।८७ स्वघोषणा गरी २% ले हुने रु.२,५४,९९३।०० र रु.२०,००,०००।०० स्वघोषणा गरी १०% ले हुने रु.२,००,०००।०० मध्ये रु.१,००,०००।०० आन्तरीक राजश्व कार्यालय, न्यूरोडमा दाखिला गरेको (संलग्न भौचर शंकास्पद देखिन्छ) रकम घटाई बाँकी रु.१,००,०००।०० मिति २०७५।०३।३१ मा | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । रु.१,२७,४९,६०३।८७ को १०% ले हुने रु.१२,७४,९६०।३९ र रु.२०,००,०००।०० को २% ले हुने रु.४०,०००।०० समेत रु.१३,१४,९६०।३९ असुल गरेको देखिएन । आन्तरीक राजश्व कार्यालय, न्यूरोडमा दाखिला गरेको रु.१,००,०००।०० को संलग्न भौचर शंकास्पद देखिएकोले सो सम्बन्धमा जाँचबुझ समेत गर्नु पर्ने देखिन्छ । अघिल्ला बर्षहरुमा असुल गर्नुपर्ने भन्दा कम घरजग्गा कर असुल गरिएको देहाय बमोजिमको घरजग्गा कर रु.१५,२९१।३० समेत असुल गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>आ.ब.</th><th>असुल गरिनु पर्ने रकम</th><th>असुल गरेको रकम</th><th>बाँकी असुल गर्नुपर्ने रकम</th></tr>
<tr><td>२०७०।७१</td><td>४९,७४३।०६</td><td>४४,७६८।७६</td><td>४,९७४।३०</td></tr>
<tr><td>२०७३।७४</td><td>५१,४८४।०७</td><td>४६,३२५।५७</td><td>५,१५८।५०</td></tr>
<tr><td>२०७४।७५</td><td>५१,४८४।०७</td><td>४६,३२५।५७</td><td>५,१५८।५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१५,२९१।३०</td></tr>
</table></td><td>१,३३०,२५१.६९</td></tr>
<tr><td>२५६.</td><td>राम प्रसाद मानन्धर :- आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।२८ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर रु.४८,५३६।३३ मिति २०७४।०६।२४ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७२।७३ को बहाल आय रु.५,९८,२००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट घटाई रु.१०,७६७।०० मिति २०७२।०६।२१ मा बहाल कर वापत म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७३।७४ र २०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । असुल गरिएको कर रकमको आम्दानी रसिदको छाँयाप्रति फाईलमा संलग्न देखिएन ।</td><td></td></tr>
<tr><td>२५७.</td><td>अच्युत मान श्रेष्ठ र शोभना श्रेष्ठ :- आ.ब. २०७४ आश्विन देखि २०७५ आषाढ सम्मको बहाल रकम रु.४०,४४,०००।०० स्वघोषणा गरी १२% ले हुने रु.४,८५,२८०।०० मिति २०७५।०३।३१ मा बहाल कर वापत म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । सम्झौता संलग्न देखिएन ।</td><td></td></tr>
<tr><td>२५८.</td><td>२४ नं. वडा कार्यालय, मखन<br>नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :<br>पुरुषोत्तम लाल तुलास्यान र रेखादेवी तुलास्यान (सुरज आर्केड) :- आ.ब. २०७०।७१ को घरजग्गा कर वापत रु.१,२०,०००।०० मिति २०७१।०२।३१ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ तर आ.ब. २०७१।७२ देखिको घरजग्गा कर असुल गरेको देखिएन । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन ।</td><td></td></tr>
<tr><td>२५९.</td><td>रञ्जना इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. :- आ.ब. २०७३।७४ मा सम्पत्तीको जम्मा मूल्याङ्कन रु.१,५९,१९,९६०।५० मा घरजग्गा कर रु.२१,८३९।९२ गणना गरेकोमा आ.ब. २०७०।७१ मा लागेको कर रकममा १५% थप गर्दा हुने रु.२,६३८।७० घरजग्गा कर वापत मिति २०७३।०८।२२ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७०।७१ र आ.ब. २०७१।७२ को घरजग्गा कर निर्धारण आदेश करदाताको फाईलमा देखिएन । आ.ब. २०७४।७५ को घरजग्गा कर असुल गरेको देखिएन । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन ।</td><td></td></tr>
<tr><td>२६०.</td><td>विशाल बजार कम्पनी लि. :- आ.ब. २०७३।७४ को घरजग्गा कर निर्धारण आदेश करदाताको फाईलमा देखिएन । आ.ब. २०७४।७५ मा सम्पत्तीको जम्मा मूल्याङ्कन रु.६२,११,२२,९०२।०० हुनुपर्नेमा रु.६०,५८,३६,०१५।०० गणना गरेकोले घरजग्गा कर रकम गणना समेत फरक देखिन्छ भने आ.ब. २०७०।७१ मा लागेको कर रकममा १५% थप गर्दा हुने रकममा १०% छुट गरी रु.४५,११,१५७।२४ र आ.ब. २०७३।७४ को नपुग घरजग्गा कर रकम रु.६,५३,७९०।९० समेत रु.५१,६४,९४८।०० घरजग्गा कर वापत मिति २०७४।०६।३१ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७४।७५ को बहाल आय</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | रु.१४,३२,९२,१३०।०० स्वघोषणा गरी २% ले हुने रकम रु.२८,६५,८४२।६० मध्ये रु.२२,५६,४७७।४० बहाल कर मिति २०७५।०३।२६ मा रसिद नं. ४९१०५७ बाट असुल गरेको देखिन्छ तर बाँकी रु.६,०९,३६५।२० तथा १०% ले हुने रु.१,४३,२९,२१३।०० समेत असुल गर्नु पर्ने देखिएको रु. | १४९३८,५७८.२० |
| २६१. | **गोपाल मित्तल :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।०३ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.८,०५०।०० मिति २०७५।०२।१६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.१४,३०,६७६।०० स्वघोषणा गरी २% ले हुने रकम रु.२८,६१४।०० मिति २०७५।०२।१६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ भने आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २६२. | **के.जे. एण्ड सन्स प्रा.लि. :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।११ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१४,१७६।५८ मिति २०७५।०३।१७ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७२।७३ को बहाल आय रु.३०,७७,१००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट घटाई बाँकी रकम रु.५५,३८७।८० मिति २०७२।०४।३२ मा असुल गरेको रसिद फाईलमा संलग्न देखिएन । आ.ब. २०७३।७४ को बहाल आय रु.२६,९१,४८०।०० स्वघोषणा गरी २% ले हुने रकम रु.५३,८३०।०० मिति २०७५।०३।१७ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ भने आ.ब.२०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २६३. | **पूर्णकेशरी तुलाधर :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।१३ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१,२०९।०० मिति २०७४।०६।२६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.२४,००,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट रकम घटाई रु.४३,२००।०० मिति २०७३।०६।१६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ भने आ.ब.२०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २६४. | **सागरमान तुलाधर समेत २ :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०६।१३ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१,३८३।०० मिति २०७४।०६।२६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २६५. | **निर्मल ज्योती तुलाधर :-** आ.ब. २०७३।७४ को घरजग्गा कर वापत रु.५४,४०९।९५ मिति २०७३।०६।३० मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.६०,४५६।०० मिति २०७५।०३।३१ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.३३,८८,०००।०० स्वघोषणा गरी २% ले हुने रकम रु.६७,७६०।०० मिति २०७३।०७।०१ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ भने आ.ब. २०७४।७५ को बहाल कर रु.१,४३,०९३।०० ए एण्ड के ईन्टरप्राईजेजले मिति २०७५।०३।३१ मा दाखिला गरेको देखिन्छ तर बहाल आय स्वघोषणा नगरेकोले बहाल आय यकिन भएन, बहाल कर निर्धारण गरेको देखिएन । आ.ब. २०७३।७४ को घरजग्गा कर रु.८७,५७०।९९ र आ.ब. २०७४।७५ को घरजग्गा कर रु.९७,३०१।१० हुनुपर्नेमा नपुग रकम असुल गर्नु पर्ने देखिएको रु. | ७०,००६.१४ |
| २६६. | **कैलाश विकास बैंक लि. (घरधनीः रमेश मान श्रेष्ठ) :-** आ.ब. २०७४।७५ को बहाल भुक्तानी रु.४८,१६,२००।०० को २% ले हुने रकम रु.९६,३२४।०० रसिद नं. ४८८९४९ बाट म्यानुअल गणना गरी असुल गरेको देखिन्छ भने १०% ले हुने बहाल कर असुल गर्नु पर्ने देखिएको रु | ४८१,६२०.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २६७. | **जे एण्ड जे सिल्वर हाउस प्रा.लि. (घरधनीः केशव राज शर्मा)** :<br>३ बर्षको व्यवसाय कर असुल गरेको देखिए तापनि व्यवसाय दर्ता प्रमाणपत्रहरु संलग्न देखिएन । आ.ब. २०७४।७५ को बहाल भुक्तानी रु.३१,६५,०००।०० को १०% ले हुने रकम रु.३,१६,५००।०० मध्ये रु.१,५९,०००।०० म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बाँकी बहाल कर रकम रु.१,५७,५००।०० आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको भौचर संलग्न नदेखिएकोले उक्त दाखिला प्रमाण पेश गर्नु पर्ने रु. | १५७,५००.०० |
| २६८. | **केशव राज शर्मा :-** आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१७,५२२।०० मिति २०७५।०२।१४ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.६०,००,०००।०० स्वघोषणा गरी २% ले हुने रकम रु.१,२०,०००।०० मिति २०७५।०२।१४ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ भने आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा गरेको देखिएन । जय श्रीकृष्ण ज्वेलर्स र जे एण्ड जे सिल्वर हाउस प्रा.लि. ले बहाल भुक्तानी देखाएको जम्मा रकम रु.६३,३०,०००।०० को २% ले हुने बहाल कर वापत असुल गर्नु पर्ने देखिएको रु. | १२६,६००.०० |
| २६९. | **जय मातादी गोल्ड प्यालेस (घरधनीः श्रीधर प्रसाद शर्मा) :-** आ.ब. २०७४।७५ को व्यवसाय कर रु.८,०००।०० मिति २०७५।०३।३२ मा असुल गरेको देखिन्छ । आ.ब. २०७४।७५ को बहाल भुक्तानी रु.६६,००,०००।०० को १०% ले हुने रकम रु.६,६०,०००।०० मध्ये रु.४,१२,५००।०० म्यानुअल गणना गरी रसिद नं. ०६०७७३४ बाट असुल गरेको देखिन्छ । बाँकी बहाल कर रकम रु.२,४७,५००।०० आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको भौचर संलग्न नदेखिएकोले दाखिला यकिन भएन । बहाल सम्झौता संलग्न देखिएन । रु.६६,००,०००।०० को २% ले हुने असुल गर्नु पर्ने देखिएको रु. | १३२,०००.०० |
| २७०. | **जय मातादी सिल्भर प्यालेस (घरधनीः पवन कुमार अग्रवाल) :-** ३ बर्षको व्यवसाय कर असुल गरेको देखिए तापनि व्यवसाय दर्ता प्रमाणपत्रहरु संलग्न देखिएन । आ.ब. २०७४।७५ को बहाल भुक्तानी रु.१४,१९,०००।०० को १०% ले हुने रकम रु.१,४१,९००।०० म्यानुअल गणना गरी रसिद नं. ०६०७७३६ बाट असुल गरेको देखिन्छ । बहाल सम्झौता संलग्न देखिएन । रु.१४,१९,०००।०० को २% ले हुने असुल गर्नु पर्ने देखिएको रु. | २८,३८०.०० |
| २७१. | **२५ नं. वडा कार्यालय, मासागल्ली**<br>**नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**मोहम्मद जाविर अन्सारी :-** आ.ब. २०७०।७१ देखि आ.ब. २०७३।७४ सम्मको घरजग्गा कर मिति २०७३।०७।०७ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत आ.ब. २०७१।७२ को घरजग्गा करमा १५% थप समेत रु.२,९८३।०० मिति २०७४।०९।१२ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७१।७२ को घरजग्गा कर निर्धारण आदेश संलग्न नदेखिएकोले कर गणना यकिन भएन । आ.ब. २०७३।७४ मा बहाल आय मासिक रु.२,००,०००।०० ले बार्षिक रु.२४,००,०००।०० स्वघोषणा गरेकोमा २% ले रु.४८,०००।०० वहाल कर हुनुपर्नेमा रु.४,८००।०० मात्र बहाल कर वापत मिति २०७३।०७।०७ मा असुल गरेको र आ.ब. २०७४।७५ को बहाल आय मासिक रु.२,००,०००।०० ले बार्षिक रु.२४,००,०००।०० स्वघोषणा गरेकोमा १२% ले रु.२,८८,०००।०० वहाल कर हुनुपर्नेमा रु.२४,०००।०० मात्र बहाल कर वापत मिति २०७४।९।१२ मा असुल गरेको देखिन्छ । नपुग बहाल कर वापत असुल गर्नुपर्ने देखिएको रु. | २८५,६००.०० |
| २७२. | **साविर अन्सारी :-** मिति २०६६।०५।०२ मा भवन निर्माण ईजाजत प्राप्त गरेकोमा आ.ब. २०६८।६९ देखि आ.ब. २०७३।७४ सम्मको घरजग्गा कर असुल भएको देखिएन । आ.ब. २०७४।७५ को सम्पत्तीको जम्मा मूल्याङ्कन रु.१,७४,०१,१३०।३१ को घरजग्गा कर वापत रु.३६,१०३।३९ हुनुपर्नेमा रु.३,२६०।०० मिति २०७५।०८।२५ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ मा बहाल आय स्वघोषणा गरेको नदेखिएको बक्यौता कर | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | यकिन भएन । आ.ब. २०७४।७५ को बहाल आय रु.१,२५,०००।०० स्वघोषणा गरी १२% ले रु.१५,०००।०० वहाल कर वापत मिति २०७५।०८।२५ मा असुल गरेको देखिन्छ । | |
| २७३. | **श्याम सुन्दर मल्ल. :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०५।२३ मा असुल गरेको रसिद संलग्न देखिएन । आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१,७२८।०० मिति २०७४।०७।२६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ मा बहाल आय स्वघोषणा गरेको नदेखिएको बक्यौता कर यकिन भएन भने आ.ब. २०७४।७५ मा बहाल आय स्वघोषणा गरेको देखिन्छ । | |
| २७४. | **मोहमद जाविर अन्सारी र साविर अन्सारी.:-** मिति २०७३।१२।०५ मा कित्ता नं. १२७७ को क्षेत्रफल ०-१-०-० भएको घरजग्गा रु.७५,००,०००।०० मा खरिद गरी आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.८,०५०।०० हुनुपर्नेमा रु.६,२५०।०० म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ मा बहाल आय स्वघोषणा गरेको नदेखिएको बक्यौता कर यकिन भएन भने आ.ब. २०७४।७५ मा बहाल आय नभएको स्वघोषणा गरेको देखिन्छ । नपुग घरजग्गा कर असुल गर्नु पर्ने देखिएको रु. | १,८००.०० |
| २७५. | **२७ नं. वडा कार्यालय, महाबौद्ध**<br>**नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**रवि राणा र रक्षा राणा (खाँड) :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०५।०६ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.५८,१९२।०० मिति २०७४।०४।२५ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७२।७३ मा बहाल आय रु.३,६०,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट रकम घटाई बाँकी रु.६,४८०।०० वहाल कर वापत असुल गरिसकेकोमा आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २७६. | **राजी राणा :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०४।०७ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.२,३६,८४६।०० मिति २०७४।०४।२५ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २७७. | **प्रभु शमशेर ज.ब.रा. :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०५।०६ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.२,६८,७९७।०० मिति २०७४।०४।२५ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७२।७३ मा बहाल आय रु.८८,२०,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट रकम घटाई बाँकी रु.१,५८,७६०।०० बहाल कर वापत मिति २०७२।०४।१८ मा तथा आ.ब. २०७३।७४ मा बहाल आय रु.९२,७०,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट रकम घटाई बाँकी रु.१,६६,८६०।०० बहाल कर वापत मिति २०७३।०४।०७ मा भुक्तानी गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय स्वघोषणा स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २७८. | **डा. रुप ज्योति :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०९।२४ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.४,३२,२२६।०० मिति २०७४।०६।२४ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २७९. | **२८ नं. वडा कार्यालय, पुरानो बसपार्क**<br>**आन्तरीक लेखापरीक्षण बेरुजु :-** आन्तरीक लेखापरीक्षण प्रतिवेदनले देखाएका असुल गर्नुपर्ने बेरुजु रकमहरु असुल गर्न बाँकी देखिएको रकम असूल गर्नुपर्ने रु. | १,९८५.०० |
| २८०. | **लेखापरीक्षण प्रतिवेदन २०७३।७४ :-** लेखापरीक्षण प्रतिवेदन २०७३।७४ नं.२१०.१ अनुसार रु.५८,८१,१२७।००, नं.२१०.२ अनुसार रु.१,२२,२५६।००, नं.२१०.३ अनुसार रु.४,४४०।००, | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | नं.२१०.४ अनुसार, नं.२१०.५ अनुसार रु.१९,०४,८८७०० असुल गर्नुपर्ने बेरुजु रकमहरु असुल गर्न बाँकी देखिएको बक्यौता यकिन नभएको लगायत असूल गर्नुपर्ने रु. | ७,९१२,७१०.०० |
| २८१. | **२९ नं. वडा कार्यालय, डिल्लीबजार**<br>**लेखापरीक्षण प्रतिवेदन २०७३।७४ :-** लेखापरीक्षण प्रतिवेदन २०७३।७४ नं. २१९ ले देखाएको पेश्की खातामा उपभोक्ता समुह नाम नखुलेका आ.ब. २०७२।७३ को अल्या रु.८,५६,०७०।०० खातामा मात्र देखिएको तर बैंङ्क बिबरण (स्टेटमेन्ट) मा नदेखिएकोले उक्त रकम हिसाब मिलान गर्नुपर्ने रु. | ८५६,०७०.०० |
| २८२. | **नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**गौरीनाथ रिमाल :-** आ.ब. २०७३।७४ सम्मको घरजग्गा कर मिति २०७३।०४।०५ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१,७४,७१९।०० मिति २०७४।०४।०६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.७६,२८,४००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट घटाई बाँकी हुने रकम रु.१,३७,३११।०० मिति २०७३।०४।०५ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय रु.२२,३२,०००।०० स्वघोषणा गरेकामा १०% ले हुने बहाल कर रकम भाडावाला स्वयंले तिर्ने बुझाउने निवेदनमा उल्लेख गरी २% ले हुने रकम बहाल कर वापत म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । करदाताको स्वघोषणाको अलावा माछापुच्छ्रे बैंक लि. ले आ.ब. २०७४।७५ को बहाल रकम रु.१४,७०,०००।०० मा १०% ले रु.१,४७,०००।०० बहाल कर भुक्तानी गरेको देखिन्छ । त्यस्तै अफिस ट्रेड लिंकले आ.ब. २०७४।७५ को बहाल रकम रु.२,८८,०००।०० मा २% ले रु.५,७६०।०० बहाल कर भुक्तानी गरेको देखिन्छ । कम दाखिला गरिएको बहाल कर वापत असुल गर्नु पर्ने देखिएको जम्मा रु. | २८१,४००.०० |
| २८३. | **चन्द्र बहादुर कार्की :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०७।०७ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१,०२,०४९।०० मिति २०७५।०३।१९ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । घरजग्गा कर रु.१,०२,२४९।०० हुनुपर्नेमा रु.१,०२,०४९।०० मात्र असुल भएकोले २ बर्षको नपुग रु.४००।०० असुल गर्नुपर्ने देखिन्छ । मिति २०७३।०४।०१ को संलग्न सम्झौता अनुसार २०७३ श्रावण १ देखि मासिक रु.४,००,०००।०० बहाल रकम कायम गरेको देखिएकोले आ.ब. २०७३।७४ को बहाल रकम रु.४८,००,०००।०० मा २% ले हुने रकम रु.९६,०००।०० असुल गर्न बाँकी देखिन्छ । आ.ब. २०७४।७५ को बहाल आय रु.४८,००,०००।०० स्वघोषणा गरी १२% ले हुने रकम रु.५,७६,०००।०० बहाल कर वापत मिति २०७५।०३।१९ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । असुल गर्नु पर्ने देखिएको रु. | ९६,४००.०० |
| २८४. | **सिल्भर भ्याली डेभलपर्स प्रा.लि. :-** आ.ब. २०७३।७४ को घरजग्गा कर रु.१३,९२,५५१।६३ समेत आ.ब. २०७०।७१ देखि आ.ब. २०७३।७४ सम्मको घरजग्गा कर म्यानुअल गणना गरी मिति २०७४।०३।२७ मा असुल गरेको रसिद फाईलमा संलग्न देखिएन । आ.ब. २०७४।७५ को घरजग्गा कर मिति २०७५।०३।३२ सम्म असुल गरेको देखिएन । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २८५. | **बल्लभी न्यौपाने :-** आ.ब. २०७३।७४ को घरजग्गा कर रु.१०,८४७।०० मिति २०७३।०६।१० मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर मिति २०७५।०३।३२ सम्म असुल गरेको देखिएन । आ.ब.२०७३।७४ को बहाल आय रु.७२,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% छुट घटाई बाँकी हुने रकम रु.१,२९६।०० मिति २०७३।०६।१० मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय मिति २०७५।०३।३२ सम्म स्वघोषणा गरेको नदेखिएकोले | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>बक्यौता कर यकिन भएन ।</td><td></td></tr>
<tr><td>२८६.</td><td>घृति भट्ट :- कित्ता नं. २८०४ र २८०६ को घरजग्गा मिति २०७३।०९।२४ मा रु.२,१०,४६,०००।०० मा खरिद गरी आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.४८,०८४।०० मिति २०७५।०३।१९ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ तर मिति २०६८।०१।०६ मा रु.२८,००,०००।०० मा खरिद गरिएको कित्ता नं. ३१०९ र ३१०७ को घरजग्गाको आ.ब. २०६८।६९ देखि नै घरजग्गा कर मिति २०७५।०३।३२ सम्म पनि असुल गरेको नदेखिएको बक्यौता कर यकिन भएन ।</td><td></td></tr>
<tr><td>२८७.</td><td>आम्दानी रसिदको प्रयोग :- ३० नं. वडा कार्यालयले राजश्व सफ्टवेयर (ई-विलिङ्ग)को प्रयोग गरी काटिएको आम्दानी रसिदमा भएको करदाताको गलत नाम प्रविष्टीलाई कुनै आधिकारिक स्विकृति (सदर) विना नै धेरै समयपछि समेत सच्याएको (बिल नं. ०६७१३८१ मिति २०७५।०६।२८ मा रिलायवल नेपाल लाईफ इन्स्योरेन्स कं. लि.को नाममा आम्दानी रसिद काटिएकोमा मिति २०७५।१०।२६ मा सच्याईएको) देखिएकोले राजश्व सफ्टवेयर (ई-विलिङ्ग) प्रणाली नै भरपर्दो नभएको देखिन्छ । करटोलीबाट भएको आम्दानीलाई राजश्व सफ्टवेयर (ई-विलिङ्ग) मा प्रविष्ट नगरेको कारणबाट सफ्टवेयर प्रणालीले देखाउने आयको तथ्याङ्कहरुमा फरक देखिएका उदाहरणहरु :
<table>
<tr><th>भौ. नं.</th><th>मिति</th><th>भौचर रकम</th><th>बैंक जम्मा</th><th>दैनिक रसिद दाखिला फाराम जम्मा</th><th>विविध आयको दैनिक संकलन किताब (आवर्जे) जम्मा</th></tr>
<tr><td>२७१</td><td>२०७५-०३-०५</td><td>३८,६१५।००</td><td>३८,६१५।००</td><td>३६,३०५।००</td><td>३६,३०५।००</td></tr>
<tr><td>२७२</td><td>२०७५-०३-०६</td><td>१,४९,९१९।००</td><td>१,४९,९१९।००</td><td>१,३६,०६९।००</td><td>१,३६,०६९।००</td></tr>
<tr><td>२७३</td><td>२०७५-०३-०७</td><td>१,५९,०८८।००</td><td>१,५९,०८८।००</td><td>९९,५१८।००</td><td>९९,५१८।००</td></tr>
<tr><td>२७६</td><td>२०७५-०३-११</td><td>१०,८९,१०७।००</td><td>१०,८९,१०७।००</td><td>९,३४,७६९।००</td><td>९,३४,७६९।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८८.</td><td>नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :<br>गोपाल जी प्रोपर्टिज प्रा.लि. (सिटी सेन्टर, कमलपोखरी) :- आ.ब. २०६८।६९ सम्मको घरजग्गा कर वापत रु.१३,६६,४१९।३० मिति २०६९।०३।२६ मा असुल गरिसकेकोमा आ.ब. २०६९।७० देखि आ.ब. २०७४।७५ सम्मको घरजग्गा कर अनुमानित रकम रु.९४,५५,२५९।०० असुल गर्न बाँकी देखिन्छ । आ.ब. २०६८।६९ देखि नै बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता बहाल कर यकिन भएन । घरजग्गा कर वापत असुल गर्नु पर्ने देखिएको रु.</td><td>९,४५५,२५९.००</td></tr>
<tr><td>२८९.</td><td>स्टार मल :- ३० नं. वडा कार्यालयको क्षेत्रभित्र पर्ने पुतलीसडक स्थित स्टार मल हालसम्म पनि वडामा दर्ता हुन आएको नदेखिएकोले घरजग्गा कर, बहाल कर, व्यवसाय कर लगायत वडा कार्यालयले असुल गर्नु पर्ने सम्पूर्ण कर रकमहरु बक्यौता गणना गरी असुल उपर गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९०.</td><td>भोजन गृह :- मिति २०६१।०१।१८ देखि विभिन्न मितिहरुमा पटक-पटक घरजग्गाहरु खरिद गरेकोमा आ.ब. २०६०।६१ देखि आ.ब. २०७४।७५ सम्मको घरजग्गा कर वापत रु.७,५८,६८५।०० मिति २०७५।०३।२६ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन ।</td><td></td></tr>
<tr><td>२९१.</td><td>गिता क्षेत्री :- आ.ब. २०७०।७१ को घरजग्गा कर वापत रु.२,११०।०० मिति २०७१।०२।२९ मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७१।७२ देखिको घरजग्गा कर असुल गर्न बाँकी देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन ।</td><td></td></tr>
<tr><td>२९२.</td><td>उत्तम नाथ उप्रेती :- आ.ब. २०६६।६७ को घरजग्गा कर रु.२,२३,८२६।१७ समेत जम्मा रु.४,४९,१७९।३१ मिति २०६६।११।२३ मा म्यानुअल गणना गरी रसिद नं. ७५१३१५ बाट असुल गरिसकेकोमा आ.ब. २०६७।६८ देखिको घरजग्गा कर असुल गर्न बाँकी देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २९३. | **नेपाल इन्भेष्टमेन्ट बैंङ्क लि. :-** आ.ब. २०७३।७४ को घरजग्गा कर रु.५५,०५,६६१।४५ मिति २०७३।०६।१९ मा र एस डेभलपमेन्ट बैंङ्क लि.बाट रु.१,१५,८७१।०० मिति २०७३।०९।०६ मा म्यानुअल गणना गरी असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.२२,११,२४६।९५ मिति २०७४।०७।१६ मा केन्द्रबाट एकमुष्ट म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । सम्पत्तीको मूल्याङ्कन गर्दा एस डेभलपमेन्ट बैंङ्क लि.बाट आएको घरको क्षेत्रफल १४,९०२ र ४,५४७.४१ गरी जम्मा १९,४४९।४१ वर्ग फिट हुनुपर्नेमा ५,४७७.२३ वर्ग फिट मात्र राखी गणना गरिएकोले मूल्याङ्कन रु.६५,३९,७२,६५९।१४ हुनुपर्नेमा रु.६२,३२,३२,४८५।६० मात्र भई घरजग्गा कर रकम रु.२५,७९,७९०।६४ हुनुपर्नेमा रु.२२,११,२४६।९५ मात्र असुल भएको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । नपुग घरजग्गा कर वापत असुल गर्नु पर्ने देखिएको रु. | ३६८,५४३.६९ |
| २९४. | **रिन्की कुमारी जटिया :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०९।२० मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.६४,०३६।०० मिति २०७५।०३।१७ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.४२,९०,०००।०० स्वघोषणा गरी २% ले हुने रकममा १०% ले छुट घटाई रु.७७,२२०।०० बहाल कर वापत असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को बहाल आय रु.४२,९०,०००।०० नै स्वघोषणा गरी १२% ले हुने रकम रु.५,१४,८००।०० मध्ये आन्तरीक राजश्व कार्यालय, काठमाण्डौं १ मा दाखिला गरेको रकम रु.२,८६,०००।०० घटाई बाँकी रकम रु.२,२८,८००।०० बहाल कर वापत मिति २०७५।०३।१७ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आन्तरीक राजश्व कार्यालय, काठमाण्डौं १ मा International School of Tourism & Hotel Management ले दाखिला गरेको भौचरहरु ०३५५४८०० र ०४९२७३८३ बाट जम्मा रु.६,३५,५५२।०० दाखिला गरेको देखिएकोले रु.२,८६,०००।०० को E-TDS Verified छायाँप्रति संलग्न नभएको रु. | २८६,०००.०० |
| २९५. | **ग्यालेक्सी पब्लिक स्कूल प्रा.लि. :-** आ.ब. २०७२।७३ को घरजग्गा कर वापत रु.५,७५,९८५।०० मिति २०७२।११।०२ मा असुल गरिसकेको (रसिद संलग्न नभएको) मा आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को घरजग्गा कर वापत जम्मा रकम रु.१३,५३,३७०।०० मिति २०७४।०६।२९ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७४।७५ को घरजग्गा कर रु.११,३३,२९९।०० हुनुपर्नेमा रु.११,२९,२९९।०० मात्र असुल भएको देखिन्छ । आ.ब. २०७४।७५ मा ०-६-१-० क्षेत्रफलको कित्ता नं. १२५६ बिक्री भएको स्वघोषणाको आधारमा घरजग्गा कर निर्धारण गरेको देखिन्छ तर बिक्री सम्बन्धी कागजात फाईलमा संलग्न नदेखिएकोले कर गणना यकिन भएन । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । नपुग घरजग्गा कर असुल गर्नु पर्ने देखिएको रु. | ४,०००.०० |
| २९६. | **३१ नं. वडा कार्यालय, भिमसेनगोला**<br>**आन्तरीक लेखापरीक्षण बेरुजु :-** आन्तरीक लेखापरीक्षण प्रतिवेदनले देखाएका असुल गर्नुपर्ने बेरुजु रकमहरु असुल गर्न बाँकी देखिएको रु. | ३६३.१७ |
| २९७. | **नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाता फाईलहरु :**<br>**मेट कन्स्ट्रक्सन प्रा.लि. :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७३।०४।०१ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.२४,३९०।०० मिति २०७४।०६।२३ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । | |
| २९८. | **जमुना श्रेष्ठ :-** आ.ब. २०७३।७४ को घरजग्गा कर मिति २०७४।०२।०३ मा असुल गरिसकेकोमा आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१४,५७७।०० मिति २०७५।०२।२८ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>बहाल आय स्वघोषणा गरेको नदेखिएकोले बक्यौता कर यकिन भएन । आ.ब. २०७४।७५ को बहाल आय रु.७२,७७,७७७।८३ स्वघोषणा गरी २% ले हुने रकम रु.१,४५,५५५।५६ बहाल कर वापत मिति २०७५।०२।२८ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । रु.७२,७७,७७७।८३ को १०% ले हुने रकम रु.७,२७,७७७।७८ मध्ये आन्तरीक राजश्व कार्यालय, काठमाण्डौं-१ मा रु. ५,५५,५५०।०० दाखिला गरेको भौचर संलग्न देखिएकोले बाँकी असुल गर्नु पर्ने देखिएको रु.</td><td>१७२,२२७.७८</td></tr>
<tr><td>२९९.</td><td>नेपाल हाउजिङ्ग कन्स्ट्रक्सन प्रा.लि. :- आ.ब. २०७२।७३ को घरजग्गा कर मिति २०७२।०६।२८ मा असुल गरिसकेकोमा आ.ब. २०७३।७४ र आ.ब. २०७४।७५ को घरजग्गा कर वापत रु.१३,८४,३०८।०० मिति २०७४।०९।१८ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । आ.ब. २०७३।७४ को बहाल आय रु.२,५९,०७,६९२।०० स्वघोषणा गरी २% ले हुने रकम रु.५,१८,१५४।०० र आ.ब. २०७४।७५ को बहाल आय रु.२,५९,०७,६९२।०० नै स्वघोषणा गरी १२% ले हुने रकम रु.३१,०८,९२३।०० मध्ये रु.५,१८,३१८।०० समेत रु.१०,३६,४७२।०० बहाल कर वापत मिति २०७४।०९।१८ मा म्यानुअल गणना गरी असुल गरेको देखिन्छ । सम्झौता संलग्न देखिएन । बाँकी असुल गर्नु पर्ने देखिएको रु.</td><td>२,५९०,६०५.००</td></tr>
<tr><td>३००.</td><td>वडा नं. ३२ पप्सीकोला काठमाडौं<br>घटी असूली :- प्रो गीता कुमारी कमचिर्यको जस्मिन अपार्टमेन्ट होटल प्रा.लि सुविधानगर काठमाडौंको बहाल कर (२०७४ चैत्र २०७५ अषाढ सम्मको) ६०,०००.०० को १० प्रतिशतले हुने रु. ६,०००.०० असूल गरेको देखियो । मासिक भाडा रु. १५,०००.०० ले २०७४ श्रावण देखि फाल्गुन सम्म ८ महिनाको रु. १,२०,०००.०० को १० प्रतिशतले हुने रकम असूल गर्नुपर्ने रु.</td><td>१२,०००.००</td></tr>
<tr><td>३०१.</td><td>घर बहाल :- घर धनी श्री अर्जुन पराजुली र अच्युत पराजुलीबाट घर जग्गा कर रु. ३,१८,९१०.०० असूल भएकोमो घर बहाल कर असूल भएको देखिएन ।</td><td></td></tr>
<tr><td>३०२.</td><td>कार्यालय :काठमाण्डौं महानगरपालिका, राजश्व शाखा, बबरमहल :<br>आय अनुमानमा संशोधन :- मिति २०७४ चैत्र २९ गते बसेको सभाको दोश्रो अधिवेशनले आर्थिक बर्ष २०७४।७५ को राजश्व तर्फको अनुमानलाई देहाय बमोजिम संशोधित गरेको देखिन्छ । आय अनुमानलाई ९० प्रतिशतसम्म संशोधन गर्नु परे बाट आय अनुमान वस्तुपरक हुन सकेको देखिएन । आय प्रक्षेपणलाई वस्तुपरक तथा यथार्थपरक बनाउर्ने तर्फ ध्यान दिनु जरुरी देखिन्छ ।
<table>
<tr><th>सि.नं</th><th>लेखा शिर्षक</th><th>अनुमानित लक्ष्य</th><th>संशोधित लक्ष्य</th><th>फरक प्रतिशत</th></tr>
<tr><td>१</td><td>घरजग्गा कर</td><td>१,५००,०००,०००</td><td>१,०००,०००,०००</td><td>६७</td></tr>
<tr><td>२</td><td>सवारी कर</td><td>२००,०००,०००</td><td>२०,०००,०००</td><td>१०</td></tr>
<tr><td>३</td><td>विज्ञापन कर</td><td>१५०,०००,०००</td><td>१००,०००,०००</td><td>६७</td></tr>
<tr><td>४</td><td>व्यवसाय कर</td><td>५००,०००,०००</td><td>२००,०००,०००</td><td>४०</td></tr>
<tr><td>५</td><td>सिफारिस दस्तुर</td><td>५०,०००,०००</td><td>८०,०००,०००</td><td>१६०</td></tr>
<tr><td>६</td><td>नेपाल सरकारबाट सशर्त अनुदान</td><td>६४४,३८०,०००</td><td>८३५,७८०,०००</td><td>१३०</td></tr>
<tr><td>७</td><td>समुदाय विकास सामाजिक सुरक्षा भत्ता</td><td>०</td><td>७८५,०००,०००</td><td></td></tr>
<tr><td>८</td><td>संघ सस्था कार्यक्रम अनुदान</td><td>०</td><td>२३,६००,०००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३,०४४,३८०,०००</td><td>३,०४४,३८०,०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३०३.</td><td>राजश्व प्रक्षेपण तर शुन्य आय :- महानगरपालिकाले आर्थिक बर्ष २०७४।७५ मा देहायका राजस्व शिर्षकमा देहाय बमोजिम आय प्राप्त गर्ने अनुमान गरेकोमा वास्तविक आय शुन्य भएको देखिन्छ । प्रक्षेपित आयमा लक्ष्य प्राप्ती शुन्य देखिनुबाट राजश्व प्रक्षेपण आधाररहित ढंगबाट गरिएको बुझिन आउँछ । आय प्रक्षेपणलाई तथ्याङ्क तथा भावी कार्ययोजनासँग यथार्थपरक बनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| राजश्व श्रोत | बार्षिक अनमान | वास्तविक आय | वास्तविक आय प्रतिशत |
|---|---|---|---|
| मनोरञ्जन कर | ५०,००,००० | | ० |
| केवल अपरेटर | २५,००,००० | | ० |
| शौचालय शूल्क | ८०,००० | | ० |
| नीजि क्षेत्र सशूल्क पार्किग शुल्क | २,००,००० | | ० |
| मेट्रो एफ एम बिज्ञापन | २५,००० | | ० |
| मालसामान लिलाम | १,००,००,००० | | ० |
| धरौटी जफत | १०,००,००० | | ० |
| नेपाल सरकार अनूदान समानीकरण | १,२४,३३,७४,००० | | ० |
| नेपाल सरकार अनूदान सशर्त | १,६४,४३,८०,००० | | ० |
| सडक बोर्ड | ३,००,००,००० | | ० |
| अन्य निकाय सहभागिता | ६०,००,००० | | ० |
| निजि क्षेत्र सहभागिता | ३,००,००,००० | | ० |
| भगिनी सम्वन्ध नगरबाट अनूदान | ६,००,००,००० | | ० |
| अन्य करार आय (हाम्रो काठमाडौं नेपाल मण्डल) | ५,५१,१०२ | | ० |
| अन्य करार आय (पूरानो बसपार्क ट्रेड टावर) | ९८,३३,३३३ | | ० |

३०४. **प्रक्षेपण नगरिएको राजश्व आय :-** महानगरपालिकाले आर्थिक बर्ष २०७४।७५ मा देहायका राजस्व शिर्षकमा आय प्राप्त गर्ने अनुमान नगरिएकोमा आय भएको देखिन्छ । आगामी बर्षमा हुनसक्ने आयको अनुमान गर्न महानगरपालिकाले ध्यान पुर्‍याउन नसकेको देखिन्छ । आय प्रक्षेपणलाई प्रभावकारी र यथार्थपरक तुल्याउनु पर्दछ ।

| राजश्व श्रोत | बार्षिक अनूमान | वास्तविक आय |
|---|---|---|
| अन्य शूल्क/दस्तूर (क) शिक्षाको | | ४१,६८,५४१ |
| घर नम्वर प्लेट | | ६,८७५ |
| पूरानो पेश्की असूली | | ११,०८,८४७ |

३०५. **राजश्वको अनुमान र प्राप्ती :-** महानगरपालिकाले आर्थिक बर्ष २०७४।७५ मा देहायका राजश्व शिर्षकमा देहाय अनुसारको आय प्राप्त गर्ने अनुमान गरेकोमा देहाय वमोजिमका वास्तविक आय गरेको देखिन्छ । अनुमान गरेको आयको ०.३४ प्रतिशत देखि २२० प्रतिशतसम्म वास्तविक आय भएको पाईएकोले राजश्व आयको प्रक्षेपण वस्तुपरक, तथ्याङ्कमा आधारित नभई आयको अनुमान गरेको देखिन्छ । राजश्व लगत र आयलाई प्रक्षेपणमुखी एवं दायरामुखी बनाउन नसकेको कारण प्रक्षेपित आयको ५२ प्रतिशत मात्र वास्तविक आय भएको देखिन्छ । राजस्व प्राप्तीको अनुगमन गरी तथ्याङ्क, लगत अद्यावधिक एवम् व्यवस्थित गराई राजस्व अनुमान र प्राप्तीबीच समन्वय ल्याउन तत्काल कार्ययोजना समेत बनाउनुपर्ने देखिएको छ ।

| राजश्व श्रोत | बार्षिक अनमान | वास्तविक आय | वास्तविक आय प्रतिशत |
|---|---|---|---|
| मालपोत | १,००,००,००० | १,१०,३०,०८९ | ११० |
| घरजग्गा कर | १,००,००,००,००० | ५७,५९,७८,२७६ | ५८ |
| घरबहाल कर | २,००,००,००,००० | ५६,३५,०८,२७५ | २८ |
| सवारीकर | २,००,००,००० | ३१,०९,७६५ | १६ |
| विज्ञापन कर | १०,००,००,००० | १०,९४,८६,०७९ | १०९ |
| व्यवसाय कर | २०,००,००,००० | १०,०५,९३,२४६ | ५० |
| बसपार्क प्रवेश शूल्क | ५०,००,००० | ४०,४०,८६० | ८१ |
| सम्पत्ति मूल्यांकन | ५,००,००० | ६,३८,३४० | १२८ |
| नक्सा पास | ५०,००,००,००० | ३१,९५,७७,३७८ | ६४ |
| डिजाइनर शूल्क | २०,००,००० | ७,९४,००० | ४० |
| सूचिकरण शूल्क | २५,००,००० | २४,४५,००० | ९८ |
| अकूपन्चर शूल्क | ५०,००० | ३७,८०० | ७६ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | रकम |
|---|---|---|---|---|---|
| | बालाजू बाइसधारा शूल्क | २,००,००,००० | ७८,१९,५०९ | ३९ | |
| | प्रकोप व्यवस्थापन शूल्क | ९८,५६,००० | १,००,६२,२१२ | १०२ | |
| | रत्नपार्क प्रबेश शूल्क | १,१०,००,००० | १,२७,२६,५२० | ११६ | |
| | सब वे | २५,००,००० | ५४,४०१ | २ | |
| | औजार उपकरण भाडा | ४०,००० | ३६,४०० | ९१ | |
| | अन्य बहाल | १६,००,००० | १३,१८,४२० | ८२ | |
| | हलभाडा | १,००,००,००० | १,२३,९१,००० | १२४ | |
| | मेट्रो एफ एम कार्यक्रम संचालन | २५,००० | ८,५०० | ३४ | |
| | बैंकबाट ब्याज | १,५०,००,००० | ३,०२,११,५४४ | २०१ | |
| | निवेदन दस्तूर | ५०,००० | १,७३,०८० | ३४६ | |
| | दर्ता दस्तूर | १०,००० | ३,७०० | ३७ | |
| | टेन्डर/अन्य फारम | ३५,००,००० | ३४,६३,६०० | ९९ | |
| | नक्सा फारम | २७,००,००० | ३३,७९,००० | १२५ | |
| | सिफारिस दस्तूर | ८,००,००,००० | ८,७७,३८,२८९ | ११० | |
| | अन्य शूल्क/दस्तूर | १,००,००,००० | ९३,१२,१३५ | ९३ | |
| | पर्यटन शूल्क दस्तुर | २२,२५,००,००० | १७,३५,८८,३७४ | ७८ | |
| | डिस्पोजल दस्तूर वातावरणिय अन्यसेवाबाट आय | २,००,००,००० | १,६१,७२,९५० | ८१ | |
| | कम्पोष्ट बिक्रि विन तथा मल बिक्रि | २०,००,००० | १३,५६,६०० | ६८ | |
| | अदालती दस्तूर | २५,००० | ४०,४२५ | १६२ | |
| | अन्य जरिवाना | २,००,००,००० | १,३८,१८,९६६ | ६९ | |
| | नक्सा नियमित र जरिवाना | ५०,००,००० | ४९,८७,९५० | १०० | |
| | राजश्व बांडफांड | १,००,००,००,००० | १२,२१,६८,४९४ | १२ | |
| | नेपाल सरकारबाट अन्य अनुदान | १,८०,८७,००,००० | ३,०२,७५,८४,८२० | १६७ | |
| | उपभोक्ता समूह जनसहभागिता | ६,००,००,००० | ३,६९,८५,०३८ | ६२ | |
| | करार आय स:शुल्क पार्किंग | ५,००,००,००० | १,७१,८४६ | ०.३४ | |
| | करार आय नयांबूपार्क टर्मिनल ( लोत्से बहूउद्देशिय प्रा.लि) | ९३,००,००० | १,९९,५९,७०८ | २१५ | |
| | अन्य करार आय ( सिटी मार्केट) | १,३२,००,००० | १,१२,०७,४९२ | ८५ | |
| | अन्य करार आय धरहरा (साइड वार्कस प्रा.लि) | २७,००,००० | २०,००,००० | ७४ | |
| | अन्य करार आय आकाशेपूल ( इनोभेटिभ प्रा.लिं | २२,६६,००० | १०,००,००० | ४४ | |
| | अन्य करार आय (शहरी सेवाकेन्द्र खुलामञ्च) | २६,००,००० | २६,६५,००० | १०३ | |
| | अन्य करार आय (विर अ रत्नपार्क शौचालय) | १३,०६,००० | १३,३८,६५० | १०३ | |
| | अन्य करार आय (शहरी सेवाकेन्द्र रत्नपार्क) | ४७,००,००० | ४८,१७,५०० | १०३ | |
| | अन्य करार आय (त्रिपूरेश्वर ट्रलीबस काउन्टर) | ४,३६,००० | ४,९०,२३६ | ११२ | |
| | अन्य करार आय (शहरी सेवाकेन्द्र कोटेश्वर) | १,००,००० | २,२०,००० | २२० | |
| ३०६. | **एकीकृत सम्पत्ति कर वा घरजग्गा कर :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम महानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र एकीकृत सम्पत्ति कर वा घरजग्गा कर लगाउने, महानगरपालिकाले स्थानीय कानून बमोजिम मापदण्ड बनाई एकीकृत सम्पत्ति करमा छुट दिन सक्ने व्यवस्था छ । यो बर्ष महानगरपालिकाले महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा २ बमोजिम घरजग्गा कर वापत रु.५७,५९,७८,२७६।१६ आम्दानी गरेको देखिन्छ । घरजग्गा कर वापतको वास्तविक आम्दानी | | | | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | बार्षिक प्रक्षेपित आयको ५८ प्रतिशत मात्र भएको देखिन्छ । व्यक्तिगत आवश्यकताको आधारमा कर बुझाउन आउने सेवाग्राहीबाट **मात्र** घरजग्गा कर लिएको पाईयो । घरजग्गा कर वडास्तरमा सङ्कलन गर्ने गरेको देखिए तापनि घरजग्गा कर वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । महानगरपालिकाले घरजग्गा कर भुक्तानी गर्ने करदाताको छुट्टै बिबरण (लिष्ट) बनाएको देखिएन । महानगरपालिकाले उपलब्ध लगतको आधारमा घरजग्गा करको बक्यौता रकमको गणना गरेको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण घर र जग्गासहितको व्यक्तिगत सम्पत्तीको अनुगमन गरी लगत अद्यावधिक राखेको नदेखिएकोले अनुगमन गरी लगत अद्यावधिक गर्ने, घरजग्गा करको बक्यौता रकमको गणना गरी घरजग्गा कर बक्यौता रकम अद्यावधिक गर्ने, घरजग्गा कर भुक्तानीको लागि ताकेता, अनुगमन गर्ने, समयमा घरजग्गा कर भुक्तानी गर्नेलाई छुट तथा नगर्नेलाई अभिलेख जरीवाना लाग्ने व्यवस्था गरी समयमा नै घरजग्गा कर सङ्कलन गर्ने, घरजग्गा कर भुक्तानी गर्ने करदाताको तयार गर्ने आदि घरजग्गा करको व्यवस्थापन हुन नसकेको, घरजग्गा करको दायरा बढाउन नसकेको देखिएकोले घरजग्गाको लगत अद्यावधिक गर्ने तथा स्वतः कर, बक्यौता रकम गणना गर्न सक्ने सफ्टवेयर प्रयोगमा ल्याउन तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ३०७. | **भूमिकर (मालपोत) :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउने तर एकीकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर ( मालपोत) नलगाइने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ३ बमोजिम भूमिकर (मालपोत) वापत यो बर्ष रु.१,१०,३०,०८९।२३ आम्दानी गरेको देखिन्छ । मालपोत वापतको वास्तविक आय बार्षिक प्रक्षेपित आयको ११० प्रतिशत भएको देखिन्छ । महानगर वडास्तरमा मालपोत सङ्कलन गर्ने गरेको देखिए तापनि मालपोत वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । महानगरपालिकाले यो बर्ष मालपोत कर बुझाएका करदाताहरुको छुट्टै अभिलेख राखेको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण जग्गाको अनुगमन गरी लगत अद्यावधिक राखेको नदेखिएकोले अनुगमन गर्ने तथा लगत अद्यावधिक गर्ने तर्फ ध्यानाकर्षण गराईन्छ । | |
| ३०८. | **घरजग्गा बहाल कर :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम महानगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा महानगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ४ बमोजिम महानगरले बहाल कर वापत यो बर्ष रु.५६,३५,०८,२७५।३४ आम्दानी गरेको देखिन्छ । बहाल कर वापतको वास्तविक आय बार्षिक प्रक्षेपित आयको २८ प्रतिशत **मात्र असूल** भएको देखिन्छ । व्यक्तिगत आवश्यकताको आधारमा कर बुझाउन आउने सेवाग्राहीबाट **मात्र** बहाल कर लिएको पाईयो । बहाल कर वडास्तरमा सङ्कलन गर्ने गरेको देखिए तापनि बहाल कर वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । महानगरपालिकाले यो बर्ष बहाल कर बुझाएका करदाताहरुको छुट्टै बिबरण (लिष्ट) बनाएको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा लिए-दिएको सम्बन्धमा अनुगमन गरी त्यस्तो बहालको लगत अद्यावधिक गरी राखेको देखिएन अद्यावधिक तथ्याङ्कको आधारमा आय प्रक्षेपण गर्नुपर्ने, प्रक्षेपित आयको लक्ष्य प्राप्तिको लागि नियमित अनुगमन गरी घरजग्गा बहाल कर वापतको राजश्व सङ्कलनमा विशेष कार्ययोजना बनाउनु पर्ने तथा स्वतः कर, बक्यौता रकम गणना गर्न सक्ने सफ्टवेयरको प्रयोग गर्ने तर्फ महानगरपालिकाले ध्यान दिनु जरुरी छ । घरजग्गा कर दाखिला गर्दा बहाल आय भए-नभएको अनिवार्य स्वघोषणा गराएर समेत बहाल करको दायरा बढाउन सकिने तर्फ समेत | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ध्यान दिनु पर्ने देखिन्छ । | |
| ३०९. | **घर बहाल कर सङ्कलन :-** घर बहाल करलाई संविधानको अनुसूची ८ स्थानीय तहको अधिकारको सूचीको क्र.सं. ४ स्थानीय कर शिर्षकमा समावेश गरिएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछ भनी स्पष्ट व्याख्या गरेको छ । मन्त्रिपरिषद्को २०७४।१२।१२ को बैठकबाट भएको निर्णयले प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर सङ्कलन गर्ने सम्बन्धमा, प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा आयकर छुट दिने सम्बन्धमा, प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आय प्रमाणित गर्ने सम्बन्धमा थप स्पष्टता प्रदान गरेको देखिन्छ । यसै सन्दर्भमा आन्तरिक राजश्व विभागको मिति २०७४।१२।१९ च.नं. १०७ को घर बहाल कर दाखिला गर्ने सम्बन्धमा भएको परिपत्रानुसार निकायको हकमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा नै दाखिला गर्नु पर्ने व्यवस्था भएको भनी बहाल कर दाखिला गर्न महानगरपालिका क्षेत्रभित्रका करदाताहरुलाई सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट पत्राचार भएको पाईयो । संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ तथा मन्त्रिपरिषद्को मिति २०७४ चैत्र १२ गते बसेको बैठकबाट भएको निर्णयले घर बहाल कर स्थानीय तहको मात्र अधिकार क्षेत्रभित्र पर्ने प्रष्ट व्यवस्था भएकोमा आन्तरिक राजश्व विभागको मिति २०७४।१२।१९ च.नं. १०७ को परिपत्रानुसार भनी बहाल कर दाखिला गर्न महानगरपालिका क्षेत्रभित्रका करदाताहरुलाई सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट भएको पत्राचारले करदाताहरुमा द्विविधा सिर्जना गरेको देखिएकोले सो सम्बन्धमा सम्बन्धित निकायले स्पष्ट गरी घर बहाल कर संकलनमा सहजता ल्याउनु अत्यावश्यक देखिएको सो सम्बन्धमा सम्बन्धित निकायले स्पष्ट गरी घर बहाल कर संकलनमा सहजता ल्याउनु अत्यावश्यक देखिएको छ । | |
| ३१०. | **व्यवसाय कर :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था छ । यो बर्ष महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ५ बमोजिम व्यवसाय कर रु.१०,०५,९३,२४५।८४ आम्दानी गरेको देखिन्छ । व्यवसाय कर वापतको वास्तविक आय बार्षिक प्रक्षेपित आयको ५० प्रतिशत **मात्र (न्युन)** भएको देखिन्छ । व्यवसाय कर वडास्तरमा सङ्कलन गर्ने गरेको देखिए तापनि व्यवसाय कर वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । व्यक्तिगत स्वघोषणाका आधारमा **मात्र** व्यवसाय दर्ता र नविकरण गरी व्यवसाय कर असुल गरेको, लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम सङ्कलन नगरेको, कुनै वडाहरुमा व्यवसायीहरुको लगत नै तयार नगरेको तथा व्यवसाय दर्ता नभएका, नविकरणका लागि नआएका व्यवसायीहरुको अनुगमन नगरेको, व्यवसाय कर बक्यौता रकमको गणना नगरेको पाईयो । वडाहरुको तथ्याङ्क अनुसार कूल दर्ता भएका व्यवसायीहरु मध्ये न्यून संख्यामा **मात्र** व्यवसायीहरु नविकरण भएको देखिन्छ । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय तथा सेवाको अनुगमन गरी अद्यावधिक लगत राखी राजस्व असुल गर्नूपर्नेमा अनुगमन गरी त्यस्तो व्यापार, व्यवसाय तथा सेवाको लगत अद्यावधिक नराखेको देखिएकोले आफ्नो क्षेत्रभित्र सञ्चालित पेशा व्यवसाय लगायत व्यापार, व्यवसाय तथा सेवा र व्यवसायीहरुको अनुगमन गर्ने, लगत अद्यावधिक राख्ने, सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउने तथा स्वत: कर, बक्यौता गणना गर्न सक्ने सफ्टवेयरको प्रयोग गर्ने गराउने तर्फ ध्यानाकर्षण गराईन्छ । घरजग्गा कर दाखिला गर्दा नै घर जग्गा लगायतका संरचना बहालमा दिए-नदिएको अनिवार्य स्वघोषणा गराएर व्यवसाय करको दायरा बढाउन | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | तर्फ समेत महानगरपालिकाको सक्रियता बढाउनु जरुरी छ । | |
| ३११. | **बहाल बिटौरी शुल्क :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १० बमोजिम महानगरपालिकाले यो बर्ष बहाल बिटौर शुल्क लगाएको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको संरचनाको कोही कसैबाट उपयोग भईरहेको सम्बन्धमा अनुगमन गरी लगत अद्यावधिक गरी राखेको नदेखिएकोले सोको लगत अद्यावधिक गराई बहाल बिटौर शुल्क वापतको आयको दायरालाई समेत व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| ३१२. | **पार्किङ्ग शुल्क :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ११ बमोजिम महानगरपालिकाले यो बर्ष पार्किङ्ग शुल्क वापत रु.१,७१,८४६।०० आम्दानी गरेको देखिन्छ । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सवारी साधन पार्किङ गरिने स्थानहरुको पहिचान, अनुगमन गरी लगत अद्यावधिक गरी राखेको नदेखिएकोले अनुगमन गरी लगत अद्यावधिक गरी विद्यमान अव्यवस्थित सवारी पार्किङ्गलाई व्यवस्थित गराइ आवागमनलाई सजिलो र छरितो बनाउने तथा आफ्नो आयको व्यवस्थित दायरा बढाउने तर्फ ध्यान जानु पर्ने देखिन्छ । | |
| ३१३. | **जडीबुटी, कवाडी र जीवजन्तु कर :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम महानगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत महानगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था छ । यो बर्ष महानगरपालिकाले महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ६ बमोजिम जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाएको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग भईरहेको सम्बन्धमा निरन्तर अनुगमन गरी लगत अद्यावधिक गरी नराखेको, जडीवुटी, कवाडी र जीवजन्तु करको आय ठेक्का व्यवस्थापन नगरेको देखिएकोले तथ्याङ्क, लगत अद्यावधिक गराई जडीबुटी, कवाडी तथा जीवजन्तु कर आयको व्यवस्थित दायरा बढाउने तर्फ ध्यान जानु पर्ने देखिन्छ । | |
| ३१४. | **स्थानीय पर्यटन, मनोरञ्चजन तथा साहसिक खेलकुद सम्बन्धी सेवा शुल्क :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(१) बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ¥याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्चजन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने र त्यस्तो सेवा शुल्क उठाउने कार्य आफैं गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत् गराउन सक्ने व्यवस्था छ । यो बर्ष महानगरपालिकाले महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १२ बमोजिम कुनै व्यवसाय विशेषमा कुनै सेवा शुल्क लगाएको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ¥याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग आदि व्यवसायहरु सञ्चालनमा रहे-नरहेको सम्बन्धमा अनुगमन | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गरी लगत अद्यावधिक गरी राखेको नदेखिएकोले तथ्याङ्क, लगत अद्यावधिक गराई सेवा शुल्क आयको व्यवस्थित दायरा बढाउनु पर्ने देखिन्छ । | |
| ३१५. | **सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(२) बमोजिम महानगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, बिजुली, धारा, अतिथिगृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा, शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (होष्टेल), हाट बजार, पशु बधशाला, शव दाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा, सडक, बस पार्क, ढल, पुल, बत्ती जस्ता सेवा, अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा, सिफारिस सम्बन्धी कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने र त्यस्तो सेवा शुल्क उठाउने कार्य आफैं गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत् गराउन सक्ने व्यवस्था छ । महानगरपालिका आफैले गर्नुपर्ने फोहोर मैला व्यवस्थापनको कार्य बिना स्वीकृति निजीक्षेत्रले फोहोर संकलन बापत टोल बस्ती सँग शुल्क असूल गर्ने गरेको छ । ती निजी क्षेत्रबाट संकलित रकमको आय व्यय समेतमा महानगरपालिकाले निगरानी गरेको छैन । स्विकृती विना निजी क्षेत्रबाट उठाइएका फोहरमैला व्यवस्थापनका लागि डम्पिङ्ग साईटमा प्रवेश वापत महानगरपालिकाले शुल्क उठाउने गरेको बाहेक यो बर्ष महानगरपालिकाले महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १३ बमोजिम कुनै सेवा प्रदायक तथा सेवाग्राहीलाई कुनै सेवा शुल्क लगाएको देखिएन । महानगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको दफा ६२(२) मा उल्लेखित अनुसारका सेवा सुविधा तथा सेवा प्रदायकको छुट्टाछुट्टै अद्यावधिक लगत समेत राखेको नदेखिएकोले तथ्याङ्क, लगत अद्यावधिक गराई सेवा शुल्क आयलाई व्यवस्थित गरी आयको दायरा बढाउने तर्फ ध्यान जानु पर्ने देखिन्छ । | |
| ३१६. | **सवारी साधन कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्र टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी कर निर्धारण तथा सङ्कलन गर्न सक्ने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ७ बमोजिम यो बर्ष सवारी कर वापत रु.२,००,००,०००।०० असुल गर्ने लक्ष्य राखेकोमा रु.३१,०९,७६५।०१ आम्दानी गरेकोले प्रक्षेपित आयको **१६ प्रतिशत** मात्र (न्युन) आय भएको देखिन्छ । सवारी कर वडास्तरमा सङ्कलन गर्ने गरेको देखिए तापनि सवारी कर वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । महानगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरण अद्यावधिक नगर्नुका साथै, सवारी साधन कर व्यवस्थापन गरेको पाइएन । | |
| ३१७. | **विज्ञापन कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्र विज्ञापन कर निर्धारण तथा सङ्कलन गर्न सक्ने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ८ बमोजिम यो बर्ष विज्ञापन कर वापत रु.१०,००,००,०००।०० असुल गर्ने लक्ष्य राखेकोमा रु.१०,९४,८६,०७९।३४ आम्दानी गरेकोले प्रक्षेपित आयको १०९ प्रतिशत असुल भएको देखिन्छ । महानगरपालिकाले विज्ञापन कर वडास्तरमा सङ्कलन गर्ने नगरेको तथा वडागत बार्षिक आय प्रक्षेपण समेत गरेको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र भए-गरेका विज्ञापनहरुको निरन्तर अनुगमन नगरेको तथा लगत अद्यावधिक नगरेको देखिएकोले विज्ञापन कर वापत हुन सक्ने आयको दायरा धेरै नै संकुचित रहेको देखिन्छ । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र हुने वा गरिने विज्ञापनहरुको वडास्तरमा निरन्तर अनुगमन गरी लगत अद्यावधिक तथा वडास्तरमा विज्ञापन कर सङ्कलन गरी आयको व्यवस्थित दायरा बढाउन ध्यान जानु पर्ने देखिन्छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३१८. | **मनोरञ्जन कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर र सङ्कलन गर्ने तरिका अनुसार महानगरपालिकाले मनोरञ्जन कर सङ्कलन गर्न सक्ने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ९ बमोजिम यो बर्ष मनोरञ्जन करबाट रु.५०,००,०००।०० असुल गर्ने लक्ष्य राखेकोमा वास्तविक असुल **शुन्य** रहेको छ । महानगरपालिकाले मनोरञ्जन कर वडास्तरमा सङ्कलन गर्ने नगरेको तथा वडागत बार्षिक आय प्रक्षेपण समेत गरेको छैन । मनोरञ्जन कर आय अनुमान वस्तुपरक गर्न र सङ्कलनलाई वडास्तरमा लगेर प्रभावकारी बनाउनु पर्ने देखिन्छ । | |
| ३१९. | **प्रवेश शुल्क :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्रहालय जस्ता सम्पदा उपयोगको प्रवेश शूल्क निर्धारण र सङ्कलन गर्न सक्ने व्यवस्था छ ।<br>यो बर्ष महानगरपालिकाले महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १४ बमोजिम बसपार्क प्रवेश शुल्क वापत रु.४०,४०,८६०।०० (८१%), बालाजु वाईसधारा प्रवेश शुल्क वापत रु.७८,१९,५०९।०० (३९%), रत्नपार्क प्रवेश शुल्क वापत रु.१,२७,२६,५२०।०० ( ११६%) प्रवेश शुल्क आय गरेको देखिन्छ । महानगरपालिकाले वडास्तरमा प्रवेश शुल्क आय हुन सक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी प्रवेश शुल्क वडास्तरमा सङ्कलन गर्ने नगरेको तथा वडागत बार्षिक आय प्रक्षेपण समेत गरेको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्रहालय जस्ता सम्पदाहरुको वडागत छुट्टाछुट्टै लगत अद्यावधिक गरी नराखेको, सो उपयोगको निरन्तर अध्ययन, अनुसन्धान नगरिएकोले वडास्तरमा अद्यावधिक लगत राखी यस्तो आयलाई व्यवस्थित गरी दायरा बढाउन ध्यान दिनु पर्दछ । | |
| ३२०. | **जरिवाना :-** यो बर्ष महानगरपालिकाले महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा १५ बमोजिम जरिवाना वापत रु.१,३८,१८,९६५।८३ (६९%) आम्दानी गरेको देखिन्छ । अन्तरवडा वा वडामा आन्तरिक रुपमा समेत जरिवाना संङ्कलनमा एकरुपता नदेखिएकोले जरिवाना आयलाई वैज्ञानिक व्यवस्थित बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३२१. | **कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट पैठारीमा कर, शुल्क वा दस्तुर लगाउन नपाउने :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६३(१) र ६३(२) बमोजिम महानगरपालिकाले प्रचलित कानून बमोजिम कूटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउन नसक्ने व्यवस्था छ । महानगरपालिकाले वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाका लागि नेपाल सरकार, प्रदेश सरकार, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारी स्वामित्वका प्रतिष्ठान वा विकास समितिद्वारा विदेशबाट पैठारी भएका मालसामानमा कुनै पनि किसिमको कर, शुल्क वा दस्तुर लगाउन नपाउने व्यवस्था छ । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको कूटनीतिक नियोग वा कूटनीतिज्ञहरु, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाका लागि नेपाल सरकार, प्रदेश सरकार, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारी स्वामित्वका प्रतिष्ठान वा विकास समितिद्वारा विदेशबाट पैठारी भएका मालसामानको अद्यावधिक लगत राखेको<br>पाईएन । | |
| ३२२. | **सामूहिक आवास वा संयुक्त आवासमा कर, शुल्क वा दस्तुर लगाउन नपाउने :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६३(३) र ६३(४) बमोजिम महानगरपालिकाले तोकेको अवधिभित्र सामूहिक आवास वा संयुक्त आवास अन्तर्गत् निर्माण भएका आवास बिक्री नभई बाँकी रहेको स्टकमा एकीकृत सम्पत्ति कर नलाग्ने तर त्यसरी बिक्री नभएको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | स्टकको कुनै प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा कर लाग्ने, नेपाल सरकार, प्रदेश सरकार वा महानगरपालिकाको स्वीकृति लिई निर्माण भएको संयुक्त आवास वा सामूहिक आवासको सामूहिक उपभोगमा रहने वेसमेण्ट, बगैंचा, पार्किङ्ग तथा सडक क्षेत्रमा एकीकृत सम्पत्ति कर नलगाइने व्यवस्था छ । महानगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार वा महानगरपालिकाको स्वीकृति लिई आफ्नो क्षेत्रभित्र निर्माण भएको संयुक्त आवास वा सामूहिक आवासको सामूहिक उपभोगमा रहने वेसमेण्ट, बगैंचा, पार्किङ्ग तथा सडक क्षेत्रको छुट्टै लगत अद्यावधिक राखेको पाईएन । | |
| ३२३. | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम महानगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न प्रमुखको संयोजकत्वमा कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व भएको अवस्थामा प्रमुख सम्वद्ध राजनीतिक दल बाहेकको सदस्य समेत रहेको सात सदस्यिय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था छ । सो समितिले प्रत्येक वर्षको बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गरी आफ्नो कार्य फागुन महिनाभित्र सम्पन्न गरि सक्नु पर्ने, प्रमुख प्रशासकीय अधिकृतले तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको चैत्र पन्ध्र गतेभित्र महानगरपालिकाको विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने, विषयगत महाशाखा, शाखा तथा वडा समितिले प्राप्त बजेटको सीमाभित्र रही महानगरपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्नु पर्ने व्यवस्था छ ।<br>महानगरपालिकामा हालसम्म पनि प्रमुखको संयोजकत्वमा दफा ६६(१) बमोजिम सात सदस्यिय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरेको नदेखिएकोले ऐनको पालना गर्नु पर्दछ । | |
| | **जम्मा** | **१३९२४५८.५०** |

**कार्यालय र स्थान**:– काठमाण्डौ महानगरपालिका वडा नं १२ को कार्यालय, लाजिम्पाट ,काठमाण्डौं ।

**आय व्यय विवरण**

| आय तथा जिम्मेवारी | रकम | व्यय तथा मौज्दात | रकम |
|---|---|---|---|
| **जिम्मेवारी तर्फ** | | **व्यय तर्फ** | |
| अन्तर विभाग पुर्वाधार | ३,१६९,५३६.७७ | अन्तर विभाग पुर्वाधार | ११,००२,६५८.८८ |
| अन्तर विभाग कार्यालय संचालन | २४८,६२८.७१ | अन्तर विभाग कार्यालय संचालन | ९४२,५७७.१० |
| अन्य | | सामजिक सुरक्षा भत्ता | १२,४८८,०००.०० |
| **निकासा आय** | | जेष्ठ नागरिक सम्मान | २,०६४,०००.०० |
| अन्तर विभाग पुर्वाधार तर्फ | १४,४०३,१४३.३३ | पूर्ण अपांगविशेष भत्ता | ४५,०००.०० |
| अन्तर विभाग कार्यालय संचालन | १,००८,०००.०० | धरौटी फिर्ता | ३१,९०२.५० |
| सामाजिक सुरक्षा | १२,९५६,०००.०० | सामाजिक सुरक्षा फिर्ता | ४६८,०००.०० |
| जेष्ठ नागरिक सम्मान | २,१९६,०००.०० | पुर्वाधार तर्फको वचत म.न.पाफिर्ता | ६,१३८,८७४.०९ |
| पूर्ण अपांग विशेष भत्ता | ४५,०००.०० | कार्यालय संचालन तर्फको वचत म.न.पाफिर्ता | ३१४,०५१.६१ |
| धरौटी प्राप्त (व्याज समेत) | १,०४८,५२८.५३ | म.न.प कार्यालय दाखिलाआन्तरीक राजस्व | १३,०११,६५५.३८ |
| राजस्व (आन्तरिक आय) | | **मौज्दात** | |
| क) आन्तरिक राजस्व | १३,०११,६५५.३८ | अन्तर विभाग पुर्वाधार | ५६३,१४७.१३ |
| | | अन्तर विभागकार्यालय संचालन | |
| | | धरौटी मौज्दात | १,०१६,६२६.०३ |
| | | अन्य | |
| **कुल जम्मा** | **४८,०८६,४९२.७२** | **कुल जम्मा** | **४८,०८६,४९२.७२** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५१. | महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना अन्तर्गत स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना वमोजिम कार्यालयको आर्थिक वर्ष २०७४/७५ को कारोबारको पेश भएसम्मको श्रेस्ताका आधारमा लेखापरीक्षण गरी देखिएका व्यहोरा उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन : | |
| ३५१.१. | **आन्तरिक नियन्त्रण प्रणाली :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार आन्तरिक नियन्त्रण प्रणाली चुस्त र प्रभावकारी बनाई कार्यालयलाई मर्यादित र प्रणालीयुक्त बनाउन ऐन नियम आदिको पालना गरी लागु गरिनु पर्दछ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याई आन्तरिक नियन्त्रण प्रणली प्रभावकारी बनाउन जरुरी देखिन्छ । देहाय बमोजिमको विषय वस्तुमा सुधार ल्याई आन्तरिक नियन्त्रण प्रणाली सुदृण बनाउन ध्यान दिनु पर्दछ ।<br>● जिन्सी खाता खर्च भएर जाने को अद्यावधिक तयार नगरेको,<br>● गत विगतको पेश्की असुल तथा फछ्र्यौटको कारवाही अगाडि नबढाएको,<br>● गत विगतको धरौटी रकमको सदरस्याहा नगरेको,<br>● स्वीकृत ढाँचा अनुसार मासिक विवरण तयार नगरको,<br>● प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन कार्यालयको ध्यान जानु जरुरी देखिन्छ | |
| ३५१.२. | **खरिद योजना:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद कार्य सम्पादन गर्दा वार्षिक खरिद योजना तयार नगरेकोले नियमको पालना भएको पाइएन । अत: नियमानुसार खरिद योजना तयार गर्नुपर्दछ । | |
| ३५१.३. | **प्रगति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० र २५ मा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौतिक पुर्वाधार सम्वन्धी कार्यक्रम संचालन गरेकोमा नियमावलीको अनुसुचि २ वमोजिमको प्रगति विवरण तयार गर्नुपर्नेमा तयार नै गरेको देखिएन । जसले गर्दा के कति प्रगति भयो उल्लेख गर्न सकिएन । नियमावलीले तोके वमोजिम प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ३५१.४. | **सोझै खरिद :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले रु. ५ लाखदेखि रु. २० लाख सम्मको लागत अनुमान भएको मालसामान, सार्वजनिक निर्माण सम्बन्धी काम शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ । तर यस वडा कार्यालयले वडा अर्न्तगत नाली बनाउने, ब्लक छाप्ने, मंगल बनाउने, ढल मर्मत तथा निर्माण गर्ने, सडक ढलान गर्ने, सोलार बत्ती जडान गर्ने जस्ता कामका लागि शिलबन्दी दरभाउपत्र तथा ठेक्काबाट खरिद गर्नुपर्नेमा सो नगरी लागत अनुमान रु. ९१,१९,४२९।- को लागत अनुमान तयार गरी विभिन्न १७ टुक्रा बनाई विभिन्न निर्माण व्यवसायीलाई रु. ८८,१३,१८७।- भुक्तानी भएको छ । पटक पटक सोझै खरिद गरी देहाय अनुसार भुक्तानी भएको देखियो । खरिद गर्दा कामको प्रकृति हेरी कामको प्याकेज बनाई खरिद गर्नुपर्नेमा सो नगरी खरिद गरेको नियमसम्मत देखिएन । खरिद गर्दा ऐन तथा नियमावलीको परिपालना गर्नुपर्ने देखिन्छ । | |

| भौ.नं./मिति | कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | रकम |
|---|---|---|---|---|
| २४/२०७४/६/६ | गीता गृहगल्ली खानेपानी ट्यांकी सेट | SAND R Traders | १६३७३६.०० | १६१७६६.०० |
| ४१/२०७४/६/७ | पकाहिरी मार्गमा पक्की ढलान | पिस विल्डर्स अफ कन्सल्टेन्सी | ४९९००५.०० | ४९८४२७.०० |
| ४७/२०७४/७/३० | सोलार सडक बत्ती जडान | ब्राइटसन कम्पनी प्रा. लि. | ४९९९४९.०० | ४९९५००.०० |
| ६६/२०७४/९/२० | ब्लक छाप्ने कुमाननी चोक | न्यू ए टु जेड कन्स्ट्रक्सन | ४६७४०३.०० | ४६२६०४.०० |
| ७९/२०७४/१०/११ | ब्लक छाप्ने कुमाननी चोक | वाइसधारा निर्माण सेवा | ३४३०३२.०० | ३०५७१३.०० |
| ८१/२०७४/१०/१७ | ह्युमत पिपल चौतरा कम्पाउण्ड वाल | देवकोटा निर्माण सेवा | ४९८६०६.०० | ४९१८१९.०० |
| ८२/२०७४/१०/९ | मयलघारी गल्ली ब्लक छाप्ने काम | आर के कन्स्ट्रक्सन | ४८९८१६.०० | ४९४८२७.०० |
| ८४/२०७४/१०/१७ | खोल्चापाखामा ढल तथा मंगल बनाउने | कमर्सियल कन्स्ट्रक्सन | ४९६४२०.०० | ४९४८२७.०० |
| १००/२०७४/१२/२२ | पचली भैरव मन्दिरमा शौचालय | डि. एस. एण्ड डि. निर्माण सेवा | ४९९८२५.०० | ४९७६५२.०० |
| १०६/२०७४/१२/२९ | चल्खु मार्गमा ब्लक छाप्ने | अधिकारी निर्माण सेवा | ४९९५६८.०० | ४२१०५६.०० |
| १११/२०७५/१/२४ | नारायण परिसर ब्लक अगाडि सडक ढलान | हेलम्बु खङ्गसार निर्माण सेवा | ४९९३५९.०० | ४९२९६०.०० |
| ११८/२०७५/२/४ | ह्युमत भगवती मन्दिर नजिक ब्लक छाप्ने | वसन्तपुर निर्माण सेवा | ४९८९६०.०० | ४९८८१६.०० |
| १३१/२०७५/२/२० | लया कुननीचोक ब्लक छाप्ने | हेलम्बु नवाङ निर्माण सेवा | ४९९७४५.०० | ४९४६३८.०० |
| १५२/२०७५/३/१० | निरञ्जनचोकनिर ब्लक छाप्ने | इन्द्रदेवी कन्स्ट्रक्सन | ४६३८०१.०० | ४०३४४९.०० |
| १५८/२०७५/३/२४ | शहिदशुक्र मार्गमा ढल मंगल निर्माण | सोनु पिके शेर्पा कन्स्ट्रक्सन एण्ड सप्लयार्स प्रा. लि. | ९९७२६५.०० | ९९१९३९.०० |
| १६१/२०७५/३/२४ | टेकु मार्गमा ब्लक छाप्ने र ढुङ्गा छाप्ने | छयोन्ये निर्माण सेवा | ७०४५४१.०० | ६७३५४२.०० |
| १६४/२०७५/३/२४ | मिलन मार्गमा ब्लक छाप्ने | गौरवाशाली कन्स्ट्रक्सन | ९९८३९८.०० | ९२९६५२.०० |
| | | **जम्मा** | **९११९४२९.००** | **८८१३१८७.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५१.५. | **संचार सुविधा :-** प्रदेश नं. ३ का स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ३ को अनुसुचि १ वमोजिम वडा अध्यक्षले मासिक संचार खर्च वापत रु. १०००।०० का दरले मात्र पाउने र अन्य सदस्यहरुले सो सुविधा नपाउने उल्लेख छ । तर यस वडा कार्यालयले वडा अध्यक्षको लागि संचार खर्च | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>वापत रु. ३०,०००।- खर्च लेखेको संचार सुविधा पाउने भन्दा बढी खर्च लेखेको अनियमित देखिएको रु.</td><td>१८,०००.००</td></tr>
<tr><td>३५१.६.</td><td>मूल्य अभिवृद्धि करमा दर्ता नभएको सँग खरिद :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति/फर्म/संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले मू. अ. कर कार्यलयमा दर्ता नभएको दुप्चेश्वर मेटल वर्कबाट कार्य गराई रु. ६६,०००।- भुक्तनी भएको देखिएकोले मु.अ.करमा दर्ता नभएको संस्थाबाट खरिद भएको नियममानुसार भएको नदेखिएको रु.</td><td>६६,०००.००</td></tr>
<tr><td>३५१.७.</td><td>बैठक भत्ता तथा परिवहन खर्च :- प्रदेश नं ३ सरकारद्धारा जारी गरिएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा बनेको ऐन, २०७४ को अनुसूची १ मा उल्लेख भएका सुविधाहरु दिन मिल्ने व्यवस्था छ । उक्त कानुनमा पदाधिकारीले कुनै पनि प्रकारको कार्यपालिका तथा सभाको बैठक भत्ता तथा सुविधा लिन पाउने उल्लेख नभएकोले वडा समितिको बैठक भत्ता वापत रु. २,४६,०००।- र परिवहन खर्च वापत रु. २,०५,०००।- समेत रु. ४,५१,०००।- भुक्तानी भएकोले उक्त खर्च लेख्न मिल्ने नदेखिएको रु.</td><td>४५१,०००.००</td></tr>
<tr><td>३५१.८.</td><td>विशेष सामाजिक सुरक्षा भत्ता :- ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका नागरिकहरुलाई नेपाल सरकारबाट सामाजिक सुरक्षँ भत्ता उपलब्ध गराउँदै आएको देखिन्छ । महानगरपालिकाले निर्णय गरी वडाभित्रका ७५ वर्ष उमेर पुगेको महिला तथा ८० वर्ष उमेर पुगेका पुरुष ज्येष्ठ नागरिकहरु १७२ जनालाई रु. १२,०००।- का दरले रु.२०६४००० र १५ जना पूर्ण अपाङ्ग भएकालाई वार्षिक रु. ३,०००।- का दरले रु. ४५००० गरी जम्मा रु.२१०९००० वितरण गरेको देखियो । नेपाल सरकारले सामाजिक सुरक्षा उपलब्ध गराईरहेको अवस्थामा पुनः सामाजिक सुरक्षा भत्ता वितरण गर्नु नियमसम्मत भएको देखिएन । यस्तो वितरणमूखी खर्च गर्ने व्यवस्थालाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३५१.९.</td><td>पेश्की: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई वांकी रहेको देखिएकोले नियमानुसार फछ्यौंट हुनुपर्ने रु.
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>उसिमा सिंह</td><td>टेकुमा ऋषेश्वर मेला संचालन</td><td>२५००००</td></tr>
<tr><td>रत्न काजी महर्जन</td><td>पिछडीएको वर्ग उत्थान कार्यक्रम</td><td>३३३००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२८३३००</td></tr>
</table></td><td>२८३,३००.००</td></tr>
<tr><td>३५१.१०.</td><td>बढी दरमा भुक्तानी - काठमाडौं महानगरपालिकाबाट प्राप्त आ.ब.२०७४।७५ को नर्म्स अनुसार सुख्खा इटा च्याप्टो छाप्ने कामको लागि प्रतिवर्गमिटर रु.९५७०५ का दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर सो नर्म्सभन्दा बढी दरमा निम्न गोश्वारा भौचर तथा मितिबाट निम्नानुसार निर्माण व्यावसायी तथा उपभोक्ता समितिलाई भुक्तानी भएको देखिएकोले नर्म्सभन्दा बढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु. ---
<table>
<tr><th>गो.भौ.नं.</th><th>कामको विवरण</th><th>परिमाण व.मी.</th><th>भुक्तानी भएको दर( प्रति व.मी)</th><th>हुनुपर्ने रकम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यावसायीको नाम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१३-०७४/५/२१</td><td>पचली भैरब मार्गमा व्लक छाप्ने</td><td>१४५.७७</td><td>१०४७.००</td><td>१२१३१२.००</td><td>१३२७१४.००</td><td>पचली मार्ग टोल सुधार समिति</td><td>११४०२.००</td></tr>
<tr><td>४१-०७४/७/७</td><td>पक्वहिटी मार्ग ढलान गर्ने</td><td>११७.५५</td><td>१०४४.००</td><td>११२५०१.००</td><td>१२२७२२.००</td><td>पिस विल्डर्स एण्ड कन्स्ट्रक्सन</td><td>१०२२१.००</td></tr>
</table></td><td>५८,०२२.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | ८१-०७४/१०/१० | ह्यूमत पिपल चौतरा कम्पाउण्ड वाल | ९२.९० | १०४५.०० | ८८९१०.०० | ९७०८०.०० | देवकोटा निमार्मण सेवा | ८१७०.०० | |
| | ८२-०७४/१०/१० | नखुखा गल्ली ब्लक छाप्ने | १५३.६६ | १०४६.०० | १४७०६०.०० | १६०७२८.०० | आर.के. कन्स्ट्रक्सन | १३६६८.०० | |
| | ८४-०७४/१०/१७ | खोल्चा पाखा ढल तथा मंगाल | ४३.२४ | १०४७.०० | ४१३८३.०० | ४५२७२.०० | कमर्सियल कन्स्ट्रक्सन | ३८८९.०० | |
| | १००-०७४/१२/२२ | पचली भैरव मार्ग शौचालय | ३.०२ | १०४०.०० | २८९०.०० | ३१४१.०० | डी.एस.डी.नि.सेवा | २५१.०० | |
| | १११-०७५/१/२४ | सडक ढलान तथा ब्लक | १२२.६८ | १०४२.०० | ११७४११.०० | १२७८३२.०० | हेलम्बु खङ्गसार नि.से. | १०४२१.०० | |
| | | जम्मा: | | | **६३१४६७.००** | **६८९४८९.०** | | **५८०२२.००** | |

# वडा नं. १३

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५२. | महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना अन्तर्गत स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना वमोजिम कार्यालयको आर्थिक वर्ष २०७४/७५ को कारोबारको पेश भएसम्मको श्रेस्ता लगायत प्रमाण कागजात समेतका आधारमा लेखापरीक्षण गरी देखिएका व्यहोरा उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन : | |
| ३५२.१. | **आन्तरिक नियन्त्रण प्रणाली :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार आन्तरिक नियन्त्रण प्रणाली चुस्त र प्रभावकारी बनाई कार्यालयलाई मर्यादित र प्रणालीयुक्त बनाउन ऐन नियम आदिको पालना गरी लागु गरिनु पर्दछ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याई आन्तरिक नियन्त्रण प्रणली प्रभावकारी बनाउन जरुरी देखिन्छ । देहायबमोजिमको विषय वस्तुमा सुधार ल्याई आन्तरिक नियन्त्रण प्रणाली सुदृण बनाउन ध्यान दिनु पर्दछ ।<br>● जिन्सी खाता खर्च भएर जाने को अद्यावधिक तयार नगरेको,<br>● गत विगतको पेश्की असुल तथा फछ्र्यौटको कारवाही अगाडि नबढाएको,<br>● गत विगतको धरौटी रकमको सदरस्याहा नगरेको,<br>● स्वीकृत ढाँचा अनुसार मासिक विवरण तयार नगरको,<br>प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन कार्यालयको ध्यान जानु जरुरी देखिन्छ । | |
| ३५२.२. | **वार्षिक खरिद योजनाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा साार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद कार्य सम्पादन गर्दा वार्षिक खरिद योजना तयार नगरेकोले नियमको पालना भएको पाइएन । अतः नियमानुसार खरिद योजना तयार गर्नुपर्दछ । | |
| ३५२.३. | **प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० र २५ मा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौतिक पुर्वाधार सम्वन्धी कार्यक्रम संचालन गरेकोमा नियमावलीको अनुसुचि २ वमोजिमको प्रगति विवरण तयार गर्नुपर्नेमा तयार नै गरेको देखिएन । जसले गर्दा के कति प्रगति भयो उल्लेख गर्न सकिएन । नियमावलीले तोकेवमोजिम प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ३५२.४. | **विशेष सामाजिक सुरक्षा भत्ता :-** ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका नागरिकहरुलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था छ । महानगरपालिकाले निर्णय गरी वडाभित्रका ७५ वर्ष उमेर पुगेको महिला तथा ८० वर्ष उमेर पुगेका पुरुष ज्येष्ठ नागरिकहरुलाई वार्षिक रु. १२,०००।- का दरले र पूर्ण अपाङ्ग भएकालाई वार्षिक रु. ३,०००।- का दरले उपलब्ध गराउने भीन २४९ जना ज्येष्ठ नागरिकलाई रु. २९,८८,०००।- वितरण गरेको पाइयो । नेपाल सरकारले सामाजिक सुरक्षा उपलब्ध गराईरहेको अवस्थामा पुनः दोहोरो पर्ने गरी रु. २९,८८,०००।- खर्च गर्न नियम सम्मत भएको देखिएन । महागरपालिकाले यस्तो किसिमबाट निर्णय गरी वितरणमूखी खर्च गर्नु मितव्ययी किसिमबाट खर्च भयो भन्न सक्ने अवस्था देखिएन । | |
| ३५२.५. | **सोझै खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी गर्न नपाइने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले रु. ५ लाखदेखि रु. २० लाखसम्मको लागत अनुमान भएको मालसामान सम्बन्धी काम तथा अन्य मालसामान खरिद गर्दा शिलबन्दी दरभाउपत्रको माध्यमबाट र सो भन्दा माथिको मालसामान खरिद गर्दा ठेक्काको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । तर यस वडा कार्यालयले ढल, मंगल बनाउने, सडकमा ब्लक विछाउने, ढुङ्गा छाप्ने, ह्यूम पाइप बनाउने जस्ता कार्यका लागि एउटै प्रकृतिको कामको लागि विभिन्न निर्माण व्यवसायी तथा सप्लायर्सबाट | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | काम गराई निम्न गोश्वार तथा भौचरबाट १८ टुक्रा बनाई लागत अनुमान रु. ८९,८१,४०७।- को काम रु. ८४,२२,६७४।- भुक्तानी भएको देखिएकोले यस्तो किसिमको खर्चलाई नियमसम्मत मान्न सकिएन । | |

| भौ.नं./मिति | कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | रकम |
|---|---|---|---|---|
| २३/२०७४/६/४ | बाफल गणेस्थानको रोडमा सिमेन्ट ब्लक | बोहोरा निर्माण सेवा | ४९१९४८.०० | ४८८५९७.०० |
| ५४/२०७४/८/२७ | यात्रु प्रतिक्षालय छाउनी | निसुमा ट्रेडर्स | १०४०००.०० | १०३९६०.०० |
| ६२/२०७४/९/२० | बाफल मार्गमा सिमेन्ट ब्लक छाप्ने | के. एण्ड के. भी. कन्स्ट्रक्सन | ४९७६८८.०० | ४९५२५३.०० |
| ६३/२०७४/९/२८ | पञ्चकन्या स्कुल छाउनी अगाडि सिमेन्ट ब्लक छाप्ने | एनि निर्माण सेवा | ४९९६५७.०० | ४९७८६३.०० |
| ७०/२०७४/१०/१० | चुने पाखा गल्लीमा ह्यूम पाइप तथा ब्लक छाप्ने | पालचोक निर्माण सेवा | ४८५३८२.०० | ३८७४३७.०० |
| ७६/२०७४/१०/२२ | चागाहिटी मार्गमा सिमेन्ट ब्लक छाप्ने | वाइसधारा निर्माण सेवा | ४८७५६४.०० | ४५५०००.०० |
| ७७/२०७४/१०/२२ | बाफल कुमारी जलमार्गमा सिमेन्ट ब्लक छाप्ने | बैगुनधुरा निर्माण सेवा | ४९९४८४.०० | ४४००७०.०० |
| १००/२०७४/१२/२३ | ताहाचल व्यवसायी गल्लीमा ब्लक छाप्ने | भेटवाल निर्माण सेवा | ४८३२२४.०० | ४६७९०७.०० |
| ११४/२०७४/१२/२९ | अवल्मरीटोल मार्ग सिमेन्ट ब्लक छाप्ने | त्रिपुरा सुन्दरी कन्स्ट्रक्सन | ४९४४४२.०० | ४९१३११.०० |
| ११५/२०७४/१२/२९ | ताहाचल छाउनी बाटो स्तरोन्नति | अम्बुजा कन्स्ट्रक्सन | २३७०६२.०० | २२३८७३.०० |
| १२४/२०७५/१/११ | भिम मुक्तेश्वर बाटो ढलान | पशुपति कन्स्ट्रक्सन | ४९७२०९.०० | ४८७९२१.०० |
| ८७/२०७४/११/७ | बाफलस्थित अश्व गल्लीमा सिमेन्ट ब्लक छाप्ने | जय अम्बे ए. टु जेड निर्माण सेवा | ४५८१०३.०० | ४०७७७३.०० |
| १२९/२०७५/१/२० | बाफल चेतना मार्ग ब्लक छाप्ने | मंगलादेवी कन्स्ट्रक्सन | ४१४७२९.०० | ४०८६९०.०० |
| १३०/२०७५/१/२६ | छाउनीमा सिमेन्ट ब्लक छाप्ने | स्वर्णिम निर्माण सेवा | ४८३४३१.०० | ४१०७२५.०० |
| १४२/२०७५/२/१४ | पुरानो कालीमाटी शान्तिदीप गल्ली सिमेन्ट ब्लक छाप्ने | सागरकुण्ड निर्माण सेवा | ४९५२८७.०० | ४५६५०२.०० |
| १८१/२०७५/३/१९ | टंकेश्वर मार्गमा सिमेन्ट ब्लक छाप्ने | तुलसी भुमी निर्माण सेवा | ४९९२७७.०० | ४२३६६०.०० |
| १८२/२०७५/३/१९ | चाँगल चागाहिटी टोल सिमेन्ट ब्लक छाप्ने | रमिता कन्स्ट्रक्सन | ८५६०९५.०० | ८४६४३७.०० |
| १९४/२०७५/३/१९ | छाउनीस्थित मंगदुत ब्लक अगाडि सिमेन्ट ब्लक छाप्ने | अधिकारी निर्माण सेवा | ९९६८२५.०० | ९२९६९५.०० |
| **जम्मा** | | | **८९८१४०७.००** | **८४२२६७४.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५२.६. | **बैठक भत्ता तथा परिवहन खर्च :-** प्रदेश नं ३ सरकारद्धारा जारी गरिएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा बनेको ऐन, २०७४ को अनुसूची १ मा उल्लेख भएका सुविधाहरु मात्र दिन मिल्ने व्यवस्था छ । उक्त कानुनमा पदाधिकारीले कुनै पनि प्रकारको कार्यपालिका तथा सभाको बैठक भत्ता तथा सुविधा लिन पाउने उल्लेख नभएकोले वडा समितिको बैठक भत्ता वापत रु. २,१०,०००।- र परिवहन भत्ता वापत रु. १,६२,०००।- समेत रु. ३,६३,०००।- भुक्तानी गरेको देखिएकोले यस्तो किसिमको खर्च गर्न मिल्ने आधार नभएको रु. | ३६३,०००.०० |
| ३५२.७. | **उपभोक्ता समितिबाट गरेको काम :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा लाभग्राही समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले प्रत्येक किस्तामा गरेको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने व्यवस्था छ । तर यस वडा कार्यालयले निम्न गोश्वार भौचर तथा मितिबाट निम्न उपभोक्ता समितिबाट काम | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गराई भुक्तानी भएकोमा उपभोक्ता समितिले वैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश भएको नदेखिएको र सो खर्च सार्वजनिकरण समेत भएको देखिएन । उपभोक्ता समिति भएकोबाट यस्तो किसिमको खर्च अनुमोदन गराउनु पर्ने देखिन्छ । | |

| गो. भौ. नं./मिति | कामको विवरण | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|
| ३४/२०७४/७/१६ | ताहाचल मार्गमा सिमेन्ट ब्लक छाप्ने | भिमसेन थापा टोल सुधार समिति | ४०००२८.०० |
| ६७/२०७४/१०/७ | ताहाचलमा सिमेन्ट ब्लक छाप्ने | चारहिटी टोल सुधार समिति | ८४२७५५.०० |
| ७८/२०७४/१०/२५ | चक्कुफाँटमा सिमेन्ट ब्लक छाप्ने | चक्कुफाँट टोल सुधार समिति | ७४७८०२.०० |
| १४३/२०७५/२/१५ | बाल मार्ग ढल निर्माण | बाल मार्ग टोल सुधार समिति | ४६५२५६.०० |
| १४५/२०७५/२/१७ | निल वराही मार्गमा ब्लक छाप्ने | तकती अजिमा टोल सुधार समिति | १४६८१०४.०० |
| | | **जम्मा** | **३९२३९४५.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५२.८. | **बढी भुक्तानी :-** अर्थ मन्त्रालयको खर्चको मापदण्ड सम्बन्धी खर्च निर्देशिका, २०७३ अनुसार तालिममा निम्नानुसार खर्च लेख्न सकिनेमा महानगरपालिकाको २४ औं नगरपरिषदबाट स्वीकृत गराई तालिम कार्यक्रम निर्देशिकामा उल्लेख गरिएभन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु. | १७,९००.०० |

| तालिम अवधि | प्रशिक्षकको नाम | तालिम संचालन वापत | नियमानुसार पाउने दर | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २ दिन | रामचन्द्र पौडेल | प्रशिक्षण | १६००.०० | १०५००.०० | ६३००.०० |
| | अशोक कुमार भट्टराई | प्रशिक्षण | १६००.०० | ३५००.०० | १९००.०० |
| | वैद्यनाथ कुमार झा | प्रशिक्षण | १६००.०० | ७०००.०० | ३८००.०० |
| | सीता ढकाल | सह संयोजक | ४००.०० | २३००.०० | १९००.०० |
| | सुष्मिता भट्टराई | संयोजक | ४००.०० | २५००.०० | २१००.०० |
| | विमलादेवी कार्की | सह संयोजक | ४००.०० | २३००.०० | १९००.०० |
| | | **जम्मा** | **६०००** | **२८१००** | **१७९००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५२.९. | **आधार वेगरको खर्च**: खर्च गर्दा मापदण्ड तयार गरेर मात्र खर्च गर्नुपर्दछ । यस वडा कार्यालयले निम्नबमोजिमबाट निम्न लेखिए बमोजिमका विद्यालयमा विद्यार्थीको ड्रेस, शैक्षिक सामाग्री, अपाङ्गता भएका विद्यार्थीका लागि सहयोग लगायतमा खर्च गरेको देखियो । ती विद्यालयमा खर्च गर्न आवश्यक पर्ने थियो वा थिएन छनौटको आधार समेत स्वीकृत नगराई खर्च गरेको नियमसम्मत नदेखिएको रु | २२८,०००.०० |

| भौ.नं./मिति | विद्यालयको नाम | खर्च गरेको विवरण | रकम |
|---|---|---|---|
| १३२/२०७५/१/२६ | पञ्चकन्या मा. वि., छाउनी | २८ जना विद्यार्थीको ड्रेस | १७३००.०० |
| १५२/२०७५/३/१ | निलवराही उच्च मा. वि., टंकेश्वर | ४४ जना विद्यार्थीको ड्रेस | १६००००.०० |
| १७०/२०७५/३/१८ | पञ्चकन्या मा. वि., छाउनी | विपन्न विद्यार्थीको लागि पेन तथा स्टेशनरी | १०७००.०० |
| १७१/२०७५/३/१८ | निलवराही उच्च मा. वि., टंकेश्वर | विपन्न विद्यार्थीको लागि पेन तथा स्टेशनरी | २००००.०० |
| १६५/२०७५/३/१८ | पञ्चकन्या मा. वि., छाउनी | केशरी खड्का र असिम तामाङ्ग | २००००.०० |
| | | **जम्मा** | **२२८०००.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५२.१०. | **आर्थिक सहायता:** स्थानीय संचालन ऐन, २०७४ मा आर्थिक सहायता तथा अनुदन उपलब्ध गराउने सम्बन्धमा कही कतै उल्लेख गरेको देखिदैन तर यस वडा कार्यालयले निम्न लेखिए अनुसारका गोश्वार भौचर र मितिबाट आर्थिक सहायता तथा अनुदान उपलब्ध गराएकोमा यस्तो किसिमको आर्थिक सहयोग दिन मिल्ने आधार वेगर खर्च लेखेको निमयसम्मत नदेखिएको रु | ७९,०००.०० |

| गो.भौ. नं./मिति | विवरण | रकम |
|---|---|---|
| ६९/२०७४/१०/१० | खेलकुद प्रतियोगिता, ड्रेस जुत्ता र खाजा | ३४०००.०० |
| ९१/२०७४/११/२३ | निल वराही मन्दिर | १२५००.०० |
| १३७/२०७५/२/९ | टंकेश्वर महादेव परिसरमा भजन किर्तनको लागि | ३२५००.०० |
| | **जम्मा** | **७९०००.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५२.११. | **पेश्की :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

। समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकम म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत विगतको पेश्की रु. ६,२८,१६०।५५ र यो वर्षको पेश्की बाँकी रु. ४,१६,०००।-. फछ्र्यौट हुनुपर्दछ ।

| पेश्की लिनेको नाम | वापत | रकम |
|---|---|---|
| परिवेशमान बर्जचार्य | ढल निर्माण | ६६६००.०० |
| आशा सेवा समिति | मन्दिर मर्मत | १०००००.०० |
| गुवाकर महाविहार | विहार मर्मत | २५००००.०० |
| | **जम्मा** | **४१६६००.००** |

३५२.१२. **बढी दरमा भुक्तानी** :- काठमाडौं महानगरपालिकाबाट प्राप्त आ.ब.२०७४।७५ को नर्म्स अनुसार सुख्खा इटा च्याप्टो छाप्ने कामको लागि प्रति वर्गमिटर रु.९५७।०५ का दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर सो नर्म्सभन्दा बढी दरमा निम्न गोश्वारा भौचर तथा मितिबाट निम्नानुसार निर्माण व्यावसायी तथा उपभोक्ता समितिलाई भुक्तानी भएको देखिएकोले नर्म्सभन्दा बढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु. --- १५७०५५

| गो.भौ.नं. | कामको विवरण | परिमाण व.मी. | भुक्तानी भएको दर( प्रति व.मी) | हुनुपर्ने रकम | भुक्तानी रकम | निर्माण व्यावसायीको नाम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २३-०७४/६/४ | चख्खुफांट गणेश मार्ग व्लक छाप्ने | ५९.२० | १०४७.० | ५६६५७.०० | ६१९८२.०० | बोहोरा निर्माण सेवा | ५३२५.०० |
| ३४-०७४/७/१६ | ताहाचल मार्गमा व्ल छाप्ने | १४७.८३ | १०४७.० | १२३०२६.० | १३४५८९.० | ताहाचल मार्ग उ.स. | ११५६३.०० |
| ६२-०७४/९/२० | वाफल मार्ग मर्मत | १५६.९२ | १०४७.० | १५०१८०.० | १६४२९५.० | के.एण्ड के.जी. कन्ष्ट्रक्सन | १४११५.०० |
| ६३-०७४/९/२८ | पञ्चकन्या स्कुल नजिक छाउनी मार्ग व्लक | १५३.६० | १०४६.० | १४७००३.० | १६०६६५.०० | बोहोरा निर्माण सेवा | १३६६२.०० |
| ६७-०७४/१०/७ | ताहाचल टंकेश्वर व्लक छाप्ने | ३२९.६३ | १०४७.०० | २७४३२४.०० | ३००१०६.०० | ताहाचल विष्णुमती लिंकरोड उ.स. | २५७८२.०० |
| ७६-०७४/१०/२२ | चाराहिटी मार्गमा सिमेन्ट व्लक | १४२.८२ | १०४७.०० | १३६६८६.०० | १४९५३२.०० | वाइसधारा निर्माण सेवा | १२८४६.०० |
| ७७-०७४/१०/२२ | वाफल कुमारीगाल मार्ग सिमेन्ट व्लक | १३१.०३ | १०४५.०० | १२५४०२.०० | १३६९२६.०० | बैगुनधारा निर्माण सेवा | ११५२४.०० |
| ७८-०७४/१०/२५ | चख्खुफांटमा व्लक छाप्ने | २८२.६१ | १०४७.०० | २३५१९३.०० | २५७२९८.०० | चख्खु फांट टोल सुधार | २२१०५.०० |
| ८६-०७४/११/७ | अश्व गल्लीमा सिमेण्ट व्लक छाप्ने | ९५.४८ | १०४५.०० | ९१३७९.०० | ९९७७६.०० | ए.टु जेड निर्माण सेवा | ८३९७.०० |
| १००-०७४/१२/१३ | व्यावसाय गल्लीमा व्लक छाप्ने | १३६.४७ | १०४७.०० | १३०६०८.०० | १४२८८४.०० | भेटवाल निर्माण सेवा | १२२७६.०० |
| ११२-०७४/१२/२९ | चागलस्थित रुकमती मार्ग व्लक | १५४.२९ | १०४५.०० | १४७६६३.०० | १६१२३३.०० | त्रिपुरासुन्दरी निर्माण सेवा | १३५७०.०० |
| ११३-०७४/१२/२९ | किवाण्डो भार्गमा व्लक छाप्ने | ७१.०० | १०४०.०० | ६७९५०.०० | ७३८४०.०० | अम्बुजा कन्ष्ट्रक्सन | ५८९०.०० |
| | **जम्माः** | | | **१६८६०७१.००** | **१८४३१२६.००** | | **१५७०५५.००** |

**कार्यालय र स्थान**:– काठमाण्डौ महानगरपालिका वडा नं १४ को कार्यालय, लाजिम्पाट ,काठमाण्डौं ।

आय व्यय विवरण

| आय तथा जिम्मेवारी | रकम | व्यय तथा मौज्दात | रकम |
|---|---|---|---|
| **जिम्मेवारी तर्फ** | | **व्यय तर्फ** | |
| अन्तर विभाग पुर्वाधार | २१७४६७५.३३ | अन्तर विभाग पुर्वाधार | १६९६५००१.०० |
| अन्तर विभाग कार्यालय संचालन | १०३९५४.४९ | अन्तर विभाग कार्यालय संचालन | १४९६८३९.५० |
| सामाजिक सुरक्षा | ११२०००००.०० | सामजिक सुरक्षा भत्ता | २८८८२३०७.०० |
| धरौटी | ६१५१५०.८५ | जेष्ठ नागरिक सम्मान | २८६८०००.०० |
| अन्य | ६७०३५१.२१ | पूर्ण अपांग विशेष भत्ता | १२००००.०० |
| **निकाशा आय** | | धरौटी फिर्ता | ८७०००.०० |
| अन्तर विभाग पूर्वाधार तर्फ | २८३६७१२३.०० | सामाजिक सुरक्षा फिर्ता | २७५२९२.८० |
| अन्तर विभाग कार्यालय संचालन | १६५३७२९.५० | पुर्वाधार तर्फको वचत म.न.पा फिर्ता | १११००२८९.९६ |
| **सामाजिक सुरक्षा** | २९१५७६००.०० | कार्यालय संचालन तर्फको वचत म.न.पा फिर्ता | १५६८९०.०० |
| **जेष्ठ नागरिक सम्मान** | २८६८०००.०० | जेष्ठ नागरिक सम्मान म.न.पा फिर्ता | |
| **पूर्ण अपांग विशेष भत्ता** | १२००००.०० | पूर्ण अपांग विशेष भत्ता म.न.पा फिता | |
| **धरौटी प्राप्त (व्याज समेत)** | १९५७४.७८ | म.न.पा कार्यालय दाखिला आन्तरिक राजस्व | ५३५९०२७८.७६ |
| **व्याज आम्दानी** | २४४८८१.५६ | व्याज रकम फिर्ता तथा दाखिला | |
| **राजस्व (आन्तरिक आय)** | | **मौज्दात** | |
| क) आन्तरिक राजस्व | ५३५९०२७८.७६ | अन्तर विभाग पुर्वाधार | २१७४६७५.३३ |
| | | अन्तर विभाग कार्यालय संचालन | १०३९५४.४९ |
| | | सामाजिक सुरक्षा | ११२०००००.०० |
| | | धरौटी | ६९३०२०.४७ |
| | | अन्य | ६७०३५१.२१ |
| | | मौज्दात | ४०१४१८.९६ |
| **कुल जम्मा** | **१३०७८५३१९.४८** | **कुल जम्मा** | **१३०७८५३१९.४८** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५३. | महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना अन्तर्गत स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना वमोजिम कार्यालयको आर्थिक वर्ष २०७४/७५ को कारोबारको पेश भएसम्मको श्रेस्ता लगायत प्रमाण कागजात समेतका आधारमा लेखापरीक्षण गरी देखिएका व्यहोरा उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन : | |
| ३५३.१. | **आन्तरिक नियन्त्रण प्रणाली :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार आन्तरिक नियन्त्रण प्रणाली चुस्त र प्रभावकारी बनाई कार्यालयलाई मर्यादित र प्रणालीयुक्त बनाउन ऐन नियम आदिको पालना गरी लागु गरिनु पर्दछ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याई आन्तरिक नियन्त्रण प्रणली प्रभावकारी बनाउन जरुरी देखिन्छ । देहायबमोजिमको विषय वस्तुमा सुधार ल्याई आन्तरिक नियन्त्रण प्रणाली सदृण बनाउन ध्यान दिनु पर्दछ ।<br>● खर्च भएर जाने जिन्सी खाता अद्यावधिक नगरेको, | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ● गत विगतदेखिका पेश्की बाँकी तथा बेरुजु फछ्र्यौट नगरेको,<br>● धरौटी बाँकी कारोबारको सदरस्याहा नगरेको,<br>● म. ले. प. फारमहरुको समुचित रुपमा प्रयोग नगरेको,<br>● आम्दानीतर्फको लिनुपर्ने बाँकी कर, वहालकर, व्यवसायकर तथा सम्पत्तिकरको अभिलेख व्यवस्थित नगरेको ।<br>प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन कार्यालयको ध्यान जानु जरुरी देखिन्छ । | |
| ३५३.२. | **वार्षिक खरिद योजनाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद कार्य सम्पादन गर्दा वार्षिक खरिद योजना तयार नगरेकोले नियमको पालना भएको पाइएन । अतः नियमानुसार खरिद योजना तयार गर्नुपर्दछ । | |
| ३५३.३. | **प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० र २५ मा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौतिक पुर्वाधार सम्वन्धी कार्यक्रम संचालन गरेकोमा नियमावलीको अनुसुचि २ वमोजिमको प्रगति विवरण तयार गर्नुपर्नेमा तयार नै गरेको देखिएन । जसले गर्दा के कति प्रगति भयो उल्लेख गर्न सकिएन । नियमावलीले तोकेवमोजिम प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ३५३.४. | **बैठक भत्ता तथा परिवहन खर्च :-** प्रदेश नं ३ सरकार द्वारा जारी गरिएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा बनेको ऐन, २०७४ को अनुसूची १ मा उल्लेख भएका सुविधाहरु मात्र दिन मिल्ने व्यवस्था छ । उक्त कानुनमा पदाधिकारीले कुनै पनि प्रकारको कार्यपालिका तथा सभाको बैठक भत्ता तथा सुविधा लिन पाउने उल्लेख नभएकोले वडा समितिको बैठक भत्ता वापत रु. २,२८,०००।- र परिवहन खर्च वापत रु. १,९५,०००।- समेत रु. ४,२३,०००।- खर्च लेखेकोमा नियमसम्मत भएको नदेखिएको रु. | ४२३,०००.०० |
| ३५३.५. | **संचार सुविधा :-** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । जसमा वडा अध्यक्षले मासिक संचार खर्च वापत रु.१०००।०० का दरले मात्र पाउने र अन्य सदस्यहरुले सो सुविधा नपाउने उल्लेख छ । तर वडा कार्यालयले वडा अध्यक्षको लागि रु. २०,०००।- र कार्यपालिका सदस्य रश्मी खड्काको लागि रु. २०,०००।- समेत रु. ४०,०००।- संचार खर्च लेखेको देखिएकोले वडा अध्यक्षले नियमानुसार पाउने सुविधा वापत रु. १२,०००।- घटाई बाँकी खर्च भएको रु. २८,०००।- नियमित गर्नुपर्ने रु. | २८,०००.०० |
| ३५३.६. | **विशेष सामाजिक सुरक्षा भत्ता :-** ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका नागरिकहरुलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था छ । महानगरपालिकाले निर्णय गरी वडाभित्रका ७५ वर्ष उमेर पुगेको महिला तथा ८० वर्ष उमेर पुगेका पुरुष ज्येष्ठ नागरिकहरुलाई वार्षिक रु. १२,०००।- का दरले र पूर्ण अपाङ्ग भएकालाई वार्षिक रु. ३,०००।- का दरलेवितरण गर्नुपर्ने व्यवस्था भए अनुसार कार्यालयले २३९ ज्येष्ठ नागरिकलाई रु. १२,०००।- का दरले रु. २८,६८,०००।- र ४० जना अपाङ्गता भएका नागरिकलाई रु. ३०००।- का दरले रु. १,२०,०००।- समेत रु. २९,८८,०००।- सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गरिसकेपछि पुनः दोहोरो हुने गरी सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा मितव्ययी देखिएन । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५३.७. | **सोझै खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा सिमित हुने गरी गर्न नपाइने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले रु. ५ लाखदेखि रु. २० लाख सम्मको लागत अनुमान भएको मालसामान सम्बन्धी काम तथा अन्य मालसामान वा सार्वजनिक निर्माण सम्वन्धी काम खरिद गर्दा शिलबन्दी दरभाउपत्रको माध्यमबाट र सो भन्दा माथिको मालसामान खरिद गर्दा ठेक्काको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । तर यस वडा कार्यालयले ढल, मंगल बनाउने, ढुङ्गा छाप्ने, इन्टरलक तथा ब्लक छाप्ने जस्ता एउटै प्रकृतिको कामको लागि विभिन्न निर्माण व्यवसायी तथा सप्लायर्सबाट काम गराई रु. ७४,०८,२४६।- तयार गरी रु. ७३,१७,०३३।- २० टुक्रा बनाई भुक्तानी गरेको देखिएकोले यस्तो किसिमको खर्चलाई नियमित मान्न सकिएन । | |

| भौ.नं./मिति | कामको विवरण | निर्माण व्यवसायीको नाम | लागत अनुमान | रकम |
|---|---|---|---|---|
| ४/२०७४/५/२ | सन्तोषीमाता जाने बाटोमा ब्लक छाप्ने | इन्द्रायणी निर्माण सेवा | १४९९४५.०० | १४९१६५.०० |
| ४/२०७४/५/२ | कलंकी मन्दिरदेखि दक्षिण ब्लक छाप्ने | न्यू ए. टु. जेड कन्स्ट्रक्सन | ४९९९२०.०० | ४९७४२१.०० |
| २१/२०७४/६/४ | आश्रम गल्लीमा ढुङ्गा छाप्ने काम | मातृभूमि निर्माण सेवा | ३९६९४२.०० | ३९६१८९.०० |
| २२/२०७४/६/४ | शान्तिटोलमा ब्लक छाप्ने | देवकोटा निर्माण सेवा | ४९९५४८.०० | ४९८४८२.०० |
| ३१/२०७४/७/५ | सुनार गाउँमा ढुङ्गा छाप्ने | पोखरेल कन्स्ट्रक्सन | २९९६५७.०० | २८१६०१.०० |
| ३२/२०७४/७/५ | बुद्ध मार्गमा इनार खन्ने | पोखरेल कन्स्ट्रक्सन | ३९९२६४.०० | ३८९७७०.०० |
| ४९/२०७४/८/१३ | टिपु मार्ग बल्खुमा इन्टरलक | गौरवशाली कन्स्ट्रक्सन | २७७५६६.०० | २७६२५३.०० |
| ५०/२०७४/८/१३ | उमादेवी गल्लीमा ब्लक छाप्ने | ए. टु. जेड कन्स्ट्रक्सन | ४९८२५४.०० | ४९६९८२.०० |
| ६०/२०७४/९/२४ | मदननगर बल्खुमा ढुङ्गा छाप्ने | त्रिपुरा सुन्दरी कन्स्ट्रक्सन | ३३८७७५.०० | ३३७९७५.०० |
| ७६/२०७४/१०/२६ | प्राज्ञटोल भगवती मार्गमा ढलान | मातृभूमि निर्माण सेवा | ४५६६५३.०० | ४५५१४९.०० |
| ८१/२०७४/१/९ | सडकमा बत्ती जडान गर्ने | विश्वजीत निर्माण सेवा एण्ड सप्लायर्स | ४९१९००.०० | ४८९१६३.०० |
| ८४/२०७४/११/२० | सुनारगाउँ मार्गमा ढलान | इन्द्रयाणी निर्माण सेवा | ४८९०८६.०० | ४८७४०२.०० |
| ९६/२०७४/१२/६ | कलंकी मन्दिर पछाडि गल्ली मर्मत | पलान्चोक निर्माण सेवा | ४२७३१.०० | ४२३५५.०० |
| १२१/२०७५/२/१ | महर्जन गल्लीमा ब्लक छाप्ने | ग्लोबल इन्जिनियरिङ | ४९७६०३.०० | ४६६६१५.०० |
| १३९/२०७५/३/१२ | प्राधिकरण मार्गमा ब्लक छाप्ने | कोशी विल्डर्स | ४४३९२६.०० | ४३९९७५.०० |
| १४०/२०७५/३/१२ | प्राज्ञटोल भगवती मार्ग सडक पिच | वाइसधारा निर्माण सेवा | ४९७३११.०० | ४९३९७७.०० |
| १५३/२०७५/३/२२ | प्राज्ञटोल भगवती मार्ग सडक पिच | भेटवाल निर्माण सेवा | २०००३४.०० | १९७९७६.०० |
| १५४/२०७५/३/२२ | जन गल्ली एल. आर. ई. मार्गमा ढलान | हरियाली निर्माण सेवा | ४६२९८३.०० | ४५९११६.०० |
| १५८/२०७५/३/२२ | संरचना मार्गमा ढल तथा मंगल | अंजना कन्स्ट्रक्सन | ६२७१५.०० | ५९२४२.०० |
| १६२/२०७५/३/२२ | लिक मार्गमा ब्लक छाप्ने | त्रिशुली हाइड्रो कन्स्ट्रक्सन | ४०३४३२.०० | ४०२२२५.०० |
| | | **जम्मा** | **७४०८२४५** | **७३१७०३३.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५३.८. | **एउटै सप्लयार्स तथा निर्माण व्यवसायीबाट खरिद :-** सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार खदिर गर्दा एक आर्थिक वर्षमा एउटा सप्लायर्स तथा निर्माण | ३१,५३,६७९.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | व्यवसायीबाट मात्र खरिद गर्न सकिने व्यवस्था छ । तर यस वडा कार्यालयले सीमाभन्दा बढी एक आर्थिक वर्षमा ए. टु. जेड. कन्स्ट्रक्सनबाट २ पटक खरिद गरी रु. ९,९४,४०३।- मातृभूमि निर्माण सेवाबाट २ पटक खरिद गरी रु. ८,५१,३३८।- पोखरेल कन्स्ट्रक्सनबाट २ पटक खरिद गरी ६,७१,३७१।- र इन्द्रायणी निर्माण सेवाबाट २ पटक खरिद गरी रु. ६,३६,५६७- गरी जम्मा रु. ३१,५३,६७९।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. | |
| ३५३.९. | **बढी दरमा भुक्तानी** - काठमाडौं महानगरपालिकाबाट प्राप्त आ.ब.२०७४।७५ को नर्म्स अनुसार सुख्खा इटा च्याप्टो छाप्ने कामको लागि प्रतिवर्गमिटर रु.९५७०५ का दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर सो नर्म्सभन्दा बढी दरमा निम्न गोश्वारा भौचर तथा मितिबाट निम्नानुसार निर्माण व्यावसायी तथा उपभोक्ता समितिलाई भुक्तानी भएको देखिएकोले नर्म्सभन्दा बढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु. --- | १३,२७,०८७.०० |

| भौ. नं./मिति | कामको विवरण र परिमाण | खर्च लेखेको दर | बढी खर्च | भुक्तानी पाउने | भुक्तानी हुनुपर्ने | भएको भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४/२०७४/५/२ | इट्टा छाप्ने काम ३५ व.मी. | १०४५.०० | ३०७८.०० | इन्द्रायणी निर्माण सेवा | ३३४९७ | ३६५७५ |
| ५/२०७४/५/२ | इट्टा छाप्ने काम १६३.५२ व.मी. | १०४६.०० | १४५९२.०० | न्यू ए. टु. जेड. कन्स्ट्रक्सन | १५६४५० | १७१०४२ |
| २१/२०७४/६/४ | इट्टा छाप्ने काम १०१.९९ व.मी. | १०४६.०० | ९०७२.०० | मातृभूमि निर्माण सेवा | ९७६०९ | १०६६८१ |
| २२/२०७४/६/४ | इट्टा छाप्ने काम ११३.९३ व.मी. | १०४५.०० | १००२०.०० | देवकोटा निर्माण सेवा | १०९०३७ | ११९०५७ |
| ३२/२०७४/७/५ | इट्टा छाप्ने काम १९३ व.मी. | १०००.०० | ८२९.०० | पोखरेल निर्माण सेवा | १८४७१ | १९३०० |
| ४९/२०७४/८/१३ | इट्टा छाप्ने काम ८४.२१ व.मी. | १०४५.०० | ७४०६.०० | गौरवशाली कन्स्ट्रक्सन | ८०५९३ | ८७९९९ |
| ५०/२०७४/८/१३ | इट्टा छाप्ने काम १५५.९६ व.मी. | १०४५.०० | १३७१७.०० | ए.टु.जेड. कन्स्ट्रक्सन | १४९२६१ | १६२९७८ |
| ६०/२०७४/९/२४ | इट्टा छाप्ने काम ९६.०४ व.मी. | १०४५.०० | ८८४७.०० | त्रिपुरा सुन्दरी कन्स्ट्रक्सन | ९१५१५ | १००३६२ |
| ७६/२०७४/१०/२६ | इट्टा छाप्ने काम १०९.१५ व.मी. | १०४२.०० | ९२७२.०० | मातृभूमि निर्माण सेवा | १०५५६२ | ११३७३४ |
| ८४/२०७४/११/२० | इट्टा छाप्ने काम ११४.४५ व.मी. | १०४२.०० | ९७२३.०० | इन्द्रायणी निर्माण सेवा | १०९५३४ | ११९२५७ |
| १२१/२०७५/२/१७ | इट्टा छाप्ने काम १४०.३६ व.मी. | १०४५.०० | १२३४५.०० | ग्लोबल इन्जिनियरिङ | १३४३३१ | १४६६७६ |
| १३९/२०७५/३/१२ | इट्टा छाप्ने काम १३७.२५ व.मी. | १०४५.०० | ११८९१.०० | कोशी विल्डर्स | १३१५३५ | १४३४२६ |
| | | जम्मा | **११०७९२** | | १२१७३९५ | १३२७०८७ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५३.१०. | **बढी भुक्तानी :-** अर्थ मन्त्रालयको खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि, २०७० अनुसार नेपाल सरकार अर्न्तगतका तालिम तथा प्रशिक्षणहरुद्वारा संचालन गरिने प्रशिक्षकको रुपमा पारिश्रमिक वापत प्रति राजपत्र अधिकृत स्तरको प्रवचन दिएवापत रु. १४००।- का दरले भुक्तानी गर्नुपर्नेमा कार्यालयले कौशी तरकारी खेती तालिम संचालन गर्दा तोकिएको दरभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १९,४००.०० |

| प्रशिक्षकको नाम | तालिम संचालन वापत | नियमानुसार पाउने प्रतिदिन दर | भुक्तानी भएको दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| व. वा. सं. अ. रामचन्द्र पौडेल | संयोजक | ४००.०० | २५००.०० | २१००.०० |
| ना.सु. राजारम थापा | सह संयोजक | ४००.०० | २३००.०० | १९००.०० |
| प्रशिक्षक वैद्यनाथ कुमार झा | प्रशिक्षण | १६००.०० | ३५००.०० | १९००.०० |
| प्रशिक्षक मनिष प्रताप | प्रशिक्षण | १६००.०० | ३५००.०० | १९००.०० |
| प्रशिक्षक अशोक कुमार भट्टराई | प्रशिक्षण | १६००.०० | ३५००.०० | १९००.०० |
| व. वा. सं. अ. रामचन्द्र पौडेल | संयोजक | ४००.०० | २५००.०० | २१००.०० |
| ना.सु. राजारम थापा | सह संयोजक | ४००.०० | २३००.०० | १९००.०० |
| प्रशिक्षक वैद्यनाथ कुमार झा | प्रशिक्षण | १६००.०० | ३५००.०० | १९००.०० |
| प्रशिक्षक मनिष प्रताप | प्रशिक्षण | १६००.०० | ३५००.०० | १९००.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | प्रशिक्षक अशोक कुमार भट्टराई | प्रशिक्षण | १६००.०० | ३५००.०० | १९००.०० | |
| | | **जम्मा** | **१४०००.००** | **३०६००.००** | **१९४००** | |

**कार्यालय र स्थान**:– काठमाण्डौ महानगरपालिका वडा नं १५ को कार्यालय, स्वयम्भु, काठमाण्डौं ।

**आय व्ययको विवरण**

| आय तथा जिम्मेवारी | रकम | व्यय तथा मौज्दात | रकम |
|---|---|---|---|
| **जिम्मेवारी तर्फ** | | **व्यय तर्फ** | |
| अन्तर विभाग पुर्वाधार | ५००३७५५.०० | अन्तर विभाग पुर्वाधार | २७८६६८१९.७५ |
| अन्तर विभाग कार्यालय संचालन | ११४०००.०० | अन्तर विभाग कार्यालय संचालन | ९७७७६५.१४ |
| धरौटी | ३१४६४२.९१ | सामजिक सुरक्षा भत्ता | २२२३००००.०० |
| **निकासा आय** | | जेष्ठ नागरिक तथा पूर्ण अपांग सम्मान | ३०९००००.०० |
| अन्तर विभाग पूर्वाधार तर्फ | २६४२९५७०।६२ | धरौटी फिर्ता | ०.०० |
| अन्तर विभाग कार्यालय संचालन | ९४००००.०० | सामाजिक सुरक्षा फिर्ता | ९६२८००.०० |
| सामाजिक सुरक्षा | २३१९२८००.०० | पुर्वाधार तर्फको वचत म.न.पा फिर्ता | ३१६४२९१.६४ |
| जेष्ठ नागरिक सम्मान | ३३०६०००.०० | कार्यालय संचालन तर्फको वचत म.न.पा फिर्ता | १५०००.०० |
| धरौटी प्राप्त (व्याज समेत) | ५२१५०.०० | जेष्ठ नागरिक तथा पूर्ण अपांग भत्ता म.न.पा फिर्ता | १२२०००.०० |
| व्याज आम्दानी | २३१०८२.१४ | म.न.प कार्यालय दाखिला आन्तरिक राजस्व | ३२९३७२०७.३० |
| राजस्व आम्दानी (आन्तरिक आय) | ३२९३७२०७.३० | व्याज रकम फिर्ता तथा दाखिला | २३१०८२.१४ |
| | | **मौज्दात** | |
| | | जेष्ठ नागरिक सम्मान | ९४०००.०० |
| | | अन्तर विभाग पुर्वाधार | ४०२२१४.२३ |
| | | अन्तर विभाग कार्यालय संचालन | ६१२३४.८६ |
| | | धरौटी मौज्दात | ३६६७९२.९१ |
| **कुल जम्मा** | **९२५२१२०७.९७** | **कुल जम्मा** | **९२५२१२०७.९७** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५४. | **परिचय :** महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना अन्तर्गत स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना वमोजिम कार्यालयको आर्थिक वर्ष २०७४।७५को कारोबारको पेश भएसम्मको श्रेस्ता लगायत प्रमाण कागजात समेतका आधारमा लेखापरीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन :- | |
| ३५४.१. | **आन्तरिक नियन्त्रण प्रणाली:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार आन्तरिक नियन्त्रण प्रणाली चुस्त र प्रभावकारी बनाई कार्यालयलाई मर्यादित र प्रणालीयुक्त बनाउन ऐन नियम आदिको विषयको पूर्णतः पालना गरी लागु गरिनु पर्दछ । उच्च नियन्त्रणको माध्यमबाट मात्र आर्थिक प्रशासनको शुद्धता निर्भर गर्दछ । अतः कार्यालयले उपलब्ध गराउने | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>सेवा प्रकृया र उत्पादनमा उच्चतम प्रणाली कायम हुने विधिबाट आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक छ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीमा तलका विषयवस्तु तत्काल सुधारमा ल्याई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन जरुरी देखिएको छः<br>● म्याद नाघि बाँकी रहेका पेश्की असुल तथा फछ्र्यौट गर्ने तर्फ कुनै कारवाही नभएको<br>● म्याद नाघेका धरौटी रकमको सदर स्याहा गर्ने तर्फ कारवाही नभएको,<br>प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।</td><td></td></tr>
<tr><td>३५४.२.</td><td>वैक मौज्दातः जेष्ठ नागरिक सम्मान वापत निकासा प्राप्त भएको रु.३३५२०००.०० मध्ये रु.३०४८०००.०० खर्च भएको र रु.११००००.०० म.न.पा फिर्ता भई बाँकी रहेको रु.९४०००.०० का.म.न.पा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.........</td><td>९४,०००.००</td></tr>
<tr><td>३५४.३.</td><td>वैठक भत्ताः प्रदेश नं ३ को राजपत्रमा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धि ऐन, २०७४ को अनुसुचि १ मा पदाधिकारीले कुनैपनि प्रकारको कार्यपालिकातथा सभाको वैठक भत्ता तथा सुविधा लिन नपाउने व्यवस्था छ । पदाधिकारीले कार्यपालिका तथा सभाबाट पारित गरी तपशील बमोजिम वैठक भत्ता भुक्तानी गरेकोले नियम संम्मत नदेखिएको रु............
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>कुल खर्च</th></tr>
<tr><td>१</td><td>वडा सचिव सहित ६ जनाको मासिक ३ वैठक प्रति वैठक प्रति जना रु.१००० को दरले गत आ.व २०७३।०७४ को जेठ र असारको समेत गरि २०७५ असार मसान्तसम्म</td><td>२५२०००.००</td></tr>
</table></td><td>२५२,०००.००</td></tr>
<tr><td>३५४.४.</td><td>दोहोरो वैठक भत्ता र परिवहन सुविधाः भौ.नं १०, मिति २०७४।६।१ वडाका पदाधिकारीहरुले भौ.नं ५, २०७५।५।१९ मा २०७४ श्रावणको वैठक भत्ता र परिवहन सुविधा भुक्तानी लिएको र पुन भौ.नं १०, मिति २०७४।६।१ बाट २०७४ जेठ, असार, श्रावण र भाद्रको गरि एकमुष्ठ ४ महिनाको वैठक भत्ता र परिवहन सुविधा भुक्तानी लिएबाट श्रावणको देहायबमोजिमको वैठक भत्ता परिवहन दोहोरो भुक्तानी भएकोले सम्बन्धित बाट असुल गरि स्थानीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु.............
<table>
<tr><th>सि.नं</th><th>पदाधिकारीको नामथर</th><th>वैठक भत्ता कर कट्टा पछिको</th><th>परिवहन सुविधा</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>अध्यक्ष ईश्वरमान डंगोल</td><td>२५५०.००</td><td>३०००.००</td><td>५५५०.००</td></tr>
<tr><td>२</td><td>सदस्य आनन्दराम गौतम</td><td>२५५०.००</td><td>३०००.००</td><td>५५५०.००</td></tr>
<tr><td>३</td><td>सदस्य मैयालक्ष्मी महर्जन</td><td>२५५०.००</td><td>३०००.००</td><td>५५५०.००</td></tr>
<tr><td>४</td><td>सदस्य निमा घ्याम्छो तामाङ</td><td>२५५०.००</td><td>३०००.००</td><td>५५५०.००</td></tr>
<tr><td>५</td><td>सदस्य अमिता परियार</td><td>२५५०.००</td><td>३०००.००</td><td>५५५०.००</td></tr>
<tr><td>६</td><td>वडा सचिव जयदेव धिमिरे</td><td>२५५०.००</td><td>०.००</td><td>२५५०.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५३००.००</td><td>१५०००.००</td><td>३०३००.००</td></tr>
</table></td><td>३०,३००.००</td></tr>
<tr><td>३५४.५.</td><td>८० वर्ष माथिको वृद्धा तथा पुर्ण अपांग भत्ताः महानगरपालिकाबाट निर्णय गरि वडा भित्रका ८० वर्ष भन्दा माथिका पुरुष र ७५ वर्ष भन्दा माथिका महिला ज्येष्ठ नागरिकहरु २५४ जनालाई मासिक रु.१२०००।०० का दरले रु.३०४८०००।०० र १४ जना पूर्ण अपांगलाई मासिक रु.३०००।०० का दरले रु.४२०००।०० गरि रु.३०९००००.०० वितरण गरेको पाइयो । नेपाल सरकार बाट सामाजिक सुरक्षा उपलब्ध गराइरहेकोमा पुन नगरपालीकाले निर्णय गरि भुक्तानी गरेको मितव्ययी देखिएन ।</td><td></td></tr>
<tr><td>३५४.६.</td><td>संचार सुवीधा – प्रदेश ३ का स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ३ को अनुसुचि १ वमोजिम वडा अध्यक्षले मासिक संचार खर्च वापत रु.१०००।०० का दरले मात्र पाउने र अन्य सदस्यहरुले</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>संचार सुविधा पाउने ऐनमा व्यवस्था भएको देखिदैन । तर निम्नानुसार संचार सुविधा भुक्तानी गरेकोले ऐनले तोकेभन्दा बढी भुक्तानी भएको रकम संचार सुविधा नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>सि.नं</th><th>पदाधिकारीको नाम थर, पद</th><th>वर्षिक पाउने रकम</th><th>वर्षिक लिएको रकम</th><th>बढी भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>वडा अध्यक्ष ईश्वरमान डंगोल</td><td>१२०००.००</td><td>२००००.००</td><td>८०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२०००.००</td><td>२००००.००</td><td>८०००.००</td></tr>
</table></td><td>८,०००.००</td></tr>
<tr><td>३५४.७.</td><td>स्वास्थ्य शिविरः भौ.नं ५७, मिति २०७५।१।६ वडा कार्यालय मार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराएका नागरिकहरुलाई निशुल्क स्वास्थ्य परीक्षण सेवा प्रदान गर्ने सम्बन्धमा सामुदायिक स्वास्थ्य सेवा परिषद विच मिति २०७४।१०।११ गते सम्झौता भई मासिक रु.१०००००.०० का २०७५ आषाढ सम्ममा रु.६०००००.०० भुक्तानी भएको पाइयो । तर कति विरामीले के कस्तो स्वास्थ्य लाभ लिए सो को कुनै तथ्यांक पेश भएको पाइएन । सम्झौताको बुँदा नं ८ मा वडा कार्यालयले सम्झौता बमोजिम सेवा उपलब्ध गराए वा नगराएको सम्बन्धमा अनुगमन एवं सुपरीवेक्षण गर्ने छ भन्ने उल्लेख भएको तर कुनै अनुगमन तथा सुपरीवेक्षण भएको पाइएन । यस बाट उक्त संस्थाले के कति विरामीलाई कुन कुन सेवा उपलब्ध गराएयो र सो रकम खर्च भयो भन्ने जानकारी प्राप्त भएन । नागरिकलाई सेवा उपलब्ध गराउने उद्देश्यले रकम खर्च गर्ने तर त्यसको प्रभावकारीता सम्बन्धमा अनुगमन तथा मुल्यांकन नगरिदा सहि तरिकाबाट रकम खर्च भयो या भएन भन्ने यकिन हुन सकिने अवस्था रहँदैन । अतः यस सम्बन्धमा विरामीको उपचारको विवरण र नामनामेसी सहितको अनुगमन प्रतिवेदन पेश हुन नआएको रु...........</td><td>६००,०००.००</td></tr>
<tr><td>३५४.८.</td><td>रितपुर्वको विजक पेश नभएकोः मु.अ.कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए वमोजिमको आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नं. उल्लेख गरि अनुसुचि वमोजिमको रित पुर्वकको सिलसिलेवार नंम्वर सहितको कर विजक जारि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष भुक्तानी दिएका निम्न निर्माण व्यवसायी हरुले कलर फोटो प्रिन्ट विजक नं., फोटोकपि विजक नं. पेश गरेको अवस्थामा समेत भुक्तानी गरेको देखियो । कम्प्युटर प्रिन्ट विजक नं. र हातले लेखेको विजक नं. वाट सिलसिलेवार नहुने गरेको अवस्थामा भुक्तानी लिएको मु.अ.कर र आम्दानी आय विवरणमा समावेश नहुने हुँदा त्यस्ता विजक वाट भुक्तानी लिएको रकम आय विवरणमा समावेश गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा मु.अ.कर रकम रु. २२६०.०५ असुल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>कार्य</th><th>व्यवसायी</th><th>विजक नं.</th><th>मु.अ. कर समेत भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>९१,०७५/३/१४</td><td>बक्स वेन्च मर्मत कार्य</td><td>SPN Furniture (601332632)</td><td>२५,२०७४/८/६</td><td>१९६४५.०५</td><td>२२६०.०५</td><td>कार्वन कपि विजक</td></tr>
</table></td><td>२,२६०.०५</td></tr>
<tr><td>३५४.९.</td><td>फोटोकपी विजक बाट भुक्तानीः ६६,२०७५/२/१ भुकम्प प्रतिरोधक तालिमको लागि आवश्यक निर्माण सामाग्री एनी सप्लार्यस, सितापाइला (107821737) को देहायका विजक नं को रकम फोटोकपी विजक बाट भुक्तानी भएकोले original copy विजक पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गर्नुपर्ने देखिएको रु..........
<table>
<tr><th>सि.नं</th><th>विजक नं, मिति</th><th>सामान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>३०,२०७४/११/२३</td><td>इटा</td><td>१५०००.००</td></tr>
<tr><td>२</td><td>३१, २०७५/११/२४</td><td>इटा</td><td>७५००.००</td></tr>
<tr><td>३</td><td>२८, २०७५/११/२१</td><td>रोडा</td><td>११०००.००</td></tr>
<tr><td>४</td><td>२७, २०७५/११/२०</td><td>इटा</td><td>१५०००.००</td></tr>
</table></td><td>५८,५००.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ५ | २६, २०७५/११/१८ | वालुवा | १००००.०० |
| | | **जम्मा** | **५८५००.००** |

३५४.१०. **बढी भुक्तानीः** अर्थमन्त्रालयको खर्चको मापदण्ड सम्बन्धि खर्च निर्देशिका, २०७३ अनुसार तालिममा निम्नानुसार खर्च लेख्न सकिनेमा महानगरपालिकाको २४ औं नगरपरिषदबाट स्वीकृत गराई तालिम कार्यक्रममा निर्देशिका अनुसार पाउने भन्दा बढी खर्च लेखेको रकम असुल गरि दाखिला गर्नुपर्ने रु............. २०,५००.००

| सि. नं | गो.भौ.नं, मिति | तालिमको नाम | तालिम अवधि | भुक्तानी लिनेको नाम | वापत | नियमानुसार पाउने | भुक्तानी लिएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | | कौशिखेती सम्बन्धि तालिम | २ दिन | रामचन्द्र पौडेल | संयोजक | ४०० | ५००० | ४२०० |
